

**परामर्श लिँदै विद्यार्थी**
कान्तिपुर हिसान एडुफेयर सुरु । १०


नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

kantipurdaily.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित


**डी सिने अवार्ड**
नीता र अनमोल अब्बल । १७




वर्ष २६ अंक ९६ धनगढी | ११ जेठ २०७५ शुक्रबार अधिक ज्येष्ठ शुक्लपक्ष एकादशी | नेपाल संवत् ११३८ | प्रदेश ७ संस्करण | KANTIPUR, Nepali National Daily, Friday, May 25, 2018 | पृष्ठ १२+१०+२+१२ | १० रुपैयाँ






THE KING OF
GOOD TIMES!
NOW IN NEPAL
KINGFISHER
PREMIUM
LAGER BEER
KINGFISHER
PREMIUM
LAGER BEER
KINGFISHER
STRONG
PREMIUM BEER
KINGFISHER
STRONG
PREMIUM BEER
THE KING OF GOOD TIMES
SINCE 1857
THE FINEST MALTED BARLEY & HOPS
SERVE COOL
Enjoy Responsibly.
Kingfisher Nepal







नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
kantipurdaily.com
# कान्तिपुर
सातै प्रदेशबाट एकैसाथ प्रकाशित
वर्ष २६ अंक ९६ धनगढी | ११ जेठ २०७५ शुक्रबार अधिक ज्येष्ठ शुक्लपक्ष एकादशी | नेपाल संवत् ११३८ | प्रदेश ७ संस्करण | KANTIPUR, Nepali National Daily, Friday, May 25, 2018 | पृष्ठ १२+१०+२+१२ | १० रुपैयाँ

# विद्यालयमा सबै दलित बालबालिका



जाजरकोटको नलगाड नगरपालिका १३, बाइकाडास्थित दलित प्राविमा पढाइ हुँदै । *तस्बिर : भीमबहादुर*

■ भीमबहादुर सिंह

- दुई शिक्षक दरबन्दीको विद्यालयमा शिक्षक भने गैरदलित
- बाइकाडाको दलित समुदायमा २ जनाले मात्र १२ कक्षा उत्तीर्ण
- दलित विद्यालयमा १ सय ४२ विद्यार्थी अध्ययनरत
- २४ वर्षदेखि दलित विद्यालयमा अध्यापनरत प्रअ ज्ञवाली

जाजरकोट- नलगाड नगरपालिका -१२, बाइकाँडास्थित दलित प्राविमा सबै बालबालिका दलित समुदायकै छन् । दलित जातिको बसोबास रहेको बस्तीमा सञ्चालित विद्यालयको नाम दलित प्रावि छ । जिल्लामा यो विद्यालय एक मात्र दलित नामको विद्यालय हो ।

दलित विद्यालयमा दलित विद्यार्थी मात्र भएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्रहादुर विकले बताए । बिकका अनुसार नलगाडको बाइकाडामा ९७ दलित घरपरिवार छ । 'समुदायमा एक घरपरिवार मात्र जनजाति छन्,' उनले भने ।

२४ बर्षअघि स्थापित उक्त विद्यालयमा १ सय ४२ विद्यार्थी अध्ययनरत छन् । उनीहरू सबै दलित नै हुन् । 'यसअघि दलित समुदायमा विद्यालय नहुँदा बालबालिका पठनपाठनबाट बन्चित थिए,' उनले भने, 'अन्य विद्यालयमा गएर दलित बालबालिकाले पढ्ने वातावरण पनि थिएन त्यसैले गाउँमै विद्यालय स्थापना गरिएको हो ।' जिल्लाकै विकट बस्ती बाइकाडामा शिक्षा, चेतना, सरसफाइ, पूर्वाधार, खाद्यलगायतको अभाव छ । आरन लगाउने, गोठालो गर्नेलगायत पेसा व्यवसाय पनि परम्परागत छन् ।

बाइकाडाको दलित समुदायमा २ जनाले १२ कक्षा उत्तीर्ण गरेका छन् । उनीहरू पनि वेरोजगार भएको बिकले बताए ।

दलित विद्यालयमा शिक्षक भने गैरदलित छन् । दुई दरबन्दीको विद्यालयमा हरिप्रसाद ज्ञवाली र शारदा श्रेष्ठ शिक्षक छन् । जातीय भेदभावको अन्त्य गर्दै २४ वर्षदेखि दलित विद्यालयमा अध्यापन गरिरहेको प्रअ ज्ञवालीले बताए । 'दलित बालबालिकालाई शिक्षण गर्न पाउँदा खुसी छौं,' उनले भने । नलगाड नगरपालिकाबाटै पहिलो एसएलसी उत्तीर्ण गर्ने दलित यसै विद्यालयको विद्यार्थी भएको उनको भनाइ छ । पूर्वाधार विकासका हिसाबले दलित प्रावि निकै पछाडि परेको ज्ञवालीले दुःख व्यक्त गरे । विद्यालयमा भवन, खेलमैदान, फर्निचर, शैक्षिक सामग्रीको अभाव छ । 'दलित बस्तीको विद्यालय भएकाले सरकारी निकायको नजर परेको छैन,' स्थानीय तेजबहादुर विकले सुनाए ।

**बदलियो दलित बस्ती**

बझाङ- गाउँको नाम फूलबारी भए पनि कुनै बेला फोहोर र दुर्गन्धित ठाउँको रूपमा बदनाम थियो- साबिक लामातोला गाविसको वडा नं ५ । हाल खप्तड छान्ना गाउँपालिकाको वडा नं २ मा पर्ने यो गाउँमा पस्न पनि मान्छे हच्किन्थे । गाउँ सुरु हुनुभन्दा केही परै दिसाको गन्ध नाकमा आएर ठोक्किन्थ्यो ।

'बाहिरका मान्छेको के कुरा गर्नुहुन्छ । हामी आफैं पनि हिंड्दाखेरि कुल्चेला कि भनेर दिसा छल्न उफ्रेर हिंड्नुपर्थ्यो,' दुई/तीन वर्षअघिको गाउँको अवस्था सम्झँदै स्थानीय पुरन दमाईंले भने, 'बाटोघाटो मात्रै हैन । घरका करेसामा पनि दिसैदिसा हुन्थ्यो,' फोहोरका कारण विशेष काम नपरीकन मान्छे गाउँमा नबस्ने गरेको उनले सम्झिए । तर अहिले अवस्था फेरिएको छ । घरघरमा पूर्ण सरसफाइका सूचक पूरा भएको संकेत गर्ने बोर्ड टाँसिएका छन् ।

विस्तृत पृष्ठ २०

# भ्याटको ५४ अर्ब व्यापारीको खल्तीमा

विभिन्न उच्चस्तरीय अध्ययन कार्यदल र महालेखा परीक्षक कार्यालयलगायतले 'भ्याट फिर्ता' लाई खारेज गर्न सुझाव दिए पनि सरकारद्वारा अटेर




■ कृष्ण आचार्य

काठमाडौं- उपभोक्ताले तिरेको ५४ अर्ब रुपैयाँ मूल्य अभिवृद्धि कर (भ्याट) को रकम सरकारले व्यापारीको खल्तीमा पुऱ्याएको छ । उपभोक्ताबाट उठाइएको भ्याट रकम स्वदेशी उद्योगलाई प्रोत्साहन र चोरीका मोबाइल नियन्त्रणका नाममा व्यापारीलाई सरकारले फिर्ता दिएको हो । आन्तरिक राजस्व विभागका अनुसार वनस्पति घिउ तथा तेल, चिनी, मैदा, कपडा र मोबाइल फोन सेटलगायत सामग्री बिक्रीका क्रममा उपभोक्ताबाट उठाइएको ५४ अर्ब रुपैयाँ १५ वर्ष अवधिमा व्यापारीको पोल्टामा पुगेको हो ।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ लागू भएको केही वर्षपछि विभिन्न अर्थमन्त्री तथा सरकारका उच्च अधिकारी र व्यापारीबीचको मिलेमतोमा भ्याट फिर्तासम्बन्धी अवधारणा ल्याइएको हो । फिर्ता थपघटसम्बन्धी निर्णयमा प्रायःजसो अर्थमन्त्रीको संलग्नता रहने गरेको छ । भ्याटको सिद्धान्तविपरीत व्यापारी तथा उद्योगीलाई फिर्ता दिने परिपाटीका कारण उपभोक्ताले अतिरिक्त भार र राज्य ढुकुटीले दोहन खेप्नु परिरहेको छ ।

पटक-पटक गठन भएका झन्डै आधा दर्जन उच्चस्तरीय अध्ययन तथा छानबिन कार्यदल, महालेखा परीक्षक कार्यालयलगायतले भ्याट फिर्ता पुनरावलोकन तथा खारेज गर्न सुझाव दिए पनि सरकारले अटेर गरिरहेको छ । 'उपभोक्ताबाट व्यापारीले उठाएको रकम कि त सरकारको ढुकुटीमा जानुपऱ्यो, कि उपभोक्ताले नै छुट सुविधा पाउनुपर्छ,' अन्तर्राष्ट्रिय कर विज्ञ तथा नेपालको उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगका अध्यक्ष रूपबहादुर खड्काले भने, 'संसारमा कहीँ नभएको यो अवधारणाको खारेजी वर्तमान अर्थमन्त्री युवराज खतिवडाले गर्नैपर्छ ।'

व्यापारी, नेता तथा सरकारका उच्च अधिकारीको मिलेमतोकै कारण भ्याट फिर्तासम्बन्धी व्यवस्था खारेजी गर्ने आँट हालसम्म कुनै पनि अर्थमन्त्रीले गरेका छैनन् । पटके निर्णय तथा बजेटसँगै आउने आर्थिक ऐनमार्फत वनस्पति घिउ तथा तेल, चिनी, मैदा, कपडा र मोबाइल फोन सेटलगायत सामग्री बिक्रीमा उपभोक्ताबाट उठाइने भ्याट उद्योगीले फिर्ता पाउँदै आएका हुन् । व्यापारीले ती सामग्रीमा ४० देखि शतप्रतिशतसम्म भ्याट फिर्ता पाउने गरेका छन् । यसलाई सरकारका पूर्वअधिकारीहरूले 'नीतिगत भ्रष्टाचार' भन्दै आएका छन् । 'उपभोक्ताबाट उठाइएको रकम लेखांकन नै नगरी सोझै उद्योगीलाई दिनु गम्भीर नीतिगत अपराध हो,' पूर्वकार्यवाहक महालेखा परीक्षक सुकदेव खत्रीले भने, 'भ्याट फिर्तामार्फत लुटको व्यापार गरिएको छ ।'

भ्याट फिर्ता थालिएको केही वर्षदेखि नै विरोध सुरु भएको थियो । हालका अर्थमन्त्री युवराज खतिवडाको संयोजकत्वमा २०५९ मा गठित वित्तीय सुधार कार्यदल, भन्सार विभागका पूर्वमहानिर्देशक बालगोविन्द विष्ट संयोजकत्वको राजस्व छुटको प्रभाव मूल्यांकन कार्यदल, अन्तर्राष्ट्रिय कर विज्ञ रूपबहादुर खड्काको संयोजकत्वको उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगलगायतका अध्ययन प्रतिवेदनले भ्याट फिर्तासम्बन्धी व्यवस्था तत्काल खारेज गर्न सरकारलाई सुझाव दिएका थिए ।

बाँकी पृष्ठ १८

## घोटालाका लागि तथ्यांक नै फरक

राष्ट्रिय लेखा प्रणालीमा समावेश नै नहुने हुँदा उद्योगी र सरकारी अधिकारीको मिलेमतोमा बढीभन्दा बढी भ्याट फिर्ता लिई घोटाला गर्न तथ्यांक नै फरक-फरक कायम गर्ने गरिएको छ । आन्तरिक राजस्व विभाग, राजस्व छुटको प्रभाव मूल्यांकन कार्यदल र महालेखा परीक्षकको कार्यालयका भ्याट फिर्तासम्बन्धी तथ्यांक नै आपसमा मिल्दैनन् । महालेखा परीक्षकको कार्यालयका अनुसार आर्थिक वर्ष २०७०/७१ देखि २०७३/७४ सम्म २४ अर्ब ३६ करोड ५५ लाख रुपैयाँ भ्याट उद्योगीले फिर्ता लिएका छन् । त्यसको आधिकारिक तथ्यांक राख्ने निकाय आन्तरिक राजस्व विभागका अनुसार सोही अवधिमा २० अर्ब ४ करोड रुपैयाँ मात्रै फिर्ता भएको छ । अर्को उदाहरण विभाग र राजस्व छुटको प्रभाव मूल्यांकन कार्यदलबीचको तथ्यांक हो । कार्यदलले आर्थिक वर्ष २०६४/६५ देखि २०६९/७० सम्म ८ अर्ब ४९ करोड ३ लाख रुपैयाँ भ्याट फिर्ता भएको तथ्यांक राखेको छ । विभागले सोही अवधिमा १९ अर्ब ६४ करोड रुपैयाँ फिर्ता भएको उल्लेख गरेको छ । 'अभिलेख व्यवस्थित नराख्दा ढुकुटीबाट उल्टै थप रकम उद्योगीले फिर्ता लगेको उदाहरण पनि छ,' पूर्वकार्यवाहक महालेखा परीक्षक खत्रीले भने । उनका अनुसार अघिल्लो आर्थिक वर्षमा मोबाइल फोन सेटको सन्दर्भमा दुई करदाताले ७ करोड ९८ लाख रुपैयाँ उठाएका थिए । ती व्यापारीले भ्याट फिर्ता रकम भने ११ करोड ९० लाख फिर्ता लगे । 'उठाएको कुल रकमभन्दा ३ करोड ९१ लाख बढी फिर्ता लगे,' उनले भने, 'अभिलेख नै व्यवस्थित नराख्दा उल्टै ढुकुटीबाट थप रकम फिर्ता दिइएको छ ।'

नेकपामा ३३ प्रतिशत महिला महाधिवेशनपछि
- ओली

पृष्ठ ३

## आज

१२ पृष्ठको **प्रदेश ५** विशेषांक




## गजब छ बा !


- अविन -




निंद्रै लागेन !... यस्तो छलफलमा 'नि के बस्नु ?!... हिंडें म त !

NMB Delight Savings Account
नेपालभरी कुनै पनि ATM बाट पैसा निकाल्दा अतिरिक्त शुल्क नलाग्ने
Missed Call No. 9801717666




मात्र ४ दिन बाँकी
नयाँ वर्षको
MEGA OFFER
PRE-BUDGET OFFER
नयाँ BUDGET सँगै हाम्रो New Year Mega Offer सकिँदैछ...
फाइदामा त्यो हुन्छ, जसले BUDGET अघि नै DATSUN लाई आफ्नो बनाउँछ
*Conditions Apply
DATSUN GO
TOTAL BENEFITS UP TO* RS.405,000
DATSUN GO+
TOTAL BENEFITS UP TO* RS.457,000
DATSUN REDI GO
TOTAL BENEFITS UP TO* RS.307,000
FREE 1 YEAR INSURANCE*
3 YEARS WARRANTY
3 YEARS FREE SERVICING
FREE ROAD TAX*
EASY & SPOT FINANCING
DATSUN
Break Through
Pioneer Moto Corp Pvt. Ltd.
Thapathali, Tel: 01-4101627, 01-4101628, 01-4101678
9801142993 (Nilan) I 9801142948 (Dipen) I 9801142928 (Amita) I
9801142926 (Runa) I 9801142949 (Ragini) I 9801142992(Navaraj)
E-mail: sales@pioneerdatsun.com.np
NOW YOU CAN ALSO VISIT US AT:
Birtamod : 023-541113, 9852640333 | Dharan: 9852049468, 025-526258 | Biratnagar: 021-460972, 9801142934 / 33 / 36 | Narayanghat: 056-523657, 9855061999 | Pokhara: 061-541692, 9856029578 | Butwal: 071-437239, 9851231113 | Dhangadhi: 091-416234, 9801712451 | Dang: 9857830465, 082-560136 | Bardibas : 9807850200 | Janakpur: 041-523998, 9801651865 | Bhairawa: 9802602626, 9801058499, 071-522549 | Nepalgunj: 9858023645, 081-551744
www.facebook.com/DatsunNepal
SERVICE CENTRE
Khumaltar-01 5548969
Service Helpline: 9801205500
service@pioneerdatsun.com.np


NISSAN
Innovation that excites
MICRA ACTIVE
Drive the New Nissan Micra Active with intelligence this New Year 2075 – as Pioneer Moto Corp brings you an abundance of offers, one of which can take you for a Malaysia trip.
Drive with intelligence, drive smart – with New Nissan Micra Active.
HURRY UP! 4 DAYS LEFT
BEFORE BUDGET ANNOUNCEMENT
Get your Nissan Micra Active now
MALAYSIA TRIP with every purchase
SPECIAL CASH DISCOUNT*
FREE COMPREHENSIVE INSURANCE for 1 Year
FREE ROAD TAX OF 1 Year
EXCHANGE BONUS*
FREE ACCESSORIES*
ON SPOT FINANCE & EXCHANGE FACILITY
3 YEARS SERVICE & WARRANTY
*Conditions apply
PETROL
Mileage 19.49KM/L
Ad Media/Pioneer/018
Central Locking
Front & Rear Power Window
Electric Power Steering
Steering Control Audio
Alloy Wheels
Dual Airbag
Bluetooth
Follow Me Head Lamps
Keyless Entry
ABS | EBD | BA
Pioneer Moto Corp Pvt. Ltd.
Kamaladi, Kathmandu, Tel: 01-4427871, 9801142926 (Runa), 9801142988 (Anish), 9801142989 (Anil), 9801142993 (Nilan), 9801142995 (Dikshant), 9801142997 (Rajkumar), Email: sales@nissan-nepal.com
NOW YOU CAN ALSO VISIT US AT: Bhairahawa: 9802602626, 9801229990, Biratnagar: 021-460972, 9801142933/34/36, Birtamode:023-541113, 9802775781, Butwal: 071-415408, 9802737877, Dang: 082-560136, 9857830465, Dhangadi: 091-416234,9801712451, Nepalgunj: 081-551744, 9858023645: Pokhara: 061-541335, 9856019445, Narayanghat: 056-530660, 9855061999, Janakpur: 041-523998, 9801651865, Bardibas: 9807850200
SERVICE CENTRE: Khumaltar: 01- 5548969, Service Helpline: 9801205500
For more information, please visit www.nissan-nepal.com, NissanNep, Nissannepal_, nissan_nepal or visit any of our dealerships across the country

# ‘३३ प्रतिशत महिला महाधिवेशनपछि’

**कान्तिपुर संवाददाता**

काठमाडौं- प्रधानमन्त्री एवं नेकपा अध्यक्ष केपी ओलीले अन्तरिम व्यवस्था भएकाले एकीकृत पार्टीको कार्यसमितिमा ३३ प्रतिशत महिलाको संख्या नपुगेको बताएका छन् । दुई दल मिलेर बनेको ४ सय ४१ सदस्यीय कार्यसमितिमा महिलाको संख्या ३३ प्रतिशत नपुगेको र यो राजनीतिक दलसम्बन्धी ऐनको समेत प्रतिकूल हुने भन्दै प्रश्न उठेपछि ओलीले बिहीबार केन्द्रीय समिति बैठकमा यसबारे स्पष्ट पारेका हुन् । नेकपाको कार्यसमितिमा हाल ७७ जना महिला छन् ।



नेपाल कम्युनिस्ट पार्टीको बिहीबार बसेको केन्द्रीय समिति बैठकमा अध्यक्षद्वय केपी ओली र पुष्पकमल दाहाल । *तस्बिर : कबिन अधिकारी*

‘एक तिहाइ हुनुपर्छ भन्ने हामीलाई थाहा नभएर वा कानुनको हेक्का नराखेर होइन,’ ओलीले भने, ‘दुई पार्टी मिलेकाले त्यस्तो भएको हो तर यो अन्तरिम व्यवस्था हो । हाम्रो अधिवेशन भएको छैन, अधिवेशनपछि सबै कुरा मिल्छ ।’

ओलीले समावेशीकरण, लैंगिक, जातीय-क्षेत्रीय प्रतिनिधित्वलगायत विषयमा कम्युनिस्ट पार्टीले नै कुरा उठाएको र त्यसैले कारण अहिलेको उपलब्धि हासिल भएको बताएका थिए । महिला सशक्तीकरणमा पार्टीले खेलेको भूमिकाबारे उल्लेख गर्दै उनले अन्तरिम व्यवस्थालाई धेरै नउछाल्न आग्रह गरे । संविधान जारी भएपछि दलसम्बन्धी ऐन बनेको र यो ऐन बनेपछि पार्टी महाधिवेशन नभएकाले तत्कालका लागि ऐनको प्रावधान आकर्षित नहुने व्याख्या नेकपाले गरेको छ ।

संविधान जारी भएपछि तीन तहका निर्वाचनका लागि दल दर्ता गर्दा महाधिवेशनपछि केन्द्रीय समितिमा ३३ प्रतिशत प्रतिनिधित्व पुर्‍याउने प्रतिबद्धतासहित तत्कालीन एमाले-माओवादीले हस्ताक्षर गरेका थिए । त्यही प्रतिबद्धताअनुसार ३३ प्रतिशत महिला संख्या नपुग्दा पनि निर्वाचन प्रयोजनका लागि दल दर्ता भएको थियो । दुई पार्टी एकीकरणबाट बनेको पार्टीमा पनि त्यही नजिर कायम हुने तर्क नेकपाका नेताहरूको छ ।

ओलीले कामको माध्यमबाटै परिणाम निकाल्ने दाबी गर्दै कुनै पनि पपुलिस्ट कामको पछि नलाग्ने बताए । ‘हामी ५ वर्षका लागि स्थापित भएका छौं, त्यसलाई आत्मसात् गरेर अघि बढ्नुपर्छ,’ उनले भने ।

बैठकमा सम्बोधन गर्ने क्रममा प्रधानमन्त्री ओलीले ‘एमाले’ विरोध गर्नेहरूबाट विचलित हुँदैन भनेका थिए । एकीकृत पार्टी भए पनि पुरानो पार्टीकै जसरी ओलीले एमाले भनेपछि हलमा नेताहरूबीच हाँसो चलेको थियो । त्यसपछि ओलीले आफ्नो बोली सच्याए । ‘केही समय यस्तो हुन्छ, मैले एमाले र प्रचण्डजीले माओवादी भन्नुभयो भने सुनपानी छर्किइहाल्नुपर्दैन,’ उनले भने, ‘एमाले र माओवादी भनेर व्यवहारचाहिँ गरिनु हुँदैन र गरिँदैन ।’

अर्का अध्यक्ष पुष्पकमल दाहालले पनि पार्टी एकीकरण ऐतिहासिक आवश्यकताका कारण भएको बताए । उनले इमानदार भएर जिम्मेवारी पूरा गर्न पनि केन्द्रीय सदस्यलाई आग्रह गरेका थिए ।

निर्वाचन आयोगमा दल दर्ता गर्ने प्रयोजनका लागि सबै केन्द्रीय सदस्यको हस्ताक्षर, नागरिकता र माइन्युट तयार गर्न बिहीबार बैठक राखिएको हो । त्यही क्रममा अध्यक्षद्वयले सम्बोधन गरेका थिए ।

# राष्ट्रकविको स्वास्थ्यमा सुधार

■ **सुरेशराज न्यौपाने**

नयाँदिल्ली- सानो आन्द्राको आन्तरिक रक्तस्राव नरोकिएपछि थप उपचारका लागि भारतको नयाँदिल्ली ल्याइएका राष्ट्रकवि माधव घिमिरेको स्वास्थ्यमा सुधार देखिएको छ । बुधबार साँझ ६ बजे जेट एयरवेजको विमानबाट नयाँदिल्ली ल्याइएका घिमिरेलाई नयाँदिल्लीको गुडगावँस्थित मेदान्त अस्पतालको ११ औं तलाको ५१३२ नम्बरको हाइकेयर युनिटमा भर्ना गरिएको छ । घिमिरेलाई एयरपोर्टबाट सोझै मेदान्त पुर्‍याइएको थियो । भर्नालगत्तै उनको स्वास्थ्य परीक्षण पनि सुरु गरिएको छोरा इन्दिबरले बताए ।

बुधबार राति करिब १२ बजे बसेको चिकित्सकहरूको आपतकालीन बैठकले रक्तस्राव कहाँबाट भइरहेछ भन्ने पत्ता लगाउन इन्डोस्कोपी, कोलोनोस्कोपी र क्याप्सुल इन्डोस्कोपी गर्ने निर्णय गरेको थियो । त्यसका लागि नाकबाट पाइप छिराएर पेट र आन्द्रा सफा गर्ने प्रक्रिया सुरु गरिएको थियो । बिहीबार दिउँसो गरिएको इन्डोस्कोपीमा सानो आन्द्रामा दुई ठाउँमा देखिएका सामान्य ‘स्क्र्याच’ लाई लेजर प्रविधिबाट डामिएको घिमिरेका छोरा इन्दिबरले जानकारी दिए । त्यसपछि दुई सातादेखि भइरहेको रक्तस्राव पनि रोकिएको छ । ‘स्वास्थ्यमा सुधार देखिएको छ, लेजरपछि दिसा पनि सामान्य भएको छ,’ इन्दिबरले भने । यसैगरी क्याप्सुल इन्डोस्कोपीबाट प्राप्त हुने तस्बिरलाई केलाएपछि थप अनुसन्धान र परीक्षण गर्नुपर्ने वा नपर्ने यकिन गरिनेछ,’ चिकित्सकलाई उद्धृत गर्दै उनले बताए ।



**‘छिट्टै निको भएर फर्कन्छु’**

राष्ट्रकविले आफू निको हुनेमा ढुक्क रहेको बताएका छन् । घिमिरेका छोरा इन्दिबरले राष्ट्रकविलाई उद्धृत गर्दै भने, ‘बुबा ढुक्क हुनुहुन्छ, नेपालीसमेत थप उपचारका लागि आउने यति ठूलो अस्पतालमा आफ्नो समस्या पहिचान हुन्छ र आफू निको भएर फर्कन्छु भन्नुभएको छ ।’

उच्च रक्तचाप र दिसामा रगत देखा पर्ने समस्याका कारण दुई सातादेखि घिमिरेको काठमाडौंको धापासीस्थित ग्रान्डी अस्पतालमा उपचार हुँदै आएको थियो । तर, सानो आन्द्राबाट नियमित रक्तस्राव हुने ठाउँ पत्ता नलागेकाले चिकित्सकले थप उपचारका लागि भारत लैजान सुझाव दिएका थिए । ९९ वर्षीय राष्ट्रकवि घिमिरेको उपचारको सम्पूर्ण खर्च सरकारले बेहोर्ने निर्णय गरिसकेको छ ।

## प्रविधि मुलुकमै उपलब्ध : नर्भिक

काठमाडौं (कास)- नर्भिक हस्पिटलले राष्ट्रकवि माधव घिमिरेको उपचारका लागि आवश्यक प्रविधि मुलुकमै उपलब्ध रहेको जनाएको छ । बिहीबार विज्ञप्ति जारी गरी नर्भिकले घिमिरेको उपचारका लागि आवश्यक प्रविधि मुलुकमै उपलब्ध नभएको र त्यससम्बन्धी विशेषज्ञसमेत नेपालमा अप्राप्य रहेको भन्दै सरकारी खर्चमै उपचारका लागि भारत लगिएको तर उपचार प्रविधि र विशेषज्ञ मुलुकमा उपलब्ध छैन भन्नु सत्य नरहेको जनाएको छ ।

नर्भिकले तीन वर्षदेखि नै इन्टेरोस्कोपी प्रविधिको सफलतम प्रयोग गर्दै आएको जनाएको छ । यस्ताखाले चिकित्सा समस्याको उपचारका लागि कुनै पनि नेपालीले विदेश धाउनुपर्ने अवस्था र बाध्यता नरहेको नर्भिकका वरिष्ठ चिकित्सक तथा पेटरोग विशेषज्ञ डा. मधु घिमिरेले बताए । नर्भिकले यस घटनाले विगतमा तत्कालीन राष्ट्रपतिलाई मुलुकमा कोलोनोस्कोपी प्रविधि नभएको भन्दै जापान पठाइएको घटनालाई स्मरण गराएको समेत उल्लेख गरेको छ ।

## कैद मिनाहा सिफारिसविरुद्ध रिट

काठमाडौं (कास)- ज्यान मारेको अभियोगमा दोषी ठहर भई कारागारमा रहेका तत्कालीन माओवादी नेता बालकृष्ण ढुंगेलको बाँकी कैद मिनाहा गर्ने निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको छ । अधिवक्ता दिनेश त्रिपाठीले कैद मिनाहा गर्ने सिफारिसले मुलुकको फौजदारी न्याय प्रणालीको मर्ममाथि प्रहार गरेको भन्दै सर्वोच्चमा रिट निवेदन दिएका हुन् ।

रिट निवेदनमा गम्भीर फौजदारी अभियोगमा दोषी ठहर भएका व्यक्तिलाई शक्ति र पहुँचका आधारमा जथाभावी रूपमा माफी मिनाहा दिनु गलत भएको उल्लेख छ । पक्राउ पर्नुभन्दा केही समयअघि आफू जोडिएको मुद्दाको फैसला गर्ने न्यायाधीशमाथि नै ज्यान मार्ने धम्की दिएको अवस्थामा कैद मिनाहा गर्ने निर्णयले समाज र पीडितलाई समेत खतरा पर्ने उल्लेख छ । फरार रहेकै अवस्थामा पक्राउ परेको, पक्राउ परेको छ महिनासमेत बितिनसकेको अवस्थामा ६० प्रतिशत कैद मिनाहा गर्ने तयारीले दण्डहीनता मौलाउने भन्दै सिफारिसविरुद्ध अन्तरिम आदेश जारी गर्न माग गरिएको छ । ढुंगेललाई १२ वर्ष ५ महिना २२ दिन कैद गर्न सर्वोच्च अदालतले गत वर्ष वारेन्ट नै जारी गर्नुपरेको थियो ।

ढुंगेलसहित प्रतिवादी भएको कर्तव्य ज्यान मुद्दामा सर्वोच्चले २०६६ साल पुस १९ गते ढुंगेललाई सर्वस्वसहित जन्मकैदको सजाय हुने फैसला गरेको थियो । आफू प्रधानमन्त्री भएको दुई महिनाभित्रै बाबुराम भट्टराईको मन्त्रिपरिषद्ले २०६८ कात्तिक २२ मा उनलाई फैसला भएको कैद माफी गर्न सिफारिस गर्‍यो । त्यो निर्णयविरुद्ध परेको मुद्दामा सर्वोच्चले २०७२ पुस २३ गते ढुंगेलको कैद सजाय माफी मिनाहा नहुने निर्णय गरेको थियो ।










सरकारको नीति तथा कार्यक्रम

# बैठकमा ४०, हाजिर २२२



प्रतिनिधिसभाको बिहीबार बसेको बैठकमा उपस्थित सांसद । नीति तथा कार्यक्रममाथि छलफल सुरु हुँदा अधिकांश सांसद उपस्थित भए पनि बैठक नसकिँदै सबैजसो बाहिरिएका थिए । *तस्बिर : अंगद ढकाल*

■ मकर श्रेष्ठ

काठमाडौं- सांसद कुमारी मेचेले नीति तथा कार्यक्रममाथि बोलिरहँदा संसद्को अघिल्लो भागको कुर्सीमा सत्तापक्षका देव गुरुङ र सुवासचन्द्र नेम्वाङ मात्रै थिए । विपक्षी दलको सिटमा कोही पनि थिएनन् ।

दोस्रो भागमा सत्तापक्षको सबै सिट खाली थियो । विपक्षीतर्फ पूर्वअर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की मात्रै थिए । राजपा र फोरमको कुर्सी पनि खाली थियो ।

तेस्रो भागमा पनि सत्तापक्षका सांसद कोही थिएनन् । विपक्षी दलतर्फ देवप्रसाद तिमल्सिना र अर्का एक सांसद मात्रै थिए । राजपाका २ जना महिला सांसद थिए ।

चौथो भागमा सत्तापक्षमा दुई जना र विपक्षी कांग्रेसका दुई जना मात्रै थिए ।

पाँचौं भागमा सत्तापक्षका २ र विपक्षीतर्फ कांग्रेसका राजेन्द्र केसीसहित ७ सांसद मात्रै थिए ।

छैटौं भागको कुर्सीमा सत्तापक्षका सांसद शून्य थिए भने विपक्षीका एक जना मात्रै थिए । २२ जनाको मन्त्रिपरिषद् रहेकामा बैठकमा सामान्य प्रशासनमन्त्री लालबाबु पण्डित मात्रै उपस्थित थिए ।

सरकारले तीन दिनअघि पेस गरेको नीति तथा कार्यक्रममाथि छलफल चलिरहँदा बिहीबार पौने चार बजे प्रतिनिधिसभामा देखिएको दृश्य हो यो । संसद् सचिवालय स्रोतका अनुसार बिहीबारको बैठकमा हाजिर गर्ने सांसदको संख्या २ सय २२ जना छ । तर, २ सय ७५ सदस्यीय प्रतिनिधिसभामा चार बजे बैठक सकिने बेला मुस्किलले ४० जना थिए । त्यसमा १६ जना विपक्षी दलका थिए ।

यति थोरै सदस्य हुँदा पनि नीति तथा कार्यक्रममा बोल्न नाम टिपाएका सांसदले आफ्नै पालामा बोलिरहे । मुलुकको नीति तथा कार्यक्रमको छलफल चलिरहँदा हाजिर रेकर्डमा उपस्थित भएको देखाउन मात्रै सांसदहरू संसद् भवन पुग्ने गरेका छन् । छलफलको सुरुवातमा संसद् बैठक भरिभराउ भए पनि बिस्तारै सिट खाली हुने गरेको छ । बिहीबार अन्तिममा बोल्ने पालो सांसद जीवनराम श्रेष्ठको थियो । उनी बोल्दा संसद् लगभग रित्तिइसकेको थियो । सचिवालयका अनुसार १ सय ८० भन्दा बढी सांसद हाजिर गरेर निस्किएका थिए । छलफलमा सहभागी सांसद पनि त्यहाँ उठाइएका विषयमा भन्दा मोबाइल चलाउनमै व्यस्त देखिएका थिए ।

> २ सय ७५ सदस्यीय प्रतिनिधिसभामा चार बजे बैठक सकिने बेला मुस्किलले ४० जना थिए ।

११ बजेदेखि सुरु भएको छलफलमा भाग लिने सांसदहरू आफ्नो बोल्ने पालो सकिएलगत्तै बाहिरिए । बोल्ने पालो नपरेका सांसद पनि केही समय बसेर निस्किए । सभामुख कृष्णबहादुर महरा पनि केहीबेर बसेर बाहिरिएपछि उपसभामुख शिवमाया तुम्बाहाम्फेले सदन सञ्चालन गरिन् । महरा पौने चार बजे पुनः बैठकमा छिरे । सदनको बैठक जारी रहेको अवस्थामा केही सांसद भने संसद् भवनकै क्यान्टिनमा गफ चुटिरहेका थिए ।

बिहीबारको छलफलमा पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रमको समर्थन गरेका छन् । उनले सरकारका नीति र उद्देश्य राम्रा भए पनि प्राथमिकता स्पष्ट नभएको बताए । गरिबी र बेरोजगारीको दुश्चक्रबाट हटाउने, बेरोजगारी अन्त्य, आगामी पाँच वर्षमा प्रतिव्यक्ति आय दोब्बर बनाउने, पाँच वर्षमा पाँच हजार मेगावाट विद्युत् उत्पादन गर्नेजस्ता विषय सकारात्मक रहेको उनको भनाइ थियो । 'यसले सपना देखाएको छ । गरिबी र बेरोजगारीको दुश्चक्रमा रहिरहन चाहँदैनौं भनेको छ,' भट्टराईले भने, 'पाँच वर्षमा कृषिको आय दोब्बर गर्ने, रोजगारीका लागि विदेश जानु नपर्ने, ५ हजार मेगावाट विद्युत् उत्पादन गर्ने, प्रदेश र गाउँ/नगरमा उद्योगग्राम निर्माण गर्ने, १५ शय्या अस्पताल र प्राविधिक महाविद्यालयका कुरा राम्रा छन् ।'

पूर्वाधार निर्माणको विषय सरकारको नीति तथा कार्यक्रमले समेटेको भन्दै भट्टराईले उक्त कार्यक्रम कसरी पूरा गर्ने भन्ने विषयमा प्रस्टताको खाँचो रहेको औंल्याए । भट्टराईले प्रतिनिधिसभा सभामुख र राष्ट्रिय सभा अध्यक्षको सम्बोधन उचित नभएको कांग्रेसको संशोधनसमेत समर्थन गरे ।

सांसद अग्निप्रसाद सापकोटाले हरेक क्षेत्रमा बिचौलियाको बिगबिगी रहेको भन्दै सरकारले त्यस्तो प्रवृत्तिको अन्त्य गर्न कठोर कदम चाल्नुपर्ने बताए । राष्ट्रियताका सवालमा सरकार दरिलो भएर अगाडि बढेको भन्दै यो जनताको एकताको प्रतिफल भएको बताए । लक्ष्मणलाल कर्णले शान्तिका लागि संविधान संशोधन आवश्यक भएको बताए । राजेन्द्र श्रेष्ठले संघीय लोकतान्त्रिक गणतन्त्र भन्ने शब्द पनि नीति तथा कार्यक्रममा समावेश नहुनु दुःखद भएको बताए । जयपुरी घर्तीले समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने आधार तयार गर्ने गरी नीति तथा कार्यक्रम आएको भन्दै प्रशंसा गरिन् । दिलेन्द्रप्रसाद बडूले संघीय संसद्को पहिलो सम्बोधन भए पनि पञ्चवर्षीय कार्यक्रम पेस गरिएकामा आपत्ति जनाए । 'दीर्घकालीन लक्ष्य पेस गरेर जनप्रतिनिधिलाई झुक्याइएको छ,' उनले भने, 'नीति तथा कार्यक्रम पुनर्लेखन गर्नुपर्छ ।' रवीन्द्रराज शर्माले सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम यथार्थवादी रहेको टिप्पणी गरे ।

छक्कबहादुर लामाले कर्णाली प्रदेशको विकासका लागि पर्यटन क्षेत्रमै जोड दिनुपर्ने बताए । उनले ऊर्जा क्षेत्रमा लगानी बढाउन सरकारलाई सुझाव दिए । बृजेशकुमार गुप्ताले जलाशययुक्त आयोजनाको विकास गरेर आर्थिक समृद्धिको आधार तयार पार्नुपर्ने बताए । सांसद नारायण खड्काले विकास निर्माण, आर्थिक तथा राजनीतिक क्षेत्रमा रहेको विकृति अन्त्यका लागि सरकारले पहल गर्नुपर्ने धारणा राखे । देवेन्द्र पौडेलले सरकार जनताका पक्षमा भएको भन्दै नीति तथा कार्यक्रमको वकालत गरे ।

सांसद सूर्यप्रसाद पाठकले नीति तथा कार्यक्रमको आलोचन गर्ने सांसदलाई जेठ १५ गते झोला बोकेर आउन सुझाव दिए । 'यहाँ केही साथी नगदमा हिसाब खोजिरहनुभएको छ,' पाठकले भने, 'म स्पष्ट पार्न चाहन्छु, जेठ १५ गते दह्रै झोला बोकेर आउनुहोला, अर्थमन्त्रीले केही नगद हालेर पठाइदिनुहुन्छ । त्यही नगद लिएर जनताका बीचमा जानुहोला । तपाईंको पनि शिर उच्च हुनेछ ।' अमरेश सिंहले सरकारले ल्याएको नीति तथा कार्यक्रमलाई ललिपपसँग तुलना गरे । 'ललिपप देखाएर जनतालाई ढाँटिरहेको छ,' उनले भने । कांग्रेसकै राजेन्द्र केसीले सरकारले कर्मचारीलाई थाङने र माङने भनेकामा आपत्ति जनाए । उमेश श्रेष्ठले मुलुकको विकास गर्न निजी क्षेत्रसँग सहकार्यको विकल्प नभएको औंल्याए । शान्ति प्राख्रिनले सरकारले अघि सारेको नीति तथा कार्यक्रमलाई प्रतिपक्षले पनि सकारात्मक लिनुपर्ने बताइन् । सरकारको नीति तथा कार्यक्रममा भएको बहसलाई उनले कक्षामा भएको वादविवादसँग तुलना गरिन् । नवराज सिलवालले नीति तथा कार्यक्रमले आशावादी बनाएको बताए । जीवनराम श्रेष्ठले सरकारले ल्याएको नीति तथा कार्यक्रम मुलुकको मार्गचित्र कोर्न सफल हुने भन्दै खेलकुद क्षेत्रलाई पनि उपेक्षा गर्न नहुने धारणा राखे ।

## लक्ष्यहीन र अस्पष्ट : प्रतिपक्षी

■ राजेश मिश्र

काठमाडौं- राष्ट्रिय सभामा प्रतिपक्षी दलका सांसदहरूले सरकारको नीति तथा कार्यक्रम लक्ष्यहीन र अस्पष्ट भएको बताएका छन् । बिहीबारको बैठकमा प्रमुख प्रतिपक्षी कांग्रेस, राष्ट्रिय जनता पार्टी र संघीय समाजवादी फोरमका सांसदहरूले उनीहरूले कार्यक्रममा आवश्यक संशोधनको समेत माग गरे ।

कांग्रेसका सांसदहरूले नीति तथा कार्यक्रम प्रस्तुत गर्ने क्रममा राष्ट्रपतिले प्रतिनिधिसभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष र सांसदहरूलाई सम्मानजनक शब्द प्रयोग नगरेको भन्दै आपत्ति जनाए ।

कांग्रेस सांसद सुरेन्द्रराज पाण्डेले राष्ट्रपतिले प्रयोग गरेको भाषामा संशोधन हुनुपर्ने प्रस्ताव नै दर्ता गराएका छन् । उनले आदरार्थी शब्द प्रयोग नगरिएकामा आपत्ति जनाउँदै त्यसलाई सच्याउनुपर्ने माग पनि गरे । पढ्दा र सुन्दा बनाउने मान्छेलाई राम्रो लागेको भए पनि यथार्थमा नीति तथा कार्यक्रममा स्पष्टता नरहेको उनको भनाइ छ ।

कांग्रेसकै सांसद राधेश्याम अधिकारीले राष्ट्रपतिको सम्बोधनमा 'सामन्तवाद' को गन्ध आएको आरोप लगाए । सबै कुरा छ्यासमिस गरेर ल्याइएकाले नीति तथा कार्यक्रमलाई 'क्वाँटी' को संज्ञा दिए । राज्य पुनः संरचनापछि पहिलोपटक आएको नीति तथा कार्यक्रमले संघीयताको मर्मलाई स्विकार्न नसकेको भन्दै उनले प्रदेश र स्थानीय तहलाई बलियो बनाउने गरी बजेट आउनुपर्ने उल्लेख गरे । दोहन भइरहेको चुरे संरक्षणको कुरा उठिरहेका बेला सरकारले चुरेमै नयाँ लोकमार्ग बनाउन गरेको घोषणाले पार्न सक्ने वातावरणीय असरबारे सचेत बन्नसमेत अधिकारीले आग्रह गरे । 'वातावरणीय परीक्षण भएर सरकारबाट उक्त प्रस्ताव आएको हो भने संसद्लाई जानकारी गराइयोस्,' उनले भने, 'नभए चुरेमा निर्माण हुने संरचनाले मधेसलाई मरुभूमि बनाउने खतरा रहन्छ ।'

राजपा सांसद वृषेशचन्द्र लालले नीति तथा कार्यक्रममा 'दम्भ' को भाषा प्रयोग भएको आरोप लगाए । अंकगणितीय दम्भले तानाशाही प्रवृत्ति बढाउन सक्ने भन्दै संविधानप्रतिको असन्तुष्टि सम्बोधन नगरिएसम्म मुलुकमा स्थिरता र शान्ति कल्पना गर्न नसकिने उनले उल्लेख गरे । उनले नीति तथा कार्यक्रममा संविधान संशोधनको विषयलाई बेवास्ता गरिएको, संघीय संरचनाअनुसार साधन स्रोत वितरणको चर्चा नगरिएको टिप्पणी गरे । 'जनसंख्या र राजस्वमा योगदान हेरेर समानुपातिक बजेट र कार्यक्रम विनियोजन गरिनुपर्छ,' उनले भने, 'तराईमा बर्सेनि हुने बाढी प्रकोप नियन्त्रणका लागि प्रभावकारी कार्यक्रम ल्याउने गरी नीति तथा कार्यक्रम संशोधन गरिनुपर्छ ।' उनले त्यही विषयमा संशोधनको प्रस्तावसमेत दर्ता गराएका छन् ।

फोरम सांसद प्रमिला कुमारीले पनि संविधान संशोधनको विषय नीति तथा कार्यक्रममा नपरेको प्रति आपत्ति जनाइन् । उनले उक्त विषय राख्नका लागि संशोधन प्रस्ताव दर्ता गराएकी छन् । उनले मधेसका लागि विशेष आर्थिक प्याकेज ल्याइनुपर्ने एवं जनसंख्या र मानव विकास सूचकांकका आधारमा बजेट उपलब्ध गराउनुपर्ने माग गरिन् । नीति तथा कार्यक्रम संघीयताप्रति अनुदार रहेको भन्दै उनले प्रादेशिक अधिकार हस्तान्तरणको विषय समावेश गर्न माग गरिन् ।

सत्तारूढ दलका सांसदहरूले भने नीति कार्यक्रममा सरकारको बचाऊ गरेका थिए । नेकपाका सांसद दीनानाथ शर्माले कार्यक्रम संविधानको मर्म र भावनाअनुसार आएको बताए । उनले विगतमा यथास्थितिमा रमाउने सरकार रहेको र यतिबेला सपना देख्ने सरकार रहेकाले 'भिजनरी' नीति तथा कार्यक्रम आएको दाबी गरे ।

## ७७ जिल्लाका शिक्षा एकाइ प्रमुखको सरुवा

कान्तिपुर संवाददाता

काठमाडौं- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले ७७ जिल्लाका शिक्षा विकास तथा समन्वय एकाइ प्रमुखको सरुवा गरेको छ ।

साबिकको जिल्ला शिक्षा कार्यालय खारेज गरेर एकाइलाई जिल्ला प्रशासन कार्यालय मातहत ल्याएपछि एकै पटक देशभरका प्रमुखको सरुवा गरिएको हो । उनीहरूलाई आगामी असार मसान्तसम्म आर्थिक अख्तियारी दिएर कामकाज गर्न भनिएको छ । शिक्षा कार्यालय खारेज गरेर एकाइ बनाए पनि प्रमुखहरूलाई आर्थिक अधिकार दिइएको थिएन ।




> उपत्यकाबाहिर केन्द्रीय कार्यालय रहेका विश्वविद्यालयका सम्पर्क कार्यालय खारेज गर्ने निर्णय

मन्त्रिपरिषद्को बुधबारको निर्णयअनुसार मन्त्रालयले एकाइ प्रमुखसहित १ सय ३९ जना शिक्षाका कर्मचारीको सरुवा गरेको हो । एकाइ प्रमुख रहेका ४१ उपसचिव र ३६ जना अधिकृतको सरुवा गरिएको कर्मचारी प्रशासन महाशाखाका सहसचिव बालकृष्ण पन्थीले जानकारी दिए । नयाँ संगठन संरचनाअनुसार ४१ जिल्लामा उपसचिव र ३६ जिल्लामा अधिकृत एकाइ प्रमुख हुनेछन् ।

त्यस्तै मन्त्रालयले उपत्यकाबाहिर केन्द्रीय कार्यालय रहेका विश्वविद्यालयका सम्पर्क कार्यालय खारेज गर्ने निर्णय गरेको छ । शिक्षामन्त्री गिरिराजमणि पोखरेलले बिहीबार मन्त्रीस्तरीय निर्णय गर्दै ११ वटा विश्वविद्यालयका काठमाडौं उपत्यकाभित्र रहेका सम्पर्क कार्यालय खारेज गर्ने निर्णय गरेका हुन् । 'केन्द्रीय कार्यालय उपत्यकाबाहिर भएका विश्वविद्यालयको राजधानीमा सम्पर्क कार्यालयको कुनै भूमिका, प्रभाव र आवश्यकता नदेखिएकाले खारेज गर्ने निर्णय गरेका छौं,' शिक्षामन्त्रीका निजी सचिव पुष्प ढकालले भने ।

आर्थिक मितव्ययिता र कर्मचारी व्यवस्थापन सहज गर्नका लागि सम्पर्क कार्यालय खारेज गरिएको मन्त्रालयले जनाएको छ ।

# दोहाका गल्लीगल्लीमा 'आजाद भिसा' पीडित

■ होम कार्की

काठमाडौं- वैदेशिक रोजगारका लागि इनरुवा ८, सुनसरीका इन्द्रदेव मल्लले ५ कट्ठा जग्गा बेच्नुपर्‍यो । त्यसबाट आएको दुई लाख रुपैयाँमध्ये एक लाख ७० हजार रुपैयाँ कतार पठाउने रेडियन्ट म्यानपावरलाई बुझाए । बाँकी ३० हजार इनरुवादेखि काठमाडौंसम्मको आवतजावत, एक महिनासम्मको बसाइ, स्वास्थ्य परीक्षण र खानामै सकियो ।

'कतार जाँदा पनि किन धेरै लगानी ?' मल्लले सोध्दा रेडियन्ट म्यानपावरको जवाफ थियो, 'तिमीलाई अरूजस्तो सामान्य भिसा होइन, आजाद भिसामा पठाउन लागेको हो ।'

आजाद भिसाको फाइदाबारे उनलाई दलालले कण्ठस्थै बनाइदिए, 'न्यूनतम तलब १२ सय रियाल (करिब ३३ हजार रुपैयाँ) भन्दा माथि हुन्छ । कम्पनी छानीछानी मन लागेको काम गर्न पाइन्छ । कसैको दबाबमा बस्नु पर्दैन ।'

७५० रियालभन्दा कममा कठिन काम गरिरहेका गाउँलेका कुरा सुन्दै आएका मल्ललाई दलालको अफर गजबै लाग्यो । तर उनी यतिखेर दोहाको मुग्लिनामा बिचल्ली परेका छन् । 'छोरीको बिहे खर्च जोहो गर्न भएको जग्गा बेचेर कतार आएँ । ३ महिनादेखि निकै कठिन जिन्दगी बिताइरहेको छु । दलालले भनेजस्तो काम र दाम छैन । वास्तविकता अर्कै रहेछ,' उनले भने, 'कुन मुख लिएर घर जाऊँ ।'

'आजाद भिसा' का नाममा उडेका झन्डै दुई सयभन्दा बढी नेपाली कामदार कतारको टोइटा सिग्नल, हिलाल, मुग्लिना, नेसनल, मुर्रा, बक्रा, मदिना खलिफालगायत स्थानमा अलपत्र परेका छन् ।



दोहाको मुग्लिनामा रहेका पीडित ।

### हुँदै नभएको 'आजाद भिसा'

कानुनले 'आजाद भिसा' लाई चिन्दैन । कामदारलाई झुक्याउन दलाल आफैंले राखिदिएको नाम हो, आजाद भिसा । वैदेशिक रोजगारमा जाँदै नगएकालाई यो नामले लोभ्याउने गरेको छ । दलालले 'रोजगार भिसा' लाई नै 'आजाद भिसा' को नाम दिएर ठगिरहेका छन् । यसका लागि नेपालका म्यानपावर र कतारमा खुलेका कम्पनी मिलेर कारोबार गरिरहेका छन् । कतारमा कम्पनीसँग मिलेर पुरुषोत्तम श्रेष्ठले इन्द्रदेवसहित २० जना कामदारको भिसा निकालिदिए । त्यसलाई वैदेशिक रोजगार कार्यालयबाट श्रमस्वीकृति निकालिदिने काम रेडियन्ट म्यानपावरले गर्‍यो । म्यानपावर भन्छ, 'हामीले श्रमस्वीकृति मात्रै निकाल्ने हो । काम खोज्ने, राख्ने जिम्मेवारी श्रेष्ठको हो ।'

कतार श्रमकानुनअनुसार त्यहाँ पुगेको तीन महिनाभित्र आवासीय भिसा लगाइसक्नुपर्छ । जुन कम्पनीको भिसामा कतार पुगेको छ, त्यही कम्पनीले आवासीय भिसा नलगाइदिई अर्को कम्पनीमा काम गर्ने अधिकार (रिलिज) दिने कानुनी प्रावधान छ । दलालहरूले यही बाटो समातेर धेरै पैसा कमाउने जागिर लगाइदिने भन्दै सोझा नेपालीलाई ठगिरहेका छन् । 'मैले ग्लोबल म्यानपावरलाई एक लाख ६० हजार रुपैयाँ बुझाएर आएँ । कतारमै गएर खोजीखोजी काम गर्न पाइन्छ भनियो,' स्याङ्जाका विशाल रोक्काले भने, 'काम खोजेको सात महिना भयो । चित्तबुझ्दो पाएको छैन । सजिलैसँग काम पनि नपाइने रहेछ । ७-८ सय रियालको जागिर त नेपालमै पाइन्थ्यो । हामीलाई नराम्रोसँग फसाइयो ।'

### खै कारबाही ?

टीकापुर-१, कैलालीका करन बिकले पछिल्लो ६ महिनामा मात्रै झन्डै ६० नेपालीलाई आजाद भिसाका नाममा ल्याइसके । उनको सिनामंगलस्थित इजहामान म्यानपावरसँग मिलोमतो छ । पछिल्लो समय ल्याइएका १४ जनालाई उनले काम खोजेर लगाइदिन सकेनन् । 'मैले कामदारसँग एक लाख २० हजार रुपैयाँ लिने हो । बाँकी म्यानपावर र एजेन्टद्वय राजेश बिक र विजय बिकले कति लिन्छन्, थाहा छैन,' केरकारपछि बिकले भने, 'जसलाई काममा लगाइदिन सकिने अवस्था छैन । उनीहरूलाई नेपाल पठाइदिने हो ।'

पीडित भएर फर्किने कामदार म्यानपावरबाट क्षतिपूर्ति लिनबाट वञ्चित छन् । कतारको श्रमकानुनअनुसार भिसाको कारोबार गर्न मनाही छ । त्यस्तो काम गर्नेलाई ५० हजार रियाल जरिवाना र तीन वर्षसम्म सजाय हुने व्यवस्था छ । कामदारलाई झुक्याउनेविरुद्ध कतारको मानव तस्करविरुद्धको कानुन नम्बर २०११ को १५ दफा आकर्षित हुन्छ । शोषण गर्ने नियतले कामदारलाई झुक्याएर ओसारपसार गरिएको अवस्थामा यो कानुन आकर्षित हुन्छ । 'आजाद भिसाका नाममा कामदार ल्याएर फसाउने विषयमा कतारको मानव तस्करीविरुद्धको कानुन आकर्षित हुन्छ । यस्तो काम गर्नेलाई ७ वर्ष जेल र २ लाख ५० हजार रियालसम्म जरिवाना तोकिएको छ,' कतारमा कानुनका जानकार दीपक भेटवालले भने, 'अब पीडितलाई न्याय दिन र थप पीडित हुनबाट जोगाउन यो व्यवस्थाअनुसार कारबाही प्रक्रिया अगाडि बढाउन सम्बन्धित निकायसँग समन्वय हुनुपर्छ ।'

# ८ कक्षा पास नगरे अयोग्य !

■ सुदीप कैनी

काठमाडौं- सरकारले कुनै पनि सार्वजनिक पदमा रहन कक्षा ८ उत्तीर्ण हुनैपर्ने व्यवस्था गर्न लागेको छ । २०८३ वैशाख १ गतेपछि आधारभूत शिक्षा नलिएका व्यक्ति राज्यले प्रदान गर्ने अवसर लिनसमेत अयोग्य हुनेछन् ।

शिक्षाको अधिकारसम्बन्धी ऐनको मस्यौदामा यस्तो व्यवस्था गरिएको हो । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तयार पारेको मस्यौदा सहमतिका लागि कानुन आयोग पठाइएको छ । नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार, गैरसरकारी वा निजी क्षेत्रमा स्थापित कुनै संस्थाको पदमा निर्वाचित, नियुक्त वा मनोनयन हुन र रोजगारी प्राप्त गर्न अनिवार्य कक्षा ८ पास हुनुपर्ने मस्यौदामा उल्लेख छ । तर, ऐन जारी हुनुअघि नै १४ वर्ष उमेर पूरा भइसकेका व्यक्तिका हकमा यो नियम लागू हुनेछैन ।

कुनै पनि कम्पनी, फर्म, सहकारी वा गैरसरकारी संस्थाको संस्थापन गर्न, त्यस्तो कम्पनी फर्म वा संस्थाको संस्थापक सेयरधनी, सञ्चालक, सदस्य वा कुनै पदाधिकारी हुन र कुनै पनि पेसा, रोजगार, व्यवसाय सञ्चालन गर्न नियमनकारी निकायबाट लिनुपर्ने अनुमतिपत्र वा इजाजतपत्र प्राप्त गर्न पनि कक्षा ८ उत्तीर्ण गरेको हुनुपर्ने मस्यौदामा उल्लेख छ । कक्षा १ देखि ८ लाई आधारभूत र ८ देखि ९ लाई माध्यमिक शिक्षा मानिएको छ । आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य र माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क बनाउने कानुनी प्रावधान राखिएको मस्यौदा निर्माणमा संलग्न एक विज्ञले बताए ।

> शिक्षाको अधिकारसम्बन्धी ऐन मस्यौदा

ऐन प्रारम्भ भएपछि प्रत्येक स्थानीय तहले पाँच वर्ष पूरा भएर १४ वर्ष उमेर नपुगेका बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउनुपर्नेछ । ५ देखि १४ वर्ष उमेर समूहका बालबालिकाले आफू बसोबास गर्ने घरबाट बढीमा दुई किलोमिटर क्षेत्रभित्र पढ्न पाउने व्यवस्था स्थानीय तहले मिलाउनुपर्ने ऐनको मस्यौदामा उल्लेख छ । आधारभूत तह पूरा नगरी आफ्ना सन्तानलाई पढाइबाट छुटाउने अभिभावकलाई स्थानीय तहले प्रदान गर्ने सेवा-सुविधासमेत रोक्न सक्नेछ । पायक पर्ने विद्यालय नभएका कारण आधारभूत शिक्षा लिन नपाएका बालबालिकालाई माध्यमिक तहमा खुला विद्यालय, परम्परागत र प्राविधिक शिक्षा प्रदान गर्ने व्यवस्था प्रस्ताव गरिएको छ । 'नियमित अध्ययन गर्न नसक्ने बालबालिकाले आधारभूत तहभन्दा माथिको शिक्षा खुला विद्यालयबाट प्राप्त गर्न सक्नेछन्,' मस्यौदामा भनिएको छ, 'गुरुकूल, गुम्बा वा मदरसाजस्ता संस्था सञ्चालन गरी बालबालिकालाई शिक्षा प्रदान गर्न सकिनेछ ।' अभिभावक पहिचान नभएका बालबालिकाको आधारभूत शिक्षाको ग्यारेन्टी सम्बन्धित वडा समितिले लिनुपर्ने मस्यौदामा उल्लेख छ ।

माध्यमिक तहसम्म अध्ययन गर्दा कुनै पनि शुल्क लिन नपाइने प्रावधान मस्यौदामा राखिएको छ । शुल्क लिन सक्ने संस्थागत विद्यालयका हकमा भने प्रत्येक कक्षामा कम्तीमा पच्चीस प्रतिशत स्थानमा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्ने प्रयोजनका लागि बालबालिकाको स्थान आरक्षण गरी भर्ना गर्नुपर्नेछ ।

## ईपीजी बैठक सर्ने

काठमाडौं (कास)- नेपाल र भारतका प्रबुद्ध व्यक्तिहरूको समूह (ईपीजी) को यही जेठ १८ र १९ गते तय गरिएको नवौं बैठक सर्ने भएको छ । भारतीय पक्षको आग्रहअनुसार केही दिन सर्ने भएको स्रोतले जनाएको छ । प्रतिवेदन लेखनको काम भइरहेको र यो नै अन्तिम बैठक भनिएको अवस्थामा बैठक केही दिन सर्ने भएको हो ।

यसैबीच, नेपाल-भारत शान्तिमैत्री सन्धिलगायत सबैखाले सम्झौताको विवाद सल्टिने गरी सुझाव दिन बनेको ईपीजीको नवौं बैठक बस्नुअघि यसका दुवै पक्षका दुई सदस्यले कोलकाता र विशाखापट्टनम बन्दरगाहको अवस्थाबारे अवलोकन भ्रमण गरेका छन् । नेपाली टोली सदस्य राजन भट्टराई र भारतीय टोलीका महेन्द्र पी लामा कोलकाता हुँदै बिहीबार आन्ध्र प्रदेश पुगेका हुन् । आठौं बैठक अघिदेखि नै ती स्थानको स्थलगत अध्ययन गर्ने भनिए पनि भारतीय स्थानीय अधिकारीको समय मिलाउन नसक्दा सर्दै आएको थियो ।

## दक्षिण कोरियामा तीन नेपालीको मृत्यु

दक्षिण कोरिया (कास)- दक्षिण कोरियामा दुई दिनमा तीन जनाको मृत्यु भएको छ । लमजुङ दुराडाँडा सिम्ले जामुनेका होमबहादुर गुरुङ सोलको दोङदेमुनस्थित मोटलमा सोमबार सुतेकै ठाउँमा मृत भेटिएका थिए ।

मंगलबार अपराह्न ४ बजेतिर मोटलका कर्मचारीले ढोका खोल्दा उनी मृत भेटिएका हुन् । नेपालबाट परिवारको अनुमतिपत्र प्राप्त भइसकेकाले गुरुङको शवलाई नेपाल पठाउने तयारी भइरहेको दूतावासका श्रमसहचारी डिल्लीराम बाँस्तोलाले जानकारी दिए । यस्तै, आन्सनस्थित मासु प्याकिङ कम्पनीमा कार्यरत म्याग्दीका थमबहादुर थापाको मंगलबार औद्योगिक दुर्घटनामा परी निधन भएको छ । थापा बिहान ६ बजेतिर आइससहितको मासुको प्याकेट राखिएको ७ फिट उचाइको ट्रली गुडाउने क्रममा लडेपछि ट्रलीले किचेको थियो । टाउकाबाट रक्तस्राव धेरै भएकामा नजिकैको अस्पताल लगिएलगत्तै उनको मृत्यु भइसकेको घोषणा गरिएको थियो ।

मंगलबारै सोलुखुम्बु मुक्लीका नरेश राईले घरको छतबाट हाम फालेर आत्महत्या गरेका छन् । राईलाई घाइते भेटिएपछि अस्पताल पुर्‍याएकामा निधन भएको प्रहरीले जनाएको छ । ८ वर्षअघि कोरिया आएका राई मानसिक रोगको औषधि सेवन गर्दै आएका थिए । उनले यसअघि आत्महत्या प्रयास गर्दा साथीहरूले बचाएका थिए ।


The difference between visitors and guests.
Premium German Beer Since 1753.
SEIT 1753
Warsteiner
DAS EINZIG WAHRE
BREWED WITH SOFT BREWING WATER ICECOLD FILTERED
PREMIUM GERMAN BEER
FAMILIENTRADITION SEIT 1753

## सम्पादकीय

# सुनकाण्ड : पर्दापछाडि को ?

प्रहरीको सर्वाधिक खोजीमा रहेका गोरे भनिने चूडामणि उप्रेती पक्राउ परेसँगै संगठित सुन तस्करी प्रकरणको अनुसन्धान थप पेचिलो बनेको छ। मन्त्रिपरिषद्कै निर्णयबाट गठित छानबिन समितिले काम थालेको डेढ महिनामा सुन ओसारपसार र 'भरिया' सनम शाक्यको हत्यासँग जोडिएका केही व्यक्ति पक्राउ परे पनि न हराएको भनिएको ३३ किलो सुन भेटिएको छ न त सुनका मुख्य लगानीकर्ता नै फेला परेका छन्। सुनका लगानीकर्ताका रूपमा सार्वजनिक भएका नामबारे समितिले विस्तृत छानबिन गरेको छ छैन भन्ने प्रश्न पनि सतहमा आएको छ। सुन तस्करीसम्बन्धी अनुसन्धान विगतमा जस्तै मूल 'जरो' मा नपुग्दै टुंगिने त होइन भन्ने संशय उप्रेती पक्राउपछि पनि कायमै छ। उप्रेती संलग्न समूहले पाँच वर्षयता ४ सय २१ पटक गरी करिब ३८ क्विन्टल सुन भित्र्याएको निचोड छानबिन समितिको छ तर यति ठूलो परिमाणमा भइरहेको सुन तस्करी राजनीतिक आडबिना सम्भव भयो होला त भन्ने प्रश्न पनि गर्न थालिएको छ। त्यसैले यो प्रकरणमा पर्दापछाडिका पात्र खुल्छन् कि खुल्दैनन्, आम चासोको विषय बनेको छ।

उप्रेती पक्राउपछि संगठित सुन तस्करीका सबै रहस्य खुल्ने आकलन गरिएको थियो। तर राजधानीबाट मंगलबार पक्राउ परेका उनी व्यवस्थापक मात्र भएको देखिएको छ। उनले बुधबार मोरङ अदालतमा सुन तस्करीको उपल्लो 'कनेक्सन' बारे एसएसपी श्याम खत्री र मोहनकुमार अग्रवाललाई थाहा भएको बयान दिएका छन्। तर खत्री र अग्रवाल दुवै फरार छन्। उनीहरूको पक्राउ अनुसन्धानलाई निष्कर्ष उन्मुख अवस्थामा पुऱ्याउन सहयोगी बन्न सक्छ। त्यसैले प्रहरीले खत्री र अग्रवाललाई उच्च प्राथमिकतासाथ खोजी गर्न जरुरी देखिन्छ।

सुन तस्करीका व्यवस्थापक उप्रेतीले कारबाही प्रक्रिया अघि बढाइएकामध्ये अधिकांशको संलग्नतालाई भने थप पुस्टचाइँ गरिदिएका छन्। सुन तस्करी र त्यससँग जोडिएको 'सनम हत्या' मा संलग्नता आरोपमा यसअघि प्रहरी अधिकारी, विमानस्थलका कर्मचारीसमेत गरी पक्राउ परेका ३० जनामध्ये २८ जना मोरङ अदालतको फैसलापछि पुर्पक्षका लागि कारागार चलान भइसकेका छन्। एक जना निर्दोष साबित भएर र अर्का एक धरौटीमा रिहा भएका छन्। आरोपित ३२ जना अझै फरार छन्। सुन तस्करीको संगठित सञ्जाल तोड्न उनीहरूको खोजीलाई तीव्रता दिन आवश्यक छ। फरार रहेकामध्ये केही मुलुकबाहिर हुन सक्ने भएकाले अन्तरदेशीय समन्वय प्रभावकारी बनाउन सक्नुपर्छ।

विगतमा पनि विमानस्थल र चिनियाँ नाका हुँदै भित्रिएका सुन पटक–पटक बरामद हुन्थे। कहिलेकाहीँ भरिया पक्राउ पर्थे। अनुसन्धान समिति पनि मुख्य लगानीकर्ता/मालिक पत्ता नलाग्दै फासफुस हुन्थे। त्यसैले सुन तस्करीमा गरिने अनुसन्धानमाथि जहिल्यै संशय रहँदै आएको छ। प्रहरी अनुसन्धान नै प्रभावित गरेर संगठित सुन तस्करी हुँदै आएकाले यसमा उच्च तहको संरक्षण रहेको आशंका गरिँदै आएको छ। अपराध नियन्त्रणमा भूमिका निर्वाह गर्नुपर्ने निकाय प्रहरीको डीआईजी तहकै संलग्नता खुलिसकेको छ। पछिल्लो अनुसन्धानले प्रहरीको अग्रसरताभन्दा पनि सनम शाक्यका परिवारजनको दबाबपछि तीव्रता पाएको हो। फागुन तेस्रो साता भएको शाक्यको हत्या सम्बन्धमा प्रहरी अनुसन्धान गम्भीर नभएको भन्दै परिवारजनले गुनासो गरेपछि मन्त्रिपरिषद्ले चैत २० मा गृह मन्त्रालयका सहसचिव ईश्वरीराज पौडेलको नेतृत्वमा समिति गठन गरेको हो। त्यसअघि प्रहरीले छुट्टै समितिमार्फत अनुसन्धान गरिरहेको थियो। माघमा दुबईबाट भित्र्याइएको ३३ किलो सुन हराएपछि तस्कर समूहले खोज्ने क्रममा शाक्यको हत्या भएको थियो। यही प्रकरणमा संलग्नता देखिएका एक जनाको प्रहरी हिरासतमा र अर्का एक जनाको त्रिभुवन विमानस्थलमा रहस्यमय मृत्यु भएको छ। हत्या/मृत्युका यी घटनालाई पनि मिहिन रूपमा केलाउन आवश्यक छ।

सुन तस्करी पटके कारोबारीजस्तो होइन। संगठित सुन तस्करीका यसअघिका घटनाक्रमसँग पछिल्ला घटनालाई जोड्न, पुरानो अनुसन्धानमा छुटेका पक्षलाई थप उजिल्याउन र विगतदेखिको तस्करीमा कसरी उस्तै पात्र र प्रवृत्ति कायम रहिरहे भनेर पत्ता लगाउनसके मात्रै समितिले सुन तस्करीको जरो खोतलेको ठहर्छ। एउटा अलग्गै घटनाका रूपमा मात्रै पछिल्लो सुन तस्करीको अनुसन्धान केन्द्रित गर्दा निष्कर्षमा पुग्न सकिँदैन। सुरक्षा संयन्त्र, गुप्तचरी, विमानस्थलमा खटिने विभिन्न सरकारी संयन्त्रको समन्वयमा कमजोरीलाई तस्करहरूले कसरी उपयोग गरिरहेका छन् भन्नेबारे पनि मिहिन अध्ययन जरुरी छ।

प्रहरीकै उच्च अधिकारीकै मिलेमतो रहने र अनुसन्धान पनि प्रभावित पार्न सकिने अवस्थाका कारण विमानस्थलबाटै सुन तस्करी मौलाउँदै गएको हो। सुन तस्करीले अन्य आपराधिक क्रियाकलापसमेत मलजल गर्न सक्छ। अहिले जारी अनुसन्धान भने सुन तस्करी नियन्त्रणमा कोसेढुंगा बन्न सक्छ। त्यसैले यसलाई कसैको दबाब र प्रभावमा नपरी स्वतन्त्र, निष्पक्ष र वैज्ञानिक तथ्यका आधारमा पार लगाउनुपर्छ। यसका लागि सरकारले अनुकूल वातावरण तयार पारिदिनुपर्छ। संगठित सुन तस्करीका लगानीकर्ता र संरक्षणकर्ता नखुलेसम्म अनुसन्धानको निष्कर्ष विश्वसनीय हुन सक्दैन। संगठित सुन तस्करीको शृंखला अन्त्य गर्न विगतका घटनाबाट पाठ सिक्दै संस्थागत संरचना पनि सुधार गर्नुपर्छ।

# मोदीको कूटनीतिक पहल



**ध्रुव कुमार**

> नेपालसित तिक्ततापूर्ण सम्बन्ध सुधार्ने पहलमा मोदीले जुन अनौपचारिक रणनीति अपनाए, त्यो कूटनीति नभई कुटिल नीति थियो ।

मुलुकहरूबीचको दौत्य सम्बन्ध भाइचाराको नाताले होइन, राष्ट्रिय स्वार्थले निर्क्योल गर्छ भन्ने कथ्य भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले यस वर्ष (सन् २०१८) को सुरुदेखि थालेको कूटनीतिक पहलको अवलोकन गरे पुग्छ। उनी यसै हप्ता सोमबार (मे २१) मा रूसको सोची सहर पुगी राष्ट्रपति पुटिनसित अनौपचारिक वार्ता गरेपछि कृष्णसागरमा नौका विहार गरी स्वदेश फर्केका छन्। अप्रिल २७-२८ का दिन उनी चीनको उहान सहरमा राष्ट्रपति सी चिनफिङसित अनौपचारिक वार्तामा संलग्न थिए। त्यहाँ पनि उनले 'इष्ट लेक' (पूर्वी तलाउ) मा नौका विहार गरेका थिए। त्यसको २ हप्तापछि मोदी नेपाल आए र मुक्तिनाथ पुगे। अब छिटै इन्डोनेसिया जाँदैछन्। त्यसपछि सिंगापुरमा लन्डनस्थित इन्टरनेसनल इन्स्टिच्युट फर स्ट्राटेजिक स्टडिजको तत्वावधानमा आयोजना गरिने 'साांग्रिला डायलग' गोष्ठीमा प्रमुख अतिथिको रूपमा जून १ को दिन सम्बोधन गर्नेछन्। त्यही महिना संघाइ को-अपरेशन अर्गनाइजेसनको बैठकमा भाग लिन चीन पुग्नेछन्। र जोहानेसवर्गमा सम्पन्न हुने ब्रिक्स गोष्ठीमा पनि प्रधानमन्त्री मोदीको उपस्थिति रहनेछ।

मोदीको कूटनीतिक सक्रियताको अन्तर्य अन्तर्राष्ट्रिय राजनीतिको निरन्तर बदलिँदो परिवेशले व्याप्त अनिश्चितता र शक्तिराष्ट्रहरूको प्रतिस्पर्धात्मक रणनीतिमा आफ्नो राष्ट्रको सापेक्षिकता र महत्तालाई कसरी प्रवर्द्धन गर्न सकिन्छ भन्ने मनसायसितै उनी आफ्नो व्यक्तिगत कूटनीतिक क्षमताप्रति विश्वस्त हुँदै विश्व नेताहरूकै पंक्तिमा उभिन चाहन्छन्। ताकि जवाहरलाल नेहरू र अटलविहारी वाजपेयीभन्दा अब्बल कूटनीतिज्ञ भनी प्रान्तीय राजनीतिबाट राष्ट्रिय रंगमञ्चमा पुगेका उनलाई विश्वले पहिचान गरुन्। त्यसैले उनले अन्तर्राष्ट्रिय सन्दर्भमा शक्तिराष्ट्रहरूसितको सम्बन्ध सन्तुलित गर्नुसितै विवादित मुद्दाहरूमा समझदारी बढाई द्विपक्षीय सम्बन्ध सहज गर्ने रणनीति अपनाएका छन्। मोदीले आफ्नो ५ वर्षे कार्यकालको ४ वर्ष केन्द्रीय सत्ता चलाइसकेका छन्। आन्तरिक राजनीतिमा नोटबन्दी जस्तो अप्रिय निर्णय लिनुका साथै असहिष्णुताको कारण विवादित भए पनि उनको लोकप्रियता घटेको छैन। संघीय भारतको २१ वटा प्रान्तीय राज्यहरूमा भाजपाको शासन बहाली भएको छ, हालाँकी अहिले कर्नाटकमा निर्वाचित भाजपाका मुख्यमन्त्रीले सपथ ग्रहणको ३ दिनपछि राजीनामा गरेका छन्। मोदी आन्तरिक राजनीतिमा त्यति नै संलग्न छन्, जति बाह्य नीति निर्माण र कार्यान्वयन पक्षमा सक्रिय छन्। यो सक्रियताको कारण मोदी आफूलाई भारतको विदेश नीति सञ्चालन प्रक्रियामा असफल नेता भएको आक्षेपबाट बचाउन चाहन्छन्। यसै त उनीमाथि नेपालजस्तो शक्तिहीन परम्परागत हितैषी राष्ट्रसित सम्बन्ध बिगारेको प्रतिपक्षी दल र बुद्धिजीवीहरूबाट आरोप लागेको छ। त्यसैले पनि विदेश नीति निर्माण कार्यमा गम्भीरतापूर्वक पुनर्विचार गरिनुसितै साना छिमेकी नेपाल र शक्तिशाली छिमेकी चीन लगायत पुरानो मित्रराष्ट्र रूससित बिग्रेको सम्बन्ध तथा असमझदारी हटाउने रणनीति भारतीय प्राथमिकतामा परेको छ। भारतको निम्ति विश्व राजनीतिमा चीनको उदय र बढ्दो प्रभाव असहजताको स्थिति भए पनि त्यसको निरुपणको उपायबारे सोच्नुपर्ने भएको छ। किनभने 'एसियाली सपना' साँचेर चीन अगाडि बढिसकेको छ। त्यसलाई रोक्ने भारतीय बुता बाहिरको कुरा भएको तथ्यबाट भारतीयहरू अवगत छन्। त्यसैगरी घरेलु र अन्तर्राष्ट्रिय कारणले गर्दा अमेरिका र रूसबीच बढ्दो तिक्तताले गर्दा भारतको ती मुलुकसितको सम्बन्धमा जटिलता थपेको छ।

अमेरिकाले भारतको रूससितको विद्यमान सम्बन्ध प्रतिरक्षा र ऊर्जा क्षेत्रमा अघि बढे भारतले पनि आर्थिक र प्राविधिक प्रतिबन्ध भोग्नुपर्ने चेतावनी दिएको छ। यसले गर्दा एकातिर ट्रम्प प्रशासनसित भारत विरक्तिएको छ भने अर्कोतिर रूस र चीनबीच सामरिक सम्बन्धको प्रगाढता र रूस, चीन र पाकिस्तानको अफगानिस्तानमा त्रिपक्षीय संलग्नताले गर्दा भारतले रूससितको सम्बन्धमा पुनर्विचार गर्नुपरेको छ। भारत-अमेरिकी सम्बन्धमा विश्वसनीयताको कमी, रूस र चीनबीच बढ्दो आत्मियता र अमेरिकी नीति चीनबाट रूस केन्द्रित हुनाकै कारणले पनि चीनसितको प्रतिस्पर्धामा भारतले अमेरिकी समर्थन पाउने अपेक्षाप्रति आशंकित हुनुपरेको छ। अहिले अमेरिका-चीन बीचको 'व्यापार युद्ध' समझदारीतिर बढ्नुले पनि यही संकेत गर्छ। चीन र रूसजस्ता शक्तिराष्ट्रहरूसितकै सम्बन्धमा कतिपय परिसूचकहरूको तुलनात्मक रूपमा कमजोर रहेको जानकारी भारतलाई नभएको होइन। त्यसैले आफ्ना असन्तुष्टिकै प्रचार गरेर सम्बन्धमा जटिलता थप्नुभन्दा शान्त कूटनीति र संवादको माध्यमद्वारा सम्बन्ध सुधार्न प्रयत्नशील हुनु भारतले चाहेको चीन र रूससितको अनौपचारिक वार्ता र सम्बन्ध सहजीकरणको प्रयासले यही बुझाउँछ।

विद्यमान परिस्थितिमा भारतलाई चीन र रूसजस्ता शक्तिराष्ट्र र नेपालजस्तो शक्तिहीन राष्ट्रसित पनि सम्बन्ध सुधार्नु अपरिहार्य छ। मोदीले चिनियाँ राष्ट्रपति सी चिनफिङसित अनौपचारिक वार्ताको पहल गर्नुमा उनको दलीय र राष्ट्रिय स्वार्थ निहित छ। किनभने अर्को वर्ष हुने लोकसभा निर्वाचनमा सत्तारुढ दलको हैसियतले भाजपालाई प्रतिस्पर्धा गराउन शान्त र क्लेशरहित उत्तरी सीमाको आवश्यकता पर्छ। जसले गर्दा सत्तारुढ दलको सरकार निर्वाचनमा केन्द्रित हुन सकोस्। त्यसैले उहान वार्ताको आवश्यकता राष्ट्रपति सीलाई भन्दा प्रधानमन्त्री मोदीलाई बढी खाँचो थियो। उक्त वार्ताको प्राथमिकता नै द्विपक्षीय सम्बन्धमा स्थायित्व कायम गर्नुसितै विवादित सीमा क्षेत्रमा शान्ति सुरक्षाको अवस्था खल्बलिन नदिने समझदारी गर्नु थियो। सीमा क्षेत्रमा तैनाथ आआफ्ना सेनालाई दुवै पक्षले संवाद र सम्पर्कद्वारा परस्पर समझदारी बढाई विश्वसनीयता बनाउन रणनीतिक निर्देशन दिएका थिए। २ दिनसम्मको अनौपचारिक वार्तामा केही महत्त्वपूर्ण प्रतिबद्धता गरिएका थिए। तीमध्ये सीमा क्षेत्रमा झडप र असमझदारी बढाई द्विपक्षीय सम्बन्ध थप तनावग्रस्त नगर्ने सहमति नै प्रमुख थियो। त्यसैगरी चीन र भारतले अफगानिस्तानमा द्विपक्षीय सहकार्य गर्ने प्रतिबद्धतालाई पनि महत्तासाथ प्रचारित गरिएको थियो।

उहान वार्ताको पृष्ठभूमिमा भने भारतले केही पूर्व प्रतिबद्धता जनाई चीनलाई आश्वस्त पारेको थियो। त्यसमध्ये चीनसित सम्बन्ध सहज गर्नकै निम्ति दलाई लामाको भारतीय प्रवासको ६० औं वार्षिक दिवस नयाँदिल्लीमा मनाउन निषेध गरियो। त्यसैगरी माल्दिभ्सको आन्तरिक राजनीतिमा सैन्य हस्तक्षेप नगर्ने जानकारी दिए। र यस वर्ष पनि अष्ट्रेलियाको अनुरोध लतार्दै मालावार नौसैनिक अभ्यासमा संलग्न नगराउने निर्णय गऱ्यो। यिनै प्रतिबद्धताको खुड्किलामा टेकेर मोदी उहान पुगे र सीले निसंकोच स्वागत गरे। चीनसित आधारभूत सम्बन्ध सुधारेर भारतलाई न्युक्लियर सप्लायर्स ग्रुप (एनएसजी) को साथै संयुक्त राष्ट्र संघ सुरक्षा परिषदको छैठौं स्थायी सदस्य हुने अभिलाषा पूरा गर्नु छ। यसबाट भारत पनि 'भिटो पावर' हुनेछ, जुन अझै चीनको समर्थनविना रोकिएको छ। तर आफ्नो अहम् स्वार्थमा भने भारतले पनि सम्झौता गर्न चाहेको छैन। राष्ट्रिय संवेदनशीलताको प्रश्नमा भारत अडिग छ। चीनको महत्त्वाकांक्षी 'बीआरआई' (बेल्ट एन्ड रोड इनिसियटिभ) भारतलाई स्वीकार्य छैन। 'सीपेक' (चाइना-पाकिस्तान इकोनोमिक करिडोर) भारतको सार्वभौमिकता दाबी रहेको पाकिस्तान अधीनस्थ काश्मीरबाट निर्माण गरिएको हुँदा भारतले 'बीआरआई'लाई नकारेको छ। पाकिस्तानसित भारतको जन्मजात कटुतापूर्ण सम्बन्धले गर्दा पनि पाकिस्तानलाई 'आतंकवादको जननी' भन्नसमेत भारत चुकेको छैन। तैपनि एससीओ (संघाई को-अपरेसन अर्गनाइजेसन) को पोहोरमात्र सँगै सदस्यता लिएको पाकिस्तानमा 'प्रतिआतंकवाद' सम्बन्धित बुधबार सुरु भई आज समापन हुने गोष्ठीमा भारत सरकारको सहसचिवको नेतृत्वमा अन्य तीन कानुन विशेषज्ञहरूले भाग लिएका छन्। यो बहुपक्षीय, बहुराष्ट्रिय सम्मेलन भएकोले सहभागी भएको तर्क भारतले गरेको छ। तर पाकिस्तानमा आयोजना गर्ने सार्क सम्मेलन भने बहुपक्षीय, बहुराष्ट्रिय संगठनको सम्मेलन भए पनि वातावरण 'अनुकूल' नभएको भन्दै भारतले पन्छाएको छ। वास्तविकता के भने सार्क साँच्चै आतंकवादको सिकार भएको छ। सार्क जस्तो क्षेत्रीय संगठनको उपेक्षा अनि आसियानको सदस्यताको अपेक्षाले गर्दा भारत दक्षिण एसियामा शक्तिशाली तर खराब छिमेकीकै रूपमा परिचित छ। पाकिस्तानप्रतिको दुराशयले गर्दा सार्कलाई निमिट्यान्न पार्ने भारतीय नीति तथा असंलग्न राष्ट्रहरूको सम्मेलनमा समेत घट्दो भारतीय अभिरुचिले गर्दा यी संगठनहरू धराशायी हुँदैछन्।




रूसको सोचीमा अनौपचारिक वार्ताको पहल गर्न चीनमा जस्तै आफ्ना राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभल र विदेश सचिव विजय गोखलेले रूसी अधिकारीहरूलाई सम्बन्धको सुनिश्चितताप्रति आश्वस्त पार्न वचन दिएबाटै बुझ्न सकिन्छ। पारम्परिक सम्बन्धलाई अपेक्षा गरी अमेरिकासित सामरिक सम्बन्ध बढाउनुसितै थुप्रै हतियार खरिद गरेकोमा रूस भारतसित असन्तुष्ट छ। यसैले पनि भारत-रूस सम्बन्धमा शिथिलता आएको दुवै पक्षले स्वीकारेका छन्। तर अमेरिकाले रूसलाई एकल्याएकोमा भारत आफ्नै स्वार्थको कारण सन्तुष्ट छैन। रूसले क्रिमियालाई सैन्य हस्तक्षेप गरी गाभेको, २०१६ को अमेरिकी निर्वाचन प्रभावित गरेको तथा हालै बेलायतमा पूर्वरूसी जासुस र उनको छोरी मार्न विष प्रयोग गरेको आरोप र कडा प्रतिबन्धको कारण रूस चीनसित नजिकिन बाध्य भएको भारतीयहरूको विश्लेषण छ। यसैले पनि मोदीले रूसी राष्ट्रपति पुटिनसित व्यक्तिगत सम्बन्धलाई १८ वर्षअघि आफू गुजरातको मुख्यमन्त्री हुँदा तत्कालीन प्रधानमन्त्री अटलविहारी बाजपेयीसित रूस भ्रमण गरेको र पहिलोपटक विश्वस्तरीय विदेशी नेता पुटिनलाई भेटेको स्मरण गर्दै सोचीमा द्विपक्षीय हितको विषयमा वार्ता केन्द्रित गरेका थिए। भारतीय विदेश मन्त्रालयको वक्तव्य तथा मिडियामा सम्प्रेषित खबर अनुसार आतंकवादका साथै द्विपक्षीय सरोकारका विभिन्न पक्षमा छलफल हुनुसितै प्रतिरक्षा सम्बन्धमा सहकार्य र सहयोग जारी राख्ने समझदारी भएको छ। आणविक ऊर्जा तथा सामरिक क्षेत्रमा सहकार्यद्वारा सम्बन्धलाई 'विशिष्ट तथा अग्रणी' सामरिक साझेदारको रूपमा अघि बढाउने समझदारी भएको तथ्य मोदीले यसलाई निकै महत्तासित 'ठूलो उपलब्धि'को संज्ञा दिनुबाट बुझिन्छ। भारतले रूसबाट हतियार पैठारी गरिआएको छ र 'एस-४००' नामक रूसी प्रतिरक्षा प्रणाली खरिद गर्न छलफल जारी राखेको छ। यसैसित अमेरिकी एक ध्रुवीय विश्व व्यवस्थाको चाहना विपरीत बहुध्रुवीय विश्व व्यवस्था निर्माण गर्न भारत र रूस सहमत भएका छन्।

नेपालसित तिक्ततापूर्ण सम्बन्ध सुधार्ने पहलमा मोदीले जुन अनौपचारिक रणनीति अपनाए, त्यो कूटनीति नभई कुटिल नीति थियो। त्यो भद्दा कूटनीति थियो। आफ्नो चाहना विपरीत निर्वाचन जितेका एमाले अध्यक्ष केपी शर्मा ओलीलाई बारम्बार टेलिफोनबाट बधाई दिँदै भावी प्रधानमन्त्रीको घोषणा गर्दै बहाली सरकारको उपेक्षा गरी आफ्ना विदेशमन्त्रीलाई ओली भेट्न 'गेट क्र्यास' गरी नेपाल पठाउनु त्यति नै नौटंकीको पराकाष्ठा थियो, जति उनको हालैको राजकीय भ्रमणमा जनकपुरमा गरिएको अभिनन्दनको ऐतिहासिकता थियो। नेपालको राजनीतिमा व्यक्ति हावी हुने प्रचलनले गर्दा व्यक्तिसित सम्बन्ध सुधारिनु नै द्विपक्षीय सम्बन्ध विस्तार भएको भ्रमपूर्ण अवधारणाले गर्दा हाम्रो राष्ट्रिय संस्थापन संरचना तहसनहस भएको छ। मोदीले नेपाली भूमिलाई भाजपाको चुनावी रणनीतिसित गाँसेर ऐतिहासिक, भौगोलिक, धार्मिक तथा पारिवारिक सम्बन्धको मिठो राग अलाप्दै आफ्नो दुनो सोझ्याए। तर सर्वसाधारण नेपालीहरू मोदीको हरिकीर्तनबाट प्रभावित भएका छैनन्। रामायण सर्किटको घोषणापछि ओली-मोदीले संयुक्त रूपमा उद्घाटन गरेको जनकपुर-अयोध्या बससेवा एकदिन चल्यो, त्यसपछि बन्द भएको खबर छ। राजकीय भ्रमणबाट मोदी फर्केपछि हाम्रा प्रधानमन्त्री ओलीले विराटनगरस्थित भारतीय फिल्ड अफिस हटाउने घोषणा गरे, जसबारे उनलाई मोदीले अवगत गराइसकेका रहेछन्। सायद उनका आफ्नै मन्त्री विना मगरले कञ्चनपुरको घटनाबारे मोदी नेपाल आउनु अघि भारतको ज्यादतीबाटै प्रधानमन्त्री समक्ष विज्ञप्ति दिएको कारण सीमा क्षेत्रमा डुबान समस्या हल गर्न भारतले १८ करोड रुपैयाँ सहयोग गरेको हो कि ? नेपाल-भारत बीचको मित्रवत सम्बन्ध नेपालीहरूको चाहना बाहिरको कुरा होइन। तर 'फिल्ड अफिस' हटाउने निर्णयले सम्बन्ध सुध्रिने होइन। नेपालमा अहिले जुन सरकार बनेको छ, त्यो सरकारको निर्णय क्षमतामा जनताको अथाह शक्ति लुकेको छ। तसर्थ ओलीले प्रधानमन्त्रीको हैसियतले फिल्ड अफिस हटाउने घोषणा होइन, नेपालका २५ जिल्लामा छरिएर रहेका भारतीय 'डिस्ट्रक्ट सोल्जर्स बोर्ड' (पेन्सन क्याम्प) हटाउने पहलका साथै दबाब दिएका भए उचित हुन्थ्यो। नेपालमा भारतीय सेना किन भनी मोदीसितै आएका 'सार्प सुटर' तथा अन्य सुरक्षाकर्मीहरूबारे धेरै प्रश्न उठाइए। तर कुनै न कुनै रूपमा भारतीय सेनाको नेपालमा उत्तरी सीमाबाट हटिसके पनि अझै उपस्थिति रहेको यथार्थबारे हामी मौन छौं। हाम्रो सैनिक कूटनीतिको समेत यस तथ्यप्रति ध्यानाकर्षण भएको छैन। भलै हाम्रो राष्ट्रिय सुरक्षा परिषदले विगतमा यो नेपालको राष्ट्रिय हित अनुकूल नरहेको सुझाव तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई दिएको थियो।

यथार्थमा सम्बन्ध सुधार्ने प्रक्रियामा भएको मोदीको भ्रमण एकपक्षीय नै रह्यो। यसबाट भारत नै लाभान्वित भयो। पटक-पटक म्याद थप्दा पनि योजना लागत खर्च जुटाउन नसकेको भारतीय कम्पनीलाई नै ओली-मोदीले स्वीच थिची अरुण-३ जलविद्युत योजना उपहार दियो। सन् २०१४ मा सत्तारुढ भए पनि थुप्रै प्रतिबद्धतासहित मोदीले एक वर्षभित्र पञ्चेश्वरको डीपीआर तयार गर्ने घोषणा गरे। जुन प्रधानमन्त्री शेरबहादुर देउवाले पछिल्लो भारत भ्रमणपछि एक महिनाभित्रै तयार हुन्छ भनी जनतालाई आश्वस्त गरे। ओलीले अप्रिलमा भारत भ्रमण गर्नु अघि संसद्मा अब यसो हुँदैन भनी जानकारी गराएका थिए। तर अझै पञ्चेश्वरको डीपीआरबारे ओली-मोदीले टुंगो लगाउनसकेका छैनन्। तसर्थ मोदीले नेपालको विकास कार्यमा 'शेर्पा' बन्छु भनेर ढोंग रच्नुभन्दा पूर्व भारतीय प्रतिबद्धताहरूलाई गम्भीरतापूर्ण अघि बढाए उनीप्रति नेपालीको मन फेरिनेछ। नत्रभने ओली-मोदीको 'स्ट्राटेजिक पार्टनरसिप'ले नेपालीहरूमा ओलीको साख घट्नेछ।

## पाठक मञ्च

### उत्साह दिने विचार

नेपाली कांग्रेसका नेता अर्जुननरसिंह के.सी.को 'अतिवादको लाक्षणिक रूप' घतलाग्दो छ। २०३८ सालमा बीपीले आफ्नै नाममा 'युगवाणी' दर्ता गराउनुभएपछि पत्रिकाका विचारको महत्त्वबारे उहाँले हामीलाई भन्नुभएको थियो, 'अब यो पत्रिका चलाउनुपर्छ। म पनि लेख्छु, तिमीहरू पनि लेख। राजनीति गर्नेले सशरीर नसके पनि विचारले जनतामा निरन्तर उपस्थितिको आभास दिनुपर्छ।' उहाँकै संगतले अलिअलि कलम चलाउन र विचार खेलाउन सिकियो। आजकालका कांग्रेसका नेताहरू लेखपढलाई वास्तै गर्दैनन्। जो गर्छन्, ती पनि अल्छी र सुविधाभोगी भए। कम्युनिष्ट पार्टीमा एकताको त्यत्रो घटना भयो, कांग्रेसभित्र मतलबै छैन। राजनीतिबाट लाभ उठाएका एकथरी त चुनाव हारेपछि सातो गएका जस्तै भए। राजनीति भनेको मर्दले कमाइदिने नामर्दले खाने पेसा भएको छ। पहिलेका नेताहरूले राजनीति कमाइदिए, पार्टी बनाइदिए र आजकालाई बसी-बसी खान सजिलो भयो। आज बीपी बाँचिराख्नुभएको भए यसको कति राम्रो विश्लेषण गरिदिनु हुन्थ्यो। अध्ययन गरे पो विश्लेषण गर्न सकिन्छ। पार्टीमा विचार दिनसक्ने र विचार लिन सिक्ने प्रथा मासिएकोमा दुःख लाग्छ। कम्युनिस्ट एकताबाट प्रेरणा नलिए पनि प्रतिस्पर्धाको मन लिएर भए पनि सुध्रिने चाला गर्नुपर्छ। नेता अर्जुनको लेखमा परिस्थितिको घतलाग्दो समीक्षा गरिएको छ। यसले कार्यकर्ताहरूलाई उत्साह र प्रेरणा दिन्छ। असफलताबाट सिक्ने कि आफ्नै बेइमानी र कमजोरीको सारथी बनिरहने, त्यो हजुरहरूकै मर्जीमा छ।

**– कालिका बस्नेत**
*विराटनगर*

### घर बहाल कर


सामान्य अर्थमा घरधनीले आफ्नो घर भाडामा लगाए बापत सरकारलाई तिर्नुपर्ने करलाई घर बहाल कर भनिन्छ। यसको वर्तमान दर जम्मा बहाल रकमको १० प्रतिशत रहेको छ। यस्तो करबाट सरकारले ठूलो मात्रामा राजस्व प्राप्त गर्न सक्छ। तर सरकारको फितलो प्रशासन संयन्त्रका कारण घर बहाल कर असुली प्रभावकारी हुनसकेको छैन। सन्दर्भ काठमाडौं उपत्यकाको लिन चाहन्छु। उपत्यकाको ठूलो आवादी भाडामा बस्नेहरू छन्। जहाँ घरधनीले प्राप्त बहाल रकमबाट बहाल कर सरकारलाई तिर्दैनन्। सरकारले घर बहाल कर भाडामा बस्ने व्यक्तिबाट जबर्जस्ती तिर्न लगाउँछ। उदाहरणका लागि कुनै प्राइभेट कम्पनी वा फर्म दर्ता गर्दा सम्बन्धित आन्तरिक राजस्व कार्यालयले भाडा रकमको १० प्रतिशत बहाल कर तिर्नुस्, अनिमात्र प्यान नं. लिनुस् भन्छ। अन्यथा कम्पनी वा फर्मले प्यान नं. नै पाउँदैन। के नेपाल सरकार कर विभागका ठेकेदारलाई यो कर प्रणाली अवैज्ञानिक छ भनी थाहा छैन ? भाडामा बस्नेले यो कर तिर्ने कि घरधनीले ?

**– भुवनसिंह पाण्डे**
*बुढानीलकण्ठ-८, हात्तीगौंडा, काठमाडौं*

## मन्त्री गरिब, श्रीमती धनी

ओली सरकारका मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक भएको छ। यो पनि एक खालको कर्मकाण्डी वा लोक हँसाउने विधि हो। सार्वजनिक नगरौं, सरकार गठन भएको यतिका दिन र महिना बित्दा पनि देखाएनन् भन्छन्, देखायो जनताले पत्याउँदैनन्। उनले सगौरव 'बैंक ब्यालेन्स' देखाएका छन्, बालकोट महल श्रीमती राधिकाको कमाइ भनेका छन्। यदि वैध तरिकाले कमाएको हो भने वा पैतृक सम्पत्ति छ भने खुलाउँदा के अपराध हुने हो र ? बरु केही छैन भन्दा वा नाम मात्रको देखाउँदा जनताले कुरा काट्ने मेसो पाएको हो। हरेक सरकारमा कोही असाध्यै धनी, कोही तन्नम, केहीको नभएका विवरण आउने, जुन यसपटक पनि देखिए। तिनमा सबैभन्दा धनी मन्त्री रघुवीर महासेठ परेछन्। सेठका पनि महासेठ भएकाले होला, यातायात क्षेत्रको कार्टेल हटाउन अहम् भूमिका निर्वाह गरेका यातायात व्यवस्था विभागका डीजी रूपनारायण भट्टराईलाई मन्त्रालयमा तानेर महान काम गरेका छन्। अब ओली महोदयकै सहमति वा इच्छाले हो भने के लेखौं, नभएर यस्ता मन्त्रीलाई उत्कृष्ट मन्त्री भनी 'हनिमुन पिरियड'को सरकारी उपलब्धि भनी सम्मान पो गर्ने हो कि ?

कुनै पनि सरकारी पदमा आसिन भएपछि यस्ता विवरण भर्ने तथा हरेक वर्ष पुनः भर्नुपर्ने कानुन राम्रो हो। तर मन्त्रीसम्मकाले बाहेक अरूले सार्वजनिक गरेका तथा भरेका सुनिँदैन। उही कहिलकाहीं केही पदाधिकारीहरूलाई सायद ५ हजार जरिवाना गरेर राजस्वमा थप भएको पढिन्छ। यो नैतिक डन्डा मात्र हो। बेइमानीको लागि यस्ता फारम भरे पनि नभरे पनि केही हुने होइन। अहिले हाम्रा प्रधानमन्त्रीभन्दा धनी गाउँपालिकाका वडा सदस्य सयौं होलान्, हजारौं पियन र खरदारका अकुत सम्पत्ति होला वा लाखौं जनता पनि वैधभन्दा अवैध तरिकाले धनी भएका होलान्। यस्ता विवरणलाई अख्तियार, सम्पत्ति शुद्धीकरणले 'वाच' गर्ने हो ? जोकोहीले असामान्य ढंगले वा अवैध तरिकाले कमाएको छ भने जफत गर्ने कानुन हुनुपर्छ। हाम्रो देश पो गरिब, अधिकांश जनता न गरिब। नेता कहाँ गरिब छ, यो देशमा ? आफ्नै नाममा सम्पत्ति नदेखिएका मात्र हुन्। श्रीमती, नभए ससुराली खलक, साला-सालीका ससुराली, माइती अनेक नाता, कुटुम्बका नाममा राख्ने न हो।



**– श्रीकृष्ण राजवंशी**
*सुनकोसी-३, सिन्धुली*

कानुनमा मन्त्री बनेको ६० दिनभित्र सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने प्रावधान छ। तर एकाध बाहेक धेरैले रहरले नभई करले मात्र सम्पत्ति विवरण सार्वजनिक गर्छन्। ओली लगायत उनका मन्त्रीहरूले पनि त्यही गरे। पत्रपत्रिका र सामाजिक सञ्जालमा विरोध हुनथालेपछि मात्र प्रधानमन्त्री र मन्त्रीहरूले सम्पत्ति सार्वजनिक गरेका हुन्। जुन राम्रो प्रवृत्ति होइन। ६० दिनमा दिनुपर्ने विवरण १०० दिनमा दिनु राम्रो होइन। कम्तीमा पनि प्रधानमन्त्रीले कानुनले तोकेको समयभित्रै सार्वजनिक गर्नुपर्थ्यो। अब यिनीहरूले आफूले मन्त्रीपद छाडेर जाने बेला पनि विवरण सार्वजनिक गर्छन्/गर्दैनन् ? त्यो कुरा जनताले हेरिरहेका छन्। यदि साँच्चै ओली र उनका मन्त्रीहरू नैतिकवान छन् भने मन्त्रीपद छाडेर जाने बेला पनि आआफ्नो सम्पत्ति विवरण सार्वजनिक गरेर उदाहरण प्रस्तुत गर्नुपर्छ। तर सबैजना नैतिक नहुन सक्छन्। यसर्थ यसका लागि मन्त्रीहरूलाइ कानुनले बाँध्नैपर्छ। आउने बेला सम्पत्ति विवरण दिनुपर्ने, तर जाने बेला दिनु नपर्ने नियम उचित छैन। भ्रष्टाचार रोक्न आउने र जाने दुवै बेला अनिवार्य रूपमा मन्त्रीहरूले सम्पत्ति विवरण सार्वजनिक गर्नैपर्ने कानुन यसैपालिको संसद्बाट पारित गर्नु आवश्यक छ।

ओली सरकारका अधिकांश मन्त्रीहरूको सम्पत्ति विवरण हेर्दा गरिब देशका धनी मन्त्रीहरू भन्न मन लाग्यो। प्रायः धेरैले श्रीमतीकै नाममा सम्पत्ति राखेका रहेछन्। उक्त सम्पत्ति श्रीमतीको माइतीबाट आएको हो वा कहाँबाट आएको हो ? त्यसको स्रोत खोज्नसके धेरै सत्य उद्घाटित हुनेछ। र उनीहरूको नैतिकता पनि परीक्षण हुनेछ। मन्त्रीहरूले आआफ्नो सम्पत्तिको कर राज्यलाई तिरेका छन्/छैनन् ? त्यो कुरा अर्थ मन्त्रालय र राजस्व अनुसन्धान विभागले हेर्नु आवश्यक छ। भौतिक योजना मन्त्री रघुवीर महासेठ मन्त्री हुन् कि व्यापारी ? प्रश्न उठेको छ। उनले ३७ करोड लगानी गरेको एनभीपीएल भन्ने कम्पनीले के काम गर्छ ? यसले राज्यलाई कति कर तिरेको छ ? आम जनता जान्न चाहन्छन्। अन्यथा मन्त्रीका नाममा टाइकुनहरू मात्र जन्मनेछन्।

**– गोपाल देवकोटा**
*काठमाडौं*

अर्थमन्त्री र नेपाल राष्ट्र बैंकका पूर्व गभर्नर डा. युवराज खतिवडाले प्रस्तुत गरेको सम्पत्ति विवरण हेर्दा उनी कुरा एउटा र काम अर्कै गर्ने प्रवृत्तिको हो कि भन्ने शंका लाग्यो। आफू गभर्नर हुँदा डा. खतिवडाले घरजग्गामा गरिएको लगानी अनुत्पादक भएको, बैंकमा पैसा थुपारेर ब्याज खाने प्रवृत्ति राम्रो नभएको र सहकारी संस्थाहरूले वित्तीय अनुशासन कायम गर्न नसकेको वा नगरेको भन्दै आएका थिए। तर अहिले उनी आफैले प्रस्तुत गरेको सम्पत्ति विवरण हेर्दा स्वयम्ले घरजग्गामा लगानी गरेको, बैंकमा पैसा थुपारेर खुरुखुरु ब्याज खाएको र एउटा सहकारी संस्थामा सेयर पनि लगानी गरेको देखियो। अरूलाई उपदेश दिने कुरा एउटा हुने र आफूले अवलम्बन गर्ने कुरा फरक हुने हो भने अर्कै कुरा हो, तर मुखले बोल्ने र गर्ने कुरा एउटै हुनुपर्ने हो। यो विषयमा अर्थमन्त्री डा. खतिवडा नराम्रोसँग चुकेका छन्। यस विषयमा डा. खतिवडाको जवाफ पाउन सकिन्थ्यो कि ?

**– डा. बनिता थापा**
*संयुक्त राज्य अमेरिका*

### शिक्षा पद्धति सुधारका कुरा

प्रधानमन्त्री केपी शर्मा ओलीको शिक्षामा नयाँ अध्यायको सुरुवात गर्ने चाहना सकारात्मक भए पनि जबसम्म शिक्षकले राजनीति गर्न छाड्दैनन्, तबसम्म सामुदायिक विद्यालयको शिक्षा टुकीमुनिको अँध्यारोजस्तै भइरहनेछ। सामुदायिक विद्यालयको शिक्षा सुधार गर्ने हो भने शिक्षकलाई राजनीति गर्न निषेध गर्ने ऐन ल्याएमा शिक्षा पद्धति आफैं सुधार हुँदै जानेछ। पढाउने बेलामा पार्टीको मिटिङ भन्दै कुद्दा सामुदायिक विद्यालयको शिक्षा तहसनहस हुन पुगेको हो। एकातिर सरकारले शिक्षामा ठूलै आकारको बजेट विनियोजन गरे पनि प्रतिफल शून्य नै छ, अर्कोतिर महँगो शुल्कले गर्दा कतिपय विद्यार्थी बीचैमा पढाइ छाडेर रोजगारतर्फ उन्मुख हुने गरेका छन्। बीएस्सी नर्सिङ गर्न पनि करिब १० लाख रुपैयाँ लाग्ने गर्छ भने सामान्य अभिभावकले आफ्ना छोराछोरीलाई कसरी उच्चशिक्षा दिलाउन सक्छन् ? त्यसकारण सरकारले निजी विद्यालयको शुल्कमात्र होइन, उच्च शिक्षाको शुल्कमा पनि सहुलियत दिनुपर्छ, ताकि सामान्य अभिभावकले पनि आफ्ना छोराछोरीलाई उच्चशिक्षा दिलाउन सकून्।

**– प्रमोद पौडेल**
*श्रीपुर-११, वीरगन्ज*

विद्यालयमा हुने शिक्षण प्रणालीमा परिमार्जन, शिक्षकलाई आफ्नो पेसाप्रति लगनशील हुन आह्वान, भवनलाई दोष देखाएर पठन-पाठनमा अवरोध गर्नेलाई निरुत्साहित गर्ने, महँगा र चर्को शुल्कको प्राविधिक ज्ञान र शून्य प्रयोगमा चासो राखिदिनुभएकोमा खुसी लागेको छ। अहिले सबैतिर प्राविधिक उत्पादनको जिम्मा स्थानीय तहलाई एक प्राविधिक शिक्षालय भन्दै दिनलागेको बुझिएको छ। त्यसमा पनि सबैको आकर्षण स्वास्थ्य प्राविधिक सीएमए, अनमि, एचए नै होला। यी विषय पढाउँदा बाँडिने आश्वासन हेर्ने हो भने डाक्टर नै बनाएर समुदायमा पठाइएको झैं भ्रम छरी पैसा असुलिन्छ। तर सर्टिफिकेट हातमा आएपछि नेपाल सरकारलाई कर तिरेर सामान्य सेवासमेत दिन कानुनले वर्जित गरेको छ। कित सबै यस्ता ग्रामीण भेगमा सेवा पुऱ्याइरहेका निजी स्वास्थ्य प्राविधिकको ग्रेडिङमार्फत व्यवस्थापन गरियोस्, यात उतपादन बन्द नै। पढुन्जेल पढ्नेलाई थाहा हुन्न, पढिसकेपछि अवैध होइन्छ।

**– सुरेश खतिवडा**
*प्रदेश-१, झापा*

### निष्क्रिय वडा नं. १५

स्वयम्भूजस्तो विश्वसम्पदा भएको वडा नं. १५ लामो निद्रामा सुतिरहेको छ। किमडोल चोकदेखि सीतापाइला जाने सडक, छाउनीदेखि गणेश मन्दिर हुँदै सीतापाइला जाने सडक एकदम साँघुरो, खाल्डाले भरिएको तथा फोहोरयुक्त छ। सडकबत्ती, सरसफाइ, खानेपानी तथा अन्य आधारभूत सुविधाबाट वञ्चित गैरीगठ्ठाटार टोलको विकासमा महानगर, वडा, यो क्षेत्रका सांसद कसैको पनि चासो छैन। महानगरभित्र यस्तो अवस्था कुनै पनि ठाउँमा छैन होला।

**– रमेश महर्जन**
*किमडोल, स्वयम्भू, काठमाडौं*

# अकुत सम्पत्तिमा असंगति



हरिबहादुर थापा

प्रधानमन्त्री र मन्त्रीका सम्पत्ति-विवरण सार्वजनिकीकरणसँगै अनेकन टीकाटिप्पणीले समाज रंगिएको छ। धेरैजसो मन्त्रीहरू राम्रै सम्पत्तिका मालिक देखिन्छन्, जुन अस्वाभाविक लाग्ने खालको छ। अधिकांशले श्रीमतीका नाममा सम्पत्ति राखेका छन् र श्रीमतीबाटै आर्जित भएको जिकिर पनि गरेका छन्। समाजमा गरिब नेतामा स्थापित मन्त्री लालबाबु पण्डित पनि व्यापक चर्चाको विषय बनेका छन्। उनी र उनकी श्रीमतीको 'बैंक ब्यालेन्स' अस्वाभाविक ठानिँदैछ। विगतमा बारबार मन्त्री भएका कतिपय पात्रलाई शंकाको घेरामा राख्दै सहज प्रश्न उठ्दैछ, 'तिनको सम्पत्ति त्यतिमात्र हो र ?'

राजनीतिमा मात्र संलग्नता रहेकाहरूसँग कसरी त्यति सम्पत्ति संग्रहित भयो ? स्वाभाविक प्रश्न उठ्छ। तिनीहरूसँग संग्रहित धनको स्रोत खोजिएन भने यो 'पुर्ख्यौलीकरण'मा रूपान्तरित हुनेछ। उनीहरूको सम्पत्तिका सन्दर्भमा कुनै बेला छानबिन हुने परिस्थिति उत्पन्न भए हाल सार्वजनिक सम्पत्तिलाई आधार बनाइनेछ। अर्थात् अब यिनको स्रोत प्रमाण देखाउनुपर्ने छैन, यसमा जोडिने सम्पत्तिको मात्रै वैधानिक स्रोत देखाए पुग्छ। त्यसकारण मन्त्रीहरूले विगतमा जे-जसरी आर्जन गरे पनि त्यो पुर्ख्यौलीकरण हुनेछ।

कानुनमा सार्वजनिक पद धारण गर्ने पात्रहरूले ६० दिनभित्र सम्पत्ति विवरण बुझाउनुपर्छ। तर मन्त्रीका हकमा १५ दिनभित्रै सम्पत्ति विवरण सार्वजनिक गर्ने नैतिक प्रचलन बसालेको थियो, २०४८ मा निर्वाचित सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले। कानुन पालना गरिए पनि पन्ध्रदिने नैतिक प्रचलन पालना गरिएन। यसपटक तीन महिना गुज्रेपछि र व्यापक दबाबपछि मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक भएको छ।

यसरी नै विगतमा पनि मन्त्रीका सम्पत्ति सार्वजनिक हुन्थे। तिनीहरूमाथि यस्तै किसिमको टिकाटिप्पणी हुन्थ्यो। तर सार्वजनिक भएको सम्पत्तिमा वैधानिक स्रोत खोज्ने परम्परा बसालिएन। प्रधानमन्त्री-मन्त्री पदबाट बाहिरिएपछि सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने न कानुन छ, न त नैतिक बाध्यता नै प्रदर्शन हुन्छ। खासमा पदमा पुगेपछि तिनले अनुचित धन आर्जनको खेल रच्छन्। त्यो पृष्ठभूमिमा बाहिरिँदा सम्पत्ति सार्वजनिक गर्ने कानुनी बाध्यता नभएसम्म आर्थिक अपराधका खेल चलिरहन्छन्।

२०५८ यता शासकीय वृत्तका पात्रहरूका सम्पत्तिमा निरन्तर प्रश्न उब्जिरहेको छ, एकाधमात्र सजायको परिबन्दभित्र परेका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०५९ पछि बेलाबखत सम्पत्तिमा निगरानी बढाएको दृश्य मन्त्रीहरूले नदेखेका होइनन्। पछिल्लो समयमा शासकीय वृत्तका पात्रहरूले सम्पत्ति आफू र श्रीमतीका नाममा राख्नेतिर होइन कि विदेश या तेस्रो व्यक्तिकहाँ पुर्‍याउने खेल भित्रिएको छ। त्यसो त शासकीय वृत्तका पात्रहरूले भ्रष्टाचारबाट आर्जित धन विदेश लैजाने अपराध कर्म १ सय ३२ वर्षअघि वीरशमशेरले भित्र्याएका हुन्।

मन्त्रीहरूका सार्वजनिक सम्पत्ति कति सत्यताको पृष्ठभूमिमा आधारित छन् भन्न सकिने अवस्था छैन। २०५९ पछि आधा दर्जन पूर्वमन्त्रीहरू अकुत सम्पत्तिकै फन्दामा परेको आलो पृष्ठभूमिलाई आधार मान्दै सम्पत्ति व्यवस्थापन सहितको विवरण बाहिर आएको पनि हुनसक्छ। अस्वाभाविक सम्पत्तिका हकमा कुनै बेला छानबिन भयो या वैधता प्रमाणित गर्नुपर्ने भयो भने दायित्व अभियुक्तकै हुन्छ। तिनले स्रोत देखाउन नसकेको खण्डमा सम्पत्ति स्वतः भ्रष्टाचारबाट आर्जित भएको प्रमाणित हुन्छ।

शासकीय वृत्तका धूर्त र चतुर पात्रहरूले अवैध सम्पत्ति वैधानिकीकरण गर्ने अनेक उपाय र प्रपञ्च रचेका हुन्छन्- छानबिनको दायराबाट टाढा पुर्‍याउन। उपल्ला तहका अधिकांश पात्रहरूका छोरा-छोरी या आफन्त विदेश छन्, तिनले हुन्डीमार्फत सम्पत्ति विदेश पुर्‍याउने, वैधानिक गराउने क्रम बढेको छ। हामीकहाँ विदेश पुगेको सम्पत्तिका हकमा त्यो तहसम्म पुगेर छानबिन भएको पाइँदैन।

'तेस्रो पक्षमा सम्पत्ति कसरी पुर्‍याइन्छ ?' काठमाडौं महानगरपालिका नक्सा फाँटका इन्जिनियर देवेन्द्र डंगोलको 'अकुत सम्पत्ति' प्रकरण पनि एउटा उदाहरण हो। डंगोललाई भ्रष्टाचारी ठहर्‍याउँदै सर्वोच्च अदालतले गरेको फैसलाको पूर्ण पाठ भर्खरै सार्वजनिक भएको छ जसमा सम्पत्ति चोख्याउन डंगोलले अपनाएको 'झेल'का चित्रहरू उदांग पारिएको छ। सँगै, सहरमा नक्सा-पासमा हुने धनको चलखेलका पात्र प्रतिनिधिका रूपमा उनलाई लिन सकिन्छ।

डंगोलले गैरकानुनी तवरमा आर्जित धन ठूलो परिणाममा आफ्ना भतिजाको नाममा राख्दै आएका थिए। भतिजाको बैंक खातामा अस्वाभाविक रकम जम्मा भएपछि तिनी छानबिनका दायरामा तानिएका थिए। डंगोलले अख्तियार र अदालतसामु संग्रहित धनको वैधानिक स्रोत देखाउन सकेनन्। अन्ततः सर्वोच्च अदालतबाट भ्रष्टाचारी ठहरिए। सम्पत्ति स्रोत देखाउने क्रममा दाइजो, श्रीमतीको पेवा, अरूबाट बकस पाएको उल्लेख गरी वैधानिकीकरण गर्ने उनको प्रयत्न असफल भएको छ।

न्यायाधीशद्वय केदारप्रसाद चालिसे र डा. आनन्दमोहन भट्टराईको इजलासबाट डंगोल भ्रष्टाचारी ठहरिएका हुन्। अकुत सम्पत्तिका हकमा यो फैसला उदाहरणीय कडी मान्नुपर्ने देखिन्छ। भ्रष्टाचार न्यून गर्ने हो भने अमिल्दो र अस्वाभाविक जीवनस्तर जिउनेहरूलाई जतिसुकै बेला 'अनुमानित कसुर'मा सजाय दिलाउनुपर्छ भन्ने वाक्यसहित फैसला आएको छ। फैसलामा भनिएको छ, 'मुलुकचाहिँ भ्रष्टाचारमय हुने, तर भ्रष्टाचारी भने कतै नभेटिने, सेवामा रहँदा घुस नलिई काम नगर्ने, तर सेवा निवृत्त हुँदा निरापद एवं सुकिलो-मुकिलो रूपमा निस्कने एउटा विडम्बनापूर्ण स्थिति रहन जान्छ।'

शासकीय वृत्तका पात्रहरूबाट भएका भ्रष्टाचारमा प्रमाण भेटिँदैन। भ्रष्टाचार मूलतः आर्थिक अपराध हो र यसको चरित्र गोप्य र संगठित पृष्ठभूमिमा हुन्छ। सँगै, पदीय हैसियतको आडमा सार्वजनिक पदाधिकारीबाट हुने आर्थिक अपराध पत्ता लगाउनु सजिलो हुँदैन। तर उनीहरूको आर्थिक जीवनस्तर अत्यधिक मात्रामा रवाफिलो बन्दै गएको हुन्छ। हलो जोत्दा-जोत्दै, विद्यालय पढाउँदा-पढाउँदै सांसद-मन्त्री भएको आदर्शमय सादगी जीवनमा आधारित रहेर लेखिएका कथाका मसी नसुक्दै महल बासमा पुगेको दृश्य देखिएका छन्। त्यस निम्ति २०४८ पछि मन्त्री भएका र गोरखापत्रमै छापिएका तिनका सम्पत्ति विवरण हेरे पुग्छ। एकाध बाहेक अधिकांश छानबिनको दायरामा तानिएका छैनन्, तानिएकाहरू पनि अनेकन प्रपञ्चबाट बाहिरिएका छन्।


डंगोल प्रकरणमा अकुत सम्पत्तिकै हकमा नयाँ शब्द पनि क्वाइन भएको छ, 'प्रमाणको प्रचुरता।' कुन प्रकरण या टेन्डरमा कति घुस लियो भनी घटना खोज्ने होइन कि तिनीहरूसँग अस्वाभाविक सम्पत्ति हुनु 'प्रमाणको प्रचुरता' हो भन्ने निष्कर्ष अदालतको छ। नत्र विगतमा शंकाको सुविधा अभियुक्तले पाउने प्रचलन स्थापित भएको थियो। अदालतको नयाँ व्याख्या अनुरूप कानुनलाई सार्थकता नदिने, कसुरलाई बेकसुर कायम हुने गरी कानुनको व्याख्या र प्रयोग कदापि गरिनु हुन्न भन्ने छ। अदालतको यो नयाँ नजिरलाई आधार मान्ने हो भने 'सुकिला-मुकिला महलवाला' पात्रहरू सजिलै जेल पुग्नेछन्। किनभने अदालतले भनेको छ, 'गैरकानुनी सम्पत्ति आर्जनको मुद्दामा घटना विशेषमा आधारित मुद्दामा जस्तो अभियोग शंकारहित तवरबाट प्रमाणित हुन आवश्यक हुँदैन। यसमा प्रमाणको प्रचुरता हेरी अदालत निर्णयमा पुग्छ। यो नै अस्वाभाविक सम्पत्ति आर्जनको मुद्दाको महत्त्वपूर्ण आयाम हो।'

विगतमा कतिपय अकुत सम्पत्ति मुद्दामा अदालतले प्राविधिक आधार र कारण टेकेपछि अभियुक्तहरूले उम्किने अवसर प्राप्त गरेका थिए। समाजमा जतिसुकै भ्रष्टाचारका बहस भए पनि अख्तियार, सम्पत्ति शुद्धीकरण र अदालतका पात्रहरू गम्भीर नभएसम्म स्वतः अपराध न्युनीकरण हुँदैन। यिनीहरूकै अकर्मण्यता कारण आर्थिक अपराधीहरूले सजाय नपाउने र राजनीतिमा हावी हुँदै जाने विकृतिले बढावा पाइरहेका छन्।

अख्तियार तातेका बेला 'अमिल्दो र अस्वाभाविक' जीवन जिउने शासकीय पात्रहरूविरुद्ध 'अनुमानित कसुर'मा मुद्दा लागेका थिए, २०५९ देखि २०६२ सम्म। तीन वर्षको अवधिमा ६३ पात्रविरुद्ध स्रोत नखुलेको सम्पत्तिमा मुद्दा चल्यो। लोकतन्त्र बहालीपछि अख्तियारले सरकारी उपल्ला तहका अनगिन्ती पात्रका अकुत सम्पत्ति छानबिन गरिरहेको 'विज्ञापन' निरन्तर गरिरह्यो। अझ २०७० वैशाखमा लोकमानसिंह कार्की अख्तियार प्रमुख भएपछि सम्पत्ति छानबिनको नाटक उच्च तहमा पुग्यो। भ्रष्टाचारकै मुद्दा लाग्ने पात्र नगन्य रहे। छानबिनको दायरामा तान्दै तिनीहरूसँग 'बार्गेनिङ' गरी फाइल तामेली राख्ने क्रममा अख्तियार सीमित रह्यो, जसलाई 'तेह्रपाने' खेल भनिन्छ। तेह्र पानामा शीर्षकगत सम्पत्ति भराएपछि स्वाभाविक रूपमा उनीहरू त्रसित मानसिकतामा हुने नै भए। त्यसपछि तिनीहरू अख्तियारका जस्तासुकै आदेश स्वतः मान्न बाध्य पारिए। त्यही कारण अकुत सम्पत्तिमा बिरलै मात्र भ्रष्टाचारका अभियोगमा मुद्दा अदालतसामु दर्ज भएका छन्।

अर्कातिर अख्तियारले आधारबेगर सम्पत्तिमा तजबिजी शैलीमा छुट दिने र मनोमानी शैलीमा दाबी लिने स्वेच्छाचारी शैलीसमेत अपनाएका घटना छन्। अख्तियार त्यो 'तेह्रपाने' खेल परिवर्तन गर्न खोज्दैछ। अब अस्वाभाविक र अमिल्दो जीवनयापन गर्ने शंकास्पद पात्रहरू विरुद्ध सुराकी र गुप्तचर परिचालन गर्ने रणनीति अपनाउँदैछ। तिनीहरूसँग अनुचित धन भएको या रहेको प्रमाण जुटेपछि मात्रै छानबिनको दायरामा तान्न खोज्दैछ।

प्रधानमन्त्री-मन्त्री र शासकीय वृत्तका पात्रहरू अनुचित धन थुपार्नेतिर मोहित भए देश सुशासनको पक्षमा हिँड्न सक्दैन। माथिल्लो ओहदाधारी भ्रष्टाचारी भए भ्रष्टाचार तलसम्म सहजै फैलावट हुन्छ। माथिल्ला तहका पदाधिकारीहरू इमानदार भए तलका पात्रहरू भ्रष्टाचारमा लिप्त हुन कठिन हुन्छ। भ्रष्टाचार सन्दर्भमा भन्ने गरिन्छ, यो माथिबाट तलतिर बग्छ। माथिका भ्रष्टाचारी भए भ्रष्टाचार सर्वत्र झाँगिन्छ। त्यही कारण शासकीय वृत्तका उपल्ला पात्रहरूलाई भ्रष्टाचारमा लिप्त हुन नदिन तिनीहरूको सम्पत्ति निगरानी र छानबिनभित्र पार्न उच्च दबाब जारी राख्नुपर्छ। त्यस्ता पात्रहरूलाई उच्च खतरामा राख्नसके मात्र भ्रष्टाचार न्युनीकरण हुन्छ।




**शासकीय वृत्तका उपल्ला पात्रहरूलाई भ्रष्टाचारमा लिप्त हुन नदिनका लागि तिनीहरूको सम्पत्ति निगरानी र छानबिनभित्र पार्न उच्च दबाब जारी राख्नुपर्छ।**

# गहन सुधार र थप खुलापनतर्फ चीन



यु होङ

चीनमा सुधार तथा खुलापन नीति प्रारम्भ भएको यो चालिसौं वर्ष हो। बितेका चालिस वर्षमा सुधार तथा खुलापन नीतिबाट चीनमा अकल्पनीय परिवर्तन भएको मात्र होइन, यसले सम्पूर्ण विश्वलाई पनि प्रभावित गरेको छ।

सन् १९७८ मा चीनको अर्थतन्त्र सम्पूर्ण विश्व अर्थतन्त्रको १.८ प्रतिशतमात्र थियो। त्यसबेला चीन हेर्दा विशाल देखिए पनि निकै गरिब तथा पिछडिएको मुलुक थियो। त्यसै वर्ष (स्वर्गीय) तेङ सियाओफिङको नेतृत्वमा चीनमा सुधार तथा खुल्लापन नीतिको ऐतिहासिक प्रारम्भ भएको थियो। विगत चालिस वर्षमा चिनियाँ कम्युनिष्ट पार्टीको सही नेतृत्वमा चिनियाँ जनताले कठिन संघर्ष तथा अथक प्रयासद्वारा एकातिर स्वतन्त्रता तथा आत्मनिर्भरतामा जोड दिँदै अर्कातिर खुल्लापन तथा सहकार्य र दुबै पक्षको हित हुने कुरालाई पनि विचार गरी चिनियाँ विशेषतायुक्त समाजवादी बाटोको सिर्जना गरेका थिए। सन् २०१७ मा चीनको अर्थतन्त्र सम्पूर्ण विश्व अर्थतन्त्रको १५ प्रतिशत पुगेको थियो। तुलनात्मक मूल्यका आधारमा गत चालिस वर्षमा चीनको राष्ट्रिय गार्हस्थ्य उत्पादनको औसत वृद्धिदर लगभग ९.५ प्रतिशत रहेको थियो। हाल चीन विश्वको दोस्रो ठूलो अर्थतन्त्र, सबैभन्दा ठूलो औद्योगिक देश, सबैभन्दा ठूलो व्यापारिक देश र विदेशी मुद्राको सञ्चय पनि सबैभन्दा बढी भएको देश बनेको छ। चिनियाँ जनताको जीवन पहिलेको स्रोतसाधन अभावको अवस्थाबाट हाल मध्यमस्तरीय सम्पन्नतातर्फ उन्मुख भइरहेको छ। संयुक्त राष्ट्र संघको वर्तमान मापदण्ड अनुसार चीनले ७० करोडभन्दा बढी जनताको सफलतापूर्वक गरिबी निवारण गरिसकेको छ, जुन संख्या उक्त अवधिमा विश्वमा गरिबी निवारण गरिएको जनसंख्याको ७० प्रतिशतभन्दा बढी थियो। चीनको समाजले पूर्ण बन्द अवस्थाबाट अर्ध-खुल्ला हुँदै सम्पूर्ण रूपमा खुल्ला बन्ने महान् सफलता हासिल गरेको छ। लामो समय यतादेखि विश्वको आर्थिक वृद्धिमा चीनको योगदान निरन्तर रूपमा ३० प्रतिशतभन्दा बढी रहँदै आएको छ। यसका साथै चीन विश्वको आर्थिक प्रगतिमा स्थिरता कायम गराउने अग्रगामी शक्तिका रूपमा पनि रहँदै आएको छ।

चीनको सफलताको अनुभवले आधुनिकीकरणतर्फ लम्कने बाटो एउटैमात्र नभएको पुष्टि गरेको छ। गत चालिस वर्षमा चिनियाँ जनताले साहसपूर्वक आफ्ना पुराना कमी-कमजोरी हटाई नयाँ प्रयोगहरूद्वारा चिनियाँ विशेषतायुक्त समाजवादलाई निरन्तर रूपमा पूर्णता दिलाउनुका साथै विकासको क्रममा देखिएका नीतिगत तथा प्रक्रियागत बाधा-अडचनलाई निरन्तर हटाउँदै लगेका छन्। सुधार तथा खुल्लापन नीति भनेको चीनको दोस्रो क्रान्ति हो। चीनको सुधार तथा खुल्लापन नीति चिनियाँ जनताको विकास सम्बन्धी चाहना अनुकूलमात्र नभई विश्वका विभिन्न देशका जनताका विकास, सहयोग तथा शान्तिजस्ता वर्तमान युगका मागहरूसँग पनि अनुकूल छ। सुधार तथा खुल्लापन नीति सम्पूर्ण विश्वसँगै संयुक्त विकास तथा प्रगति हासिल गर्ने चीनको महान प्रयास पनि हो।

हाल विश्वमा नयाँ चरणका विकास, सुधार तथा समायोजनका कार्यहरू भइरहेका छन्। ती कार्यमा अनिश्चित तथा अस्थिर कारक तत्त्वहरू धेरै छन्। त्यसैले पारस्परिक सम्पर्क तथा आदान-प्रदानको विस्तार गर्नु र मैत्रीपूर्ण विकासलाई छरितो बनाउनु नै विभिन्न मुलुकका लागि संयुक्त विकास गर्ने एकमात्र विकल्प बनेको छ। हामीले शीतयुद्धको सोचाइ र शून्य प्रतिफलको प्रयास त्यागी शान्तिपूर्ण विकास र आपसी सहयोगद्वारा दुबै पक्षको हितलाई अधिकतम बनाउने प्रयास गर्नुपर्छ।

'बेल्ट र रोड' प्रस्ताव चीनले प्रत्यक्ष विदेशी लगानी भित्र्याउने तथा विश्व व्यापार संगठनको सदस्य बने उप्रान्त फेरि एकपटक सक्रियताका साथ चालेको खुलापन नीतिको एक कदम हो। यो सम्पूर्ण विश्वसँग एकाकार हुनका लागि चीनले गरेको एउटा नयाँ प्रयास पनि हो। यसको विगत चालिस वर्षदेखि साझा विकासका लागि विश्वसँगै संयुक्त रूपमा चीनले गरेको प्रयाससँग पनि घनिष्ठ सम्बन्ध छ। 'बेल्ट र रोड' प्रस्ताव आपसी छलफल, संयुक्त निर्माण तथा सहउपभोग गर्ने सुनौलो प्रस्ताव हो। साथै यो एक खुल्ला, समावेशीकरण र सहयोगको मञ्च पनि हो। यसले बजार प्रणाली तथा बजारका नियमहरूको पालना गरी अन्तर्राष्ट्रिय नियम अनुसार काम गर्छ। 'बेल्ट र रोड' प्रस्तावमार्फत चीन विभिन्न देशको राष्ट्रिय नीति, आधारभूत संरचना, व्यापार, वित्तीय र जनता बीचको आपसी सम्पर्क बढाई आपसी समर्थन तथा प्रबर्द्धनमा आधारित विकासलाई साकार बनाई विश्व शान्तिको अझ राम्रो जगेर्ना, विश्व खुला अर्थतन्त्रको विकासलाई अघि बढाउनुका साथै विश्वव्यापीकरणलाई अझ खुला, समावेशी, उपकारी, सन्तुलित तथा आपसी हितको दिशामा अघि बढाउँदै संयुक्त दायित्व बहन र लाभको सह-उपभोगद्वारा साझा भाग्ययुक्त मानव समुदायको सिर्जना गर्ने आशा गर्छ।

गतवर्ष अक्टोबरमा सम्पन्न चिनियाँ कम्युनिष्ट पार्टीको १९ औं महाधिवेशनमा चीनको ऐतिहासिक अवस्थाबारे महत्त्वपूर्ण निर्णय गरिएको छ। चिनियाँ विशेषतायुक्त समाजवाद नयाँ युगमा प्रवेश गरेको छ। सन् २०२० सम्ममा चीनले चौतर्फी रूपमा मध्यमस्तरीय सम्पन्न समाजको निर्माणमा पूर्णता प्राप्त गर्नेछ। यसै क्रममा चीनका अगाडि ठूला जोखिमहरूबाट बच्ने, तीन करोड जनताको गरिबी निवारण तथा वातावरण प्रदूषण नियन्त्रणका तीन ठूला चुनौती छन्। त्यसैगरी सन् २०३५ सम्ममा चीनले समाजवादी आधुनिकीकरण आधारभूत रूपमा पूरा गर्ने भएको छ। र यस शताब्दीको मध्यमा चीन एक समृद्ध, प्रजातान्त्रिक, सभ्य, मेलमिलापयुक्त र सुन्दर समाजवादी आधुनिक शक्तिशाली देश बन्नेछ।

चीन अझै पनि कठिनतापूर्वक मिहेनत गरिरहेको एउटा विकासोन्मुख मुलुक हो। आफ्नै सुधार तथा विकासको कठिन कार्यभार पनि बाँकी नै छ। राष्ट्रिय आधुनिकीकरणको लक्ष्यलाई साकार तुल्याउन अझै लामो बाटो हिँड्न बाँकी छ। विश्व बैंकको तथ्याङ्क अनुसार सन् २०१६ मा चिनियाँको औसत प्रतिव्यक्ति राष्ट्रिय गार्हस्थ उत्पादन ८,१२३ अमेरिकी डलर थियो, जुन विश्वको औसत स्तर अर्थात् १०,१९० अमेरिकी डलरको करिब ८० प्रतिशतमात्र थियो भने संयुक्त राज्य अमेरिकाको १/७ मात्र थियो, चीन अहिले विश्वको ६८ औं स्थानमा पर्छ। लगानीको परिमाणबाट हेर्ने हो भने हाल आधारभूत संरचनामा चिनियाँको प्रतिव्यक्ति लगानी पुँजीको परिमाण विकसित मुलुकहरूको २०-३० प्रतिशतमात्र छ। चीनका पश्चिमी प्रान्तहरू र केही पिछडिएका ठाउँमा यातायात, सञ्चार तथा जलविद्युत आदि आधारभूत संरचनाको निर्माण निकै कममात्र भएको छ। सन् २०१६ मा चिनियाँको प्रतिव्यक्ति व्यय २,५०६ अमेरिकी डलर थियो, जुन विश्वको औसत स्तर अर्थात् ५,९१३ अमेरिकी डलरको आधा पनि पुगेको थिएन भने संयुक्त राज्य अमेरिकाको ७ प्रतिशतमात्र रहेको थियो। चीनको आर्थिक संरचनामा ठूलो परिवर्तन भए पनि व्यावसायिक संरचना र रोजगारी संरचनामा अझ विकास गर्नु जरुरी छ। नवसिर्जनाबाट विकासलाई अघि बढाउने प्रणाली अझ तयार भएको छैन। सहर तथा गाउँबीच, विभिन्न क्षेत्रहरूबीच र समाजका विभिन्न तह बीचको असन्तुलित विकास एउटा ठूलो समस्या बनेको छ। अपर्याप्त विकास पनि तुरुन्तै समाधान गर्नुपर्ने समस्याको रूपमा रहेको छ।

**चीन अन्तर्राष्ट्रिय समुदायसँग खुलापन र आपसी हितका आधारमा सुधार तथा नवसिर्जनाद्वारा विकासका अवसरको सहउपयोग गर्न, बृहत् विकासको योजना तयार गर्न र सुन्दर भविष्य निर्माण गर्न इच्छुक छ।**

चीनले आफ्नो शक्ति एकीकृत गरी देशको विकास गर्नुपर्छ, आफ्नो विकास लक्ष्यलाई साकार तुल्याउनुपर्छ। यसका साथसाथै चीनले आफ्नो विकासबाट विश्वमा पर्ने प्रभाव र विकासोन्मुख मुलुकका हैसियतले आफूले बेहोर्नुपर्ने जिम्मेवारीबारे स्पष्ट रूपमा बुझेको छ। आगामी दिनमा चीनले उच्च गुणस्तरको विकासको लक्ष्यलाई साकार तुल्याउनेछ, जसका लागि चीनले आफूलाई अझ खुल्ला बनाउँदै लैजानेछ। पोआउ एसिया फोरम २०१८ वार्षिक सम्मेलनमा चीनका राष्ट्राध्यक्ष सी चिनफिङले सुधार तथा खुलापन नीति चीनले विकासको आवश्यकता अनुसार गरिएको रणनीतिक छनोट भएको बताउँदै यसबाट आर्थिक विश्वव्यापीकरणलाई टेवा पुग्ने र सम्पूर्ण विश्वका जनतालाई कल्याण हुने कुरामा जोड दिनुभएको थियो। सो अवसरमा राष्ट्राध्यक्ष सीले केही महत्त्वपूर्ण कदमबारे घोषणा गर्नुभएको थियो, ती कदमहरू यी हुन्- बजार प्रवेशको सहजीकरण, बैंक, सेयर-स्टक र बिमा क्षेत्रमा विदेशी लगानीको सेयर नियन्त्रणलाई कम गर्ने, बिमा व्यवसायलाई अझ खुला बनाउने, उत्पादन व्यवसायको सेयर नियन्त्रणलाई कम गर्ने, अन्तर्राष्ट्रिय व्यापारको नियमसँग चीनलाई जोड्ने, पारदर्शिता बढाउने, उत्पादन सर्वाधिकारको संरक्षणलाई अझ बढी महत्त्व दिने, वर्तमान सरकारी निकायहरूमा ठूलो मात्रामा पुनर्गठन गर्ने, कार्यप्रणाली र व्यवस्थामा रहेका बाधा-अड्चन हटाउने, लगानीका लागि आकर्षक वातावरण सिर्जना गर्ने, बौद्धिक अधिकार संरक्षणलाई मजबुत बनाउने, आयातलाई विस्तार गर्ने। यस वर्षको नोभेम्बरमा चीनको शाङहाई सहरमा चीनको पहिलो अन्तर्राष्ट्रिय आयात एक्स्पो आयोजना गरिने भएको छ। चीनको विकास विश्वबाट अलग्गिन सक्दैन भने विश्वको विकास पनि चीनलाई अलग्याएर हुन सक्दैन।

नेपालको नयाँ सरकारको सम्पूर्ण ध्यान विकास तथा निर्माणमा केन्द्रित छ। नेपालको देश निर्माणको नयाँ अवसर पनि आउँदैछ। चीन र नेपालले अहिलेको यस उचित अवसरलाई सदुपयोग गरी दूरदर्शिता अपनाई नीतिगत पक्षमा आपसी छलफललाई बढाउनुपर्छ। विकासको रणनीतिलाई एकाकार गर्दै लगानी तथा पुँजी संकलनका सम्बन्धमा विभिन्न किसिमका मोडालिटी अपनाउनुपर्छ। यसका साथै दुवै पक्षले पारस्परिक सम्पर्क तथा सहकार्यलाई मजबुत पारी व्यापार, पर्यटन, ऊर्जा-स्रोत र मानवीय सांस्कृतिक आदि क्षेत्रको सहकार्यलाई सक्रियताका साथ अघि बढाएर 'चीन-नेपाल साझा भाग्ययुक्त समुदाय' निर्माण गर्नुपर्छ। चीन अन्तर्राष्ट्रिय समुदायसँग खुल्लापन तथा आपसी हितको आधारमा सुधार तथा नवसिर्जनाद्वारा विकासका अवसरको सहउपयोग गर्न, बृहत् विकासको योजना तयार गर्न र सुन्दर भविष्य निर्माण गर्न इच्छुक छ।

*यू नेपालका लागि चिनियाँ राजदूत हुन्।*

# संसद्मा असमान प्रतिनिधित्व



प्रा. अमरकान्त झा

राज्यका तीनै तहमा सम्पन्न निर्वाचनले नयाँ संविधानको कार्यान्वयनको बाटोलाई प्रशस्त गरे पनि संविधानका विभेदपूर्ण धारा यथावत् कायम रहेकाले मुलुकमा द्वन्द्व जारी रहने र शान्ति, विकास एवं समृद्धिको लक्ष्य समेतलाई कुण्ठित पारिरहने स्थिति देखिन्छ। दोस्रो जनआन्दोलनका ६ सूत्रीय ऐतिहासिक आधार-पत्रमा उल्लेख भएको 'उत्पीडित महिला, दलित, जनजाति, मधेसी समुदाय, पिछडिएका क्षेत्रका जनता आदिलाई पनि समान अधिकार एवं अवसरद्वारा सबल बनाउन सामाजिक न्यायको आधारमा आरक्षणको संवैधानिक प्रावधानसहित समावेशी बनाउने' आश्वासनको कसीमा संघ एवं प्रदेशको निर्वाचन परिणाममा उपेक्षित समूहको प्रतिनिधित्व परीक्षण गर्नु आवश्यक छ।

हतार-हतारमा निर्वाचन ऐन, नियम बनेकाले एवं निर्वाचनपूर्व मधेसी दलहरू आन्दोलनरतकै अवस्थामा रहेकाले व्यापक छलफलको अभावमा ऐनमा समावेशी समूह निर्धारण त्रुटिपूर्ण देखिन्छ। पहाडका दलित र मधेसका दलितबीच भाषिक, सांस्कृतिक आदि भिन्नता रहेको र मधेसका दलितमा उत्पीडनको अवस्था झन् गम्भीर रहेको अवस्थामा यी दुवैलाई एउटै समूहमा गाभिनु उचित देखिँदैन। अर्को कुरा, तराई-मधेसका थारुलाई अलग समूह बनाई राजवंशी, सतार, झाँगड आदि तराई-मधेसका विभिन्न आदिवासी जनजातिलाई पहाडका आदिवासी जनजातिसँग मिलाएर कायम गर्नु पनि दोषपूर्ण छ। त्यस्तै दलित, जाति, जनजाति आदि विभिन्न समावेशी समूह बनाएपछि ती सबैको समिश्रणबाट कायम अल्पसंख्यक समूहले समूह-समूहबीच झन् अस्पष्टता र अन्योल सिर्जना गरेको छ। तसर्थ संघीय संसद् एवं प्रादेशिक व्यवस्थापिकाको निर्वाचन परिमाणलाई सहज ढंगबाट समीक्षा गर्न खस-आर्य, पहाडी आदिवासी जनजाति, पहाडी दलित, मधेसी दलित, एवं तराई-मधेसवासी गरी ५ वटा समूह बनाई विश्लेषण गर्ने प्रयास गरिएको छ।

प्रतिनिधिसभाको प्रत्यक्ष एवं समानुपातिक निर्वाचनको २ सय ७५ सदस्य पदमा जनसंख्याको अनुपातमा खस-आर्य (३१.२५) ले पाउनुपर्ने ८६ सदस्य पद हो। तर ११९ जनाको प्रतिनिधित्व भएको छ। पहाडी आदिवासी जनजाति (२६.८५) ले ७६ सदस्य पाउनुपर्नेमा ६४ सदस्य पाएका छन्। पहाडी दलितको २३ सदस्य हुनुपर्नेमा १७, मधेसी दलित (४.४६५) को १२ सदस्य हुनुपर्नेमा १ जनाको मात्र प्रतिनिधित्व भएको छ। तराई-मधेसवासी (२८.७५) ले पाउनुपर्ने ७८ सदस्यमा ७४ सदस्य पद प्राप्त गरेको अवस्था छ। राष्ट्रियसभाका ५९ सांसदमा जनसंख्याको अनुपातमा खस-आर्यले पाउनुपर्ने १८ हो, तर ३२ जना छन्। पहाडी आदिवासी जनजातिले पाउनुपर्ने १६ रहेका १२ जनाको प्रतिनिधित्व छ। पहाडी दलितले भने जनसंख्या अनुरूप नै ५ सांसद पाएका छन्। मधेसी दलितले ३ सांसद पाउनुपर्नेमा २ पाएका छन्। तराई-मधेसवासीको १७ सांसद हुनुपर्नेमा ८ जनामात्र छन्।

प्रदेश नं. १ को व्यवस्थापिकामा प्रत्यक्षमा ५६ र समानुपातिकमा ३७ गरी कुल सदस्य संख्या ९३ छ। जनसंख्या अनुपातमा खस-आर्यले पाउनुपर्ने २७ सदस्य हो, तर ३३ सांसद छन्। पहाडी आदिवासी जनजातिले पनि पाउनुपर्ने ३५ सदस्य रहेकामा ४२ जना छन्। पहाडी दलितले ६ सदस्य पाउनुपर्नेमा मात्र २ जनाको प्रतिनिधित्व छ। तराई मधेसवासीले जनसंख्याको अनुपातमा पाउनुपर्ने २३ सदस्य हो, तर १६ जनामात्र छानिएका छन्। मधेसी दलित २ सदस्य हुनुपर्नेमा एक जनाको पनि प्रतिनिधित्व छैन।

प्रदेश नं. २ को संसद्मा प्रत्यक्ष ६४ र समानुपातिक ४३ गरी १ सय ७ जना सदस्य छन्। जनसंख्याको अनुपातमा तराई मधेसवासीले ८० सदस्य पाउनुपर्नेमा ९५ सांसद छन्। खस-आर्यले ५ सदस्य पाउनुपर्नेमा ३ सदस्य छन्। पहाडी आदिवासी जनजातिबाट ५ जना हुनुपर्नेमा ४ जना छन्। मधेसी दलितले १६ सदस्य पाउनुपर्ने हो, तर ४ जनाको मात्र प्रतिनिधित्व छ।

त्यस्तै प्रदेश नं. ३ को संसद्मा प्रत्यक्ष ६६ र समानुपातिक ४४ गरी १ सय १० सदस्य छन्। जनसंख्याका आधारमा खस-आर्यको ४१ सदस्य हुनुपर्नेमा ५४ जना छन्। पहाडी आदिवासी जनजातिको ५८ जना हुनुपर्नेमा ५४ सांसद छन्। पहाडी दलितले ६ सदस्य पाउनुपर्नेमा १ जनामात्र छन्। तराई-मधेसवासीले ५ सदस्य हुनुपर्नेमा एक जनाको मात्र प्रतिनिधित्व छ। प्रदेश नं. ४ को संसद्मा प्रत्यक्षमा ३६ र समानुपातिकमा २४ गरी ६० सदस्य छन्। जनसंख्याको अनुपातमा खस-आर्य २२ सदस्य हुनुपर्नेमा ३४ जना छन्। पहाडी आदिवासी जनजाति २८ सदस्य हुनुपर्नेमा २४, पहाडी दलित १० सदस्य हुनुपर्नेमा २ जना छन्। प्रदेश नं. ५ मा प्रत्यक्षमा ५२ र समानुपातिकमा ३५ गरी ८७ सदस्य छन्। जनसंख्याको अनुपातमा खस-आर्य २६

**सबै जाति, जनजाति, वर्ग आदिका समानताका आधारमा प्रतिनिधित्वको संवैधानिक व्यवस्था नहुने हो भने सही अर्थको लोकतन्त्र स्थापना गर्ने लक्ष्य अधुरो रहन्छ।**

सदस्य हुनुपर्नेमा ४३ जनाको प्रतिनिधित्व छ। पहाडी आदिवासी जनजाति १७ हुनुपर्नेमा ११ जना छन्। पहाडी दलितले ८ सदस्य पाउनुपर्नेमा ३ जनामात्र छन्। तराई-मधेसवासीले ३१ सदस्य पाउनुपर्नेमा २९ जनामात्र छन्। यस्तै मधेसी दलित ४ सदस्य हुनुपर्नेमा एकजना पनि छानिएनन्।

कर्णाली प्रदेशको संसद्मा प्रत्यक्ष २४ र समानुपातिकमा १६ गरी ४० सदस्य छन्। जनसंख्याको अनुपातमा खस-आर्य (५८५) को २३ सदस्य हुनुपर्नेमा ३३ जना छन्। पहाडी आदिवासी जनजाति (१८.७५) ले पाउनुपर्ने ८ सदस्य हो, तर ४ जनाको मात्र प्रतिनिधित्व छ। पहाडी दलितले पाउनुपर्ने ९ सदस्यमा ३ जनामात्र छन्। प्रदेश नं. ७ मा प्रत्यक्ष ३२ र समानुपातिक २१ गरी ५३ सदस्य छन्। खस-आर्य ३२ हुनुपर्नेमा ३८ जना छन्। पहाडी आदिवासी जनजातिले जनसंख्या अनुरूप नै २ सदस्य पाएका छन्। तराई-मधेसवासीले पाउनुपर्ने १० मा ८ सदस्य पाएका छन्। पहाडी दलित ९ सदस्य हुनुपर्नेमा ५ जनाको प्रतिनिधित्व छ।

यसरी संघीय संसद्मा खस-आर्यले जनसंख्याको अनुपातभन्दा ४७ जना बढी सांसद प्राप्त गरेका छन् भने पहाडी आदिवासी जनजातिमा १६, पहाडी दलितमा ६, मधेसी दलितमा १२ एवं तराई-मधेसवासीमा १३ सांसदको कमी छ। संवैधानिक प्रावधान अनुसार संघीय संसद्मा ३३ प्रतिशत प्रतिनिधित्व महिलाको हुनुपर्छ। खस-आर्य महिलाले जनसंख्याको अनुपातमा पाउनुपर्ने ३३ सदस्य हो, तर ४१ जना छन्। यस किसिमले संघ र प्रदेशको प्रतिनिधित्वमा तराई-मधेसवासी, पहाडी आदिवासी जनजाति र पहाडी दलित करिब-करिब सामान रूपमा पीडित भएका छन्। तर यिनीहरूभन्दा पनि गम्भीर रूपमा पीडित मधेसी दलित देखिन्छन्।

प्रतिनिधित्वमा बहुलता र प्रभुत्वको कारण राष्ट्रपति, प्रधानमन्त्री, सभामुख, राष्ट्रियसभाको अध्यक्ष आदि सबै उच्च पदमा खस-आर्य नै छन्। सेना, न्यायिक क्षेत्र, वैदेशिक सेवा, निजामती सेवा आदि राष्ट्रिय पद्धतिका सबै महत्त्वपूर्ण अंगमा खस-आर्यकै बर्चस्वको निरन्तरता छ। यस्तो स्थितिमा संघीय संसद्, संघीय सरकार र प्रादेशिक व्यवस्थापिका तथा सरकारमा पनि त्यही वर्गकै मात्र एकाधिकार हुने अवस्थाको जिम्मेवार ठूला दलहरू हुन्। यस्तो प्रतिनिधित्व दोस्रो जनआन्दोलनको मर्म एवं मधेसी, जनजाति, महिला, थारु, दलित, आदिसँग राज्यले गरेका सम्झौताहरू विपरीत छ। राज्यको पुनर्संरचनामा भौगोलिक एकरूपतालाई नष्ट गर्दै खस-आर्यको राम्रो जनसंख्या भएका पूर्वीय र पश्चिमी मधेसका जिल्लालाई त्यस क्षेत्रका पहाडसँग मिसाई अन्य सघन बसोबास गर्ने मधेसी, थारुसहित अन्य जनजातिको जनसांख्यिक स्थितिलाई गौण बनाउँदै संघ अन्तर्गतका प्रदेशहरूको निर्माण गरिएको छ, जसले विभेदपूर्ण प्रतिनिधित्व प्रतिविम्बित गरेको छ। त्रुटिपूर्ण एवं उद्देश्यहीन संघीय संरचनाले गर्दा नै सातै प्रदेशमा खस-आर्यले जनसंख्याको अनुपातभन्दा बढी सांसद प्राप्त गरेका छन्। चारवटा प्रदेशमा त मुख्यमन्त्री नै खस-आर्यका छन्। एउटै खास समूहको केन्द्र र प्रदेशको सत्तामा आधिपत्य हुनु संघीयताको उपहास नै हो।

राष्ट्रियसभा गठनबारे जुन संवैधानिक व्यवस्था छ, त्यसले गर्दा तराई-मधेसवासीले कहिले पनि उचित प्रतिनिधित्व पाउन सक्दैन। वर्तमान संवैधानिक व्यवस्था अनुसार राष्ट्रियसभाका सदस्य निर्वाचनमा प्रदेशसभाका सदस्यसहित गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिका प्रमुख र उपप्रमुख पनि मतदाता हुन्छन्। स्थानीय तहका ७५३ एकाइमध्ये विभेदपूर्वक हिमाल-पहाडको ४९.८५ जनसंख्यामा ४८७ गापा/नपा र मधेसको ५०.२५ जनसंख्यामा मात्र २५७ गापा/नपा रहेकाले प्रदेश नं. १, ५ र ७ का तराई मधेसवासीको सदैव न्युन प्रतिनिधित्व रहिरहनेछ। विश्वको कुनै पनि संघीय देशमा माथिल्लो सदनको गठनमा स्थानीय तहबाट मतदाता हुँदैन। स्वीट्जरल्यान्ड, अमेरिका, भारत, दक्षिण अफ्रिका, अष्ट्रेलिया, बेल्जियम आदि सबै संघीय देशमा यस्तो संस्थाको गठन संघीय एकाइ अर्थात् प्रदेश/राज्यको व्यवस्थापिकाद्वारा हुन्छ। अर्को कुरा, राष्ट्रियसभाका लागि सातै प्रदेशबाट ८-८ जना गरी ५६ सदस्यको निर्वाचनको आधार जनसंख्या नभई समान रूपमा चयन गर्ने वर्तमान संवैधानिक व्यवस्थाले गर्दा सधैंका लागि प्रतिनिधित्वमा ठूलो विभेद कायम रहनेछ।

अन्त्यमा, लोकतन्त्र प्रतिनिधिमूलक शासन व्यवस्था अर्थात् जनताले आफ्ना प्रतिनिधिमार्फत सत्ता सञ्चालन गर्ने पद्धति हो। सबै जाति, जनजाति, वर्ग आदिले समानताको आधारमा प्रतिनिधित्वको मौका पाउने संवैधानिक व्यवस्था नहुने हो भने सही अर्थको लोकतन्त्र स्थापना गर्ने लक्ष्य अधुरो रहेको ठहरिन्छ। यो अवस्थाले एक्काइसौं शताब्दीमा मुलुक भित्रका विरोध स्वरलाई राज्यपक्षले जति दमन वा आलटाल गरे पनि द्वन्द्व झन् तीव्र हुँदै जान्छ र शान्ति, विकास एवं समृद्धिको प्रक्रिया त्यति नै जटिल बन्दै जान्छ। तसर्थ राज्यपक्षद्वारा एउटा समूहको हितमा केन्द्रित नभई समग्र नेपाली जनताको कल्याणका लागि संविधानमा रहेका विभेदपूर्ण धाराहरूलाई अविलम्ब संशोधनद्वारा उचित निराकरण गर्नु आवश्यक छ।

*झा राजपा नेपालका केन्द्रीय सदस्य हुन्।*

# बर्गिकृत विज्ञापन

## घर जग्गा

www. linknepalrealestate.com.np घरजग्गा खरिदबिक्रि गर्नुपरेमा 9741455638

बालुवाटार महाराजगंज टिचिङ्ग हस्पिटलबाट २०० मिटर पूर्व 0-3-0-0 जग्गा तु.बिक्रिमा १,६०,००,०००/ 9851023027

टिकाथली गाविसनजिकै १७,५०,०००। प्रतिआना ९८४०२०८४३४

कपन ०-८-०-० बनेको घर बिक्रीमा, 9841544169

कलंकी-ढुङ्गाअड्डा प्रतिआना १५,००,०००/- 9851227779, 9851199355

कपनमा १-८-०-० जग्गा घर विक्रीमा 9841185160

ललितपुर धापाखेलमा २.५ तल्ला घर इमाडोल, गोदामचौरमा टुक्रा घडेरीहरू, ९८५११९९८२६

ललितपुरको जुनसुकै एरियामा घरजग्गाहरू खरिदबिक्रिकोलागी 9849188782

ललितपुरमा घर फ्ल्याट लिनदिन 9849649431

बांसबारी हाईवेबाटनजिकै ०-८-०-० माबनेको सेमिकमर्सियल साढेतिनतल्ले नयांघर तुरुन्तबिक्रीमा 9823582607, 9849897245

घरजग्गा आवश्यक पर्नेले मात्र ९८६०-९३४८६४

टिकाथलीमा एकतले घर ९८५१०२१६४७, ९८१३३८९१४३

ईमाडोलमा तिनआनामा बनेको पुर्वीमोहडाको घरविक्रिमा 9851093018

ईटहरी हलगडामा सत्रधुर जग्गा बिक्रीमा प्रतिधुर ३,१५,०००। ९८४१४३२५८३, ९८५२०५४१६६

कपनआकाशेधारा ०-४-३-०, कपनवालुवाखानी ०-५-१-०, ९८४१३४५००५

हरिसिद्धिमा ०-३-१-२, गोदामचौरमा ०-८-३-३ 9861904926

पुरानोनैकापमा ०-५-२-० पुर्वमोडहाको ९८४१४४१८९१, ९८१८०७०४३२

इमाडोलको एकतल्ले घर बिक्रीमा 9851016450

धुम्बाराही/ पूर्वदक्षिणमोहडा ०-१२-०-०, ०-६-०-०, 9851210655

धुम्बाराही टुंडालदेवी मन्दिरछेउ ०-७-१-०, 9855068777

मण्डिखाटार शिरडीकोलोनी ०-६-२-०, ०-५-०-०, ०-७-१-२, 9851265324

एकताबस्ती/ सुकेधारा न्यूकोलोनी ०-५-३-०, ०-४-१-०, 9851249307

दुवाकोटमा घडेरिहरू विक्रीमा 9851003391, 9841957448

लुभु हाइवे नजिकै घडेरी ९८४९६८८२१४

धुम्बाराहीमा ०-४-१-० जग्गा, जडीबुटीमा ०-६-१-० जग्गा, पुरानोबानेश्वरमा घर विक्रीमा, ९८४१२३०६३१, ९८४१५१२६३४

चन्द्रागिरी नपा.वडानं.(३क) थानकोट हाईवेको ५-०-०-० जग्गाविक्रीमा 9851021894

०-३-०-०जग्गा किन्दा घर उपहार,जोरगणेश मोटर बाटोवाट १घर भित्र आनाको ५०,००,०००। ९८६०५५७९७८, ०१४७२००८४

ईमाडोल शितलहाइटको २.५तल्ले घर ९८५१०६२१८२

सांगामा ३१-रोपनी आकर्षक कमर्सियल जग्गा विक्रीमा ९८५११३७३९९, ९८५१२०९२९९

ललितपुर हात्तिवनमा साधेदुइतल्ले नंया-बंगला ९८५१०६८६७७/ ९८४३१६६२७७

जग्गाविक्रिमा, धापाखेल ४.५ आना 9851174849, 9841374498

बुढानिलकण्ठ बोर्डिगं पछाडी भिआईपी लोकेशनमा पूर्व मोहडाको कम्पाउण्ड वाल सहित १-१-२-० जग्गा तु.बिक्रीमा ९८४१२१११८५

नवलपरासी कावासोती मालपोत कार्यालय नजिक २५हात जग्गा तु.बिक्रीमा प्रतिहात रु.३,५०,०००। ९८०८५७३५७६

टिकाथली पानीट्यांकीनिर ०-३-१-३ आनामा बनेको २.५ तल्ले आकर्षकघर बिक्रीमा 9851087264

हेपालीहाइट मेनरोडमा ०-३-२-०जग्गा ९८५१०१९२५०, ९८५१००७१८०

ब्रहमखेलचोकमा ०-५-१-१ माबनेको नयांघर तुबिक्रीमा 1,05,00,000/- 9849169330, 9861385068

कोटेश्वरमा पौने छआनामा बनेकोघर २,५५,००,०००/- 9863653859

ईमाडोलमा चारआनामा सांढेदुई तल्लाघर १,६५,००,०००/- 9851078653

**नौबिसे खानीखोला हाइवेबाटनजिक उद्योग, कलकारखानाकोलागि अतिउपयुक्त एकमुष्ठ तेन्हरोपनी जग्गा बिक्रीमा ९८५१११७८३४**

निजगढमा फास्टट्रयाक, अर्न्तराष्ट्रिय विमानस्थलनजिकै जग्गाबिक्रिमा ९८५५०४४८४९

ग्राण्डीहस्पीटल नजिक नयांघर १,११,००,०००। ९८४१९८३९४८

उपत्यकामा तिनआनासम्मको घडेरी चाहियो, ९८५१११६६१९७

ललितपुर महानगरपालिका कुसुन्ती हाईटमा २.५ तले घर बिक्रीमा ९८१३६६९२७१

सिभिलहोभ धापाखेलको २.५ आनामा बनेको घर, ९८५११०६४००

युनाईटेड कोलोनीमा ३, ५.२ आना जग्गा विक्रीमा, 9851039622

गोठाटार प्लानिङ्गमा ०-३-२-० सस्तोमा ९८४१२६५८०७

कालिकास्थान मेनरोडमा ७ आना प्लटबिक्रिमा 9851008962

चितवन रत्ननगर नगरपालीका कृष्णमन्दिर नजिकै घडेरी बिक्रिमा 9823028571

यनाइट्रेड कोलोनीमा ३.५ आना जग्गा बिक्रिमा ९८५१०११८७७

ग्रेन्डी बानीयाँटार हाईटमा घर विक्रीमा ९८८०२२७४२८

धापाखेल वडानं.४मा ०-३-०-०, ०-४-२-३ सम्पर्क 9851065556

महाराजगंज हाईवेमा ०-४-०-१ माबनेको तिनतल्लेघर तुरुन्तैबिक्रीमा 9849897245

सांखु नपुग्दै मेनहाइवे वाट १००मी. नजीक आकर्षक टुक्रा घडेरि विक्रीमा, गोठाटार मानेटारचोक नजिकै ०-५-२-० घडेरी विक्रीमा ९७४१४०३३७६, ९८६२२४९१८८

भंगालमा मापदण्डका एकतल्ले, अढाइतल्ले, 9841935603

विजयचोक प्रयागमार्गमा आकर्षक दुई घडेरी विक्रीमा ९८६९५२६८९५, ९८६९७५०९३६, ४११००५८

भैसेपाटी आवास संगै ०-८-०-० ९८५१०२३९७५

पुरानोवानेश्वर सहायकमार्गमा ०-१०-१-३ घरजग्गा 9841601845

नखिपोट ललितपुरमा ८.५ जग्गा बिकिमा, ९८४१७६२२२३

सस्तोमा घर निर्माण तथा खरिद बिकि, www. hamrokishangroup.com, 9851185297, 9803024915

सस्तोमा आश्राङ्को जग्गा बिकिमा, ५५३६१९७

ललितपुर हात्तिवनमा 6.5 आना जग्गा सुपथमुल्यमा बिकिमा 9808190099

जावलाखेलमा०-९-०-०(०-४-२-०) हरिसिद्धिमा ०-५-०-२/ ०-४-१-२ ९८१३३१४९२६

चप्पलकारखाना छेउमा ०-२१-०-० जग्गामा २घरसहित विकिमा सिधासम्पर्क 9851008962

बुढानिलकण्ठहाइटमा पुरानोघर सहित १ रोपनी प्लटविक्रिमा सिधासम्पर्क 9851008962

सामाखुसीचोकमा, रानीबारीमा घर ९८४१४१९९०६, ९८४९००८७०२

चावहिलबजारमा कमर्सियल घर बिक्रिमा ९८६०४५५४२१

पांच नम्वर प्रदेशमा आकर्षक होटेल अतिसस्तोमा मुल्य: २२करोड मोबाइल: 9818710834

गोकर्णनयांपाटीमा मेलम्चीट्रयाक नजिक १३ फिटे बाटोमा ०-१२-०-०, ९८५११५५८६९

टीकाथली मुख्यसडकबाट नजिक हालसालै सम्पन्न भएको १तले नयांघर ९८५११५५८६९

कपन मण्डिखाटार गोल्फुटार सुकेधारा बौद्धमा ४-५ आनामा बनेको साढेदुई तले घर चाहियो ९८५११-११८३६, ९८४१-३३१५५४

बुढानीलकण्ठ रुद्रेश्वरमा प्रतिआना १०,००,०००।, आतेश्वर ह् वाइटगुम्बामा प्रतिआना ७,००,०००। जग्गाविक्रीमा, ९८५१०३१४९८

गोपिकृष्ण प्लानिङ्गमा ०-५-३-० एवानप्लेट प्रतिआना सैतिसलाख ९८४१८४१०८२ नोदलाल

काँडाघारीचौकी अगाडी ०-५-१-० आनाको २८,००,०००/-, ०-४-२-० आनाको १९,००,०००/- 9861487091, 9818769725, 9843834447

हेटौडा ह.प्र.चौर ९धुरे जग्गा बिक्रिमा ९८०३४०७०७५

थानकोटमा ६आनामा बनेको हाइवेवाट ३किता भित्र आधुनिक घरविक्रीमा, फाइनान्सको सुविधा ९८१३७७५६०९

पनौती नगरपालिकामा माल्पीस्कूलसंगै ३५ रोपनी जग्गा बिक्रीमा, आवश्यकता अनुसार टुक्रा गरेरपनि बिक्री गरिनेछ सम्पर्क ९८५१०३८३३९, ९८४१२७५२३३

**सुनाकोठी सिभिलहोम्स साधेदुईतल्ले तिनकोठे तुरुन्तैसर्नमिल्ने आकर्षक घरबिक्रिमा ९८४३६०८७९५/ ९८०५२५३०३४**

सुडालहाईटमा काठमाडौं भक्तपुर देखिने ढल,पिच प्रतिआना ५ लाखदेखि ७ लाखसम्मको प्लानिंगका घडेरीहरू, बनेपाबाट ३कि.मीमा प्रतिआना ४५०,०००। बागेश्वरीमा प्रतिआना ९लाख ब्यास नगरपालिका तनहुंमा प्रतिआना ४लाख ९८४०२६१६२३, ९८४१७८४७५०

झरुवारासीमा सस्तो ५रोपनी जग्गा विक्रिमा ९८५१०३५४४७, ९८४०१८७९१८

भक्तपुर भाटभटेनी पछाडी पूर्व मोहडा भएको टुक्रा घडेरीहरू बिक्रीमा ९८५१०९३५११

बनस्थलीनजिक आकर्षक vip plot ०-२-२-० ९८५१०१७९८९

ललितपुर सानागाउंमा ०-५-२-०, गाईघाट मेनचोकमा ३०X९०, धरान विजयपुरमा ०-१-०-०, ०-१-११-० जग्गा विक्रमा ९८०८८१६१९८

बालुवाटारमा २६-फिट पिचबाटोमा ०-६-२-० माबनेकोघर जग्गाकोमुल्यमा 3,25,00,000/- साथै ०-१०-२-० माबनेकोघर 5,10,00,000/- मात्र 9823582607

भंगाल भ्यालीपब्लिक मेनरोडमा ०-६-०-०, 9851027364

सानेपामा चौधरी ग्रुप नजिक २४ आना कम्पाउण्ड जग्गा आनाको ६५ लाख No Agents, 9841348337

**कपन जमदारचोकमा आफुवसेर मासिक एकलाख भाडाआउने ३.५ तल्लेघर विक्रिमा मूल्य २,१५,००,००० सम्पर्क ९८०१२३३१३१ ९८०१२३३१३५ ९८५१०४३५८७**

किर्तिपुर पांगा टाउन प्लानिङमा नौआनो जग्गा आनाको २५ लाख NO Agents, 9818376715

वुढानीलकण्ठ नगरपालीका ज्योतीनगरस्थीत ०-५-०-३ जग्गामा नयांमापदण्ड अनुसार बनेको अढाईतल्ला घर, 9851139227

सातदोबाटो एन्फापछाडी ०-५-३-२ प्रतिआना २४,५०,००० ९८५११६९८९९

बलम्बुगोखुल पाटीमा ०-३-०-० प्रतिआना १५,००००० ९८४१३६९८९९

गोंगबु टाउनप्लानिङ्गमा एकतल्लाघर २,१०,०००००, ९८६००२२१७७

सितापाईला, नागार्जन न.पा-६, रिङरोडबाट २.५किमिको दुरीमा आधुनिक घरहरू बुकिङ्ग तथा बिक्रिमा, ९८५११८१७५७,९८५११८००१६,९८४१४७४६३७ मूल्य रु १ करोड ५० लाख

सानोभऱ्याङभित्र मेनसडकमा ४.५ आना जग्गाबिक्रिमा ९८४००३००२२

गोठाटारमा ४-फिटेबाटोमा ०-५-१-० प्रतिआना १२,५००००।- तु.बिक्रीमा 9840149093

घरजग्गा, बंगला, Apartment खरिदक्री 9813339738

अमेरीकन एम्बेसी अगाडी ०-१५-० जग्गा ९८०३१९८७१४

सतुङ्गल गुर्जुधारा हाईवेनजिक नयाघर बिक्रिमा ९८४३६३५४९२

ठिमी निकोसेरामा नयां घर बिक्रीमा ९८६९१७३५६७

महाराजगंज, बाँसबारी, बसुन्धरा, घरजग्गा 9813002822

त्रिभुवनपार्कको पछाडी हाईटमा ५.५ आनाविक्रिमा 9808770332

टिकाथलि मेनरोडसगैं नयाँ एकतलेघर विक्रिमा 9803279521, 9851016989

गोठाटार हाईटमा २.५ तलेघर रु.१२५ 9843933695

कपनमा १,८०,००,०००। पर्नेघर सस्तोमुल्यमा १,६०,००,०००। सिधैघरधनी ९८४९८५२७५५

कपन साततलेमा ०-५-१-२ कमर्शियल जग्गा तुबिक्रिमा ९८४१२२६०३४

ललितपुर, टिकाथलीमा आकर्षक ५आनाघडेरी बिक्रीमा ९८४११४६१०३, ९८४१२४२१२७

६आना जग्गामा बनेको थ्रीफेज लाईनसहितको टोखा हात्तीगौंडाको घरभाडामा ९८४११२४६७१

बालाजु, बाइपासनजिकै शेषमति पुलको पश्चिमतर्फ दक्षिण मोहडा भएको चारचार आनाका आकर्षक घडेरी बिक्रीमा। ९८५१०६०४३६,९८६९६२४००८

धापासीहाइट ०-४-२-३ बनको नयांघर २,८५,००,०००। बिक्रीमा 9841283857

नुवाकोट समुन्द्रटारमा ६-८-०-० रोपनीको ३,००,०००। ९८४३४४२३६१

बुढानिलकण्ठ बोर्डिङस्कुलपछाडी १६-फुटे पिचबाटोमा जोडिएको २-०-०-० भिआईपीजग्गा 9851053484

कौशलटारबाट एककिमि बालकोटमा पांचआना ९८१३३३९०४०

## सवारी साधन

2015 अल्टोकार 400000/ किस्तामा 9849302323

Scorpio Xuv गाडीहरू भाडामा, 9808872109, 9842262730

राम्रोकन्डिसनमा चलिरहेको ९ लटको सेतोमारुतीभ्यान अर्जेन्टबिक्रीमा मुल्य ५५०००० ९८१०३१८२९०

स्कुललाई उपयुक्त फोर्सगाडी विक्रिमा 9860667620

Hyundai Creta SX 2016 9851196353

Suzuki Vitara Brezza zdi+ 2016 9851018452

Singlehanded Fiat Avventura 2015 9851196353

Cargovan 2009 बिक्रीमा ९८०३७५४६६९, 44000km

I10 magna 2011 14,50,000/- 9851006336

Alto 2006, 2001 Riofutsal 9803051279

Tucson 2009 4WD RS2700000 9818694172

कार्गोभ्यान २०१४ बिक्रीमा ६,५०,०००।- ९८५१११८१२२

## मेशिन औजार

3D heat transfer, 5in1, mug heat press, wire binding, laminating machine 9851025036

## सम्पर्क

CASH DEPOSITED धितोफुकुवा अतिसस्तो ९८०३०९०१८३, ९८४३५७८९३०

सस्तोमा Cash deposit धितोफुकुवा 9851053106

सस्तोमा Cashdeposit धितोफुकुवा ऋणलिन 9851243313

Cash Deposited धितोफुकुवा अतिसस्तो 9851243351

ज्योतीशशास्त्र 100% भनेकोपुगेलिने नपुगेनलिने ९८४१७५९४२५

Cash Deposit विदेश जानकोलागि 9851008529

धितोफुकुवा क्यासडिपोजिट धितोराखी ऋण 9851014408

Australia education loan visa documentation deposit, 9841173329

**सुरक्षित लगानि राम्रो प्रतिफल ९८५११७८८८७**

आफ्नो बिजनेस बेच्न १०,०००।- ९८६९४८७१६०

Cash deposit विद्यार्थिको लागी 9863427257

कान्तिपुरमा विज्ञापन गर्नुपरेमा ९८४९११०२२२, ९८६०३००८९५

हेडलवर्ग मेसिनमा कलर छपाई १२००मा ९८४३६७०७२०

जस्तोसुकै कामदार चाहिएमा 01-4260314, 9818034644

आल्मुनियम पाटिसन झ्यालढोका बनाउनुपरेमा 9851036714

Cash deposit विद्यार्थीका लागी 9815151535

फेल्ट, पश्मिना, कार्पेट, ज्वेलरी सहित नेपाली हस्तकलाका सामानहरू अन्तर्राष्ट्रिय ब्यापारमेला मार्फत China, Bhutan, Europe, USA, UK, Canada, Russia मा प्रवर्द्धन गर्नको लागि सम्पर्क: MPC, 9841347535, 4419781

घरजग्गा धितोराखी बैंकफाइनाइन्स कर्जा 9843506511

पत्रिकाहरूमा विज्ञापन छपाउनुपरेमा होमसर्भिस ९८५११८५८०७

CASH DEPOSITED धितोफुकुवा अतिसस्तोमा 9851242095, 9851013834

सबैभन्दा सस्तोमा CASH DEPOSIT, धितोफुकुवा ९८६५९९८८८६

घरजग्गा धितोराखी BANK LOAN Consultancy 9851032044

धितोराखी लोन चाहिएमा ९८८००८३९३०, ४२७५२५८

IELTS गरेको महिला चाहियो ९८४१९६४६३३

सेकेन्डहयाण्ड फर्निचर, इलोक्ट्रोनिक्स खरिदबिक्री 9851234047

कम्पनीलाई धित्तो अथवा चलिरहेको हार्डवेयरलाई पार्टनर चाहियो भक्तपुर 9851207117

कम्पनीकोलागी बैकिङ्गर्न धितो चाहियो ९८६३१८१०८०

## विविध विक्रीमा

चलिरहेको मार्ट बिक्रिमा नयांबानेश्वर, संगमचोक ९८१८८९७९९४

ठमेलमा चलिरहेको जबसेन्टर बिक्रीमा 9843016121

सुन्धाराको मदिरा स्टोर बिक्रिमा ९८०८७८४७८८

कोटेश्वरचोकको होटल विक्रीमा, 33,00,000/- 9810161118

कोटेश्वरमा चलिरहेको स्टेशनरी बिक्रीमा 9861552438

सानोभरयाङ्गमा चलिरहेको सिलाईपसल बिक्रिमा ९८१३१८१५३४

रत्नराज्य स्कुलनजिक रहेको कस्मेटिकपसल बिक्रिमा ९८१८१००७२०

ताम्राकार कम्प्लेक्सको मोवाईलपसल विक्रिमा 9808397012

सामाखुसीमा चलिरहेको औषधीपसल विक्रिमा 9880048166

नेपार्टि प्यालेस खुशेबुमा रेष्टुरेण्ट बिक्रिमा 9841053820

ठमेलको रेष्टुरेण्ट, पब, तुविक्रीमा ९८११३००१०५

चलिरहेको रेष्टुरेन्ट बिक्रीमा, झम्सीखेल, ९८१३३६२२४६

नयां होस्टल बिक्रीमा, नयांबानेश्वर ९८५१०३०९७२

कुपण्डोलमा चलिरहेको क्याफे बिक्रिमा ९८६३६०४४७२

**कौशलटारचोकमा राम्रोचलिरहेको रेष्टुरेण्ट तुरुन्तै बिक्रीमा, भाडामापनि दिनमिल्ने ९८५१०१४९३४, ९८६३१८४७५८**

**चलिरहेको क्याफे बिक्रिमा** ९८६९३७४१९२, ९८१३९४१४५२

मंगलबजारको कुर्ता पसल विक्रिमा ९८४१५६०००५

पेप्सीकोलाको कपडा पसल विक्रीका 9852057338

जुत्ता र ब्याग पसल अर्जेन्ट विक्रीमा न्यूरोड पिपुल्सप्लाजा ९८६०००५५८०

फेन्सी पसल अर्जेन्ट बिक्रीमा ढुंगेधारा 9865454077

सुपथमूल्यमा स्टेशनरीतथा फोटोकपीपसल तुरुन्तबिक्रीमा 9860123505, 9841597161

विदेश जानुपरेकोले बागबजारमा चलिरहेको इन्स्टिच्युट बिक्रिमा ९८१८३०१९८०

अर्जेन्ट खाजा घर बिक्रिमा ९८१४२३२९७९

कृषी फर्म विक्रीमा ९८६१०३११२१, ९८२३३८५७५८

चलिरहेको रेष्टुरेन्ट तु.बिक्रीमा ९८६७८८२६९७

किराना होलसेल बिक्रीमा चावहिल ९८४११९५६१६

मदिरा पसल विक्रिमा तिनकुने 9851237333

कुपण्डोलको किराना पसल, कुलेश्वरको क्याटिरिङ्ग ९८४९४५०४४६

दरबारमार्गको पसल तु बिक्रीमा ९८०३३८४४००

नयाबसपार्कको चलिरहेको रेस्टुरेन्ट तुबिक्रीमा ९८४९४३८२८८

चलिरहेको स्पोर्टस पसल बिक्रीमा ९८५११२३१४९, ९८१००४८११८ नयांबानेश्वर(जनता बैंकसंगै) (जग्गासाग पनि साट्न सकिनेछ)

सातदोबाटो स्थित चलिरहेको रेष्टुरेण्ट बिक्रीमा ९८४१९३२०३७, ९८४१६००६३४

Shutter On Sale- Thamel 9841461735

चलिरहेको वुटिक सस्तोमा सामाखुसि 9823797607

भाटभटेनी सुपरमार्केट, सेलवेज, बिगमार्ट, सँग आवद ब्यापार गरिरहेको (थाइल्याण्ड) को हर्वलकस्मेटिक कम्पनी र ब्राण्डबिक्रिमा ९८४१३४५५९६, ९८०३९१९४९३

मेनचोकमा चलिरहेको होटल बिक्रिमा ९८६५४३८५९६

विदेश जानु परेकोले कुर्था सुरुवाल पसल तुरुन्त विक्रीमा चाबहिल गणेस्थान, ९८५१०५९४५५

चलिरहेको लेडीज फेन्सीपसल विक्रिमा सुकेधारा निलोपुल 9843626004, 9849532628

गंगोवुमा चलिरहेको फेन्सीपसल विक्रीमा, 9849096571

बसुन्धारामा राम्रोसाग चलीरहेको खाजा पसल(क्याफे) विक्रीमा फोन:९८१७४१२७७२

क्याफे विक्रीमा चच्चेपाटी 9841706505, 9860164758

बस्नेकोठा किरानापसल मुल्य १,५०,००० ९८१०२२६१७२

बागबजारको अन्डरग्राउण्ड रेष्टुरेन्ट विक्रिमा 9867343892

चलिरहेको रेष्टुरेन्ट विक्रिमा तिनकुने 9849753818

महाराजगन्ज पुलिसचौकी अगाडी पुलिस रीपोर्टकोफर्मभर्ने साथै फोटोस्टुडियो अर्जेन्टबिक्रीमा ९८५११७७२२८

डिल्लीबजारमा चलिरहेको ब्युटिपार्लर विक्रीमा 9841303877

कलंकीचोकको पि एण्ड पि रेष्टुरेण्ट बिक्रिमा 9845123886

कलंकीचोकको मोवाइल पसल तुबिक्रिमा 9861762452

स्कुल कलेजकोलागि चाहिने डेक्सबेन्च बिक्रीमा 9841248027

चलिरहेको पार्लर बिक्रिमा सातदोबाटो ९८१८३९२७२८

फेन्सी पसल विक्रिमा ग्वार्को 9844472094

१०एटयाच्ड ८ ननएटयाच्डको गेस्टहाउस नयाबसपार्क माछापोखरी ९८६०६६७८७९

चलिरहेको गेस्टहाउस गोगबु ९८०८५०७६२८,९८२३१६९१३५

नेपालटारमा चलिरहेको नेवारीखाजाघर बिक्रीमा ९८४४३८८६१५

## निर्माण सफाई

ढलमंगाल ट्वाइलेट जामखोल्ने २५०। ९८५१०८९४१०

ढलमंगाल ट्वाइलेट जामखोल्ने २५०। ९८५१०१३५१२

सेफ्टीटैंकी सफाई सस्तोमै १५०० ९८५१०८८५९२

सेफ्टीटैंकी सफाई २०००। ९८४१६७३२३०, ९८५१०९९५७२

सेफ्टीटैंकी सफाई सस्तोमा ९८४१३४३४८७, ४४६४५६८

सेफ्टीटैंकी सफाई गाडिबाट ९८५१११८२७९, ९८५१०८७०५८

भ्याकुमबाट सेफ्टीटैंकी सफाई ४४८७६७७, ४४८५९९९, ९८५१०५२२९९

ढलट्वाइलेट, मंगाल बनाउने जामखोल्ने 9849503019

सेफ्टीटैंकी सफाई ९८४१२१२२४४, ९८४१४८८१३२, ०१-५१८२४०१

ढलट्वाइलेट, मंगालबनाउने जामखोल्ने 9840540700, 9860053124

ढलमंगाल, ट्वाइलेट जामखोल्ने सस्तोमा 9851096233

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

ढलट्वाइलेट, मंगाल जामखोल्ने सस्तोमा 9860386626

ढलमंगाल बनाउने, जामखोल्ने 9849759072, 9863806904

ढलमंगाल ट्वाईलेट जामखोल्ने, बनाउने 9849515206

सस्तोमा सेफ्टीटैंकी ढल ट्वाइलेट ९८५१०५६६६२

ढलट्वाइलेट, मंगाल, जामखोल्ने सस्तोमा 9869400856

प्लम्बिङ इनारसफाई ढल, ट्वाइलेट, जामखोल्ने ९८५१११६०२२

ढलमंगाल ट्वाईलेट जामखोल्ने सस्तोमा 9851009672

सेफ्टीट्यांकी सफाई गाडीबाट सस्तोमा, ९८५१०८००९५

सेफ्टीट्याङ्की ठूलोगाडीमा सफाइ मेसिनबाट 5251092, 9851024364

सेफ्टीट्याङ्की सफाई गाडीमा १५००/ 9843768737

सेफ्टीटैंकी सफाई सस्तोमा ०१-४४९८२४४, ९८४९७७६०६८, ९८०३६७५०१९

ढलमंगाल ट्वाईलेट जामखोल्ने सस्तोमा ९८४१६६३६६८

ढलमंगाल बनाउने जामखोल्ने सेप्टीटैंकी मेसिनबाट ९८४१४४८७७० होमप्रसाद

ढलट्वाईलेट जामखोल्ने मंगालसफाई निर्माणपनि 9841464543

फिल्टर, सोलार, बोरिङ्ग, प्लम्बिङ्ग ९८५१००८०३६

ढलमंगाल ट्वाईलेट जामखोल्ने ७७५। मर्मतगरिन्छ ९८५१०१९८८९

## भाडामा

ललितपुरमा घरफ्ल्याट लिनदिन ९८४९२८५७१४, ९८५१०४३६५९

ललितपुरमा घरफ्ल्याट लिनदिन किनबेच, 9851085854

घरफ्ल्याट अपार्टमेन्ट अफिसस्पेश लिनदिन ९८५१०२३५१३

ललितपुरमा घर फ्ल्याट लिनदिन 9810196609

ललितपुरमा घर फ्ल्याट लिनदिन ९८४९६४९४३१

ललितपुरमा घरफ्ल्याट भाडामा लिनदिन ९८५१०७१५९०

गोल्फुटारहाईटको सुविधायुक्त फ्ल्याट तुभाडामा ९८४१००५७४३

www. linknepalrealestate.com.np घरभाडा लिनदिनपरेमा 9741455638

ताहाचलमा दुईवेडरुम किचेनहल भुईतल्ला भाडा २२,००० ९८०८४१०२२७

www.rentalnepal.com घरफ्ल्याट ,वंगला भाडामा लिनदिन/खरीदबिक्री ५५२२८९९, ९८५१०७५१८८

वल्खुचोकमा सोरुमको लागि सटर ९८५१०७३३८०

कुपण्डोलमा अफिसलाई घर तुरुन्तभाडामा ९८४९२८५७१४

कुपण्डोलहाइट १-०-०-० जग्गा-तुरुन्त भाडामा ९८४९२८५७१४

स्वीमिङ पुल सहितको घर 9851102115

सामाखुसीचोकमा फ्ल्याट, रानीबारीमा शटर, ९८४९००८७०२, ९८४१४१९९०६

लाजिम्पाट अफिसलाई आठकोठाको घर भाडामा ९८४०७२०९२८

उपत्यकामा तुरुन्त भाडामा लिनदिन ९८६९३९३६९६

कालिमाटीमा ठुलो कम्पाउण्डमा फ्लाट ९८४१७३१५४७

असन बांगेमुढामा Kitchen, Dining र कोठाहरू ९८५१०२०१८३, ९८४१३२५७६०

उपत्यकामा घरफ्ल्याट लिनदिन परेमा, 9860974067

सुकेधारा चोकनजिकै ०-६-०-० माबनेको फ्ल्याटसिष्टमको साढेदुईतल्ले घरभाडामा बस्न,र अफिसकोलागि उपयुक्त 9860193128

अफिसको लागी ३४०sqft, 1st फ्लोरमा चापागांउदोवाटो नजिक, 9840248161

मैतिदेवीमा ५ कोठाको फ्ल्याट गाडीपार्किङ्गसहित भाडामा रु.२६,०००/-, 9851027499

बंगला, Apartments, खालीजग्गा, Office-space भाडामा लिनदिन 9818059214

कुसुन्तीमा ८ कोठाको घर भाडामा ९८४९०५२७२४

गोंगवु आवसीयक्षेत्रमा अफिसकोलागि उपयुक्त पार्किङ्गसहितको फ्ल्याट भाडामा-९८५१०१९३५९, ९८१८४००९०८

## चाहियो

ज्योतीसशास्त्र १००% भनेकोपुगेलिने नपुगेनलिने ९८४१७५९४२५

सातदोबाटोको नयांअफिसलाई अफिस्टाफहरू अर्जेन्ट 27,500/- 9818846992, 9861848292 सबैलेगनमिल्ने

सेसा कम्पनीलाई खानबस्नसहित कर्मचारी 15,500/- कलंकी 9818306803

भक्तपुर, सातदोबाटोमा, कोटेश्वर, कलंकी, चावहिल अफिसलाई Receptionist, IT Sector, अन्तराष्ट्रिय सामानहरू उत्पादन/ प्याकिंगगर्नेमा, कामगर्न पढेनपढेका कामगर्नेहरू तु.चाहियो 18,500 +गाडीभाडा 9813866659, 9741148053

चावहिल अफिसलाई कर्मचारी 21,500/- 9851048039, 9823365740

चावहिलमित्रपार्कको अफिसमा वेरोजगारहरूलाई रोजगारको सुवर्ण अवसर 21,500/- खाजाभाडा 9860912207, 9810286955

खानबस्नसहित बालाजु अफिसलाई कर्मचारी 17,500/- 01-4388962, 9823565408, 9818349301

International प्रोजक्टलाई खानबस्न 15,500/- मित्रपार्क 9851087809

खानबस्नसहित कलंकीमा कर्मचारी 21,500/- 9813374034, 9846819731

SEE+2 कर्मचारी 18,500/- 9849226077, 9801089036

साधारण सेक्यूरीटी तुअर्जेन्ट 16000 9810104150

CG कम्पनीलाई खानबस्नसहित 15,500/- कोटेश्वरचोक 9801202663, 9849544788

कन्सलटेन्सीलाई स्मार्ट लेडिज चाहियो 9863208267

भ्यानमा डेलिभरी दिनेकेटा चाहियो 9808480452

अफिसलाई स्टाफ 18,000/- चावहिल 9816668301, 9868932951

सातदोबाटोमा, कोटेश्वर, कलंकी, चावहिल अफिसलाई Receptionist, IT Sector अन्तराष्ट्रिय सामानहरू उत्पादन/ प्याकिंगगर्नेमा पढेनपढेका कामगर्नेहरू अर्जेन्ट 18,500 +गाडीभाडा 01-5540920, 9803877828

सेक्यूरिटीगार्ड बस्नेब्यवस्था सहित १५,०००।- 9823543008

सेल्सम्यान टायल, धारा, सेनेटरी बेच्न, तिनकुने हार्डवेर, ३०,०००।- ९८४०७०३२४०

NCDB कम्पनीलाई कर्मचारी 18,500/- 9841518958, 9823602975 ग्वार्कोचोक

कलंकी अफिसलाई SEE कर्मचारी 18,500/- 9803020021, 9846254905

पढेनपढेकालाई धुपअगरबत्ती, डल्स, पेपरकटिङ्गमा रोजगार कामघरैमा रु२६,०००।- ०१-४३६३०५८, ९८०३४६११८०

Hello ग्रुपलाई कर्मचारी 15,500/- 9843795879, 9802072247 चाबहिलचोक

अफिसकोलागी कर्मचारी तुआवश्यकता सातदोबाटोग्वार्को 17,500 खाजाभाडाबोनस जोकोहिलेपनि गर्नसक्ने 01-6224661, 9818814045 ,9860909814

युनिक संस्थालाई खानबस्नसहित कर्मचारी बल्खुचोक 22,000/- 9823091703, 9860909328

चक्रपथको NGO अफिसलाई कर्मचारी अर्जेन्ट 21,500/ 9813077113

जस्तोसुकै काम चाहिएमा 01-4260314, 9844290888

खानबस्न सुबिधा ग्रिलकारखानाको लागि कामदारहरू तु.चाहियो बाईकचलाउन जान्नेलाई प्राथमिकता 9851152885

कालिमाटी टेकु भन्सारचोकमा रिसेप्सन, पेपरकटिङ्ग, अगरबत्ती, डल्स बनाउनेमा कर्मचारी अर्जेन्ट रु.२६,०००।- कामघरैमा ९८१३००५००९, ९८४९४५३९५६

कंलकी अफिसमा कर्मचारी १७,५००।- 9841082250, 9823658864

महिला कामदार S.L.C. पढेको 9810161118

बसुन्धाराको NGO अफिसलाई कर्मचारी अर्जेन्ट १९०००/- ९८०८९६२१६७

सहकारी सम्बन्धित मान्छे चाहियो ०१-५५९१५००, ०१-५५९१११९, ९८५११८४६८३

**होटलकोलागी अलराउन्डरकुक, अनुभबी वेटर ९८४१४३७३७१, ९८१३८३४६३० मुक्तिनाथ मुस्ताङ**

Primary Ladies Teachers Nayathimi, 9818713484

महिला रिसेप्सनिस्ट -२ चाहियो ९८५१०-७३५३१

कुक-१,वेटर-१ ९८५१२२९८५६ पुतलीसडक

विज्ञापनकोलागि बालाजुमा कर्मचारी 18,500/- 9813109357, 9869540591

अफिसलाई स्टाफ 15,000/- 9851035560, 9813010589 तिनकुने

कस्मेटिकभित्र खानबस्नसहित कर्मचारी 13,500/- 9813644084

अफिसकोलागी कर्मचारी तुआवश्यकता बौद्धजोरपाटी 15000/- जोकोहिलेपनि गर्नसक्ने 01-4912287, 9818483843

अगरबत्ती, डल्स, पेपरकटिङ्ग टिवेटियनमाला बनाउनेमा घर-घरैमा रोजगारी गरौं१३,८००-२६,५००।-(गरेअनुसार) ०१-४४८७८७८, ९८१३८२८०११ चाबहिल वडा कार्यालय नजिक

मन्टेश्वरी तालिमप्राप्त शिक्षक चाहियो खानाखाजा सुविधा आकर्षक तलब कोटेश्वर ९८६०११२०१३

क्यासियर १ महिला +२ व्यवस्थापन, कार्यालय सहायक १ SLC, ५५३८९४७

कोटेश्वर, सातदोबाटोमा, सामाखुशी, बल्खु,कलंकी चावहिल अफिसलाई Receptionist, IT Sector अन्तराष्ट्रिय सामानहरू उत्पादन/ प्याकिंगगर्नेमा पढेनपढेका कामगर्नेहरू तु.चाहियो 18,500 +गाडीभाडा 9813345228, 016913221

२० फिट लम्बाई भएको विदेशी मालसामान बोक्ने आउने खाली कन्टेनर चाहियो सम्पर्क: रबि अधिकारी 9845038274

रिसेप्सनिष्ट भिडियो इडिटर क्यामरापर्सन रिपोटरचाहियो ९८४११५२३६४

JCB ब्याकलोडर अपरेटर-२, मिनीटाटा ड्राइभर-१ लाईसेन्स भएकोलेमात्र सम्पर्क ९८०१०७५४१०, ४४७८८०२

Housemaid, Caregiver Urgently 01-4788604, 9851227616

कस्मेटीकमा खानबस्नसहित तु.रोजगार १५०००/- ९८४१६९२६४०, ९८०३२७४२२७

सेक्यूरिटी गार्डहरूको तु.आवश्ययता १६,०००।- 9808323444

भिडियोमा नव कलाकारहरूको आवश्यकता ९८२३०६६२५२

कुक किचनहेल्पर आवश्यकता ग्रीन-कटेज रेष्टुरेन्ट/भान्छाघर ९८४६४७३२२७/९८४६१९०९२४ ९८५६०४६२९७

भारतको प्रतिष्ठित सहरहरूको सरकारी कम्पनिहरूमा ड्युटिगर्ने ११०भु.पु., सिभिल सुरक्षागार्ड अर्जेन्ट, संचयकोष, बोनस, खानबस्न, विमाकोसुविधा तलब: भु.पु-३२,०००।-, सिभिल-२२,४००। ०१४९१६६८९, ९८५११५०५२३, ९७४१४२७४००

**Lower Secondary/ Secondary Science, Social 01-4411930, 9808170531 Baluwatar**

वेरोजगारहरूलाई रोजगारको सुवर्ण अवसर 20,500/- (कामगरेजति) चावहिल गोपीकृष्ण 9823691949, 9861497188

कस्मेटिकभित्र इमान्दार कर्मचारी 12,000/- 9823280255

करफोक चियाकम्पनिका लागि सेल्समेनहरू चाहियो तलव+ कमिसन ९८१३२६५३३४, ९८६९६२१३१७

भु.पु. सिभिल गार्डहरू चाहियो 9803090961

नवजीवन फार्महाउसलाई कामदार तुरुन्तै ९८४१२८५४९९

रातोपुलमा ममःमेकर कुक हेल्पर 9861932618

सातदोबाटो स्थित सहकारीलाई मार्केटिंग म्यानेजर तु.चाहियो ९८४१९३२०३७, ९८४१६००६३४

**अफिसमा कर्मचारी 16,500/-** 9823295113, 9841574773 **गट्ठाघरचोक**

अनुभवी सेल्समेनहरू तु.चाहियो तलब: १०,०००+, 9851061081, 01-5007487

कलंकीस्थितजगेडा सहकारीमा मेनेजरको आवश्यकता 01-5219658

Preprimary, Primary, Lower secondary English, Science, Social Teacher, Lagenkhel, 9840749695, 9803536930

नेपालगंजमा होटेलको लागि Swimmingpool lifeguard/ Operator/ Instructor-3, Manager-1, Supervisor-2, Cook-2, Barmen-2, Waiter/ Waitress-15 जना तुरुन्तै चाहियो सम्पर्क: 9818710834

UMI कम्पनीलाई कर्मचारी १८,५००/- सातदोबाटो 9818473874, 9880293737

**कर्मचारी १२,५००।- Fixed** 9818163076, 9849895558, **चावहिल**

कुक २०,०००।-भाडामाझने १०,०००।- मार्केटिङ Ladies/Gents १२५००।- 9823491593, 9810329133

मल्टिनेशनल कम्पनीमा खानबस्नसहित १०-कर्मचारी तु.आवश्यकता १५०००।- 9844773997, 9866502966

कम्पनीलाई बजार प्रतिनिधी आवश्यकता ९८६६३१३३२८

Smart Roomboy One Office Assistant One Stupa Guesthouse Boudha 9860455622

कुकवेटर, क्याप्टेन चाहियो ९८४९९५८१०३, ९८०१०५८१०३

Experienced English,Computer Teacher for Primari Level Gangabu Baniyatar 9849762418

तिनकुनेचोकैको SS-Nepalलाई अफिस्टाफहरू अर्जेन्ट 21,500/- खाजाभाडाबोनस, जोकोहिले गर्नसकिने 01-5199302, 9818282550

गोंगबुचोकैको PGLकम्पनिलाई कर्मचारीहरूको आवश्यकता 23,000/ खाजाबसभाडा 01-6224646, 9810281903

भक्तपुरमा मःमः पसलको लागि कुक तथा हेल्पर ९८४१५१४८८१, ९८६१८५३४६४

Immediately wanted an experienced Montessori trained UKG/SKG teacher for Montessori School Lokanthali Bhaktapur Contact 9851002216

**Primary Science Teacher-1 +2Pass Phutung Kathmandu 01-5189117, 9841294408**

Store Keeper Male-2, Pickup Driver-2, Geologist-1, Machanics-1, (Knowledge in compressor, Generator, Crusher and other equipment) Accountant-1, Procurement Manager-1, Email: info@mountaininfra.com, Contact: 4425357

Math English Primary Lower Secondary 01-4258718, 9741092344

Teacher Wanted English-1, Nepali-1 Mountolives High School Sinamangal 01-4473913, 9851096208

निर्माण सम्बन्धी मिस्त्री, हेल्परहरू खानेबस्ने ब्यवस्था 9810384559

बस तथा लाईट ड्राइभरहरू चाहियो 9808797664

नयां रेष्टुरेण्टकोलागी Head Cook तुरुन्त चाहियो ९८४१४५३७२९

प्रेस तथा पब्लिकेशन्सका लागि कर्मचारीहरू ०१-४२४३९३६, ९८५१०७१३११

तु.आवश्यकता वेटर- २, हेल्पर-२, ९८६०७३३४१३

फर्निचरमा कामगर्ने मिस्त्री चाहियो ९८५११७९०४०

4years Experience Nursery Teacher and Lady Hostel Warden Contact 9849235884

Lower Secondary English Teachers Kalopul 9851009486

चावहिल सेकुवाकर्नरलाई वेटर खानबस्नसहित आकर्षक तलब ९८४९६९३५५६

**स्कुलकोलागी खानबस्ने सुबिधासहित आया र पाले दम्पतीलाई ग्राहयता सम्पर्क ९८४१४९८४०८**

डिसवासर महिला तलब १४००० सम्म न्यूरोड ९८५१०४१५७२

**स्कुल बस चलाउने ड्राइभर चाहियो महाराजगंज काठमान्डौ ९८०१८३६५४७**

Urgently Teacher Wanted Lower Secondary English, Secondary Social Parttime/Fulltime, Pre-Primary English, Hostel Warden English Background, Genius English Medium Secondary School: 014800147, 9841495786, 9841405046

अनुभवी ग्रिल हेल्पर ५जना चाहियो 9862239602

English,Science,Social,EPH Grade Teachers Hostel Teachers alllevel 4366202,9851053997

कस्मेटिकलाई इमान्दार कर्मचारी 18,600/- 9823448984

SEE कर्मचारी 13,500/- 9808256895, 9860768436 गोंगबुचोक

कस्मेटिकभित्र इमान्दार कर्मचारीहरू खानबस्न 18,775/- 9860563565, 9812144703

बहुराष्ट्रिय कम्पनीलाई कर्मचारी 15,500/- 9804249265 कलंकी

## मर्मत

ढलमंगाल ट्वाइलेट जामखोल्ने २५०। ९८५१०८९४१०

ढलमंगाल ट्वाईलेट जामखोल्ने सस्तोमा ९८४१०७२९६९

ढलमंगाल ट्वाइलेट जामखोल्ने २५०। ९८५१०६१३३१

ढलमंगाल, ट्वाईलेट जामखोल्ने सस्तोमा 9841663344

ढलट्वाइलेट, मंगाल, जामखोल्ने सस्तोमा 9841050858

ढलमंगाल, ट्वाइलेट जामखोल्ने १०० 9849998884

ढलट्वाइलेट, मंगाल जामखोल्ने सस्तोमा 9851024861

सेफ्टीट्याङ्की, ढलट्वाईलेट, मंगाल जामखोल्ने 9851024676

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

LG लगाएत सबैकम्पनिको LEDTV मर्मतग्यारेन्टीमा ९८५१००१५२८, ०१४३५७२६४

ढलमंगाल ट्वाईलेट जामखोल्ने १५०। 9841266950

AC घरअफीसमै आएर ग्यारेन्टीकासाथ मर्मतफिटीङ्ग तथा नयांखरिद गर्नुपरेमा 9802063522, 01-5527303

घरैमा T.V. फ्रिज, 01-4464254, 9841296192

TV LED एकबर्ष ग्यारेन्टि घरमैमर्मत ९८४१७९३५८६

फ्रिज, वासिङ्गमेसिन, माइक्रोवेभ, LED घरैमा मर्मत ९८५११५६१२३, ९८१३३९८५३९

## भर्ना

प्राईभेट SLC निशुल्कभर्ना 100% Pass 9813478633

प्राईभेट SLC नयांभर्ना ०१४३६४७७८, बसुन्धारा

प्राईभेट SLC ग्यारेण्टी पास ९८४१००७८२२

## तालिम

CTEVT मान्यताप्राप्त ल्याप्टप, हाउसवाइरिङ्ग, प्लम्बिङ्ग, मोटररिवायन्डिङ्ग, एसीफ्रीज, ०१४२७४२१७, ९८१८३९७५३४

मोबाईल Laptop हार्डवेयर हाउसवायरिङ्ग मोटररिवाइण्डिङ्ग एसीफ्रिज:-9860235388

डोजर अपरेटर तालिम रु२०,०००/- 9808178842

निशुल्कमा मोवाईल, ल्यापटप, हाउसवायरिङ्ग 9803471693

ऋत्भ्ख्ज मान्यता मन्टेश्वरीतालीम, 9841169412, 01-4475063

## उपचार

पायल्स फिस्टुलाफिसरको विनाअप्रेसन उपचार 9841902394

निःशन्तान, सुगर ग्यारेन्टी उपचार ९८१९३४६६९२

योनपावर बढाउन USA हर्बल सप्लिमेन्ट 9851030269

## पशुपंक्षी

छाकमा १० लिटर दुधदिने दोश्रो वेत सम्म ब्याएको स्वस्थ होलेस्टाइन जर्सी गाई चाहियो ०१-४३८७४३४, ९८०११२२८२२

गुणस्तरीय कुकुरहरू बिक्रीमा माउन्टएभरेष्ट केनल:-4495668, 9841031037

## बिहावारी

तीसबर्षिय ब्राम्हण बरलाई अष्ट्रेलियन पिआरहोल्डर वा नर्सिङ्ग पढेको वधुचाहियो ०१-४६२०२०४, ९८६९६०२९१८

Nursing USA, Greencard श्रेष्ठ २९-बर्षिय उच्चघरानिया कन्यालाई अमेरिकामा Settled सोजातिय बरचाहियो 9809247596, lifebright60@gmail.com

## बर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ | पेप्सीकोला/कोटेश्वर | ९८५११७८८३०/९८५११८५८६७ |
| जिरो मिडिया | अनामनगर | ४२२०३२७ |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ | फुलबारी टोल, कपन | ४८२३१२५, ९८१८५११५७४ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८५११८५८०७ |
| हलफयाक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| मेमोरेक्स मिडिया | धापाखेल | ९८४३६८३८९५, ९८४१५३२९३३ |
| गोर्खा न्यूज एण्ड स्टेशनरी | सोह्रखुट्टे चोक | ४३५५७६० |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ४३७२३३०, ९८४९६५२९३ |
| बि. एण्ड बि. कम्युनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस कम्युनिकेशन | गोंगबु, नयांवसपार्क | ४३६४७५१ |

| | | |
|---|---|---|
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४३८३४५२ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१५५७ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ४३५६४७५ |
| नेपाल मिडिया कन्सल्ट | अनामनगर | ४१०२८२८ |
| विडलिंक मिडिया | पु. बानेश्वर | ४४९२३०९ |
| सूर्य विनायक साइबर | सूर्यविनायक | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४४१४९२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | बागबजार | ४२४१२१२, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९८४१३२३८२८ |

| | | |
|---|---|---|
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ४२४८२४८ |
| डाइनामिक एड मिडिया | पुतलीसडक | ४१६८४७९ |
| भिजन एडभरटाइजिङ | कलंकी | ४०३२०४२, ९८५१०९६०४४ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | नख्खु चोक | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | थसीखेल | ५००१५११, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| अंकुर मिडिया हाउस प्रा.लि. | गठ्ठाघर | ६६३३५५८, ९८५११५२०५६ |
| सेभेन24 प्रा.लि. | जावलाखेल, ललितपुर | ५५३५९२४, ५५४७७९७ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ९८१००५५००० |

### बर्गीकृत डिस्प्ले

श्याम/श्वेत रू. ३०००/-

स्पट कलर रू. ३५००/-

मल्टी कलर रू. ५०००/-

### बर्गीकृत विज्ञापन

साधारण प्रति शब्द रू. ४५/-

बोल्ड प्रति शब्द रू. १००/-

* मू.अ.क. बाहेक

परम्परागत साधन

रौतहटको गेडहीबाट गरुडा बजारमा खाद्यान्न बिक्री गर्न लैजाँदै ।



# अर्थ वाणिज्य

kantipurdaily.com



राजधानीको माइतीघर–नयाँबानेश्वर खण्डको बिजुलीबजारमा निर्माणधीन आर्क नेटवर्क ब्रिज । सरकारले ट्राफिक जाम कम गर्ने तथा सहरी सौन्दर्य बढाउने उद्देश्यले २०७२ साल पुस १३ गते आर्क नेटवर्क ब्रिजको ठेक्का अघि बढाएको हो । ठेकेदार कम्पनी जेई कन्स्ट्रक्सनका कारण पुल निर्माणमा ढिलाइ भइरहेको छ । सम्झौताअनुसार गत पुस १३ गते निर्माण सम्पन्न गरिसक्नुपर्थ्यो । तस्बिर : सुरविन्द्रकुमार पुन

## पश्चिम सेती निर्माणका दुई विकल्प प्रस्ताव

■ विजय तिमल्सिना

काठमाडौं- पश्चिम सेती जलविद्युत् आयोजना निर्माणको सुझाव दिन गठित समितिले दुई विकल्प तयार पारेको छ ।

समितिले ७ सय ५० मेगावाट क्षमताको यो आयोजना निर्माणको जिम्मा पाएको चिनियाँ कम्पनी थ्री गर्जेजलाई दिएको सम्झौता खारेज गरी स्वदेशी लगानीमै बनाउने वा थ्री गर्जेजलाई कम क्षमतामा बनाउन स्वीकृति दिने दुई विकल्प तयार पारेको हो । 'थ्री गर्जेजसँगको अहिलेको समझदारी अन्त्य गर्दै स्वदेशी लगानीमा बनाउने र उसले भनेको क्षमतामा निर्माण गर्न स्वीकृति दिने विकल्प छलफल गरेका छौं,' समितिका एक सदस्यले भने, 'बोर्डको आगामी बैठकमा यो प्रतिवेदन पेस गर्दै छ ।' आयोजना निर्माणमा प्रदेश ७ सरकारलाई पनि संलग्न गराउनुपर्ने सुझाव पनि प्रतिवेदनमा समेटिएको ती सदस्यले जानकारी दिए ।

थ्री गर्जेजले यसअघि पनि ७ सय ५० मेगावाट क्षमतामा पश्चिम सेती आयोजना बनाउँदा लागत महँगो पर्ने भन्दै ६ सय मेगावाट क्षमतामा बनाउने प्रस्ताव गरेको थियो । तर, तत्कालीन ऊर्जामन्त्री जनार्दन शर्माले यसलाई अस्वीकार गर्दै पूरा क्षमतामा बनाउनुपर्ने सर्त राखेका थिए । समितिले यो प्रस्ताव लगानी बोर्डको आगामी बैठकमा राख्ने तयारी गरेको छ । फागुन २५ मा बसेको लगानी बोर्डको २९ औं बैठकले समिति गठन गर्ने निर्णय गरेको थियो । लगानी बोर्डको बैठकमा प्रतिवेदन पेस गरेपछि बोर्ड बैठकले यसबारे थप निर्णय गर्ने समितिका एक सदस्यले जानकारी दिए ।

तत्कालीन मन्त्रिपरिषद् कार्यालयका सचिव महेन्द्रमान गुरुङको अध्यक्षतामा गठित समितिमा लगानी बोर्ड, विद्युत् प्राधिकरण, ऊर्जा मन्त्रालय, अर्थ मन्त्रालय र पश्चिम सेती सरोकार मञ्चका प्रतिनिधि सदस्य छन् । समितिलाई एक महिनाभित्र अध्ययन प्रतिवेदन बुझाउन समय अवधि दिइएको थियो ।

- थ्री गर्जेजको सम्झौता खारेज गरी आफैंले बनाउने
- कम क्षमतामा बनाउन स्वीकृति दिने

आयोजना निर्माणको जिम्मा पाएको चिनियाँ कम्पनी थ्री गर्जेजले विभिन्न सर्त राख्दै ७५० मेगावाट क्षमताको आयोजना अघि बढाउन नसकिने अडान राख्दै आएको छ । चिनियाँ थ्री गर्जेजको सहायक कम्पनी सीडब्लूई इन्भेस्टमेन्ट कर्पोरेसन र लगानी बोर्डबीच २०६८ सालमै आयोजना निर्माणका लागि समझदारीपत्रमा हस्ताक्षर भएको थियो । थ्री गर्जेजले र नेपाल विद्युत् प्राधिकरणले आयोजना संयुक्त लगानीमा बनाउने समझदारीसमेत गरिसकेका छन् । आयोजनामा थ्री गर्जेजको ७५ प्रतिशत र २५ प्रतिशत प्राधिकरणको सेयर हुने उल्लेख छ । दुवैको लगानीमा संयुक्त कम्पनी स्थापना गरी आयोजना अघि बढाउने समझदारी भएको हो ।

विद्युत् आयोजना अघि बढाउन थ्री गर्जेज विद्युत् खरिद दर बढाउनुपर्ने, १० वर्षभन्दा बढी समय डलरको भाउमा विद्युत् बिक्री सुविधा हुनुपर्ने, १७ प्रतिशत नाफा निश्चित गरिदिनुपर्ने, आयोजनाको लागि आफूले अहिलेसम्म गरेको लगानी पुँजीकरण गर्नुपर्ने माग गरिरहेको छ ।

विद्युत् प्राधिकरणले जलाशययुक्त आयोजनाको विद्युत् हिउँदमा १२ रुपैयाँ ४० पैसा र वर्षामा ७ रुपैयाँ १० पैसामा किन्ने दर निर्धारण गरेको छ । यो मूल्यमा विद्युत् बिक्री गर्दा आयोजना नाफामा नजाने निष्कर्ष थ्री गर्जेजको छ ।

विद्युत् खरिदको वर्तमान निर्देशिकाअनुसार जलविद्युत् आयोजनाले विदेशी लगानी नतिरुन्जेल वा १० वर्षसम्म जुन चाँडै हुन्छ त्यही बेलासम्म मात्रै डलरको भाउमा विद्युत् खरिद गर्न मिल्ने व्यवस्था छ ।

यही विवादका कारण वर्षौंदेखि चर्चामा रहेको पश्चिम सेती जलविद्युत् आयोजना अघि बढाउन सकेको छैन । ऊर्जा मन्त्री पुनले २५ वैशाखमा भावी योजना समेटेर जारी गरेको श्वेतपत्रमा समेत पश्चिम सेतीलाई प्रदेश नम्बर ७ को मेगा आयोजनाका रूपमा उल्लेख गरिएको छ । बैतडी, बझाङ र डडेल्धुरा र डोटी जिल्लालाई छुने आयोजनाले वार्षिक २ अर्ब ८० करोड यूनिट विद्युत् उत्पादन गर्ने अनुमान छ । आयोजनाका लागि १ खर्ब ८० अर्ब लाग्ने अनुमान छ ।

आयोजना निर्माणका लागि सरकारले २०५४ मा अस्ट्रेलियाली कम्पनी स्मेकलाई स्वीकृति दिएको थियो । तर, पटकपटक म्याद थप्दा पनि कम्पनीले आर्थिक स्रोत जुटाउन नसकेपछि २०६८ साउनमा सम्झौता खारेज भएको हो । सोही वर्ष आयोजना निर्माणको जिम्मा थ्री गर्जेजलाई दिने निर्णय भएको हो ।

थ्री गर्जेजले २०६८ मा गरेको सम्झौतामा आयोजना सन् २०१४ देखि निर्माण सुरु गरी २०१९ को डिसेम्बरमा निर्माण गरिसक्ने उल्लेख छ । तर, प्राधिकरणसँग ६ महिनाअघि भएको संयुक्त लगानी सम्झौतामा आयोजनाको निर्माण अवधिबारे उल्लेख छैन ।

## तेस्रो प्राथमिकताका आयोजना नै नहुने

कान्तिपुर संवाददाता

काठमाडौं- योजना आयोगले आयोजनाहरूलाई पहिलो प्राथमिकता (पी वान) र दोस्रो प्राथमिकता (पी टु) मा मात्रै वर्गीकरण गर्ने निर्णय गरेको छ ।

धेरै आयोजना प्राथमिकीकरण गर्ने, त्यसमा पनि पहिलो र दोस्रो प्राथमिकीकरणमा राख्न होडबाजी चल्ने गरेपछि योजना आयोगले पी वान र पी टु मात्रै राख्ने निर्णय गरेको हो । 'हाल तेस्रो प्राथमिकताका आयोजनाहरू त १८ वटा मात्रै रहेछन्,' योजना आयोगका उपाध्यक्ष पुष्प कँडेलले भने, 'राम्रो र राख्नैपर्ने आयोजनाहरू पहिलो र दोस्रोमा राख्ने तर तेस्रो प्राथमिकताका आयोजना नहुने निर्णय भएको हो ।'

चालु आर्थिक वर्षमा १ हजार २ सय १९ वटा आयोजनाहरू छन् । यसमध्ये १ हजार ९७ पहिलो प्राथमिकता, १ सय ४ दोस्रो प्राथमिकता र १८ वटा तेस्रो प्राथमिकताका आयोजना हुन् । यसमध्ये बजेट पनि सबैभन्दा बढी पहिलो प्राथमिकताका आयोजनामा ७ खर्ब ८० अर्ब ६७ करोड ९३ लाख ५८ हजार रुपैयाँ विनियोजन भएको छ । दोस्रो प्राथमिकताका आयोजनाका लागि ५९ अर्ब ४४ करोड ६ लाख १५ हजार रुपैयाँ विनियोजन भएको छ । तेस्रो प्राथमिकताका आयोजनाका लागि २ अर्ब ६७ करोड ७९ लाख २२ हजार रुपैयाँ विनियोजन भएको छ ।

आर्थिक वर्ष ०७२/७३ मा ४ सय ८४ वटा आयोजनाहरू रहेका थिए । यसमध्ये ३ सय ५३ वटा आयोजना पहिलो प्राथमिकताका हुन् । दोस्रो र तेस्रो प्राथमिकताका आयोजनाको संख्या क्रमशः १ सय १३ र १८ वटा रहेको छ । बजेट पनि सोही अनुपातमा विनियोजन भएको छ । ०७१/७२ मा ४ सय ६८ वटा थिए । यसमध्ये पहिलो, दोस्रो र तेस्रो प्राथमिकताका आयोजना क्रमशः १ सय २० र २२ वटा रहेका थिए । यो आधारमा पनि हरेक वर्ष आयोजनाको संख्या वृद्धि भएको देखिन्छ । यो वर्ष भने करिब १ हजार २ सय आयोजना हुनुका पछाडि स्थानीय ७ सय ५३ सरकार र प्रदेशका ७ वटा सरकारलाई पनि आयोजनामा समावेश गरिएको छ । तर, पनि बाँकी आयोजनाको संख्या भने अधिकै हो ।

- आयोजना पहिलो र दोस्रो प्राथमिकतामा मात्रै वर्गीकरण गर्ने योजना आयोगको निर्णय
- संघीय सरकारबाट बजेट विनियोजन नगरे पनि साना आयोजना प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने, उनीहरूले टुक्रे आयोजना थप वृद्धि गर्ने र बजेट कनिका छराइ हुने सम्भावना कायमै

उक्त तथ्यांक देखाउँदै योजना आयोगका एक अधिकारीका अनुसार आयोजनासँग सम्बन्धित निकाय तथा उच्च अधिकारीहरू पहिलो र दोस्रो प्राथमिकतामा राख्न दबाब दिने गरेका छन् । 'अब संघीय संरचनाअनुसार धेरै आयोजना प्रदेश र स्थानीय तहमा जाँदै छन्,' उनले भने, 'संविधानको अधिकार सूचीभित्र रहेका केही आयोजनाहरू मात्रै केन्द्रमा रहने भएकाले पनि यो निर्णय आयोगले गरेको हो ।' हालसम्मको तयारीअनुसार हाल १ हजार २ सयमध्येका करिब दुई सय आयोजना केन्द्रमा रहनेछन् । बाँकी आयोजना प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुनेछन् ।

'केन्द्रमा थोरै आयोजना रहने र ती पनि अति महत्त्वपूर्ण मात्रै हुने भएकाले प्राथमिकीकरणको निर्णय भएको हो,' ती अधिकारीले भने । यसअघि अर्थमन्त्री युवराज खतिवडाले 'कुनै पनि प्रक्रियामार्फत' ससाना आयोजनामा बजेट विनियोजन नगर्ने घोषणा गरिसकेका छन् । संसदमा आगामी आर्थिक वर्षको बजेटका सिद्धान्त र प्राथमिकता पेस गर्दै खतिवडाले सही अर्थमा संघीयता लागू गरिने र प्रदेश तथा स्थानीय तहबाट धेरै काम हुने भएकाले साना आयोजनामा बजेट विनियोजन नगर्ने जनाएका हुन् ।

संघीय सरकारबाट बजेट विनियोजन नगरे पनि साना आयोजना प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने, उनीहरूले टुक्रे आयोजना थप वृद्धि गर्ने र बजेट कनिका छराइ हुने सम्भावना कायमै छ । जसको व्यवस्थापन चुनौतीपूर्ण नै रहेको योजनाविदहरूले बताउँदै आएका छन् । योजनाविदहरूले साना आयोजना केन्द्र सरकारको कार्य क्षेत्रभित्र नपर्ने संविधानमै स्पष्ट व्यवस्था भएकाले प्रदेश र स्थानीय तहका टुक्रे आयोजना व्यवस्थापनको उपाय खोज्नुपर्ने सुझाएका छन् ।

अर्थमन्त्री खतिवडाले सार्वजनिक गरेको बजेटको सिद्धान्त तथा प्राथमिकता र राष्ट्रपतिद्वारा केही दिनअघि संसदमा सार्वजनिक सरकारको नीति तथा कार्यक्रममा प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने टुक्रे तथा साना आयोजनाको व्यवस्थापनबारेमा ठोस योजना देखिँदैन । यो आधारमा प्रदेश र स्थानीय तहले बजेटमा कनिका छराइ र ससाना आयोजना बढाउने सम्भावना भने जीवितै छ ।

## निजगढ विमानस्थल निर्माणको बाटो खुल्यो

कान्तिपुर संवाददाता

काठमाडौं- वन तथा वातावरण मन्त्रालयले निजगढमा बनाइने दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) स्वीकृत गरेपछि निर्माणका लागि बाटो खुला भएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार मन्त्रीस्तरीय निर्णयबाट बुधबार ईआईए स्वीकृत भएको हो । 'निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन स्वीकृत भएको छ । यसले अब निर्माणको काम अगाडि बढाउने बाटो खुलेको छ,' पर्यटनमन्त्री रवीन्द्र अधिकारीले भने ।

अर्थ मन्त्रालयले चालु वर्षको अर्ध वार्षिक बजेट समीक्षा गर्दा निजगढ अन्तर्राष्ट्रिय विमानस्थलले विनियोजन गरिएको १ अर्ब ५० करोड खर्च गर्न सकेको थिएन । 'वन क्षेत्रका रूख कटान गर्न अनुमति प्राप्त नभएकाले फेन्स तथा पेरिमिटर सडक निर्माण गर्न सकिएको छैन,' प्रतिवेदनमा उल्लेख छ । अब ईआईए स्वीकृतिसँगै निजगढका लागि विनियोजन गरिएको बजेट खर्चका लागि पनि बाटो खुलेको छ ।

वन मन्त्रालयले ईआईए स्वीकृत गर्दै १५ वटा सर्त पूरा गर्न भनेको छ । पर्यटनमन्त्रीका प्रेस संयोजक ध्रुव पोखरेलका अनुसार निर्माणका क्रममा कुनै नयाँ वातावरणीय सवाल तथा प्रभाव थपिए तीनलाई नागरिक उड्डयन प्राधिकरणले सम्बोधन गर्नुपर्नेछ । त्यसैगरी निर्माण कार्य थालनी भएपछि वातावरणीय अवस्था र प्रभावबारे सम्बन्धित निकायहरूमा प्रतिवेदन दिइरहनुपर्नेछ । प्राधिकरणले अस्थायी संरचना निर्माण गर्दा डिकमिसनिङ प्लानअनुसार मात्रै निर्माण गर्नुपर्नेछ ।

सेनाले यस विमानस्थलका लागि पेरिफेरल सडक निर्माण गर्ने जिम्मा लिएको छ । त्यसका लागि सयौं रूख कटान हुनेछन् । मन्त्रालयले यस कार्यको प्रभाव र निराकरण गर्न भनेको छ ।

आयोजनास्थल वरिपरि रहेका पोखरी, पैनी, नदी, खानेपानी, सिँचाइहरूमा पर्न सक्ने प्रभावको पनि प्राधिकरणले निराकरण गर्नुपर्नेछ । त्यसैगरी आयोजना स्थल वरिपरि हुन सक्ने मानवीय, घरेलु तथा जंगली जीवजन्तु दुर्घटनाको सम्भावनालाई पनि निराकरण गर्दै सावधानी अपनाउनुपर्नेछ । मन्त्रालयले आयोजनामा संलग्न हुने कामदार र कर्मचारीबाट हुन सक्ने जंगली जनावर नोक्सानी र चोरी निकासीबारे पनि सजग गराएको छ । प्रतिवेदनले जथाभावी निर्माण सामग्री उत्खनन नगर्न, आयोजना स्थलबाट निस्किने फोहरलाई खोलानाला थुनिने गरी गरी नफाल्नेलगायतका सुझाव दिएको छ ।

राष्ट्रिय गौरवको सूचीमा राखिएको यस परियोजनाको कोरियन कम्पनी ल्यान्डमार्क वर्ल्डवाइड (एलएमडब्लू) ले सन् २०११ मा विस्तृत सम्भाव्यता अध्ययन (डीएफएस) गरिसकको छ । एलएमडब्लूले यो परियोजनाका लागि ५ खर्ब लागत चाहिने भनेको छ । यो विमानस्थल कुन मोडलबाट निर्माण गर्ने भन्नेबारे सरकारले अझै निर्णय भने गरेको छैन । पर्यटन मन्त्रालयले सार्वजनिक निजी साझेदारी वा ईपीसीएफ मोडलबाट निर्माण गर्न सकिने जनाएको छ ।

एलएमडब्लूले ११ हजार बिघा जग्गा आवश्यक पर्ने औंल्याउँदै टागिया बस्तीका १ हजार ४ सय घरटहरा हटाउनुपर्ने भनेको छ । यस परियोजनामा हालसम्म चार किल्ला छुट्याउने काम सकिएको छ भने नेपाली सेनालाई यस क्षेत्रभित्र रहेका रूख कटानको जिम्मा दिइएको छ ।




# ‘रोजगारमूलक शिक्षामा प्राथमिकता’

■ सुदीप कैनी

काठमाडौं- प्रधानमन्त्री केपी ओलीले सरकारले रोजगारमूलक शिक्षामा जोड दिने बताएका छन् । ‘नेपालमै उत्कृष्ट शिक्षा’ भन्ने नारासहित बिहीबारबाट राजधानीको भृकुटीमण्डपस्थित प्रदर्शनी हलमा पाँचौं कान्तिपुर हिसान शैक्षिक मेला उद्घाटन गर्दै उनले देशलाई आवश्यक पर्ने जनशक्ति उत्पादन गर्न सरकारले नीति बनाउन लागेको जानकारी दिएका हुन् ।

‘शिक्षा गुलाफको फूलजस्तै हुनुपर्छ,’ उनले उदाहरण दिँदै भने, ‘टिप्यो, तुरुन्तै बेच्यो, हातमा पैसा आइहाल्छ ।’ देशलाई आवश्यक पर्ने जनशक्ति उत्पादनका लागि प्राविधिक शिक्षा आवश्यक रहेको उनले औंल्याए । ‘सर्टिफिकेट पीडाको विषय भएको छ, काम नपाउने शिक्षा काम छैन, पढ्दा ऋण लाग्छ, जागिर खोज्दा जुत्ताको तलुवा खिइन्छ,’ प्रधानमन्त्री ओलीले भने, ‘जीवनलाई सरल र सहज बनाउने शिक्षा चाहिन्छ, देशलाई चाहिने जनशक्ति उत्पादन गर्न सक्ने शिक्षा हुनुपर्छ ।’ कस्तो जनशक्ति आवश्यक छ भन्ने पहिल्यै सर्वेक्षण गरेर शिक्षा नीति बनाइने उनले बताए ।

विद्यार्थीलाई उनीहरूको रुचि र क्षमताअनुसारको विषय पढ्न दिनुपर्ने उनको भनाइ थियो । ‘कुनै विद्यार्थी फेल हुँदैन, जुनतारा टिपूँला भनेर हिम्मतमाथि असफलताको बिल्ला भिराएर बन्चरो प्रहार गरिन्छ,’ उनले भने, ‘विद्यार्थीलाई रुचिको विषय पढ्न दिनुपर्छ ।’ इच्छाअनुसार नेपाली युवायुवतीले



राजधानीको भृकुटीमण्डपमा जारी पाँचौं कान्तिपुर हिसान शैक्षिक मेलाको उद्घाटन गर्दै प्रधानमन्त्री केपी ओली । *तस्बिर : इलिट जोशी*

अवसर पाए विश्वमा कीर्तिमान कायम गर्न सक्ने ओलीले बताए । क्रिकेटर सन्दीप लामिछानेको उदाहरण दिँदै उनले भने, ‘क्रिकेटमा राम्रो गरेका सन्दीपलाई गायन वा चित्रकारितामा लगायो भने अहिले जस्तो हुन सक्छ ?’ यसका लागि सरकारले सोच विचार गरेर शिक्षा नीति तय गर्ने उनको आशय थियो ।

शिक्षामा गरिएको लगानी प्रतिफल दिने खालको हुनुपर्ने उनले प्रस्ट पारे । ‘छोराछोरीको पढाइमा लगानी गर्ने आमाबावुको सपना पूरा गर्ने शिक्षा हुनुपर्छ । अहिलेको शिक्षा फूल फुलेको बिरुवामा असिनाले हानेजस्तो भयो,’ प्रधानमन्त्री ओलीले भने । उनले सरकारीले व्यवस्थापनमा सञ्चालित शैक्षिक संस्थाहरूको गुणस्तर वृद्धि गरिने दाबी गरे । ‘सरकार शिक्षा क्षेत्रको सुधार गर्न गम्भीर छ, अब नेपालमा निरक्षर भनेको ५ वर्षमुनिका बालबालिका मात्र हुन्छन्,’ उनले भने । शिक्षा क्षेत्रमा निजी क्षेत्रको योगदानको प्रशंसासमेत उनले गरे । ‘सरकारदेखि प्रत्येक नागरिक र निजी क्षेत्रले शिक्षामा लगानी गरेका छन्,’ उनले भने । कतिपय शैक्षिक संस्थाको नाममा कमाउन धन्दा चलेको भन्दै प्रधानमन्त्रीले असन्तुष्टि व्यक्त गरे । ‘ढाड हेरेर ढाडभन्दा ठूलो लौराले हान्न पाउनु हुँदैन,’ निजी शैक्षिक संस्था संचालकहरूलाई चेतावनी शैलीमा उनले भने, ‘ठगी र लुटमार चलेको छ । कमाउने स्पिड अलिकति कम गरे हुन्छ, नाफा नकमाउनु भनेको हैन ।’ नागरिकहरूले उचित शिक्षा पाएमात्रै देशले काँचुली फेर्ने उनले बताए । शिक्षाले मात्रै प्रत्येक व्यक्तिको सोच र जीवनशैली परिवर्तन गर्न सम्भव रहेको उनको भनाइ थियो ।

उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) र कान्तिपुर दैनिकले शैक्षिक मेलाको आयोजना गरेका हुन् । एसईई र कक्षा १२ को परीक्षा दिएर बसेका विद्यार्थीहरूलाई लक्षित गरेर शैक्षिक मेलाको आयोजना गरिएको हो । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलसमेत प्रधानमन्त्री ओलीसँगै मेलाका स्टलहरूको अवलोकन गरेका थिए । चर्चित क्रिकेटर सन्दीप लामिछानेको उपस्थितिले मेला स्थलमा रौनक थपेको थियो । सन्दीपलाई जेभियर इन्टरनेसनल कलेजका एम्बेसेडरका रूपमा चयन गरिएको मेला आयोजक समितिका संयोजक लोकबहादुर भण्डारीले जनाए ।


उद्घाटन सत्रमा हिसानका अध्यक्ष रमेश सिलवाल, मेला संयोजक भण्डारीलगायतले चारदिने मेलाको आकर्षणबारे जानकारी गराएका थिए । मेलामामा १ सय ५० भन्दा बढी शैक्षिक संस्थाहरूका स्टल रहेका छन् । स्टलमा गएर विद्यार्थी तथा अभिभावकले शैक्षिक परामर्श लिने गरेका छन् । ‘कुन कलेज पढ्ने कुन विषय पढ्ने जस्ता विषयमा विद्यार्थीले परामर्श लिन सक्छन्,’ संयोजक भण्डारीले भने ।

शिक्षासँग सरोकार राख्ने विद्यार्थी र अभिभावक आएर मेलाको अवलोकन गर्ने र परामर्श लिन गरिरहेका छन् । ‘हामीले आशा गरेजत्तिकै पहिलो दिनमै परामर्श लिने विद्यार्थीको चाप धेरै बढ्यो,’ मेलामा सहभागी इस्लिङटन कलेजकी म्यानेजर अनुश्री मानन्धरले भनिन्, ‘सकेसम्म जिज्ञासा मेटाउने प्रयासमा छौं ।’ जेठ १३ गतेसम्म चल्ने मेलाको दोस्रो दिनबाट संघीयतामा शिक्षालगायत विविध शैक्षिक जानकारीमूलक तथा विषयगत सेमिनारहरू हुनेछन् । साथै विभिन्न कलेजले विद्यार्थीलाई अध्ययन छात्रवृत्ति व्यवस्था गरेको जनाएका छन् । मेलाको पहिलो दिन करिब ३५ हजारले अवलोकन गरेको आयोजकले जनाएका छन् ।



■ **आयुशा ठकुरी**, काठमाडौं

कलेजमा कस्तो पढाइ हुन्छ ? कसरी पढाइ हुन्छ भन्ने कुरा पनि मेलामा थाहा भयो । पहिले मलाई केही थाहा थिएन । भर्ना गर्नुअघि नै जान्नु पर्ने कुराहरूको जानकारी पाइँदो रहेछ । कक्षा ११ मा आफूले चाहेजस्तो कलेज, पढ्न चाहेको विषय कस्तो, कसरी पढ्ने भन्ने कुरा पनि मेलामा थाहा भयो । अरु धेरै साथीहरूले पनि जानकारी लिनुपर्ने ठानेको छु ।



■ **सृष्टि रिजाल**, ललितपुर

मेलामा धेरै कुरा सिक्न पाइयो । कलेजहरूबारे केही थाहा थिएन । भूकम्प गएपछि धेरै कलेजहरूले राम्रो भवन बनाएका रहेछन् । सेवा सुविधाबारे जानकारी पाइयो । कहाँ, कस्तो, कुन कुन स्तरको कलेज रहेछन् भनेर बुझ्न पाइयो । छानेको विषय पढ्दा पाउनुपर्ने सेवा सुविधाका विषयहरूबारे जानकारी मिल्यो ।



■ **नारायण बस्नेत**, प्यूठान

म पनि उच्च शिक्षा पढ्न कलेजहरूकै खोजीमा छु । थुप्रै कलेजहरूले आफ्नो पढाइ र वातावरणबारे जानकारी दिने रहेछन् । कुरा सुन्दा हेर्दा सबैका बयान राम्रै छन् । सबै कलेजबारे एकै ठाउँमा जानकारी पाउँदा खुसी लाग्यो । मेलामा कसरी पढ्ने भन्ने कुरा पनि सिक्न पाइयो । पढ्नका लागि धेरै मेहेनत गर्नुपर्ने कुरा सरहरूले सिकाउनुभयो । अब अभिभावकसमेत लिएर आउन जरुरी ठानेको छु ।



■ **रिसर्ज कोइराला**, गोरखा

मेलामा धेरै कलेजहरूको जानकारी पाएँ । कलेजहरूबारे पढ्ने कुराहरू दिनुभएको छ । म साइन्स पढ्न चाहन्छु । खुसीको कुरा यहाँ दाइदिदीहरू र सरहरूले सल्लाह सुझाव दिनुहुने रहेछ । धेरै कुरा एकै ठाउँमा बुझ्न पाइयो । कलेज-कलेज जाँदा धेरै समय लाग्छ । सम्भव पनि हुँदैन । म राम्रो पढाइ हुने र सस्तो शुल्क लिने कलेजको खोजीमा छु ।



राजधानीको भृकुटीमण्डपमा जारी पाँचौं कान्तिपुर हिसान शैक्षिक मेलामा परामर्श लिँदै विद्यार्थी । *तस्बिर : कान्तिपुर*

# ‘निजी क्षेत्रलाई पनि सम्बोधन गर्न सक्नुपर्छ’

***मेलाको पाँचौं संस्करणसम्म आइपुग्दाको अनुभव ?***

अहिलेसम्म आउँदाखेरी शैक्षिक मेलाको माइलेज बढेको छ । सबभन्दा राम्रो माइलेज ‘उत्कृष्ट शिक्षा नेपालमै’ भन्ने नाराले सार्थकता पाउँदै गएको छ । कारण किन भन्दाखेरी नेपालमा पनि राम्रा शैक्षिक संस्थाहरू छन् । राम्रा बन्ने क्रममा छन् । विद्यालय शिक्षा, विश्वविद्यालय शिक्षा राम्रो ढंगले उपलब्ध गराउने सक्षम संस्था छन् । राम्रो संस्थाको विकास गर्नुपर्छ । कमीकमजोरीलाई हटाउनु पर्छ भन्ने सकारात्मक सन्देश गएको छ । हामी राष्ट्रिय मात्र होइन अन्तर्राष्ट्रिय विद्यार्थी पनि सरकारले स्पष्ट नीति ल्याइदियो भने भित्राउन सक्षम छौं ।

***लगानीको कुरा नि ?***

राम्रो लगानी नगरी गुणस्तर हासिल गर्न सकिदैन । पहिलो कुरो भौतिक पूर्वाधारमै लगानी चाहिन्छ । मानवस्रोत विकास गर्न, अनुसन्धान गर्न, अतिरिक्त क्रियाकलाप, खेलकुद, प्रोजेक्ट वर्कहरू गर्न र विद्यार्थीलाई एन्टरप्रेनर गर्नका निम्ति अगाडि बढाउन लगानी आवश्यक छ । यो लगानी गर्ने क्रम दिन प्रति दिन बढ्दो छ । अहिले विद्यालय शिक्षाका निम्ति विदेश पठाउनु पर्ने स्थिति सिर्जना भएको छैन । बाध्यताले विदेश जानु पर्ने स्थिति सिर्जना गर्दैनौं । रहरले जानु बेग्लै कुरा हो । आफ्नै घरआँगनमा बसेर सस्तो शुल्कमा पढ्ने वातावरण बनाएका छौं ।



■ **रमेश सिलवाल**

अध्यक्ष, हिसान

***सहभागीको अवस्था के छ ?***

मेलामा कुनै पनि स्टल रित्ता छैनन् । साजसजावटसहित प्रतिस्पर्धि देखिन्छन् । फरक फरक कलेजका शैक्षिक कार्यक्रमहरूले सजिएका छन् । यसले एकापसमा व्यवस्थापनमा मात्र होइन, मार्केटिङमा पनि भइरहेको छ । यो शैक्षिक मेलाले हरेक पटक आमसञ्चारका माध्यमहरूमा पनि धेरै स्पेस पाएको छ । रेडियो, टेलिभिजन, अनलाईन, पत्रपत्रिका सबैमा शिक्षा विषयको उठान गर्ने श्रेय ‘कान्तिपुर हिसान शैक्षिक मेला’ लाई जान्छ ।

***निजी क्षेत्रले शिक्षामा विभेद गरेको आरोप छ ?***

शिक्षामा सरकारी र निजी भनेरपनि विभेद आउँछ । राम्रो गुणस्तरीय शिक्षा दिनु पर्छ । निजी वा सरकारी, सामुदायिकका पनि हुन् । यसमा बारबन्देज लगाउनु हुन्न । नियमनमा जानु पर्छ । निजी क्षेत्रलाई पनि सरकारले सम्बोधन गर्न सक्नुपर्छ । निजीले सरकारलाई सहयोग गर्नुपर्छ । मुलुक समृद्ध बनाउने साझा कर्तव्य हो । प्रधानमन्त्रीले गुणस्तरीय शिक्षाका निम्ति सहयोग गर्छु भन्नुभएको छ ।

साँगुरो घेरामा रहेर अघि बढ्न सकिन्न । प्रस्ट भनौं विद्यालय क्षेत्रमा २० प्रतिशत मात्रै निजी शैक्षिक क्षेत्रले ओगटेका छन् । ८० प्रतिशत सामुदायिक छन् । तर, चर्चा परिचर्चाचाहिँ २० प्रतिशतको हुन्छ । सरकारीको चर्चा भयो भने निजी क्षेत्र अघि बढेकै छ । विश्वविद्यालय शिक्षामा गुणस्तरको यही हालतमा छ । त्यसैले अहिले निजी कि सामुदायिक, सरकारी भन्ने बेला होइन ।

गुणस्तरीय शिक्षा कसरी प्रदान गर्न सकिन्छ । राम्रा कुरा एकापसमा कसरी बाँड्न सकिन्छ भनेर हातेमालो गरेर अघि बढ्ने बेला हो । सरकारी शिक्षा राम्रो भयो भने निजी झन् राम्रो बन्न बाध्य हुन्छन् । नत्र पैसा तिरेर को जान्छ ?

*प्रस्तुति : गणेश राई*


YOUR GATEWAY TO GLOBAL SUCCESS... HERE IN NEPAL

It all begins with that first right step toward your success.
Come explore your opportunities with us.
Connect with experts from over 100 top educational institutions at one place, and give your future the right nudge toward excellence.

5th KANTIPUR HISSAN edufair 2018
May 24-27
उत्कृष्ट शिक्षा नेपालमै...

2nd Day



Date: 24-27 May, 2018 (10-13 Jestha, 2075) | Time: 10 AM to 6 PM | Venue: Bhrikuti Mandap Exhibition Hall

Main Sponsors:
GOLDENGATE INT'L COLLEGE
GLOBAL COLLEGE OF MANAGEMENT
KATHMANDU WORLD SCHOOL
Uniglobe SS/College — Bringing the best together

Sponsors:
XAVIER INTERNATIONAL COLLEGE
WHITE HOUSE INTERNATIONAL COLLEGE
CAPITAL COLLEGE AND RESEARCH CENTER
KMC EDUCATIONAL NETWORK
V.S. NIKETAN SECONDARY SCHOOL/COLLEGE
LITTLE ANGELS' COLLEGE 10+2
NASA INTERNATIONAL EDUCATION NETWORK
TRINITY INTERNATIONAL COLLEGE
KIST COLLEGE & SS
TRITON INTERNATIONAL SS & COLLEGE
An ISO 9001:2008 Certified College PREMIER COLLEGE An initiative by CG
MEGA COLLEGE Babarmahal, Kathmandu
neosphere Shaping Digital Futures
eSewa
Supported by: HERALD COLLEGE

ORGANIZED BY: कान्तिपुर | HISSAN
उच्च शिक्षालय तथा माध्यमिक विद्यालय सङ्घ नेपाल
HIGHER INSTITUTIONS AND SECONDARY SCHOOLS' ASSOCIATION NEPAL (HISSAN)
ट्रेडटावर नेपाल, थापाथली, काठमाडौं | फोन नं: ०१-५१११०५५, ५१११०४० | e-mail: hissannepal@gmail.com | WWW.hissan.org.np

For more information please contact: Kantipur HISSAN Education Fair Secretarial Office, Thapathali, Kathmandu, Tel: 01-5111099, www.hissan.org.np, email: hissannepal@gmail.com

GLOBAL COLLEGE
The First Choice in +2 Management
Global College of Management (GCM) aims to be a globally reputed learning center recognized for its academic excellence in teaching and reserach in business and management studies with the best results.
GCM Offers:
- Best teachers, bet students & best environment
- Series of extra & co-curricular activities for holistic personality development
- Research oriented practical exposure for life skill development
- Constantly achieving the outstanding results
- Excellent track records in further study and job placement in and outside Nepal

+2 Management
GLOBAL COLLEGE OF MANAGEMENT
Kathmandu-31, Devkota Sadak
Mid-Baneshwor
Tel: 1-4490021,4490022,4490023
www.globalcollege.edu.np

राजविराज विमानस्थल

# असारबाट नियमित उडान हुने

■ अवधेशकुमार झा




लामो समयदेखि बन्द रहेको राजविराज विमानस्थलमा पक्की धावनमार्गसहितको संरचना निर्माण भएपछि नियमित उडान कार्यको शुभारम्भ गर्दै पर्यटनमन्त्री रवीन्द्र अधिकारी, फोरम अध्यक्ष उपेन्द्र यादव र पूर्वपर्यटनमन्त्री जितेन्द्रनारायण देव । *तस्बिर : अवधेशकुमार झा*

राजविराज- सप्तरीको राजविराज विमानस्थलबाट असार १ भित्रै नियमित उडान हुने भएको छ । लामो समयदेखि बन्द रहँदै आएको उक्त विमानस्थलमा पक्की धावनमार्गसहितको संरचना निर्माण भएपछि नियमित उडान हुने भएको हो । विमानस्थल शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्दै पर्यटनमन्त्री रवीन्द्र अधिकारीले असार १ भित्रै नियमित उडान सुरु हुने र यसलाई कार्गो हबका रूपमा परिणत गरिने समेत बताए ।

नयाँ पूर्वाधार निर्माण भइसकेपछि बुधबार श्री एयरलायन्सले परीक्षण उडान गरेको थियो । बिहीबार पर्यटनमन्त्री अधिकारी, संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादव र पूर्वपर्यटनमन्त्री जितेन्द्रनारायण देवले संयुक्त रूपमा शुभारम्भ कार्यक्रमको उद्घाटन गरे । कार्यक्रममा मन्त्री अधिकारीले राजविराज विमानस्थलबाट श्री एयरलायन्सको नियमित उडान हुने भन्दै आश्वस्त पारे । 'राजविराज विमानस्थलबाट नियमित उडान हुँदैन भन्ने सोच बदल्नुस्, यहाँबाट नियमित उडान हुन्छ भन्ने सुनिश्चतता सरकारका तर्फबाट गर्छु,' उनले भने । मन्त्री अधिकारीले श्री एयरलायन्सका प्रमुख सुधीर मित्तललाई अनुरोध गरे, 'यात्रु भएको दिन मात्रै चल्ने भन्न पाइँदैन । तपाईलाई सुविधा हुने अन्य स्थानहरू पनि छन्, राजविराज विमानस्थलबाट सेवा दिने उद्देश्यका साथ नियमित उडान गर्नुस् ।' उनले एयरलायन्सले राम्रो गरे प्रोत्साहन र नराम्रो गरे नराम्रो रेकर्ड राखिनेसमेत बताए ।

समय र उड्ने ग्यारेन्टी नहुँदा नेपाल एयरलायन्समा चढ्ने यात्रुको कमी भएको मन्त्री अधिकारीले बताए । उनले नेपाल एयरलायन्सलाई समयानुकूल बनाउन छवटा टवीनेटर सानो जहाज खरिद गर्न लागिएको जनाए । 'वर्तमान सरकार नयाँ विमानस्थल बनाउनुभन्दा रहेकालाई थप सुविधा सम्पन्न बनाउँदै नियमित उडान गर्ने सोचका साथ अघि बढेको छ,' मन्त्री अधिकारीले भने, 'राजविराज विमानस्थललाई कार्गो हबका रूपमा परिणत गरिनेछ ।'

६ महिनाभित्रै राजविराज विमानस्थलमा इन्धनका लागि भाउजर व्यवस्थापन हुने गरी आयल निगमसित कुरा भइरहेको पनि उनले जनाए । 'अब राजविराज विमानस्थल बन्द हुँदैन,' मन्त्री अधिकारीले भने । भारतीय पर्यटकलाई राजविराज हुँदै पशुपतिनाथ दर्शनसम्म लिंक गर्न सकिने बताउँदै उनले सीमा क्षेत्रका सडकको स्तरोन्नतिमा सरकारले कुनै कसर बाँकी नराखने प्रतिबद्धता जनाए ।

कार्यक्रममा संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले भारतीय सहरहरूसित सडक यातायातमा र काठमाडौंलाई हवाई यातायातमा जोड्न सकिए सप्तरीको कायापलट हुने विश्वास व्यक्त गरे । पूर्व पर्यटनमन्त्री एव राष्ट्रियसभा सदस्य जितेन्द्रनारायण देवले लामो समयदेखि बन्द रहेको राजविराज विमानस्थल सबैको प्रयासपछि पुनः सुचारु भएको भन्दै उडानको निरन्तरताका लागि सबैको समन्वय र सहयोग आवश्यक रहेको बताए । नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक सञ्जीव गौतमले राजविराज विमानस्थल ७२ सिट क्षमताको जहाज अवतरणका लागि सक्षम रहेको जनाए ।

# ४२ वित्तीय संस्थाको पुँजी पुगेन

■ यज्ञ बञ्जाडे

काठमाडौं- चुक्ता पुँजी वृद्धिका लागि दिइएको समय पूरा भएको करिब एक वर्षसम्म पनि ४२ वटा बैंक तथा वित्तीय संस्थाको पुँजी पुगेको छैन । पुँजी वृद्धिका सवालमा राष्ट्र बैंक हदैसम्मको लचिलो बन्दा पनि हालसम्म तीनवटा वाणिज्य बैंक, २१ वटा विकास बैंक र १८ वटा फाइनान्स कम्पनीको तोकिएको न्यूनतम पुँजी नपुगेको हो । राष्ट्र बैंकले बिहीबार सार्वजनिक गरेको मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षामा यस्तो उल्लेख छ । 'समीक्षा अवधिसम्म २५ वटा वाणिज्य बैंकले तोकिएको चुक्ता पुँजी पुऱ्याइसकेका छन्, तीनवटा प्रक्रियामा रहेका छन्,' मौद्रिक नीतिको समीक्षामा भनिएको छ, '१५ वटा विकास बैंक र सातवटा वित्त कम्पनीले तोकिएको चुक्ता पुँजी पुऱ्याएका छन् ।' गत चैतसम्म २८ वाणिज्य बैंक, ३६ विकास बैंक र २५ फाइनान्स कम्पनी छन् ।

**तोकिएको समयमा पुँजी वृद्धि नगर्ने वित्तीय संस्थालाई कारबाही गरिने बताए पनि त्यसतर्फ कुनै कदम चालिएको छैन । बरु थप लचिलो बन्दै पटकपटक गरी विशेष सुविधा दिइँदै आएको छ**

राष्ट्र बैंकले आर्थिक वर्ष ०७२/७३ को मौद्रिक नीतिमार्फत बैंक तथा वित्तीय संस्थाको चुक्ता पुँजी चार गुणासम्म बढाएको थियो । राष्ट्र बैंकको निर्देशनअनुसार ०७४ असारसम्म वाणिज्य बैंकले न्यूनमत ८ अर्ब, राष्ट्रियस्तरको विकास बैंकले न्यूनतम २ अर्ब ५० करोड र राष्ट्रियस्तरको फाइनान्स कम्पनीले न्यूनतम ८० करोड रुपैयाँ चुक्ता पुँजी पुऱ्याउनुपर्ने थियो ।

त्रैमासिक समीक्षामा तीनवटा वाणिज्य बैंकको पुँजी नपुगेको उल्लेख भए पनि राष्ट्र बैंकका प्रवक्ता नारायणप्रसाद पौडेलले एउटा बैंकबाहेक सबैले निर्देशित पुँजी पुऱ्याउने बताए । 'एउटा बैंकमा संस्थापक सेयरधनीहरूबीच विवाद देखिएकाले पुँजी पुऱ्याउने सम्भावना कम छ,' उनले भने, 'बाँकी २७ वटै बैंकले न्यूनतम पुँजी पुऱ्याउनेछन् ।' मौद्रिक नीतिको त्रैमासिक समीक्षामा तीनवटा बैंकको पुँजी नपुगेको उल्लेख छ नि भन्ने जिज्ञासामा उनले भने, 'त्यो चैतको तथ्यांक हो, त्यसपछि पनि धेरै प्रगति भएको छ, एउटाको भने के होला भन्ने अवस्था छ ।' पुँजी नपुऱ्याउने बैंकलाई के कस्तो कारबाही गर्ने भन्ने सम्बन्धमा ठोस निर्णय भइनसकेको उनले बताए ।

स्रोतका अनुसार एनएमबी, कुमारी, सिभिल र एनसीसी गरी चारवटाको पुँजी अझै पुगेको छैन । तीमध्ये एनएमबी बैंकले थप निष्कासन (एफपीओ) तथा कुमारी र सिभिलले हकप्रद सेयरमार्फत पुँजी पुऱ्याउने तयारी गरेका छन् । बाँकी रहेको एनसीसी बैंकले न्यूनतम पुँजी पुऱ्याउने सम्भावना कम देखिएको छ । 'एनएमबी बैंकले एफपीओ निष्कासनको प्रक्रिया थालेको छ, सिभिल र कुमारीले लेखापरीक्षण भएको (परिष्कृत) वित्तीय विवरण पेस गर्दा हकप्रद सेयर पारित गरेर आउँछौं भनेका छन्,' राष्ट्र बैंक स्रोतले भन्यो । यद्यपि उनीहरूलाई राष्ट्र बैंकले चुक्ता पुँजी वृद्धिका लागि दिएको समय अवधि पूरा भइसकेको छ । यसैगरी करिब दुई दर्जन विकास बैंक र डेढ दर्जन वित्त कम्पनीहरूमध्ये अधिकांशले तत्काल न्यूनतम पुँजी पुऱ्याउने सम्भावना क्षीण बन्दै गएको जानकारहरू बताउँछन् ।

यद्यपि पछिल्लो दुई वर्षमा बैंक तथा वित्तीय संस्थाको पुँजी उल्लेख्य बढेको छ । गत चैतसम्म बैंक तथा वित्तीय संस्थाको चुक्ता पुँजी २ खर्ब ७४ अर्ब २७ करोड रुपैयाँ पुगेको छ । ०७३ असारमा बैंक तथा वित्तीय संस्थाको यस्तो पुँजी १ खर्ब ६५ अर्ब रुपैयाँ थियो ।

करिब साढे २ वर्षअघि राष्ट्र बैंकले पुँजी वृद्धिको निर्देशन दिएको थियो । पुँजी वृद्धिको निर्देशनले बैंक तथा वित्तीय संस्थाको संख्या घटाएर गुणस्तर वृद्धि होस् भन्ने राष्ट्र बैंकको भित्री उद्देश्य थियो । तर, वित्तीय संस्थाको पुँजी बढाउने उद्देश्यमा राष्ट्र बैंक लगभग सफल भए पनि संख्या घटाएर गुणस्तर वृद्धि गर्नेमा असफल जस्तै भएको विज्ञहरू बताउँछन् । यसअघि पुँजी (वृद्धिको निर्देशन आउनुअघि) नेपाली बजारमा करिब १२/१३ वटा मात्र वाणिज्य बैंक आवश्यक रहेको राष्ट्र बैंकका उच्च अधिकारीहरूले बताउँदै आएका थिए । यही धारणाका आधारमा पुँजी वृद्धिको नीति ल्याइएको थियो ।

पुँजी वृद्धिको निर्देशन जारी हुँदा तोकिएको समयमा पुँजी वृद्धि नगर्ने वित्तीय संस्थालाई कारबाही गरिने जनाए पनि हालसम्म राष्ट्र बैंकले त्यसतर्फ कुनै कदम चालेको छैन । बरु थप लचिलो बन्दै पटकपटक गरी विशेष सुविधा दिँदै आएको छ ।

गत चैत २३ गते भएको राष्ट्र बैंकको निर्णयअनुसार तोकिएको चुक्ता पुँजी नपुग्ने संस्थाले 'कल इन एडभान्स' मा रहेको रकम, मर्जर तथा एक्विजिसनमार्फत भएको बचत र प्रिमियममा सेयर निष्कासन गर्दा हुन गएको बचतलाई पनि चुक्ता पुँजीमा गणना गर्न पाउँछन् । यो निर्धारित समयमा चुक्ता पुँजी नपुऱ्याउने बैंक तथा वित्तीय संस्थालाई राष्ट्र बैंकले दिएको पछिल्लो सुविधा हो ।

त्यसो त राष्ट्र बैंक तोकिएको पुँजी नपुऱ्याउने बैंक तथा वित्तीय संस्थाप्रति चालु आर्थिक वर्षको मौद्रिक नीतिमार्फत नै लचिलो बन्दै आएको हो । सुरुमा निर्देशन दिँदा ०७४ असारसम्म पुँजी नपुऱ्याउन वित्तीय संस्थालाई कारबाही गर्ने जनाएको राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीतिमार्फत केही खुकुलो व्यवस्था ल्याएको थियो । मौद्रिक नीतिमा बैंक तथा वित्तीय संस्थाको गत वर्षको परिष्कृत (लेखापरीक्षण भएको) वार्षिक वित्तीय विवरणमा चुक्ता पुँजी पुगेको भए पनि मान्य हुने व्यवस्था ल्याएको थियो । यो व्यवस्थाले पुँजी नपुग्ने बैंक तथा वित्तीय संस्थाले थप ६ महिना (०७४ पुससम्म) समय पाएका थिए । राष्ट्र बैंकको निर्देशनअनुसार बैंक तथा वित्तीय चालु आर्थिक वर्षको ६ महिनासम्म गत वर्षको परिष्कृत वार्षिक वित्तीय विवरण सार्वजनिक गर्नुपर्छ ।

यति गर्दा पनि पुँजी नपुऱ्याउने बैंकलाई राष्ट्र बैंकले पुनः गत चैतमा थप सुविधा दिएको हो । दिएको समयसम्म पनि पुँजी नपुऱ्याउने बैंक तथा वित्तीय संस्थालाई थप सुविधा दिनुको साटो मर्जरमा जान दबाब दिनुपर्ने विज्ञहरू बताउँछन् । यसले बैंक तथा वित्तीय संस्थाको संख्या घटाउनुका साथै गुणस्तर पनि बढाउने उनीहरूको भनाइ छ ।



# अप्टिकल फाइबरको विस्तार

■ विजय तिमल्सिना

काठमाडौं- राष्ट्रपति विद्यादेवी भण्डारीले संसद्मा प्रस्तुत गरेको सरकारको आगामी वर्षको नीति तथा कार्यक्रममा सूचना प्रविधिमा सबै नागरिकको पहुँच स्थापित गर्ने घोषणा गरिएको छ । नीति तथा कार्यक्रममा सरकारी सेवालाई सूचना प्रविधिमा जोड्ने घोषणा पनि गरिएको छ । यसका लागि अनिवार्य सर्त हो- गुणस्तरीय र द्रुत गतिको इन्टरनेट । गुणस्तरीय इन्टरनेटको पहुँच विस्तारका लागि देशभर बिछ्याउने भनिएको अप्टिकल फाइबरको काम भने अघि बढेको छैन । नेपाल दूरसञ्चार प्राधिकरणले देशैभर अप्टिकल फाइबर बिछ्याउनका लागि विभिन्न तीन निकायसँग सम्झौता गरेको थियो ।

सम्झौताअनुसार नेपाल टेलिकमले आगामी असोजसम्ममा अप्टिकल फाइबर बिछ्याइसक्नुपर्नेछ । यूटीएल र स्मार्ट टेलिकमले आगामी वर्षभित्र काम सम्पन्न गरिसक्नुपर्ने पूर्वघोषित सम्झौतामा उल्लेख छ । सम्झौता गरेका तीनै संस्थाले अहिलेसम्म काम सुरु गरेकै छैनन् ।

दूरसञ्चार प्राधिकरणले सातवटै प्रदेशमा अप्टिकल फाइबर विस्तारका लागि तीन चरणमा तीन संस्थासँग सम्झौता गरेको हो । प्राधिकरणसँग सम्झौता गरेका तीनै संस्थाले काम सुरु नै गरेका छैनन् । दुई वर्षभित्र काम सक्नुपर्ने गरी प्राधिकरणले २०७३ असोजमा नेपाल टेलिकमसँग तीन प्रदेशमा अप्टिकल फाइबर बिछ्याउने सम्झौता गरेको थियो ।

सम्झौताअनुसार टेलिकमले प्रदेश नम्बर १, २ र ३ का सबै जिल्ला सदरमुकाम छुने गरी पाँचथरको चियोभन्ज्याङदेखि गोरखाको आरुघाटसम्म अप्टिकल फाइबर बिछ्याउनुपर्ने थियो । यसबापत प्राधिकरणले टेलिकमलाई काम सुरु हुनुअघि, काम सुरु भएपछि र काम सकिएपछि गरी करिब ५ अर्ब दिने सम्झौता छ ।

**सिध्याउनुपर्ने बेलासम्म कामै सुरु भएन नयाँ ढंगले अघि बढाइन्छ : मन्त्री**

टेलिकमले अहिलेसम्म माइक्रोवेभ ट्रान्समिसनकको बोलपत्र मूल्यांकनको चरणमा रहेको जनाएको छ भने टावरको काम मात्रै सुरु भएको छ । अप्टिकल फाइबर बिछ्याउने काम सुरु भएको छैन । तीनै प्रदेशमा अप्टिकल फाइबर बिछ्याउन फरक फरक बोलपत्र तयार पारिसकिएको र आगामी सञ्चालक समितिमा पेस गरिने टेलिकमले जनाएको छ । तीन प्रदेशमा अप्टिकल फाइबर बिछ्याउने कामको जिम्मा दिने गरी तीनवटा बोलपत्र र उपकरण खरिदका लागि दुई बोलपत्र तयार गरी सञ्चालन समितिमा पेस गर्ने टेलिकमले जनाएको छ ।

प्राधिकरणले २०७४ वैशाखमा गोरखाको आरुघाटदेखि रुकुमको मुसिकोटसम्म अप्टिकल फाइबर विस्तार गर्ने गरी यूटीएलसँग सम्झौता गरेको थियो । तर, आफ्नै समस्याले जेलिएको टेलिकम कम्पनी यूटीएलले आफूले पाएको ठेक्का अर्को कम्पनीसँग मिलेर गर्न खोजेपछि विवाद उत्पन्न भएको छ । यूटीएललाई प्रदेश ४ र ५ का सबै जिल्ला सदरमुकाम जोड्ने गरी अप्टिकल फाइबर बिछ्याउने जिम्मेवारी थियो ।

प्रदेश ६ र ७ का जिल्ला सदरमुकाम जोड्ने गरी अप्टिकल फाइबर बिछ्याउने सम्झौता गरेको स्मार्ट टेलिकमले पनि काम सुरु गरेको छैन । उसले रुकुमको मुसिकोटदेखि दार्चुलाको झुलाघाटसम्म अप्टिकल फाइबर बिछ्याउने सम्झौता गरेको थियो । यसबापत प्राधिकरणले स्मार्टलाई ३ अर्ब रुपैयाँ दिने सम्झौतामा छ ।

यूटीएल र स्मार्ट दुवै अप्टिकल फाइबर बिछ्याउनका लागि सर्वेक्षणको चरणमा रहेका नेपाल दूरसञ्चार प्राधिकरणका प्रवक्ता मीनप्रसाद अर्यालले जानकारी दिए । सम्झौताअनुसार काम भएको भए टेलिकमले पाएको जिम्मेवारी अहिलेसम्म पूरा भइसक्नुपर्ने थियो भने अन्य दुई कम्पनीको आधाभन्दा बढी काम हुनुपर्ने थियो तर अप्टिकल फाइबर बिछ्याउने जिम्मेवारी पाएका तीनै कम्पनी यसमा असफल देखिएका छन् ।

प्राधिकरणले पनि समयमा काम सुरु नगर्ने र सम्झौताअनुसार काम नगर्ने निकायलाई सामान्य स्पष्टीकरण मात्र सोधे पनि कुनै ठोस निर्णय गर्न सकेको छैन । तर, अप्टिकल फाइबर विस्तारमा ढिलाइका कारण २०१८ भित्र सबै जिल्ला सदरमुकामलाई अप्टिकल फाइबर सञ्जालले जोड्ने ब्रोडब्यान्ड नीति २०७१ को लक्ष्य पूरा नहुने निश्चित छ ।

गुणस्तरीय इन्टरनेट सेवा विस्तारका लागि मेरुदण्ड मानिएको अप्टिकल फाइबर बिछ्याउन ठोस निर्देशन दिनुको साटो सञ्चार सूचना तथा प्रविधिमन्त्री गोकुल बाँस्कोटाले भने दूरसञ्चार प्राधिकरण अध्यक्ष दिगम्बर झालाई कुनै पनि काम अघि नबढाउन पत्र काटेका छन् ।

'जनताले तिरेको पैसाबाट संकलित ग्रामीण दूरसञ्चार कोषको रकमबाट अप्टिकल फाइबर विस्तार गर्न लागिएको हो,' सञ्चार, सूचना तथा प्रविधिमन्त्री गोकुल बाँस्कोटाले भने, 'सम्झौताअनुसार काम नगर्नेलाई रोकेर नयाँ ढंगले अघि बढिन्छ ।'



जाजरकोट कुशे गाउँपालिकाको घरंगामा मुसलमा धान कुट्दै स्थानीय महिला । *तस्बिर : रासस*

# जनकपुरमा बढे भारतीय पर्यटक

■ श्यामसुन्दर शशि

जनकपुर- भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भ्रमणपछि जनकपुरमा छिमेकी मुलुकबाट पर्यटकको ओइरो लागेको छ । यहाँका होटल, धर्मशाला तथा लजहरू भरिभराउ छन् । होटल, लज, धर्मशालामा बस्न नपाएपछि एक सयजनाभन्दा बढी पर्यटक जानकी मन्दिर परिसरमा रात बिताउन बाध्य छन् ।

होटल, लज र धर्मशाला नपाएपछि बिचल्लीमा परेका पर्यटकलाई स्थानीय युवाले जानकी मन्दिरमा बस्ने व्यवस्था मिलाएका थिए । 'उनीहरू बिचल्लीमा थिए, मन्दिर खोलेर बस्ने व्यवस्था मिलायौं,' राष्ट्रिय जनता पार्टीका केन्द्रीय प्रवक्ता कृष्णा सिंहले भने, 'उनीहरू अंगराजसर पोखरीको डिलमा खाना पकाएर खाए अनि मन्दिर परिसरमै सुते ।'

मंगलबार बिहान यहाँ आएका आन्ध्र प्रदेश कोन्टुरका केशरी वेंकटसित रेल्वेस्टेसन एरियास्थित होटल आनन्दमा भेट हुँदा ६० जनाको टोलीको नेतृत्व गर्दै ११ दिने धार्मिक यात्रामा नेपाल आएको बताए । धार्मिक यात्राको नेतृत्वकर्ता वेंकटले मोदीको जनकपुर भ्रमणपछि आन्ध्रप्रदेशमा जनकपुर भ्रमणको लहर चलेको बताए । 'सीताको जन्मस्थलका रूपमा जनकपुर प्रख्यात छ तर मोदीको भ्रमणपछि अझ चर्चित बनेको छ,' उनले भने, 'यस वर्षको भ्रमण तालिका परिवर्तन गरेर यहाँ आएको बताउँदै उनले भने, 'यस वर्ष जनकपुर आउने योजना थिएन, एक्कासि भ्रमणतालिका परिवर्तन गरेर यहाँ आयौं ।'

होटल आनन्दका सञ्चालक अशोक जलानले वैशाख २८ (मोदीको जनकपुर भ्रमण भएको दिन) यता भारतीय पर्यटकको ओइरो लागेको बताए । जलानका अनुसार अचेल यहाँका सम्पूर्ण होटल, धर्मशाला, लज भरिभराउ छन् । जनकपुरमा होटल सीताशरण, जानकी, रामा, सीता पैलेश, सिटी पैलेस, वेलकम होटल, आनन्द, नमस्कारसहित डेढ दर्जनभन्दा बढी राम्रा होटल छन् भने गोपाल धर्मशाला, पगलाबाबा, माडवारी सेवा समिति, रौनियार धर्मशाला, यात्री निवासलगायतका सुविधा सम्पन्न धर्मशालालगायत अन्य साना ठूला लज छन् । होटलहरूमा ५ सयजना र धर्मशाला र लजहरूमा ५ सयजना गरी एक हजारजना पर्यटकलाई दैनिक बासस्थान दिन सक्ने क्षमता रहेको होटल व्यावसायी अशोक जलानले बताए । राजपाका प्रवक्ता कृष्णा सिंहले सोमबार र मंगलबार

**पर्याप्त वासस्थल नहुँदा पर्यटक खुला आकाशमुनि सुत्न बाध्य**

जनकपुरमा ३१ वटा बसमा पर्यटकहरू आएका छन् । प्रत्येक बसमा ४० जनाका दरले दुई दिनमा एक हजार ३ सयभन्दा बढी पर्यटक आएका छन् ।

पर्यटकहरूको आगमनमा वृद्धि भए पनि जनकपुर उपमहानगरपालिका, प्रदेश सरकार, पर्यटन कार्यालय, विदेह मिथिला पर्यटन केन्द्रलगायतका सरकारी संयन्त्र बेखबर छन् । राजपा नेता सिंहले भने, 'आवास र खानाको कुरा परै जाओस्, पर्यटकलाई गाइड गर्नेसम्म कोही छैन । व्यावसायिक गाइडको अभावमा यहाँका सिटी रिक्साका चालकहरू पर्यटक गाइडका रूपमा काम गर्दै छन् । ई-रिक्सा चालक शम्भुप्रसाद साहका अनुसार जानकी पुस्तक भण्डारले प्रकाशन गरेको 'जनकपुरधामकी झाँकी' पुस्तक नै यहाँको आधिकारिक गाइड किताब हो । 'पुस्तकमा जनकपुरका जानकी मन्दिर, राममन्दिर, संकटमोचन, राजदेवी मन्दिर, मणिमण्डप, गंगासागर, धनुषसागरसहित १४ स्थानको सचित्र वर्णन छ ।

पर्यटकहरू ३ घण्टाका लागि ई-रिक्सा बुक गर्छन् अनि यी स्थानहरूको दर्शन गर्छन् । ई-रिक्सा चालक साहले भने, 'ई-रिक्सामा पाँचजनालाई बसाउँछौं अनि सबै स्थानको दर्शन गराउँछौं ।' यसरी ३ घण्टामा आफूहरू ५ सय भारतीय रुपियाँ कमाउने गरेको उनले जानकारी दिए । जनकपुर उपमहानगरपालिका, प्रदेश तथा संघीय सरकार जनकपुरलाई धार्मिक पर्यटनको गन्तव्य बनाउने घोषणा गरेका छन् । तर, कुनै सकारात्मक नीति तथा कार्यक्रम भने ल्याउन सकेका छैनन् ।

'जानकी मन्दिर पुग्न पनि मानिससँग सोध्नुपऱ्यो, कहीं कतै बोर्ड वा संकेत देखिएन,' भारत हरियाणा हिसारबाट आएका हरजित सिंहले भने । जनकपुर उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मदन घिमिरे चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा जनकपुरको पर्यटन सूचना वेबसाइट तथा ब्रोसर निर्माण गर्ने विषयलाई समावेश गरिएको जानकारी दिए । घिमिरेले पर्यटक गाइड तालिम, सूचना बोर्ड, रिक्सा र ई-रिक्सा चालकलाई तालिम आदिको व्यवस्था गर्न आवश्यक रहेको स्वीकार गरे । अहिले हामी सहर बनाउने अभियानमा छौं,' उनले भने, 'सडक, नाला आदिको निर्माण सम्पन्न भएपछि पर्यटकमुखी कार्यक्रम ल्याउँछौं ।'

सेभ द हिस्टोरिकल जनकपुरका अध्यक्ष तथा प्रदेशसभा सदस्य रामाशीष यादव पर्यटक टिकाउने कार्यक्रमको आवश्यकता औंल्याएका छन् । उनले भने, 'पर्यटक त आउँछन तर टिक्दैनन् । पर्यटक टिकाउने कार्यक्रम ल्याउनुपर्छ ।'

# दोहोरो अंकले घट्यो नेप्से

कान्तिपुर संवाददाता

काठमाडौं- सातामा कारोबारको अन्तिम दिन नेप्से परिसूचक दोहोरो अंकले घट्यो ।

अघिल्लो दिनको तुलनामा ०.७६ प्रतिशतले घटे पनि नेप्से परिसूचक १ हजार ३ सय १८.२२ विन्दुमा बन्द भएको छ । उक्त दिन कारोबारमा आएकामध्ये उत्पादन तथा प्रशोधन र व्यापार समूहको परिसूचक बढे । बाँकी सबै समूहको परिसूचक घटे ।

बिहीबार उत्पादन तथा प्रशोधन समूहको परिसूचक ०.४९ प्रतिशत र व्यापार समूह १.४७ प्रतिशतले बढे । तर, लघुवित्त समूहको परिसूचक १.९ प्रतिशत र बिमा समूहको परिसूचक ०.९१ प्रतिशतले घटे । यसैगरी बैंकिङ समूहको परिसूचक ०.६६, होटलको ०.२५, विकास बैंकको ०.९५, जलविद्युत् ०.७७ र 'अन्य' समूहको परिसूचक ०.६३ प्रतिशतले ऋणात्मक रहे ।

दिनभरको कारोबारमा करिब साढे ४ हजार व्यापारमा १ सय ६१ कम्पनीका ७ लाख ९१ हजार ७ सय २८ कित्ता सेयर किनबेच भए । ती किनबेचबाट ३८ करोड रुपैयाँ बराबरको सेयर कारोबार भएको छ । कुल बजार पुँजीकरण पनि घटेर १५ खर्ब ४७ अर्ब रुपैयाँ कायम भएको छ ।

## बास्नादार धानको अध्ययन

ललितपुर (रासस)- नेपालमा बासना आउने चामलको माग बढेपछि नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) ले त्यसमा अध्ययन थालेको छ ।

नार्कअन्तर्गतको कृषि विज्ञान महाशाखाले नेपालमा अहिलेसम्म पहाडी क्षेत्रमा बास्ना आउने चामलका लागि धानको बीउ सिफारिस गरेको छैन ।

महाशाखाअन्तर्गतको धान शाखामा कार्यरत प्राविधिक अतित पराजुलीले अहिले सबैतिर बिहे, व्रतबन्ध, सम्मेलनलगायतमा भोजका लागि बासनादार चामलको प्रयोग बढेको बताए । 'पहाडी क्षेत्रमा अहिलेसम्म यसको उत्पादन हुन सकेको छैन,' उनले भने । नार्कले अहिलेसम्म मोटो र मसिनो चामल फल्ने धानको बीउ सिफारिस गर्दै आएको थियो ।


NIC ASIA Bank Ltd.
Registered Office: Trade Tower, Thapathali, Kathmandu
Contact Number: +977-1-5111177/78/79
Fax Number: +977-1-5111180
Toll Free Number: 1660-01-77771
Feedback: Type FB and send SMS to 34488

NIC ASIA एन आई सी एशिया बैंक लि.

**RE-INVITATION FOR SEALED PROPOSALS**

NIC ASIA Bank invites sealed Proposal from the interested firms/company for the supply and delivery of **Fortigate 300E Firewall Device.**

**General Terms for Fortigate 300E Firewall Device**

- Guarantee period : 3 Years Guarantee with spare parts including consumables
- AMC Period : Subsequent 7 Years after Guarantee Period
- AMC Cost : Not exceeding annual 5% of total cost (before VAT) including software, Consumables, etc

The sealed proposal should be in the format of bid document which can be obtained from General Administration Department of the Bank upon deposit of non-refundable document fee of NPR 1,000.00 for each document.

Proposals are to be submitted within close of business hour on June 06, 2018. All proposals should be addressed to General Administration Department and must be submitted in person. Proposals received after the deadline will not be accepted.

Proposals sent through Mail/Courier will neither be accepted for any consideration nor will they be returned to the sender.

बैंक पनि, साथी पनि



NIC ASIA Bank Ltd.
Registered Office: Trade Tower, Thapathali, Kathmandu
Contact Number: +977-1-5111177/78/79
Fax Number: +977-1-5111180
Toll Free Number: 1660-01-77771
Feedback: Type FB and send SMS to 34488

NIC ASIA एन आई सी एशिया बैंक लि.

**INVITATION FOR SEALED PROPOSALS**

NIC ASIA Bank invites sealed proposal from the interested firms/company for the supply and Deployment of **Advance Persistence Threat Endpoint Protection.**

The sealed proposal should be in the format of Request for Proposal (RFP) document which can be obtained from General Administration Department of the Bank upon deposit of non-refundable document fee for NPR. 500.00

Proposals are to be submitted within close of business hour on May 31, 2018. All proposals should be addressed to General Administration Department and must be submitted in person. Proposals received after the deadline will not be accepted.

Proposals sent through Mail/Courier will neither be accepted for any consideration nor will they be returned to the sender.

बैंक पनि, साथी पनि



NIC ASIA Bank Ltd.
Registered Office: Trade Tower, Thapathali, Kathmandu
Contact Number: +977-1-5111177/78/79
Fax Number: +977-1-5111180
Toll Free Number: 1660-01-77771
Feedback: Type FB and send SMS to 34488

NIC ASIA एन आई सी एशिया बैंक लि.

**INVITATION FOR BIDS FOR SUPPLY OF STAFF UNIFORM**

NIC ASIA Bank invites the sealed Bid from interested suppliers / firms for Supply, Delivery and Stitching of staff uniform to the Bank for the FY 2075/76 and 076/77. The interested suppliers/firms should have at least 5 years' of experience in the related field.

The sealed quotations should be in the format of Request for Quotation (RFQ) document which can be obtained from General Administration Department of the Bank upon deposit of non-refundable document fee of NPR. 1000.00 (Nepalese Rupees One Thousand Only).

Bid Documents are to be submitted by 2:30 PM 8th June, 2018. All Bid Documents should be addressed to General Administration Department and must be submitted in person. Bid Documents received after the deadline will not be accepted.

Bid Documents sent through Mail/Courier will neither be accepted for any consideration nor will they be returned to the sender.

बैंक पनि, साथी पनि



**घरजग्गा बिक्रिका लागि बोलपत्र आह्वान सम्बन्धमा**

**प्रथम पटक प्रकाशित मिति : २०७५/०२/११**

काठमाण्डौको मुटु सुन्धारा स्थित सुन्धारा म्युजियम गार्डेन धरहरा निर्माणाधिन वृहत परियोजनाको नजिक ४२ रोपनीको क्षेत्रफल स्थलको दक्षिण तर्फको २३ फिटे मूख्य बाटोको ७५ मिटर भित्रसिभिलमलको ठिक पछाडी पट्टी शिव मन्दिरको पुर्व तर्फको पिच रोडसँग जोडिएको यस बैंकको नाममा रहेको काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं.११ स्थित कि.नं. १९५१ को क्षेत्रफल ०-४-०-० मा बनेको ४१/२ तल्लाको घर सहितको घरजग्गा बिक्रि गर्ने निर्णय भएकोले इच्छुक व्यक्ति, संघ/संस्था वा निकायले खरिद गर्न चाहेको मूल्य खुलाई मिति २०७५/०२/१८ गते सम्ममा यस बैंकको केन्द्रीय कार्यालयमा शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिएको छ ।

**घरजग्गा वा जग्गा खरिदका लागि बोलपत्र आह्वान सम्वन्धमा**

यस बैंकको केन्द्रीय कार्यालय निर्माण गर्नको लागि काठमाण्डौको तिलगंगादेखि चक्रपथ-बल्खुसम्मको बागमती करिडोर, ओम हस्पिटलदेखि थापाथलीसम्मको धोवीखोला करिडोर, जडीबुटीदेखि कोटेश्वरसम्मको मनोहरा करिडोर, बालाजु चोकदेखि टेकु दोभानसम्मको विष्णुमती करिडोरको दायाँ/बायाँ वा चक्रपथ आसपास, चक्रपथभित्रका मूल सडकसँग जोडिएको दुई रोपनी वा सोभन्दा बढी क्षेत्रफलका घर टहरा सहितको घरजग्गा वा जग्गा मात्र खरिद गर्नुपर्ने भएको हुँदा विक्रि गर्न इच्छुक घरजग्गाधनी व्यक्ति, संघ/संस्था, कम्पनी तथा निकायहरुले विक्रि गर्ने घरजग्गा तथा जग्गासँग सम्बन्धित सम्पूर्ण कागजातहरु संलग्न गरी मिति २०७५/०२/१८ गते सम्ममा यस बैंकको केन्द्रीय कार्यालयमा शिलबन्दी वोलपत्र पेश गर्नुहुन आह्वान गरिएको छ ।

बोलपत्र सम्वन्धि शर्त तथा नियमहरु वोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ । वोलपत्र फारम यस बैंकको वेवसाइट र सूचनापाटीमा समेत हेर्न सकिनेछ । साथै, वोलपत्र सम्बन्धी थप जानकारी आवश्यक परेमा बैंकको केन्द्रीय कार्यालय, सचिवालयमा सम्पर्क गर्न सकिने छ ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय: कुपण्डोल, ललितपुर, फोन: ०१-५९८०१८२, Web: www.ncbl.coop



## छोटकरी

### सामसङको जे टु २०१८ भित्रियो



काठमाडौं (कास)- सामसङले ग्लालेक्सी जे टु २०१८ नेपाली बजारमा ल्याएको छ । गोल्ड तथा ब्ल्याक गरी दुई रङमा उपलब्ध यो सेट क्वालकोम स्नैप ड्रैगन प्रोसेसर, २ जीबी ऱ्याम तथा १६ जीबी इन्टरनल मेमोरिका साथ खरिद गर्न सकिने जारी विज्ञप्तिमा उल्लेख छ । यो सेटको मूल्य १४ हजार ५ सय ९० रुपैयाँ तोकिएको कम्पनीले जनाएको छ ।

### हुवावे पी टवेन्टी बजारमा




काठमाडौं (कास)- हुवावेले कृत्रिम बौद्धिकता (एआई) सहितको फोन क्यामेरा 'हुवावे पी टवेन्टी' नेपाली बजारमा ल्याएको छ । यो स्मार्ट फोनमा पहिलोपल्ट लिका डुअल क्यामेराको प्रयोग गरिएको जारी विज्ञप्तिमा उल्लेख छ । यसको डुअल आईएसपीले गर्दा हरेक तस्बिर वास्तविक रङका साथ खिच्न सकिने कम्पनीको दाबी छ । यसमा १२ एमपी आरजीबीका साथ २० एमपी मोनोक्रोम क्यामेरा सेटअप पनि रहेको छ । १ सय ६५ ग्राम तौल भएको हुवावे पी टवेन्टीको मूल्य ७४ हजार ९ सय रुपैयाँ निर्धारण गरिएको पनि विज्ञप्तिमा छ ।

### स्काईवर्थले भित्र्यायो पातलो टीभी

काठमाडौं (कास)- स्मार्ट अप्लाइन्सेस कम्पनीले स्काईवर्थ ब्रान्डको 'वालपेपर टीभी' नेपाली बजारमा ल्याएको छ । यो टीभीको मोटाइ ३ दशमलव ६ एमएम मात्रै रहेको दाबी कम्पनीको छ । ओलिड टेक्नोलजी डिस्प्ले रहेको यो टीभीमा जेबिएल साउन्ड सिस्टम जडान गरिएको जारी विज्ञप्तिमा उल्लेख छ । यो टीभीको मूल्य नेपाली बजारमा २० लाख रुपैयाँभन्दा माथि पर्ने कम्पनीले जनाएको छ ।



### डीआरएनका नयाँ उत्पादनहरू बजारमा

काठमाडौं (कास)- डीआरएन इलेक्ट्रोनिक्सले आफ्नो ब्रान्डमा फाइभ इन वान, टु इन वान, थ्री इन वान स्पिकर बजारमा ल्याएको छ । योसँगै कम्पनीले ५५, ४३, ३९ र ३२ इन्चमा स्मार्ट कर्भ टीभीसहित टेलिफोन सेट, स्मार्ट टीभी बक्स, आइरन, इमर्जेन्सी लाइट, सीएफएल र एलईडी वल्बलगायतका उत्पादन पनि नेपाली बजारमा भित्र्याएको छ ।

### कोकाकोलाको ग्लोबल टीभीसी सार्वजनिक

काठमाडौं (कास)- कोकाकोलाले फिफा विश्वकपको ग्लोबल टीभीसी सार्वजनिक गरेको छ । जसमा नेपालका केही लोकप्रिय स्थानका दृश्यहरू समावेश गरिएको छ । समावेश गरिएका नेपाली स्थानहरूमा स्वयम्भूनाथ स्तुपा, राजधानीको एक डिपार्टमेन्ट स्टोर, सीतापाइला नजिकको स्थान र एक हाउजिङ कम्प्लेक्स नजिकैको झुलुंगे पुल रहेका छन् ।

### ओपोलाई इन-डिस्प्ले फिंगरप्रिन्ट सेन्सर

काठमाडौं (कास)- ओपोलाई इन-डिस्प्ले फिंगरप्रिन्ट स्क्यानरका लागि प्याटेन्ट प्रदान गरिएको छ । द स्टेट इन्टेलेक्चुअल प्रोपर्टी अफिस अफ चाइना (एसआईपीओ) ले कम्पनीलाई उक्त प्याटेन्ट प्रदान गरेको जारी विज्ञप्तिमा छ । कम्पनीका अनुसार प्याटेन्ट फाइलिङका दौरान देखापरेका तस्बिर नियाल्दा स्क्यानरले फोनको तल्लो बेजलभन्दा माथि ठूलै स्थान ओगट्ने देखिन्छ । त्यस्तै तस्बिर नियाल्दा फिजिकल होम बटनसहितको फोन स्क्रिनमा यसको प्रयोग गरिएको देखिन्छ ।

### एनआईबीएल र आईएफसीबीच कर्जा सम्झौता

काठमाडौं (कास)- नेपाल इन्भेस्टमेन्ट बैंक र विश्व बैंक समूहअन्तर्गतको इन्टरनेसनल फाइनान्स कर्पोरेसन (आईएफसी) बीच कर्जा सम्झौता भएको छ । यो सम्झौतापछि इन्भेस्टमेन्टले आईएफसीसँग कर्जा लिन पाउने जारी विज्ञप्तिमा उल्लेख छ । अन्तर्राष्ट्रिय कम्पनीसँग कर्जा लिन नेपाल राष्ट्र बैंकको अनुमति लिनुपर्ने प्रावधान छ । सम्झौतापछि देशमा अहिले देखिएको आर्थिक तरलता केही हदसम्म कम हुने अपेक्षा जनाइएको छ । सम्झौतापत्रमा इन्भेस्टमेन्टका तर्फबाट प्रमुख कार्यकारी अधिकृत ज्योतिप्रकाश पाण्डे र आईएफसीका तर्फबाट आवासीय प्रतिनिधि एम रेहान रसिदले हस्ताक्षर गरेको बैंकले जनाएको छ ।

### मुक्तिनाथको आईडीईसँग सहकार्य

काठमाडौं (कास)- मुक्तिनाथ विकास बैंकले कास्की, स्याङ्जा र पाल्पाका किसानलाई कृषि क्षेत्रमा लगानी विस्तारको लागि आईडीई नेपालसँग सहकार्य गरेको छ । यसबारेको सम्झौतापछि आईडीईले उक्त क्षेत्रका किसानलाई प्राविधिक तालिमहरू प्रदान गर्ने र मुक्तिनाथले कृषिसम्बन्धी लघु कर्जा प्रदान गर्ने जारी विज्ञप्तिमा छ ।

### फिक्सिटको नवीनतम उत्पादन बजारमा




काठमाडौं (कास)- डीआर फिक्सिटले आफ्नो तरल वाटरप्रुफिङको नवीनतम उत्पादन बजारमा लागि ल्याएको छ । भित्ता रसाउने र ओस लाग्ने हरेक घरका समस्यालाई 'जगदेखि छतसम्म' सुरक्षित बनाउने कम्पनीको नवीनतम उत्पादन डीआर फिक्सिट र एलडब्लू प्लसको सम्मिश्रण रहेको जारी विज्ञप्तिमा उल्लेख छ । यसलाई सिमेन्टसँग मिसाउँदा घरको आयु लम्बिनुका साथै विशेष मजबुती प्रदान गर्ने दाबी कम्पनीको छ ।

### मेटलाइफ र किभाबीच साझेदारी

काठमाडौं (कास)- मेटलाइफ फाउन्डेसनले कर्मचारीलाई संलग्न गराउने अभियानअन्तर्गत विश्वभरका उद्यमीहरूलाई सहायता प्रदान गर्न गैरसरकारी संस्था 'किभा' सँग साझेदारी गरेको छ । यस कार्यक्रमको एउटा हिस्साका रूपमा मेटलाइफका एसियामा रहेका २३ हजार कर्मचारी प्रत्येकका लागि उद्यम सुरुवात गर्न, त्यसको विकास गर्न र बढाउनका लागि यूएस डलर २५ ऋण विनियोजन गरिएको जारी विज्ञप्तिमा छ ।

### गाडीहरूको अक्सन मेला

काठमाडौं (कास)- सिप्रदी अर्स्योडले नेपालमा गाडीहरूको बृहत् अक्सन मेला आयोजना गर्ने भएको छ । शुक्रबार राजधानीको थापाथलीमा सुरु हुने मेलामा ६० भन्दा बढी ब्रान्डेड गाडी प्रदर्शनमा राखिने आयोजकले जनाएको छ ।




### लक्ष्मीको शाखा विस्तार

काठमाडौं (कास)- लक्ष्मी बैंकले सल्यानको ढोरचौर र रुकुमको त्रिवेणी गाउँपालिकामा नयाँ शाखा सञ्चालनमा ल्याएको छ । यीसहित बैंकको शाखा सञ्जाल ८४ पुगेको जनाएको छ ।

### गरिमा रेमिट सञ्चालन

काठमाडौं (कास)- मुक्तिनाथ विकास बैंक र महालक्ष्मी विकास बैंकले गरिमा रेमिट सञ्चालनमा ल्याएका छन् । सम्झौतापश्चात् मुक्तिनाथका देशभर रहेका ७८ शाखा र महालक्ष्मीका ७१ शाखाबाट गरिमा रेमिटमार्फत रकम पठाउन, भुक्तानी गर्न तथा खातामा रकम जम्मा गर्ने सुविधा पाइने जारी विज्ञप्तिमा छ ।


**सिद्धार्थ बैंक लिमिटेडका खातावाला ग्राहक महानुभावहरूलाई अत्यन्त जरूरी सूचना**

सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४ (संशोधन सहित), सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ तथा श्री नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन, २०७४ बमोजिम यस बैंकका सम्पूर्ण खातावाला ग्राहकहरु साथै खाता संचालक र बास्तविक धनी समेतको ग्राहक पहिचान विवरण (KYC) तथा सम्बन्धित कागजातहरु २०७५ असार मसान्त सम्म अनिवार्य रुपमा अद्यावधिक गर्नुपर्ने व्यवस्था भए बमोजिम बैंकले विभिन्न समयमा ग्राहक पहिचान (Know Your Customer) सम्बन्धी विवरण अद्यावधिक गर्नका लागि सूचना प्रवाह गरेकोमा अझै पनि केहि खाताहरुमा उक्त विवरण अद्यावधिक हुन नसकेको हुँदा त्यस्ता खाताहरुलाई रोक्का राख्ने प्रकृयामा रहेको व्यहोरा जानकारी गराउँदछौं । तसर्थ, KYC विवरण अद्यावधिक नगर्नु भएका खातावाला ग्राहक महानुभावहरु तथा खाता संचालकहरु समेतले आफुले खाता संचालन गरिरहेको सम्बन्धित शाखामा यथासिघ्र सम्पर्क राखी बैंकद्वारा तोकिएको फाराम भरी आफ्नो ल्याप्चे छाप सहित सबै आवश्यक विवरण तथा नविकरण अद्यावधिक भएका कागजातहरु उपलब्ध गराउनु भई आफ्नो खाता सूचारु गर्नुहुन विनम्र अनुरोध गर्दछौं ।

साथै, यस बैंकमा संचालन गरिएका प्राकृतिक व्यक्तिको हकमा व्यक्तिगत वा संयुक्त गरी नेपाली रुपैंयाको एक भन्दा बढी बचत, चल्ती वा कल खाता वा एउटै प्रकारको एक भन्दा बढी कार्ड (डेबिट/क्रेडिट) भएमा बन्द गरि एउटा मात्र सञ्चालन गर्न विभिन्न समयमा सूचना प्रकाशित गरेकोमा हालसम्म बन्द हुन नसकेका खाताहरु सोहि व्यवस्था बमोजिम रोक्का राखिएको व्यहोरा जानकारी गराउँदछौं । तसर्थ, एक भन्दा बढी भएको एकै प्रकृतिका खाताहरु तथा कार्डहरु भएका ग्राहक महानुभावहरुले सम्बन्धित शाखामा गई एक भन्दा बढी भएका खाता तथा कार्डहरु बन्द गरी खाता सूचारु गर्नुहुन हार्दिक अनुरोध गर्दछौं । यसबाट ग्राहक महानुभावहरुलाई पर्न जाने असुविधा प्रति बैंक क्षमाप्रार्थि छ ।

यस प्रयोजनका लागि विस्तृत जानकारी, बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट प्राप्त गर्न सक्नु हुनेछ । (ग्राहक महानुभावहरुको सुविधाका लागि ग्राहक पहिचान फारम बैंकको आधिकारिक वेबसाइट https://www.siddharthabank.com/ Forms-and-Documents मा समेत राखिएको व्यहोरा अनुरोध गर्दछौं) ।

Siddhartha Bank — Bank For Your Prosperity
प्रधान कार्यालय: हात्तीसार, काठमाण्डौं
पो.ब.नं. १३८०६, फोन नं. ०१-४४४२९१९, ४४४२९२०
फ्याक्स नं. ०१-४४४२९२१, SWIFT : SIDDNPKA


## नेपाल स्टक एक्सचेन्ज

१० जेठ २०७५ को कारोबार

| कम्पनीको नाम | अघिल्लो दिनको मूल्य | अन्तिम मूल्य | कारोबार संख्या | फरक |
|---|---|---|---|---|
| कृषि विकास बैंक | ३३४ | ३३५ | ५९६३ | १ |
| अपी पावर लि | ३२४ | ३२५ | २२६० | १ |
| अरूण कावेली पावर | ३०५ | ३०८ | ९०० | ३ |
| अरूणभ्याली हाइड्रोपावर | १६७ | १६४ | ४२९९ | -३ |
| बैंक अफ काठमाडौं लि. | ३२५ | ३२५ | ६१७१ | ० |
| बुटवल पावर क. लि. | ४७५ | ४७१ | ३६५४ | -४ |
| सेन्चुरी कमर्सियल बैंक | १८५ | १८२ | १३१२२ | -३ |
| छिमेक लघुवित्त विकास बैंक | १००० | ९९५ | १४९५ | -५ |
| चिलिमे हाइड्रोपावर | ८४१ | ८३६ | ५६०३ | -५ |
| सिटिजन बैंक इन्टरनेशनल | २६३ | २६० | १४४९८ | -३ |
| सिटिजन इन्भेष्टमेन्ट ट्रष्ट | २७०० | २६९६ | २०५९ | -४ |
| सिभिल बैंक | १६४ | १६७ | ३१०८५ | ३ |
| सिभिल लघुवित्त | ८१४ | ८१५ | ९२९ | १ |
| डिप्रोक्स डेभलपमेन्ट बैंक | ८४० | ८३० | २०१३ | -१० |
| देव विकास बैंक | १४२ | १४३ | ४४७२ | १ |
| एभरेष्ट बैंक लि. | ७२८ | ७२५ | १०६३३ | -३ |
| फस्ट माइक्रोफाइनान्स डेभ. बैंक लि | ५९८ | ५९९ | ६३९२ | १ |
| फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स | २४७८ | २४५० | २११७ | -२८ |
| गण्डकी विकास बैंक | २०५ | २०५ | ५१५० | ० |
| गरिमा विकास बैंक | १९३ | १९० | १२२३१ | -३ |
| ग्लोबल आईएमई बैंक लि. | ३०८ | ३०३ | २५१०४ | -५ |
| गुडविल फाइनान्स | १२५ | १२५ | ५६० | ० |
| ग्रामीण विकास लघुवित्त | ६४१ | ६२३ | ४५८० | -१८ |
| गुराँस लाइफ इन्स्योरेन्स | ९७३ | ९७० | २५४५ | -३ |
| हाम्रो विकास बैंक | १४५ | १४१ | १९६० | -४ |
| हाथवे फाइनान्स क. | १३७ | १४२ | २५८० | ५ |
| हिमालयन बैंक | ६०६ | ६०० | ५१४८ | -६ |
| हिमालयन जनरल इन्स्योरेन्स | ४८६ | ४८१ | २५९० | -५ |
| आईसीएफसी फाइनान्स | १८४ | १८३ | ३४३६ | -१ |
| जलविद्युत लगानी तथा विकास क. | १६४ | १६२ | ६२०३ | -२ |
| जानकी फाइनान्स | १६४ | १७२ | ५५७५ | ८ |
| जनता बैंक | १६५ | १६५ | ७९६५ | ० |
| जनउत्थान सामुदायिक लघुवित्त | ३३७५ | ३२२० | ९९४ | -१५५ |
| जेविल्स फाइनान्स | ११० | ११६ | १०६० | ६ |
| ज्योती विकास बैंक | १४७ | १४५ | २२२६ | -२ |
| कावेली विकास बैंक | २७० | २६१ | ५७२ | -९ |
| कैलाश विकास बैंक | २४८ | २४५ | ६६९६ | -३ |
| कालिका माइक्रोफाइनान्स | १६०५ | १५६० | १४९६६ | -४५ |
| कामना सेवा विकास बैंक | १६६ | १६२ | ८२१८ | -४ |
| कन्काई विकास बैंक | १३५ | १३७ | ७३९ | २ |
| किसान माइक्रोफाइनान्स | १८८० | १७७३ | ३२४२ | -१०७ |
| कुमारी बैंक लि. | २३८ | २३७ | १०४४४ | -१ |
| लक्ष्मी बैंक | २८३ | २७५ | २६९८६ | -८ |
| लक्ष्मी इक्विटी फन्ड | ८.६३ | ८.४६ | ९०० | -०.१७ |
| लक्ष्मी लघुवित्त | १२८० | १२२० | २२५३ | -६० |
| लुम्बिनी विकास बैंक | १५९ | १५७ | २११२ | -२ |
| लुम्बिनी जनरल इन्स्योरेन्स | ५९७ | ५९६ | १६०२ | -१ |
| माछापुच्छ्रे बैंक लि. | २२९ | २२५ | १०४५८ | -४ |
| महालक्ष्मी विकास बैंक | १८० | १७९ | ३८१४ | -१ |
| महिला सहयात्रा माइक्रोफाइनान्स | ८०९ | ७९४ | २६७३ | -१५ |
| महुली सामुदायिक लघुवित्त | २९४० | २८५२ | १५६५ | -८८ |
| मेरो माइक्रोफाइनान्स | १२२९ | ११७२ | १४६६ | -५७ |
| मिरमिरे माइक्रोफाइनान्स | ३०९० | २९४० | २५१२ | -१५० |
| मिसन डेभलपमेन्ट बैंक | १८८ | १९० | १०१० | २ |
| मितेरी डेभलपमेन्ट बैंक | ३१४ | ३०८ | ६१६ | -६ |
| मिथिला लघुवित्त | ११७७ | ११२७ | २१०३ | -५० |
| मुक्तिनाथ विकास बैंक | ४०७ | ४०१ | ८६०६ | -६ |
| नबिल बैंक | ९८७ | ९९० | ५३०७ | ३ |
| नागबेली लघुवित्त विकास बैंक | २८३१ | २७४० | ४००६ | -९१ |
| नेशनल हाइड्रोपावर | ९० | ८९ | १००८० | -१ |
| नेशनल लाइफ इन्स्योरेन्स | १४०४ | १३८३ | ३३१३ | -२१ |
| नेशनल माइक्रोफाइनान्स | २५९५ | २५१० | १८९३ | -८५ |
| नेको इन्स्योरेन्स | ६०४ | ६०० | २५८८ | -४ |
| नेपाल बंगलादेश बैंक लि. | २२६ | २२६ | १५१२९ | ० |
| नेपाल बैंक लि. | ३४७ | ३३६ | ६०३९८ | -११ |
| नेपाल कम्युनिटी डेभलपमेन्ट बैंक | १२७ | १२७ | ८२६ | ० |
| नेपाल क्रेडिट एन्ड कमर्स बैंक | २७० | २६१ | १६३९७ | -९ |
| नेपाल दुरसंचार कम्पनी | ७६५ | ७६० | ३५९० | -५ |
| नेपाल इन्स्योरेन्स | ७०० | ६८६ | २८८० | -१४ |
| नेपाल इन्भेष्टमेन्ट बैंक | ६४८ | ६४८ | ९०३० | ० |
| नेपाल लाइफ इन्स्योरेन्स क. लि. | ११४६ | ११४६ | १९०७ | ० |
| नेपाल एसबीआई बैंक | ५३४ | ५३१ | ६११० | -३ |
| नेरूडे लघुवित्त | ७५९ | ७५० | १४६८ | -९ |
| एनआईसी एसिया बैंक | ३३६ | ३३४ | २६३३६ | -२ |
| निर्धन उत्थान बैंक | १२०५ | ११८५ | ६०८ | -२० |
| एनएमबी माइक्रोफाइनान्स | १६९८ | १६३५ | ७७६ | -६३ |
| एनएमबी बैंक | ४५५ | ४५० | ७३७४ | -५ |
| ओम डेभलपमेन्ट बैंक | १८९ | १८५ | ६९४९ | -४ |
| ओरियन्टेल होटल | ५७५ | ५७२ | १११० | -३ |
| प्रभु बैंक | २१० | २०८ | १७८९२ | -२ |
| प्रभु इन्स्योरेन्स | ७७४ | ७६५ | १६८११ | -९ |
| प्रिमियर इन्स्योरेन्स | १२३५ | १२३४ | २३२५ | -१ |
| प्राइम कमर्सियल बैंक | ३१६ | ३१३ | १८३६४ | -३ |
| प्राइम लाइफ इन्स्योरेन्स | ६७६ | ६५६ | ६६७ | -२० |
| प्रुडेन्सियल इन्स्योरेन्स | ८२८ | ८३२ | ४८९६ | ४ |
| राधी विद्युत कम्पनी | २२७ | २३३ | ३९९० | ६ |
| राष्ट्रिय बिमा कम्पनी | १२६०० | १२३६५ | २६६ | -२३५ |
| रिडी हाइड्रोपावर | १२८ | १२४ | २८०२ | -४ |
| आरएसडीसी लघुवित्त | ८५० | ८३० | १५५४ | -२० |
| रूरल माइक्रोफाइनान्स डेभ. सेन्टर | ६८७ | ६८९ | ४१५१ | २ |
| सगरमाथा इन्स्योरेन्स | १३९९ | १३९० | ९८४ | -९ |
| सहयोगी विकास बैंक | २०५ | २०२ | ७०० | -३ |
| साना किसान विकास बैंक | १२७८ | १२४५ | ३३०४ | -३३ |
| सानिमा बैंक | ३४८ | ३४८ | १६४६६ | ० |
| सानिमा माइ हाइड्रो | ३७६ | ३६५ | १०४४१ | -११ |
| सांग्रीला डेभलपमेन्ट बैंक | १७२ | १६७ | ११६५४ | -५ |
| शिखर इन्स्योरेन्स | १०२५ | १००५ | १८७५ | -२० |
| सिद्धार्थ बैंक | ३२८ | ३२६ | ५०२४ | -२ |
| सिद्धार्थ इन्स्योरेन्स | ७४० | ७२६ | ४६४४ | -१४ |
| सोल्टी होटल | २६० | २६० | १८९५ | ० |
| स्ट्यान्डर्ड चार्टड बैंक | ८१० | ८०६ | ६९९८ | -४ |
| समिट माइक्रोफाइनान्स | ११२५ | ११०६ | १५२२ | -१९ |
| सनराईज बैंक | २४२ | २३९ | ९४१० | -३ |
| सूर्य लाइफ इन्स्योरेन्स | ७०४ | ७०५ | १९१३ | १ |
| स्वावलम्बन विकास बैंक | १४०१ | १३९७ | ३९८६ | -४ |
| स्वदेशी लघुवित्त | १९३९ | १८५१ | ६७६५ | -८८ |
| स्वरोजगार लघुवित्त | १९४० | १८९० | ५८३८ | -५० |
| सिनर्जी पावर | १३५ | १३५ | ११८१ | ० |
| तारागाउँ रिजेन्सी | २७६ | २७१ | १५४० | -५ |
| युनाइटेड इन्स्योरेन्स | १०४० | १०३१ | २४७५ | -९ |
| विजय लघुवित्त | ८९९ | ८७१ | २५५८ | -२८ |
| वमी माइक्रोफाइनान्स | १५९२ | १५७७ | ३७३३ | -१५ |

कुल कारोबार मूल्य : ३८०,९२२,७३८ कारोबार संख्या : ,४९४
सेयर संख्या : ८०८,७९२ नेप्से : १,३१८.२२ (-१०.०५)

सुन तस्करी र हत्या मुद्दा

# गोरेद्वारा हत्यामा संलग्नता अस्वीकार

■ माधव घिमिरे र विनोद भण्डारी

विराटनगर- साढे ३३ किलो सुन तस्करी र सनम शाक्य हत्या प्रकरणका मुख्य योजनाकार भनिएका चूडामणि उप्रेती (गोरे) ले हत्यामा आफ्नो संलग्नता नभएको दाबी गरेका छन् । जिल्ला अदालत मोरङमा जारी बयानका क्रममा उनले बिहीबार यस्तो दाबी गर्दै सुन खोज्ने क्रममा कुटपिट गरेको भने स्वीकारेका छन् ।

बयानका क्रममा अदालतका अधिकारीहरूले जिल्ला न्यायाधिवक्ताको कार्यालयले प्रस्तुत गरेको अभियोगपत्र पढेर सुनाएका थिए । अभियोगपत्रमा समावेश गरिएका अन्य अभियुक्तका बयान र घटनाक्रममा गोरेको भनाइ लिइएको स्रोतले जनायो । यसैगरी सुन तस्करी, हराएको भनिएको सुन खोजीका क्रममा विभिन्न व्यक्तिलाई दिइएको यातना, शाक्यको मृत्युलगायत विषयमा प्रश्न सोधिएको थियो । गोरेले सुन हराएपछि खोजी गर्ने क्रममा शाक्यसहितका केही व्यक्तिलाई सोधपुछ र सामान्य कुटपिट गरेको तर हत्यामा आफ्नो संलग्नता नभएको बताए ।

समग्र घटनाबारे सूक्ष्मरूपमा बुझ्नुपर्ने भएकाले बयान अझै केही दिन लम्बिन सक्ने अदालत स्रोतले जनाएको छ । बिहीबार गोरेबाट लिइएको बयान १० पानामा लिपिबद्ध गरिएको छ । यसअघि बुधबार ६ पाना बयान लिइएको थियो ।

जिल्ला न्यायाधिवक्ताको कार्यालयले प्रमाणका रूपमा इजलाससमक्ष पेस गरेका विभिन्न श्रव्यदृश्य प्रस्तुत गर्न बाँकी छ । शाक्यलगायतलाई यातना दिइएको, सम्बन्धित अन्य केही घटना र अभियुक्तबीचको टेलिफोन कुराकानीका श्रव्यदृश्य पेस गरिएको छ ।

**अदालतमा कडाइ**

गोरेलाई प्रहरी कार्यालय र अदालत आउजाउ गराइँदा कडा सुरक्षा व्यवस्था अपनाइने गरेको छ । बयानका बेला इजलासमा प्रवेश गर्न कानुन व्यवसायीलाई समेत कडाइ गरिएको छ । अदालतका अधिकारी र मुद्दाका सम्बन्धित कानुन व्यवसायीबाहेकलाई इजलास आसपास आउजाउ गर्न दिइएको छैन ।

**समग्र घटनाबारे सूक्ष्मरूपमा बुझ्नुपर्ने भएकाले बयान अझै केही दिन लम्बिन सक्ने**



स्रोतका अनुसार बयानमा गोरेले यो प्रकरणमा 'उच्च तहका व्यक्तिहरू' को पनि नाम जोड्न सक्ने भन्दै उनलाई कडा सुरक्षामा राखिएको हो । तत्कालका लागि बयान पनि अत्यन्त गोप्य र सुरक्षित राखिने स्रोतले जनाएको छ ।

गोरेले बुधबार आफूलाई असुरक्षा महसुस भएको भन्दै मानव अधिकारकर्मीको निगरानीमा हिरासतमा बस्न पाउनुपर्ने मागसहित निवेदन दर्ता गराएका थिए । उनका तर्फबाट अधिवक्ता यामबहादुर मगरले वकालतनामा दर्ता गराएका छन् ।

गोरेको बयान सकिएपछि सरकारी वकिलका तर्फबाट बहस हुनेछ । त्यसपछि गोरेतर्फका कानुन व्यवसायीले बहस प्रस्तुत गर्नेछन् । बहस सुन्ने र थप प्रमाण बुझेर थुनछेकको आदेश हुने अदालत स्रोतले जनाएको छ ।

वैशाख १९ गते जिल्ला न्यायाधिवक्ताको कार्यालयले जिल्ला अदालतमा 'आपराधिक समूह स्थापना र सञ्चालन गरी सुनको अवैध कारोबार गरेको, अपहरण तथा शरीर बन्धक र कर्तव्य ज्यान' मुद्दा दर्ता गराएको थियो । जिल्ला न्यायाधिवक्ताको कार्यालयले यो मुद्दामा १७ अर्ब १ करोड ८० लाख ७१ हजार ४ सय १३ रुपैयाँ ९० पैसा बिगो माग दाबी गरेको छ ।

**बुवा आए भेट्न**

गोरेलाई भेट्न उनका बुवा नेत्रप्रसाद उप्रेती बिहीबार अदालतै पुगे । इजलासबाहिर प्रतीक्षा गरिरहेका उनलाई बयानको विश्रामका बेला प्रहरीले गोरेसँग भेट गराइदिएको थियो । बुवालाई एक्कासि सामुन्ने देख्दा गोरेले खुट्टामा ढोगे । उनीहरूबीच करिब १५ मिनेट कुराकानी भयो । विश्रामपछि पुनः बहस सुरु गर्ने बेला नेत्रप्रसाद बाहिरिएका थिए । उनले छोरासँग माघयता पहिलोचोटि भेटेको र उनका लागि कपडा ल्याइदिएको बताए ।

प्रहरी सेवामा १८ वर्षभन्दा बढी बिताएका नेत्रप्रसाद यो मुद्दाका अभियुक्त रहेका पूर्वडीआईजी गोविन्दप्रसाद निरौलाका सहपाठी हुन् । गोरे गलत काममा लागेको सुनेपछि आफूले पटक-पटक त्यस्तो काम नगर्न सम्झाउने गरेको उनले बताए । 'घरमा उति बस्दैनथ्यो,' उनले भने, 'कहिले दुबई, कहिले यतै मोरङ, झापातिर हुन्थ्यो, परिवारसँग राम्ररी भेट नै हुँदैनथ्यो ।' कहिलेकाहीँ अहिले अभियुक्त रहेकामध्ये केहीलाई घरमा लिएर आउने गरेको तर आफूले जोसुकैलाई घरमा लिएर नआउन सम्झाएको उनले बताए ।

राज्य संयन्त्रले समिति बनाएर अनुसन्धान गरेको र धेरैलाई पक्राउ गरी अदालती प्रक्रिया चलिरहेको अवस्थामा यसै को निर्दोष वा दोषी भन्न नसकिने नेत्रप्रसादको भनाइ छ । 'गोरेको पनि केही गल्ती भएरै अनुसन्धान भइरहेको होला,' उनले भने, 'दोषी भए कानुनअनुसार सजाय भोग्नुपर्छ ।'

# २८ आरोही कञ्चनजंघा चुचुरोमा



ताप्लेजुङको कञ्चनजंघा हिमाल आरोहण प्रयासमा आरोहीहरू । *तस्बिर सौजन्य : माया शेर्पा*

■ आनन्द गौतम

ताप्लेजुङ- चार वर्षको असफलतालाई चिर्दै यो सिजनको तीन दिनमा २८ जनाले कञ्चनजंघा (८,५८६ मिटर) हिमालको सफल आरोहण गरेका छन् । विश्वकै तेस्रो अग्लो शिखर मानिने कञ्चनजंघामा नेपाल, भारत, जर्मनी, ग्रिस र अस्ट्रेलियालगायत देशका नागरिकले आरोहण गरेका हुन् ।

जेठ २ गते बुधबार बेलुका ५ जनाको टोलीले पहिलो आरोहण गरेको थियो । बाटो बनाउँदै गएका उनीहरूले त्यही साँझ ५ बजे चुचुरो चुमेका थिए । त्यही टोलीमा गएका ६ जना भने निराश फर्किनुपर्‍यो । जेठ ६ गते आइतबार बिहान सवा ८ देखि साढे ९ बजेसम्म र ७ गते बिहान पौने ४ बजे थप २३ जनाले शिखर आरोहण गरेका थिए ।

सेभेन समिट, एक्सपिडिसन र एसियन ट्रेक प्रालिबाट गएका आरोही शिखर उक्लेका थिए । विदेशीलाई हिमाल पुर्‍याउने दुवै कम्पनीका प्रबन्धक आफैंले पनि आरोहण गरेका छन् । एक्सपिडिसन बेसका निर्देशक संखुवासभा निवासी लाक्पा शेर्पा र एसियन ट्रेक प्रालिका दावा छिरिङ शेर्पाले पनि आरोहण गरेका हुन् ।

जेठ २ गते एक्सपिडिसन बेसका लाक्पासँगै सोलुखुम्बुका पेम्वा ग्याल्जेन शेर्पा, अस्ट्रेलियाका क्रिस्चिन प्याट्रिसियन बुक, सेभेन समिट ग्रुपबाट रसियाका सेर्गे र जर्मनीका थर्वोले आरोहण गरेको सेभेन समिटका निर्देशक मिङमा शेर्पाले जानकारी दिए ।

जेठ ६ र ७ गते एसियन ट्रेक प्रालिबाट प्रबन्धक दावा छिरिङसहित भारतका निर्मल कुमार, पंकज जोशी, मोन्टीराज खोवा (महिला), पल्केस कल्मा, गौरव काडिया, योगेन्द्र गार्डियल, राहुल गार्नल, कमलखास राओ र अर्जुन भाजपाईले आरोहण गरे ।

**६ वर्षपछि बिनाक्षति ठूलो समूहले आरोहण गरेको हो । गत वर्षको आरोहण प्रयास विफल भएको थियो भने त्यसअघिका दुई वर्ष कसैले प्रयास नै गरेनन्**

यस्तै ग्रिसका अन्टोनियोस साइक्रिस, फोटिअस थेचोरिस, इटालीका अलेसेन्ड्रो डेमेलियाले आरोहण गरेको प्रालिका म्यानेजर सञ्जय बरालले जानकारी दिए ।

नेपाली शेर्पाहरू पेम्बा तेसरिङ शेर्पा, सोनाम तेसरिङ शेर्पा, पासाङ शेर्पा, आङतेन्दी शेर्पा, पेम्बा नुरु शेर्पा, दावा स्टेभेन शेर्पा, लाक्पा शेर्पा जरोक, पेम्बा टेसरिङ शेर्पा, पेम्बा छिरिङ शेर्पा, दा जाङबु शेर्पा, लाक्पा शेर्पा, लाक्पा तेन्जी शेर्पालगायतले आरोहण गरेको बरालले जानकारी दिएका छन् । आरोहण टोली फर्किइनसकेकाले सबैको नाम प्राप्त नभएको उनले बताए ।

६ वर्षपछि बिनाक्षति ठूलो समूहले आरोहण गरेको हो । गत वर्षको आरोहण प्रयास विफल भएको थियो भने त्यसअघिका दुई वर्ष कसैले आरोहण प्रयास नै गरेनन् । त्यसअघि पनि लगातार दुई वर्ष आरोहण गरेर फर्कने क्रममा नेपालीसहित ८ जनाको निधन भएको थियो । उनीहरूको शव अहिलेसम्म भेटिएको छैन । गत वर्ष तीन नेपालीसहित १४ जनाले आरोहण प्रयास गरेका थिए । नेपाल, इजरायल, भारत, स्विट्जरल्यान्ड, कोरिया, जापान र चीनको टोली तीन सय मिटर तलबाट फर्कन बाध्य भएको थियो । उनीहरू हिमपहिरोको त्रासले फर्किएका थिए ।

**फर्कियो हेलिकप्टर**

कञ्चनजंघा हिमाल आरोहण गरेको टोली लिन गएका दुईवटा हेलिकप्टर तीन दिनपछि फर्किएका छन् । मंगलबार बेलुका गएका हेलिकप्टर आरोही नलिई फर्किएका हुन् ।

खराब मौसमका कारण बेसक्याम्पमा अवतरण गर्न नसकेपछि रित्तै फर्किएको एक्सपिडिसन बेस प्रालिका म्यानेजर सञ्जय बरालले जानकारी दिए । आरोहण दल भने अब पैदल फर्कने भएको छ । सेभेन समिट र एक्सपिडिसन ग्रुपको टोली यसअघि नै फर्किएको थियो ।

# मुसहर बालबालिकालाई झोला



महोत्तरीको गौशाला नगरपालिका-७ स्थित मनहरवाको आधारभूत विद्यालयबाट घर फर्कंदै गरेका मुसहर बालबालिका । *तस्बिर : रवीन्द्र उप्रेती*

महोत्तरी (कास)- गौशाला नगरपालिका ७ मनहरवास्थित नेपाल राष्ट्रिय जनजाति प्राथमिक विद्यालयमा अध्ययनरत मुसहर बालबालिकामा बिहीबार बेग्लै खुसी देखियो । शैक्षिक सामग्रीसहितको झोला पाएपछि उनीहरू मख्ख परे ।

धुर्मुस-सुन्तली फाउन्डेसनले विपन्न समुदायका बालबालिकालाई शैक्षिक सामग्रीसहितको झोला वितरण गरेको थियो । झोला नहुँदा बालबालिका हातमै किताब च्यापेर विद्यालय जानुपर्ने बाध्यतामा थिए । अब किताब, कापी पनि सुरक्षित हुने उनीहरूले बताए ।

आफ्ना बालबालिकाले नयाँ झोला पाउँदा अभिभावक पनि खुसी छन् । जयकला सदाले भनिन्, 'धुर्मुस-सुन्तलीले हाम्रा छोराछोरीलाई विद्यालय भर्नामात्रै गरेनन्, झोला दिएर खुसी र पढ्न सजिलो पनि बनाइदिए ।' नयाँ भर्ना भएका अधिकांश बालबालिकाले झोला पाएका हुन् । फाउन्डेसनका तर्फबाट सञ्चारकर्मी तथा सामाजिक अभियन्ता राजकरण महतोले शिक्षक, अभिभावक, जनप्रतिनिधि र स्थानीय प्रशासनको उपस्थितिमा विद्यालयमै पुगेर झोला उपलब्ध गराएका थिए ।

# एसिडपीडित युवाको उपचारमा बेवास्ता

चितवन (कास)- एसिड प्रहारले गम्भीर घाइते भएका चितवनका एक युवकको आर्थिक अभावले उपचारमा समस्या भएको छ । भरतपुर महानगरपालिका-२ मा बस्दै आएका ३५ वर्षीय वीरमान महर्जनमाथि गत वैशाख २४ गते राति एसिड प्रहार भएको थियो ।

महर्जनको सुरुमा चितवन मेडिकल कलेजको शिक्षण अस्पतालमा उपचार भएको थियो । अवस्था गम्भीर हुँदै गएपछि थप उपचारका लागि काठमाडौं लगिएको छ । सामान्य मिहिनेत-मजदुरी गरेर गुजारा चलाउँदै आएका महर्जनको उपचारका लागि आर्थिक समस्या भएको उनका आफन्त विकास पाठकले बताए । कीर्तिपुर अस्पतालको आईसीयूमा उपचार गराइरहेका उनका लागि औषधि खरिद गर्ने रकमको अभाव भएको छ ।

प्रहरीले महर्जनमाथि एसिड खन्याएको आरोपमा सोही ठाउँ डेरा गरी बस्ने धादिङ नलाङ-४ का ३० वर्षीय सुजितकुमार विश्वकर्मालाई पक्राउ गरेको छ । सुजितमाथि ज्यान मार्ने उद्योगमा मुद्दा चलाउन अनुसन्धान भइरहेको छ । तर, उपचार खर्च महर्जनले नै जुटाउनुपर्ने अवस्था छ ।

'ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता प्रक्रिया सुरु भएपछि पीडकबाट उपचार खर्च जुटाउने अवस्था हुँदैन । खर्च पुर्‍याउनै धौ-धौ भयो । दिनकै २०/२२ हजार आवश्यक पर्छ,' महर्जनका आफन्त पाठकले भने । अहिले नातेदारहरूले नै खर्च जुटाएर उपचार गर्दै आएका छन् । महर्जनमाथि एसिड प्रहार हुनुभन्दा अघि वैशाख ९ गते भरतपुरमा एकजना महिला पनि तारो बनेकी थिइन् । एकजना ट्राफिक प्रहरीका सईले ती महिलामाथि बजार क्षेत्रमै एसिड प्रहार गरेका थिए । भरतपुर अस्पतालमा उपचार गराइरहेकी महिलालाई गृहमन्त्री रामबहादुर थापाले भेटेर उपचारमा सरकारले सहयोग गर्ने बताएका थिए । महर्जनको उपचारमा भने कसैले चासो नदेखाएको आफन्तको गुनासो छ ।

# कालीगण्डकीमा दुई बेपत्ता

पाल्पा (कास)- कालीगण्डकी नदीमा बगेर बिहीबार दुईजना बेपत्ता भएका छन् । दुईको उद्धार गरिएको छ । नुहाउने क्रममा बगनासकाली गाउँपालिका, ६ यम्घा टोकल्दीका ३२ वर्षीय गोविन्द परियार र २४ वर्षीय चन्द्रबहादुर परियार बेपत्ता भएका हुन् ।

डीएसपी विनोद घिमिरेका अनुसार पूजा सकेर नुहाउने क्रममा उनीहरू बेपत्ता भएका थिए । सँगै गएका सोही ठाउँका २५ वर्षीय विजय नेपाली र २२ वर्षीय सागर नेपाली बगेर घाइते भएका छन् । उनीहरूको स्थानीय बासिन्दाले उद्धार गरी तानसेनस्थित मिसन अस्पताल पुर्‍याएका थिए ।

पूजा गरिसकेपछि पौडी खेल्दाखेल्दै चारजना बगेको स्थानीय प्रत्यक्षदर्शीले बताए । घटनास्थल पुग्दा दुईजनालाई नदीले बेपत्ता पारिसकेको र दुईजनालाई भने उद्धार गरिएको वडा नम्बर ६ का अध्यक्ष लक्ष्मीप्रसाद अधिकारीले बताए ।

उनका अनुसार स्थानीय, प्रहरी र पौडिन जानेका बोटे समुदायबाट खोजी कार्य जारी छ । उनीहरू कालीगण्डकीको टारी नजिकै धुस्टुङ बगरबाट बगेका हुन् । प्रहरीले राम्दीलगायत तल्लो भेगका प्रहरी र स्थानीयलाईसमेत यस विषयमा जानकारी गराएर खोजीलाई तीव्रता दिएको जनाएको छ ।


**आवश्यकता**

यस सर्वव्यापी बचत तथा ऋण सहकारी संस्था लि. को लागि निम्न कर्मचारीको आवश्यकता परेको हुनाले इच्छुक व्यक्तिहरुले आवेदन दिनुहोला ।

| सि.नं. | विवरण/पद | संख्या | योग्यता |
|---|---|---|---|
| १ | बजार प्रतिनिधि | ५ | +२ |

**सर्वव्यापी बचत तथा ऋण सहकारी संस्था लि.**
बसुन्धरा, काठमाडौं ।
सम्पर्क नं. ०१-४३६१५२९
मो. ९८४१३०५३८३, ९८४१००८८६५

**कर्मचारी आवश्यकता**

New Era Cleaners को लागि पानीपोखरी, सामाखुशी, बालाजु, नक्साल, उत्तरढोका, हात्तीसार, टेकु, कुपण्डोल, बनस्थली, पाटन र लगनखेलको लागि निम्न कर्मचारी चाहिएको हुँदा तलको ठेगानामा सम्पर्क गर्नुहोला ।

**1. Cleaners**
Fulltime (10am-6pm): महिला - १६ जना, पुरुष- २ जना
Parttime(6am-10am): महिला- १५ जना

**2. Supervisor- 2** जना (Bike को Licence भएको)

हात्तीगौडा Office: 9841037393, 9803434427

**बानेश्वरको घडेरी बिक्रीमा**

काठमाडौंको मुटु नयाँ बानेश्वरस्थित एभरेष्ट होटलको ठीक पछाडि रहेको २० फिटे पक्की बाटोमा ४२ फिट फेस छोएको १९ आना जग्गा बिक्रीमा छ ।

सीधा सम्पर्क : ९८०११६११३४

**मलाई डिभि पर्‍यो !**

**कहाँ जाने, के गर्ने ?**
**आगामी प्रक्रिया के ?**

निर्धक्क हुनुहोस् ! धैरै जनाको कुरा नसुन्नुहोस् ! चारैतिर मन नडुलाउनुहोस् ! यताउती नअल्मलिइकन सिधै हामीकहाँ आउनुहोस् !

डिभिसम्बन्धी तपाईंका सम्पूर्ण जिज्ञासा, अन्योल, भ्रम र आगामि प्रक्रियाहरुबारे स्पष्ट भई जानुहोस् ।

फोनबाट सोध्नु/बुझ्नु परेमा: ९८४१३८७०२१

**FREE DV COUNSELING**

yara digital
Tel: 4219790, Putalisadak
(Shankerdev Campus Line)
Infront of Tukucha Tarkari Bazar
Kathmandu, Nepal

**REQUEST FOR PROPOSAL FOR ENTERPRISE CUSTOMER RELATIONSHIP MANAGEMENT (ECRM) SOLUTION**

**Siddhartha Bank Limited** invites sealed bids from the interested companies for supply, Installation, deployment and support of an Enterprise Customer Relationship Management (ECRM) solution for the Bank.

The bank is seeking for an ECRM solution to assist in increasing productivity and efficiency in support, service delivery, sales and marketing functions across the bank. To summarize, the overall project scope includes:

1. Acquiring of License of ECRM solution.
2. Deployment and Implementation of ECRM solution.
3. Integrate with SBL Middleware, CBS and other related services and IVR using web service and ISO 8583 message formats.
4. After sale support service for ECRM solution.

The bidder should give as much information as possible about their capability to design, plan, install, and implement ECRM Solution and manage the process from end to end using structured methodologies and skilled personnel.

**Minimum Eligibility/Criteria:**

1. Bidder should be a registered company in Nepal or Outside Nepal.
2. Bidder should have prior experience with licensing, implementation and support for ECRM software solution least for 2 commercial banks (inside or outside Nepal).
3. Bidder should have worked for more than 5 years on licensing, implementation and support for either ECRM application.

Interested companies meeting above mentioned minimum eligibility/criteria can participate in the bid process. The detailed scopes, objectives and terms & conditions can be found in the Request For Proposal (RFP) document which can be obtained from the Bank's General Administration Department at Hattisar, Kathmandu or can be forwarded via email upon payment of non-refundable document fee for NPR. 1,500.00. The payment can be made through cheque, SWIFT or other mode of payment for international bidder(s).

The sealed proposal (RFP) should be submitted within the close of business hours of **13 June, 2018.**

**Note:**
The Bank reserves the right to accept/reject any or all proposals fully or partially without assigning any reasons whatsoever.

**Siddhartha Bank**
Bank For Your Prosperity
**Head Office:** Hattisar, Kathmandu, P.O.Box:13806, Phone: 01–4442919 / 4442920, Fax: 01–4442921
Email: sbl@siddharthabank.com, Website: www.siddharthabank.com

**PLAN INTERNATIONAL | 40 YEARS IN NEPAL**
**VACANCY ANNOUNCEMENT**

Plan International is an independent development and humanitarian organisation working in 51 developing countries that advances children's rights and equality for girls.

Plan International has been working in Nepal since 1978, helping marginalised children, their families and communities to access their rights to health, education, economic security and protection. Through the support of local partners, Plan International works in 42 districts in Nepal. We take active measures in recruitment and employment practices to ensure children are protected.

Plan International Nepal invites application from interested and eligible candidates for the following positions:

1. **Child Protection Program Coordinator- 1 Position**
Fixed term employment for 3 years based in Field Office - Mid-Western Hills Office, Jumla
2. **Early Childhood Development Program Coordinator- 1 Position**
Fixed term employment for 3 years based in Field Office- Mid-Western Hills Office, Jumla
3. **Education Program Coordinator- 1 Position**
Fixed term employment for 3 years based in Field Office - Mid- Western Hills Office, Jumla
4. **Construction Coordinator- 1 Position**
Fixed term employment till 30 June 2019 based in Field Office- Mid-Western Hills Office, Jumla
5. **Sponsorship Communication Assistant-1 Position**
Fixed term employment for 3 years based in Field Office- Mid-Western Hills Office, Jumla
6. **Encoder-1 Position**
Fixed term employment for 1 year based in Field Office -Mid-Western Hills Office, Jumla
7. **Driver-2 Positions**
Fixed term employment for 3 year based in Field Office -Mid-Western Hills Office, Jumla

**To Apply,**
Log on to **www.merojob.com/plan-international-v76** and click **"Apply Now"** icon below the details of job position. The deadline for application is **Friday, 8 June 2018.** Applications are solely accepted through merojob online application procedures. Only shortlisted candidates will be contacted for further selection process. Canvassing at any stage of processes shall lead to automatic disqualification.

Plan International strongly encourages female applicants, applicants from dalit, madhesi, janajati, marginalised ethnic groups and offers proactive support and capacity development for female staff and staff from marginalised groups.

SAY YES! TO KEEPING CHILDREN AND YOUNG PEOPLE SAFE AND PROTECTED

# हिउँले यार्चा टिप्न ढिलाइ

■ हरि गौतम

रुकुम पूर्व- यार्चा सिजन व्यवस्थापन समितिले आगामी जेठ १५ देखि बुकी खुला गर्ने भएको छ। हिमपातका कारण यस वर्ष जिल्लामा यार्चागुम्बा संकलन एक साता धकेलिएको हो।

पुथाउत्तरगंगा गाउँपालिकाका १ र २ नम्बर वडाका पुपाल, अरविजा, जंगला, पूर्वाङ, भित्रिवन, उड्ला, निम्कु, पानीढल, फूलबारीलगायत स्थानमा बहुमूल्य जडीबुटी यार्चागुम्बा पाइन्छ। पुपाल जाने बेसक्याम्प दुलेमा बिहीबार बसेको समिति बैठकले जेठ १५ गतेदेखि बुकी खुला गर्न तयारी थालिसकेको छ।

जेठ पहिलो साता नै बुकी खोल्ने तयारी गरिए पनि हिमपात भइरहेपछि एक सातालाई सारिएको समिति अध्यक्ष अमरधन पुनले बताए। 'हामीले जेठ पहिलो सातादेखि नै सर्वसाधारणलाई बुकीमा छाड्ने तयारी गरेका थियौं,' उनले भने, 'प्रकृति नै प्रतिकूल बनेपछि एक साता ढिलो हुने भयो।'

समितिले शुक्रबारदेखि दुले बेसक्याम्पमा रसिद वितरण थाल्दै छ। संकलकमध्ये सर्वसाधारणसँग प्रतिव्यक्ति १ हजार ५ सय लिने समितिको निर्णय छ। व्यापारिक हकमा भने फरक मूल्य छ। समिति अध्यक्ष पुनले स्थानीय व्यापारीलाई १५ हजार र बाहिरबाट यार्चा संकलनका लागि आउने व्यापारीलाई प्रतिव्यक्ति ३० हजार रुपैयाँ कायम गरिएको जानकारी दिए। समितिले रसिदका आधारमा यार्चा टिप्ने र संकलन गर्नेको पहिचान गरी बुकीमा जान अनुमति दिनेछ। उम्रिसकेको यार्चा सुरक्षा गर्न वैशाख ५ गते नै इलाका प्रहरी कार्यालय मैकोटको टोलीसहित ६ सय युवा बुकी पुगिसकेका छन्।

दुले बेसक्याम्प गाउँबाट एक दिनको पैदल दूरीमा छ। त्यहाँ रसिद लिएकाहरू अर्को दिन हिंडेर स्याङखोला पुग्छन्। स्याङखोलाबाट एक बिहान हिडेपछि मात्रै यार्चा पाइने बुकी पुगिन्छ। समितिले १५ गतेअगाडि संकलकलाई स्याङखोला भन्दा अघि बढ्न दिँदैन। सबै सर्वसाधारण तथा व्यापारी (ठेकेदार) बुकी पुगेपछि भरुवा बन्दुक पडकाएर यार्चा संकलन खुला गरिएको जनाउ दिइन्छ। ज्येष्ठ नागरिक, महिला, बालबालिका र विद्यार्थीसमेत यार्चा टिप्न जान्छन्।

एक महिनासम्म यार्चा टिप्नेहरूले त्यसैबाट वर्ष दिनभरिको घरखर्च जुटाउने गरेका छन्। बुकी पुग्ने एक जनाले ३० हजारदेखि ५ लाखसम्म आम्दानी गर्ने गर्छन्। यार्चाको सिजन उनीहरूका लागि ठूलो पर्व हो। गाउँका विद्यालय, पसल, घर सबै बन्द गरेर सर्वसाधारण बुकी उक्लिन्छन्। मैकोटका पुपालहरूको यार्चा चीन जान्छ। कुनै सिजनमा चिनियाँ व्यापारी नै आएर धेरै यार्चा लैजान्छन् भने कुनै सिजनमा नेपाली व्यापारीले नै चीनसम्म पुऱ्याउँछन्।

बुकीबाट आउने आम्दानी समितिले गाउँको विकासमा लगाउने गरेको छ। यसरी सर्वसाधारण र व्यापारीबाट शुल्क उठाउन थालिएको ११ वर्ष पुग्यो। समिति २०६४ सालमा गठन गरिएको हो। यार्चाकै आम्दानीबाट समितिले गाउँमा विद्यालय भवन निर्माण, विद्यालयमा निजी स्रोतबाट शिक्षक व्यवस्थापन, चौतारो निर्माणलगायत काम गर्दै आएको छ। समितिका पूर्वसचिव भरतकुमार पुनले गाउँ विकासका लागि नियमित काम तथा भैपरी आउने खर्च जोहो गर्ने जिम्मा समितिको हुने बताए। 'गाउँमा कुनै न कुनै काम परिराखेकै हुन्छ, अर्को स्रोत कहाँबाट ल्याउनु, त्यसैले समितिले संकलन गर्ने रकम नै त्यसमा प्रयोग गर्ने गरिएको छ,' पुनले भने।


फाइल तस्बिर

## पाटन पुगे संकलक

डोल्पा (कास)- जिल्लामा यार्चागुम्बा पाइने अधिकांश पाटनमा बिहीबारबाट संकलन सुरु गरिएको छ। से फोक्सुन्डो राष्ट्रिय निकुञ्जभित्रका ग्याल्वारा, माटे, छमकुनी, भोक्पा, म्हान्का, सिसोललगायत पाटनमा संकलन थालिएको हो। जगदुल्ला, कागमारा, फूलबारी, माझवनलगायतमा भने जेठ १ गतेबाटै संकलन खोलिएको थियो।

पाटन खुला गरिएपछि संकलकबाट विभिन्न नाकामा एक करोड रुपैयाँभन्दा बढी संकलन भएको सहायक संरक्षण अधिकृत प्रकाश उप्रेतीले बताए। संकलकका लागि संकलन पुर्जी अनिवार्य गरिएको छ। निकुञ्जका अनुसार सुलिगाड, तोइजम र नाउलीबाट उठेको ७० लाख राजस्व बैंकमा जम्मा भइसकेको छ। धोमा ३० लाख राजस्व संकलन भएको छ। त्यस्तै त्रिपुराकोटमा साढे दुई लाख रुपैयाँ राजस्व संकलन भएको छ। तोइजम, नाउली र सुलिगाडबाट मात्र ५ हजार १ सय २९ जना संकलक पाटन प्रवेश गरेको सहायक संरक्षण अधिकृत उप्रेतीले बताए। यहाँका केही राष्ट्रिय वनमा समेत यार्चा संकलन सुरु गरिएको छ। माझफालको साइकुवारी, पोकेपानी, चाहार, बागडाँडा, ठांगे, लैनी, ताचिनलगायत पाटनमा दसौं हजार मानिस यार्चा टिप्न गएका छन्। यहाँका स्थानीयको आम्दानीको मुख्य स्रोत नै यार्चा संकलन हो। अधिकांश स्थानीय यार्चा टिप्न पाटन उक्लिएपछि गाउँहरू सुनसान बनेको माझफालका सुमन बुढाले फोनमा बताए। 'बुढापाका र अशक्तमात्र गाउँमा छन्,' उनले भने। बिहीबार बिहान ८ बजे ग्याल्वारा, ताक्तारा, भम्पे, भोक्पा, साइकुवारी, बागडाँडालगायत पाटनमा बन्दुक पड्काएर संकलन आरम्भ गरिएको ठूलीभेरी नगरपालिका ६ का वडाध्यक्ष धर्मलाल बुढाले बताए।

# सांसदले कुटे प्रशासकीय अधिकृत

■ अमन कोइराला

सर्लाही- कविलासी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीनकुमार श्रीवास्तवलाई बुधबार राति मलंगवामा प्रदेश सांसदले दुर्व्यवहार गरेका छन्।

लेखा सहायकको कामसमेत गर्दै आएका वडा नं. १ का सचिव राजेन्द्र ठाकुर र स्थानीय राजनीतिकर्मीसँग जिविस चोकस्थित एक होटलमा बसिरहेका श्रीवास्तवलाई दलबलसहित पुगेका प्रदेश सांसद सञ्जयकुमार यादवले कुटपिट गरेका हुन्।

यादवले वडासचिवको झोलामा रहेका कागजातसमेत नियन्त्रणमा लिएका छन्। उनले साताअघि नगरपालिकाको कार्यालयमै गएर श्रीवास्तवलाई कोठामा थुनी केही योजनामा जबर्जस्ती सम्झौता र कार्यादेशमा हस्ताक्षर गर्न लगाएका थिए। त्यसको विरोधमा अघिल्लो साता बिहीबारदेखि कर्मचारीले नगर कार्यालय बन्द गरेका थिए। उनीहरूले सुरक्षा माग गरेका छन्। यादवले आफ्नो घर रहेको वडा नम्बर १० को उपभोक्ता समिति गठनको टिप्पणी स्वीकृत नभएपछि जबर्जस्ती सम्झौतापत्रमा हस्ताक्षर गर्न लगाएका हुन्।

वडा सचिव ठाकुरले प्रशासकीय अधिकृतसँग छलफल चलिरहँदा सांसदले एक्कासि आक्रमण गरेको बताए। उनका अनुसार जमुनिया गाउँमा विकास योजना अघि नबढेको सम्बन्धमा बुझ्न रामवली रायलगायतले बोलाएका थिए। त्यही सिलसिलामा छलफल हुँदै थियो। आक्रमणबाट श्रीवास्तवको टाउकोमा सामान्य चोट लागेको छ।

'अरू ठाउँमा ५० प्रतिशत काम भइसकेकाले त्यहाँ पनि छिटो अघि बढाउन उहाँहरूले भन्नुभयो,' उनले भने, 'केही बेरमै सांसदको टोली आएर प्रशासकीय अधिकृतमाथि दुर्व्यवहार गऱ्यो। मेरो झोला पनि लगे।' झोलामा एउटा निर्णय पुस्तिका र लेखाको कागजात रहेको ठाकुरले जानकारी दिए।

घटनाका प्रत्यक्षदर्शी रामवली रायले प्रदेश सांसद आउनासाथ केही नबोली प्रशासकीय अधिकृतमाथि झम्टिएको बताए। '३ नम्बर वडाध्यक्ष लालबाबु रायसहित बसेर विकास कार्य छिटो गर्नेबारे छलफल गरिएको थियो,' उनले भने, 'वडाध्यक्ष गइसकेपछि पनि हामी कुरा गरिरहेका थियौं, अचानक सांसद आएर कुटपिट गर्न थाल्नुभयो।'

मेयर कौशलकिशोर रायले सातादेखि बन्द कार्यालय खुलाउने वातावरण बनिरहँदा प्रदेश सांसदले डकैती शैलीमा कर्मचारीमाथि आक्रमण गरेको भन्दै निन्दा गरेका छन्। 'सांसदजस्तो व्यक्तिले दलबल लिएर कर्मचारीमाथि कुटपिट गर्नु आपत्तिजनक हो,' उनले भने, 'यस्तालाई कडा कारबाही हुनुपर्छ। हामी कानुनी प्रक्रियामा जान्छौं। त्यहाँबाट न्याय नपाए कडा आन्दोलन गर्न बाध्य हुनेछौं।' यसअघिको घटनाबारे पनि मुख्यमन्त्री र स्थानीय प्रशासनलाई जानकारी गराएको रायले बताए।

'सांसदले दलबल लिएर कर्मचारीमाथि कुटपिट गर्नु आपत्तिजनक हो, कानुनी प्रक्रियामा जान्छौं'

कर्मचारी कुटपिटको घटनामा बिहीबार अपराह्न जिल्ला प्रशासनमा दुवै पक्षसँग अलगअलग छलफल गरिएको छ। त्यसमा कुनै सहमति जुट्न नसकेकाले शुक्रबार पुन छलफल गर्ने प्रशासनको तयारी छ। श्रीवास्तवले अब युनियनमार्फत अघि बढ्ने बताए। 'कर्मचारी युनियनले अबको आन्दोलन सम्बन्धमा निर्णय गर्छ,' उनले भने, 'काम गर्न सक्ने वातावरण नभएकोबारे प्रशासनलाई जानकारी गरायौं।'

सांसद यादवले भने कार्यपालिका सदस्यलाई पैसा दिएर विभिन्न निर्णयमा हस्ताक्षर गराइरहेको अवस्थामा निर्णय पुस्तिकामात्र नियन्त्रणमा लिएको बताएका छन्। कर्मचारीले भने सांसद भएकै कारण प्रशासनले यादवलाई कारबाही गर्न डराएको गुनासो गरेका छन्।

# संघीयता कमजोर पारिँदै छ : यादव

कान्तिपुर संवाददाता

राजविराज- संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले प्रदेशलाई स्वायत्तता र स्वशासनको अधिकार नभएसम्म संघीयता मजबुत हुन नसक्ने बताएका छन्। सप्तरीको राजविराजमा बिहीबार आयोजित पार्टी प्रवेश कार्यक्रममा उनले संघीय सरकारले नै संघीयतालाई कमजोर बनाउने कार्य गरिरहेको आरोप लगाए। स्थानीय तहलाई प्रदेश तह मातहत ल्याउनुपर्नेमा यादवले जोड दिए।

लामो संघर्ष र बलिदानीपछि मुलुक संघीयतामा प्रवेश गरे पनि यसलाई व्यवस्थित र सुदृढ गर्न बाँकी रहेको उनको भनाइ छ। 'अझै पनि असमानता र विभेद कायमै छ, भेदभाव भइरहेको छ,' यादवले भने, 'राजनीतिक नियुक्तिमा मधेसीको नामोनिसान छैन, शासन व्यवस्था र प्रशासनमा मधेसीको स्थान छैन।'

उनले प्रदेश सरकारलाई कमजोर बनाउने खेल भइरहेको बताए। 'प्रदेशमा सरकार त छ तर मन्त्रालयमा रहेका कर्मचारी उसको मातहत छैनन्, सुरक्षा निकायको कमान्ड अर्कैको हातमा छ,' यादवले भने, 'प्रदेश सरकारको अवस्था न माथि जान सक्ने न त तल झर्न सक्ने खालको छ।' संघीय सरकारको प्राथमिकतामा २ नम्बर प्रदेश सबैभन्दा पछाडि रहेको भन्दै उनले असन्तुष्टि जनाए।

# आँखा खुलेपछि हर्ष

डोटी (कास)- केआईसिंह गाउँपालिका-३ दल्लकी जमुना ऐर बिहीबार निकै खुसी थिइन्। गाउँमै आएका डाक्टरले उनका आँखा शल्यक्रिया गरिदिए। अहिले उनी प्रस्ट देख्न सक्ने भएकी छन्।

सोही गाउँपालिका-४ की ६८ वर्षीया सरस्वती खड्कामा पनि हर्षको सीमा थिएन। धमिलिइसकेका आँखाले फेरि पनि पहिलेजसरी प्रस्ट देख्न सकिएला भन्ने उनले सोचेकी पनि थिइनन्। तर, शल्यक्रियापछि त्यो सम्भव भयो।

केआईसिंह गाउँपालिकाको दुर्गामाडौंमा बुधबार सञ्चालित दुईदिने आँखा शिविरमा जमुना र सरस्वतीजस्ता मोतियाविन्दुले ग्रस्त एक सयभन्दा बढी वृद्धवृद्धाले सेवा पाए, त्यो पनि असाध्यै थोरै खर्चमा। उनीहरूले नाम दर्ताका लागि जम्मा २० रुपैयाँ तिरे पुग्यो। बाँकी सबै खर्च आयोजकले नै बेहोरे। शिविरमा सेवाग्राहीको ओइरो लागेको थियो। '२० रुपैयाँमा संसार देख्न सक्छु जस्तो लागेको थिएनँ', ७४ वर्षीया राधा नेपालीले भनिन्, 'बुढेसकालमा देख्न छाडेपछि घरमै थन्किएर बसेकी थिएँ, डाक्टरहरू भगवान् बनेर आए, आँखा देख्न सक्ने बनाइदिए।' उक्त शिविर गेटा आँखा अस्पतालले सञ्चालन गरेको हो। अस्पतालका नेत्र सहायक सुरज बल्तारले केआईसिंह गाउँपालिकामा ४ सय ३५ जनाले आँखा परीक्षण गराएको जानकारी दिए। उनले मातियाविन्दु लागेका एक सय बिरामीको शल्यक्रिया गरिएको बताए। शिविरमा रोटरी क्लब नर्वेको आर्थिक सहयोग थियो।

पहाडी क्षेत्रमा आर्थिक अभाव र जनचेतनाको कमीका कारण आँखासम्बन्धी समस्याका सयौं बिरामी अझै उपचारबाट वञ्चित रहेको केआईसिंह गाउँपालिका अध्यक्ष लोकेन्द्र शाहीले बताए। शिविर सञ्चालनबाट अधिकांशलाई राहत मिलेको उनको भनाइ छ। गेटा अस्पतालका १३ जना चिकित्सकको केआईसिंह गाउँपालिकामा शिविर सम्पन्न गरेर अछाम जाँदैछ। अछामका तीन ठाउँमा शिविर चलाई फेरि डोटीको शिखर नगरपालिकाको तलकोट पुग्ने उनीहरूले बताए।


हार्दिक श्रद्धाञ्जली



जन्मः वि.सं. २००२ साल
स्व. डा. गुरु प्रसाद रजौरिया
स्वर्गारोहणः वि.सं. २०७५/०१/३०

हाम्रो परम मित्र तथा यस संस्थाका अध्यक्ष श्री प्रकाश रजौरियाको कान्छो बुवा तथा सौरव रजौरियाको पूजनिय पिता डा. गुरुप्रसाद रजौरियाको ७३ वर्षको उमेरमा स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडिमा शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

सर्वाङ्ग अस्पताल परिवार(कुपण्डोल), नेशनल हेल्थ फाउन्डेशन परिवार(कोटेश्वर)
बाग्मती इन्स्टिच्यूट अफ टेक्निकल साईन्स परिवार(कोटेश्वर)



जन्म २००२/०८/०१
श्रद्धार्पण
स्वर्गारोहण २०७५/०१/३०

स्व. डा. गुरु प्रसाद रजौरिया

हाम्रा प्रातः स्मरणीय डा. गुरु प्रसाद रजौरिया को असामयिक स्वर्गारोहण भएको १३ औं दिनको पुण्यतिथिको अवसरमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकको यस घडीमा हामीप्रति सहानुभूति, समवेदना र सहयोग गर्नुहुने आफन्तजन तथा शुभचिन्तकहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छौं।

श्रीमती
पुष्पा रजौरिया

छोरा / बुहारी
सौरभ/इशु रजौरिया

छोरी / ज्वाईंहरु
सुमन/धीरेन्द्र मैनाली
स्मृति/ओम उप्रेती

नाति / नातिनीहरु
अर्णभ उप्रेती, श्लोक रजौरिया,
सानी नातिनी (मैनाली)

हार्दिक श्रद्धाञ्जली



जन्म : १९८०
स्वर्गारोहण: २०७५/०२/०५


स्व. विणा देवी गोल्याण

हाम्रा आत्मीय मित्र बासुदेव गोल्याण र पवन कुमार गोल्याणकी ममतामयी माता विणा देवी गोल्याणको स्वर्गारोहणबाट हामी अत्यन्त मर्माहित भएका छौं र दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै श्रद्धाञ्जली अर्पण गर्दछौं।

यस दु:खको घडीमा शोकसंतप्त परिवारमा हार्दिक समवेदना व्यक्त गर्दै परमेश्वरले उहाँहरुलाई धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भन्ने प्रार्थना गर्दछौं।

अशोक कुमार भिमसरीया/मञ्जु भिमसरीया
अशोक कुमार अग्रवाल/अल्का अग्रवाल
विरेन्द्र कुमार संघई/मञ्जु संघई
शिवरतन शारदा/सरीता शारदा
राजकुमार थर्ड/पुष्पा थर्ड
त्रिलोकचन्द अग्रवाल/उषा अग्रवाल
कमल कुमार बेगानी/सन्तोष बेगानी
रमेश भांगर/निलम भांगर
लोकमान्य गोल्छा/हर्षलता गोल्छा

हार्दिक श्रद्धाञ्जली



प्युठान जिल्ला साविकको रजबारा गा.बि.स वडा नं. ३ निवासी फर्स बहादुर मल्लको नाती, कर्ण बहादुर मल्लको छोरा श्री श्रीजंग गणमा कार्यरत व्य.नं. २८५३४३ सिपाही **हरि बहादुर मल्ल**को मिति २०७५/०१/३० गते सवारी दुर्घटनामा परी असामयिक निधन भएकोले आज १३ औं पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि स्वर्गीयप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

स्व. हरि बहादुर मल्ल
जन्म मितिः २०४९/१०/२४
स्वर्गारोहणः २०७५/०१/३०

नेपाली सेना तथा
श्री श्रीजंग गण, परिवार

हार्दिक समवेदना



जन्म : वि.सं. २०२९/०४/०८
स्वर्गारोहण : वि.सं. २०७५/०१/३०

स्व. नरभूपाल राई

पोर्चुगलमा रहेर व्यवसाय गरिरहनुभएका हाम्रा मित्र समाजसेवी श्री **नरभूपाल राई** को १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै यस दुःखद घडीमा शोक-सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

बिनोद बान्तवा-भोजपुर
डा. राजेश राई - ओखलढुंगा
दुरेन राई - खोटाङ
राजन राई - खोटाङ
स्वेता राई - कोटेश्वर
पोष्ट बहादुर थापा (सुमन)-धनकुटा
ज्ञानिन राई - खोटाङ
कृष्ण राई - खोटाङ
शुक्र राई - खोटाङ
गिरेन राई - खोटाङ
जिवन गुरुङ -सोलुखुम्बु
कल्याण विक्रम अधिकारी- अमेरिका

वनकर्मीमाथि कुटपिट

# आक्रमणकारीको खोजी तीव्र



कैलालीको वसन्ता जैविकमार्गमा निर्माण गरिएका घरटहरा । *तस्बिर : मोहन*

■ मोहन बुढाऐर

धनगढी- कैलालीको वसन्ता जैविकमार्गको बजैपुर नजिक बुधबार वनकर्मीमाथि भएको सांघातिक आक्रमणमा संलग्न समूहको खोजी तीव्र पारिएको छ । प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीले आक्रमणकारीको खोजी गरी कारबाही प्रक्रिया अघि बढाउन जिल्ला प्रहरीलाई निर्देशन दिएका छन् ।

प्रहरीले आक्रमणमा संलग्नको खोजी भइरहेको जनाएको छ । 'आक्रमणमा परेका जिल्ला वन कार्यालयका कर्मचारीको किटानी जाहेरी परेको छ,' जिल्ला प्रहरी प्रमुख एसपी विनोद घिमिरेले भने, 'जाहेरीमा उल्लेखित व्यक्तिलाई पक्राउका लागि टोली परिचालन गरेका छौं ।' जिल्ला वन कार्यालय कैलालीले जिल्ला प्रहरीमा कैलारी गाउँपालिका-७ बजैपुरका स्थानीय दशीराम चौधरी, पर्शुराम चौधरी, ओमप्रकार चौधरी र गणेश चौधरीको नाममा किटानी जाहेरी दिएको छ । जिल्ला वन अधिकृत नवराज काफ्लेले पहिचान भएकाहरूको नाममा किटानी जाहेरी दिएको र घटनामा संलग्न अन्यको खोजी गरी कारबाही गर्न स्थानीय प्रशासनलाई निवेदनसहित अनुरोध गरेको बताए ।

उनले आक्रमणकारीलाई पक्राउ गरेर कारबाही नगरेसम्म वनका कर्मचारीको मनोबल कमजोर हुने बताए । 'वन क्षेत्रको अतिक्रमण हटाउन, काठ तथा वन्यजन्तु चोरी तस्करी नियन्त्रण गर्न वनकर्मीको मनोबल उच्च राख्नु जरुरी छ,' काफ्लेले भने, 'त्यसका लागि आक्रमणकारी समूहलाई खोजी गरी कडा कानुनी कारबाही गरिनुपर्छ ।'

काफ्लेले प्रतीक्षालयको नाममा भइरहेको अतिक्रमित क्षेत्र खाली गर्न र अतिक्रमणकारीलाई पक्राउ गरी कारबाही गरिनुपर्ने कुरा प्रदेश ७ का वनमन्त्री माया भट्ट र वन विभागमा राखिएको बताए । वसन्ता जैविकमार्गमा पर्ने हुलाकी सडकछेउको जंगलमा बसपार्क र प्रतीक्षालय बनाउने नाममा अतिक्रमण भइरहेको थियो । त्यसलाई हटाउन पहलमानपुर सेक्टर वन कार्यालयका प्रमुख भीमप्रसाद कँडेलसहितको ८ जनाको टोली बुधबार घटनास्थल पुगेको थियो । त्यहाँ अतिक्रमणकारीले वनकर्मीमाथि सांघातिक रूपमा आक्रमण गरेका थिए । आक्रमणमा रेन्जर रामअवतार चौधरी र वन कार्यालयका सहयोगी महेश चौधरी घाइते भएका थिए ।

**'सांघातिक आक्रमणमा घाइते कर्मचारीको मनोबल उकास्नका लागि दोषी पहिचान गरी कारबाही दायरामा ल्याउनुपर्छ'**

घटनाको सर्वत्र विरोध भएको छ । आक्रमणमा संलग्नमाथि कडा कारबाहीको माग गरिएको छ । निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियन कैलाली, निजामती कर्मचारी युनियन, मधेसी निजामती कर्मचारी मञ्च, नेपाल फरेस्ट, वन प्राविधिक संघ लगायतका ८ वटा संगठनले आक्रमणकारीमाथि कारबाहीको माग राखेका छन् ।

## जोखिममा जैविकमार्ग

कैलालीको वसन्ता जैविकमार्गमा अतिक्रमण बढ्दै गएको छ । यस क्षेत्रमा ५ वर्षको अवधिमा दोब्बर बढी अतिक्रमण भएको छ । जिल्ला वन कार्यालयको तथ्यांकमा २०६८ सम्म वसन्ता वन क्षेत्रमा १ हजार ३ सय ३१ हेक्टर वन क्षेत्र अतिक्रमित थियो । हाल २ हजार बढी हेक्टर अतिक्रमणको चपेटामा परेको छ । पछिल्लो दिनमा वसन्ताको बजैपुर क्षेत्रमा ९० हेक्टर वन अतिक्रमण गरिएको छ । बाढीपीडितका नाममा यो क्षेत्र अतिक्रमण गरिएको वनकर्मीले बताए ।

इलाका वन कार्यालय वसन्ताका रेन्जर रामअवतार चौधरीका अनुसार वसन्ता जैविकमार्गअन्तर्गत घुइँयाफाँटा, मनिकापुर, मजरा, पहलमानपुरको लटुवा र झलझलीय क्षेत्रमा समेत नयाँ अतिक्रमण भएको छ ।

सेक्टर वन कार्यालयका प्रमुख भीमप्रसाद कँडेलले अव्यवस्थित बसोबास, बाढीपीडित र मुक्त कमैयाको नाममा अतिक्रमण भएको बताए । पछिल्लो समयमा मन्दिर, स्कुल, बसपार्क, प्रतीक्षालय र सार्वजनिक स्थल निर्माणका लागि भन्दै स्थानीयले वन अतिक्रमण गरिरहेको उनको भनाइ छ ।

उनका अनुसार सुरुमा जंगलछेउ सार्वजनिक स्थल बनाउने नाममा क्षेत्र ओगट्ने र पछि विस्तारै छाप्रो बनाउने प्रवृत्ति बढेको छ । बुधबार कैलालीको वसन्ता बजैपुरमा वनकर्मीमाथि भएको आक्रमण यस्तै प्रकारको अतिक्रमण रोक्ने क्रममा भएको सेक्टर कार्यालयका प्रमुख कँडेलले बताए ।

'सडकछेउको जंगल मास्ने उद्देश्यले प्रतीक्षालय बनाउन खोजेका थिए,' उनले भने, 'उक्त निर्माण रोक्ने प्रयास गर्दा स्थानीयले सांघातिक आक्रमण गरे ।' उनले अन्तर्राष्ट्रिय जैविकमार्गलाई जोड्ने वसन्ता वन संरक्षणमा अतिक्रमण ठूलो चुनौती भएको बताए । अतिक्रमण रोक्न नसकिए वसन्ता वन क्षेत्र चाँडै विनाश हुने उनको दाबी छ ।

रौतहटको वाग्मती किनारदेखि भारतको जिम करवेट राष्ट्रिय निकुञ्जसम्मको अन्तर्राष्ट्रिय जैविकमार्गलाई जोड्ने वसन्ता वन क्षेत्रको विभिन्न स्थानमा बढिरहेको अतिक्रमणले वन्यजन्तु नै संकटमा परिरहेको वसन्ता रेन्जपोस्टअन्तर्गतको सामुदायिक वन उपभोक्ता समूहको सञ्जाल समन्वय समितिका संयोजक विजय श्रेष्ठले बताए । उनले वसन्ता वन क्षेत्रभित्रको नयाँ र पुरानो अतिक्रमण हटाउन सरकारले तत्काल गम्भीर पहल नगरेमा वसन्ता जैविकमार्ग नासिँदै जाने जानकारी दिए ।

# डेनिस सहयोगका सडक अलपत्र



इलामको सोयाकमा सडक निर्माणमा जुटेका कामदार । डेनमार्क सरकारको सहयोगमा निर्माणाधीन यो सडकको काम सुस्त हुँदा समयमै पूरा नहुने देखिएको छ । *तस्बिर : विप्लव*

■ विप्लव भट्टराई

इलाम- जिल्लामा डेनिस सरकारको सहयोगमा निर्माणाधीन सडक तोकिएको मितिमा सम्पन्न नहुने भएका छन् । निर्माण व्यवसायीकै लापरबाहीले सडकमा ढिलाइ भएको हो ।

दाताले असार १५ भित्र नसके ठेक्का तोड्ने चेतावनी दिएपछि उनीहरूले पछिल्ला दिन कामको गति केही बढाएका छन् । उन्नति समावेशी वृद्धि कार्यक्रममार्फत निर्माणाधीन ८ मध्ये ५ वटा सडकको काम सन्तोषजनक नदेखिएको भन्दै दाताले चेतावनी दिएको हो ।

उन्नति कार्यक्रमले कृषि उपजसँगै बजारीकरणका लागि सडक निर्माण योजना अघि सारेको थियो । अधिकांश सडकको ट्र्याक खोल्ने काम सकिए पनि ड्रेन, ग्याबिङवाल, ग्राभेलिङलगायत काम बाँकी छन् ।

व्यवसायीले भने यस वर्ष छिटो वर्षा भएकाले पनि काममा अवरोध आएको बताउने गरेका छन् । समग्रमा सडक निर्माणको ६० प्रतिशत काम पूरा भएको छ । तर असार १५ मै सबै काम सक्न दाताले ताकेता गरेकाले सबै सडक अधुरै हुने संकेत देखिएको छ । यी सडकमा छुट्याइएको करिब ५० करोडमध्ये ३० करोड मात्र भुक्तान भएको छ ।

दुई वर्षअघि सम्झौता भएको १९ किलोमिटर लामो फिक्कल-नयाँबजार सडक, ५ किलोमिटर लामो फिक्कलको बरबोटे-माझीगाउँ-कट्टेबुङ सडक, नेपालटार-पुवामझुवाको ६ किलोमिटर सडक, ५ किलोमिटर दामो-जितपुरे-साङरुम्बा सडक, जितपुर-नवमी-आम्बोटे सडक, देउराली-फलाँटे-कोल्बोटे सडकको काम सोचेजस्तो छैन । 'उन्नतिले म्याद थपेर भए पनि थालिएका काम पूरा गरोस् भन्ने हो,' जिल्ला समन्वय समितिका अध्यक्ष गणेश बरालले भने, 'नत्र स्थानीय तहलाई बजेटसहित बाँकी काम जिम्मा लगाउनुपर्छ । अधुरो काम छाडेर बजेटसमेत फिर्ता गर्ने परिस्थिति बनाउनु हुँदैन ।'

आयोजनाको अवधि सकिनै लाग्दा भने निर्माण व्यवसायीले कामलाई तीव्रता दिएका छन् । तर, सबै काम निर्धारित समयमै सक्न कठिन देखिन्छ । समयमै काम सक्नुपर्ने जिम्मेवारी नबुझ्नु ठेकेदारको कमजोरी रहेको उन्नति परियोजनाका केशव सिलवालले बताए । 'सम्बन्धित निर्माण व्यवसायीलाई सबै उपाय लगाएर काममा तीव्रता दिन भनिएको छ,' जिल्ला प्राविधिक कार्यालयका प्रमुख ओमराज ढुंगानाले भने, 'स्थानीयवासीले पनि थालिएका सडक जुनसुकै अवस्थामा पूरा गर्न माग गर्दै आएका छन् ।'

१४ करोड ४६ लाख ३४ हजारमा नागार्जुन कम्पनीले ठेक्का पाएको फिक्कल-गुप्ती सडकमा ३१ प्रतिशत मात्र खर्च भएको छ । पछिल्लो समय कम्पनीले अत्यावश्यक मेसिनरी सामग्री र श्रमिक थपेर काम अघि बढाइएको जनाएको छ । ती क्षेत्रका जनप्रतिनिधिले पनि ठेकेदारको लापरबाहीले काममा ढिलाइ भएको औंल्याएका छन् ।

बरबोटे-कट्टेबुङ सडकको अवस्था पनि उस्तै छ । २ करोड ९२ लाख ४२ हजार लागत रहेको सडकको ३६ प्रतिशत मात्र काम सकिएको छ । नागार्जुन विष्णु जेभीले ३ करोड ७९ लाख २२ हजार रुपैयाँमा ठेक्का पाएको नेपालटार-पुवामझुवा सडक खण्डको काम ५५ प्रतिशत सकिएको छ । त्यस्तै जितपुर-साङरुम्बा सडकको काम आधा मात्र भएको छ । बिरुवा भगवती जेभीले ठेक्का पाएको उक्त सडकको लागत २ करोड ८९ लाख २२ हजार छ । त्यस्तै उपभोक्ता समितिमार्फत निर्माणाधीन जितपुर-नवमी-आम्बोटे सडकको काम अझै सुस्त रहेको प्राविधिक कार्यालयको प्रतिवेदनमा उल्लेख छ । ९४ लाख ९० हजार रुपैयाँ लागत रहेको यो सडकमा १० प्रतिशतभन्दा प्रगति हुन सकेको छैन । ९७ लाख ७१ हजार रुपैयाँ बजेट रहेको अर्को प्याकेजको काम पनि सन्तोषजनक छैन ।

देउराली-फलाँटे-कोल्भोटे सडकको काम १५ प्रतिशत मात्रै भएको कार्यालयले जनाएको छ । ७३ लाख ३१ हजार रुपैयाँको लागतको यो सडकसहित ९४ लाख ८२ हजार लागतमा बन्ने अर्को प्याकेजको अवस्था पनि दयनीय छ ।

१२ करोड १२ लाख २३ हजार लागतको गाग्रभन्ज्याङ-जितपुर-सिद्धिथुम्का-सोयाक जोड्ने १७ किलोमिटर लामो सडक भने ९५ प्रतिशत पूरा भएको छ । ११ करोड ५१ लाख ११ हजार रुपैयाँ लागत रहेको सोही सडकको दोस्रो प्याकेजको ७० प्रतिशत काम सम्पन्न भएको छ । पाल्टागे-सिद्धिखोला सडकको ८० प्रतिशत काम सकिएको छ । विराट कुँवर जेभीले ठेक्का पाएको ३ हजार ३ सय मिटर सडकको लागत ३ करोड २४ हजार रुपैयाँ छ ।

# बालविवाहविरुद्ध अन्तरपुस्ता

कान्तिपुर संवाददाता

सुर्खेत- '१३ वर्षकी थिएँ, ६ कक्षामा पढ्थें । त्यतिबेलादेखि बिहेको प्रस्ताव आउन थालेको हो । एसएलसी (हालको एसईई) दिंदासम्म पनि बिहेकै प्रस्ताव आइरह्यो । जबरजस्ती विवाह गराउने चालबाजी बुझेपछि ४ घण्टा हिँडेर डाडीमाडी आएँ । त्यहाँबाट बस चढेर सुर्खेत आएँ । गाउँकै एकजना दाइले यहाँ बास दिनुभो । अहिले १२ कक्षामा पढ्छु ।

बाबुआमाले नहेरे पनि मजदुरीका साथै केही सामाजिक संघसंस्थाहरूको सहयोगबाट पढाइलाई निरन्तरता दिएकी छु,' दैलेखको चामुण्डा विन्द्रासैनी नगरपालिका, २ की १८ वर्षीया भावना विक, संरक्षक समूह नेपालद्वारा वीरेन्द्रनगरमा बिहीबार आयोजित 'बालविवाह अन्त्यका लागि अन्तरपुस्ता छलफल' मा आफ्नो संघर्षका कहानी यसरी सुनाउँदै थिइन् । 'बिहे गर्न नमानेर घरबाट भागेर आएदेखि बाबु-आमासँग राम्रो सम्बन्ध छैन,' भावनाको किशोरीहरूसँग आग्रह थियो, 'कम्तीमा एक्लै भए पनि विरोध गर्ने हिम्मत गरौं, बालविवाहजस्तो अपराधलाई सहेर नबसौं ।' १७ वर्षको उमेरमा विवाह गर्नुपर्दा पढाइ छुटेको गुनासो पोख्दै थिइन्, वीरेन्द्रनगर २ की लक्ष्मी विष्ट । 'पढ्न चाहेर पनि हुँदोरहेनछ, घर-व्यवहारको चंगुलमा फसिँदोरहेछ' उनले भनिन्, 'रहर, बाध्यता जेसुकै कारणले विवाह गरे पनि प्रत्यक्ष असर शिक्षामा पर्दोरहेछ, अहिले पढ्न नपाएको पछुतो लाग्छ ।'

**बालविवाहलाई समाजले नै अपराधका रूपमा नस्वीकारेसम्म न्यूनीकरण नहुने**

अर्का किशोर अमर विकले स्थानीय तहका जनप्रतिनिधि र प्रहरीले बालविवाह न्यूनीकरणमा सहयोग नगरेको बताए । समयमै खबर गर्दा पनि निकै ढिला गरी प्रहरी पुग्ने गरेको उनको गुनासो थियो ।

छलफलमा बाल उमेरमा बिहे गर्न बाध्य किशोर-किशोरी, बालविवाह न्यूनीकरणमा सरोकारवाला र नयाँ पुस्ताका किशोर-किशोरीको सहभागिता थियो । बालविवाहलाई समाजले नै अपराधका रूपमा नस्वीकारेसम्म न्यूनीकरण नहुने सहभागीको निष्कर्ष थियो । विशेषगरी बालविवाह अन्त्यका लागि स्थानीय तह तथा सरोकारवालाले अपनाउनुपर्ने नीतिबारे छलफल केन्द्रित भएको थियो ।

वीरेन्द्रनगरकी उपप्रमुख मोहनमाया ढकालले बालविवाहको परिणामले विभिन्न अवसरबाट वञ्चित हुनुपर्ने परिस्थिति निम्तिएको बताइन् । उनले बालविवाहका कारण पीडितलाई नगरपालिकाले विशेष संरक्षण गर्ने बताइन् । नगर स्वास्थ्यमा कार्यरत स्टाफ नर्स सीता शर्माले बालविवाहले प्रजनन स्वास्थ्यमा प्रभाव पार्ने हुँदा लहैलहैमा लागेर कलिलो उमेरमा बिहे नगर्न किशोरीलाई आग्रह गरिन् । 'पाठेघरमा समस्या हुने, पोषणयुक्त दूध आउँदैन, शिशु कुपोषित हुने अवस्था आउँछ,' उनले भनिन्, हरेक दृष्टिकोणले बालविवाह दण्डनीय छ, यसलाई चौतर्फी विरोध गरौं ।' सुर्खेतमा बालविवाह अधिक समस्या रहेको भन्दै स्थानीय सरकारले विशेष नीति तथा कार्यक्रम ल्याउन सहभागीले जोड दिए ।

# संसद् अधिवेशन आजदेखि

**कर्णाली प्रदेश**

सुर्खेत (कास)- कर्णाली प्रदेशसभाको दोस्रो अधिवेशन आज (शुक्रबार) देखि सुरु हुँदैछ । बैठकमा विभिन्न ४ विधेयक पेस गर्ने तयारी छ । संसद्को कार्य व्यवस्था परामर्श समितिको बिहीबारको बैठकले सामाजिक संघसंस्था नियमन, आकस्मिक कोष, प्रदेश सरकारको पारिश्रमिक तथा सेवासुविधासम्बन्धी र मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र सेवासुविधासम्बन्धी विधेयक प्रदेशसभामा पेस हुनेछन् ।

प्रदेशसभा बैठकको यो अधिवेशनमा मुख्य गरी प्रदेश सरकारको आर्थिक वर्ष ०७५/७६ नीति तथा कार्यक्रम र बजेट पारित हुनेछ । मन्त्रिपरिषद्को गत शुक्रबार बसेको बैठकले जेठ ११ गते प्रदेशसभा (संसद्) अधिवेशन आह्वानका लागि प्रदेश प्रमुखसमक्ष माग गरेको थियो । दिउँसो १ बजे बस्ने पहिलो बैठकमा सभामुखले प्रदेशसभा बैठक आह्वानसम्बन्धी प्रदेश प्रमुखको कार्यालयले पठाएको पत्र वाचन गर्ने र प्रदेश प्रमुख दुर्गाकेशर खनाललाई धन्यवाद ज्ञापन गर्ने कार्यसूची छ । प्रदेशसभा सचिवालयका अनुसार बैठकमा नेकपाका सांसदद्वय गुलाबजंग शाह, सीता नेपाली र कांग्रेस सांसद हिमबहादुर शाहीले समसामयिक विषयमा बोल्नेछन् । माघ २१ देखि सुरु प्रदेशसभाको पहिलो अर्थात् हिउँदे अधिवेशन वैशाख १८ गतेसम्म चलेको थियो ।

**Project Closure Notice**

This is to notify all concerned that the Sajhedari Bikaas Project implemented by Pact Inc., will officially conclude on May 31, 2018. Sajhedari Bikaas project operated in 11 districts namely Banke, Bardiya, Kailali, Kanchanpur, Dang, Surkhet, Ramechhap, Dolakha, Gorkha, Lamjung and Dhading Districts. The project's Regional Offices in Nepalgunj, Anbukhaireni and Charikot are now closed.

Partners, vendors, and service providers are requested to put forth their eligible claims to Pact's Kathmandu Office no later than May 30, 2018. Claims not supported by sufficient documentation will not be entertained. Pact and Sajhedari Bikaas will not take responsibility for any outstanding payments or issues after May 30, 2018.

**For claims, contact:**
Pact Inc.
Sajhedari Bikaas Project
Pipalmarg, Bansbari-3, Kathmandu
Phone: 01-4018143/4018117
Email: asharma@pactworld.org

Save the Children

**TENDER NOTICE**

**Ref: ITT-NEP-KGF-2018-001**

Save the Children believes every child deserves a future. In Nepal and around the world, we give children a healthy start in life, the opportunity to learn and protection from harm. We do whatever it takes for children – every day and in times of crisis – transforming their lives and the future we share.

Save the Children is inviting submission of tenders for a contract to provide the following products:

1. Aluminium foil roll tape (heavy duty)
2. Apron
3. Falcone tube 50 ml
4. Hands rub- 500ml
5. Paraffin Paraflim seal tape, 2"
6. Phenol crystals
7. Sample transportation container, Ice box, 5.5 L
8. Surgical mask
9. Gel ice packs

These are the regular laboratory supplies required during the period till 31 December, 2018. Therefore, the selected supplier(s) shall be contracted for the period mentioned above with framework agreements (FWA). Under FWAs, suppliers shall provide items when purchase orders are issued to them for particular items mentioned above during the period.

Detailed technical specifications are included within the tender documents.
You are encouraged to attend a pre-bid meeting being held at Save the Children's office on 29 May, 2018 at 3:00 pm.
If you are interested in submitting a bid, please contact PSM department at the following address **nepal.tenders@savethechildren.org** to express your interest and request the tender documents. Tender documents will be sent to you in return.

OR

If you are interested in submitting a bid, please collect the tender documents from the following location:

Save the Children
PSM Unit, Global Fund Program
Shree Krishna Bhaban
Airport Gate, Shambhu Marg
Sinamangal, Kathmandu, Nepal
Tel: +977-1-4468128

It is recommended to request / collect the tender documents as soon as possible. Completed tender documents should be submitted by 4 June, 2018 by 4:00 pm.

25 YEARS IN NEPAL
WWF
TOGETHER POSSIBLE

**Call for Enlistment in Consultant Roster**

WWF Nepal is updating its current consultant roster for various consultancy work.

Interested VAT registered individuals / organizations are encouraged to register via the following link **http://www.wwfnepal.org/opportunities/roster/**

The deadline for registrations is **8th June 2018, Friday 17:00 hours,**

**Those who have already registered before are required to update their profile.**

The main categories for areas of expertise are listed below:

**Areas of Expertise**

1 Auditing / Taxation / Financial Survey
2 Biodiversity Assessment and Monitoring
3 Climate Change & Energy
4 Communications, Outreach and Learning
5 Ecotourism
6 Forests
7 GIS/RS Spatial Data Modeling and Analysis
8 Human Wildlife Conflict / Risk Analysis and Management
9 Information Technology
10 Large Program/Proposal Development & Business Planning
11 Livelihood and Governance
12 Organization and Development
14 Pollutants and Toxics and Waste Management
15 Program / Project Monitoring, Evaluation and Knowledge Management
16 Protected Area & Wildlife Management
17 Translation and Editing *
18 Water Resources

To view the sub-categories within the main categories, please refer to the link mentioned above.

** Both PAN / VAT registered individuals / organizations can register for translation and editing services*

WWF reserves the right to accept or reject in part or whole any application without assigning any reason whatsoever and is not obligated to accept the application. Telephone calls will not be entertained.

# ट्रम्प–किम वार्ता रद्द





वासिङ्टन (बीबीसी)- अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले एक पत्र लेख्दै उत्तर कोरियाली नेता किम जोङ-उनसँग हुने भनिएको वार्ता रद्द गरेका छन् ।

ट्रम्पले हालै उत्तर कोरियाले हालै जारी गरेका वक्तव्यमा 'अथाह आतंक र खुला शत्रुता' व्यक्त भएकाले शिखर बैठक रद्द गर्नुपरेको जनाएका छन् । साथै, उनले निर्धारित समय अथात् जुन १२ मा बैठक गर्नु 'अनुपयुक्त' हुने का लागि तय भएको दाबी गरे ।

किमलाई लेखेको पत्रमा ट्रम्पले 'आफू किमसँग कुनै दिन वार्ता हुनेमा आशावादी रहेको बताए । पत्रमा उल्लेख छ, 'म तपाईंसँगको वार्ताका लागि आशावादी छु । तर दुर्भाग्य, हालै जारी गरिएका वक्तव्यहरूमा अथाह आतंक र खुला शत्रुतापूर्ण व्यवहार देखिएकाले अहिलेका लागि लामो समयदेखि तयारी गरिएको बैठक गर्न उपयुक्त समय नभएको मेरो ठहर छ ।' साथै, ट्रम्पले परमाणु हतियारको सन्दर्भ उल्लेख गर्दै किमलाई चेतावनीसमेत दिएका छन् । उनले भनेका छन्, 'तपाईंले आफ्नो क्षेप्यास्त्रको क्षमताको कुरा गर्नुभएको छ । तर हाम्रा त्यो भन्दा निकै शक्तिशाली छन् । म भगवान्सँग प्रार्थना गर्छु कि ती कहिल्यै प्रयोग गर्न नपरोस् ।'

ट्रम्पले उत्तर कोरिया तथा विश्वले नै दिगो शान्ति, समृद्धि तथा आर्थिक विकासको एक ठूलो अवसर गुमाएको दाबी गरेका छन् । उनले भने, 'यो गुमेको अवसर इतिहासकै दुःखद हो ।'

यसअघि, अमेरिकी उपराष्ट्रपति माइक पेन्सले उत्तर कोरिया लिबियाजस्तो हुने चेतावनी दिएपछि दुई देशबीचको सम्बन्धमा तनाव सिर्जना भएको थियो । त्यसको प्रतिक्रियामा बिहीबार उत्तर कोरियाली अधिकारी चोय सुन-हुईले पेन्सको भनाइको विरोध गर्दै उनलाई 'मूर्ख' भनेका थिए । पछिल्लो समय अमेरिकासँगको विभिन्न कूटनीतिक वार्तामा संलग्न भएका चोयले अमेरिकासँगको वार्ताका लागि 'शरण' नपर्ने बताएका थिए ।

यसअघि अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जोन बोल्टनले उत्तर कोरियाले परमाणु कार्यक्रम त्याग गर्न 'लिबिया मोडल' अपनाउन सक्ने टिप्पणी गरेपछि उत्तर कोरिया सशंकित भएको थियो । लिबियाका शासक कर्णेल गद्दाफीले परमाणु हतियार त्यागेको केही वर्षपछि नै उनी पश्चिमा शक्तिको समर्थनप्राप्त विद्रोहीबाट मारिएका थिए ।

केही दिनयता उत्तरले अमेरिकाले निरन्तर एकतर्फी रूपमा परमाणु हतियार त्याग्न दबाब दिएको तथा अमेरिका र दक्षिण कोरियाले संयुक्त सैन्य अभ्यास गरेको भन्दै वार्ताबाट वार्ताबारे पुनर्विचार गर्ने चेतावनी दिएको थियो । त्यसको प्रतिक्रियामा अमेरिकी राष्ट्रपति ट्रम्पले शिखर बैठक नहुन पनि सक्ने बताएका थिए । उनले उत्तर कोरियाले केही पूर्वसर्त पूरा गर्नुपर्ने भन्दै बैठक निर्धारित समयमा नबस्ने सम्भावना भएको बताएका थिए । तर उत्तर कोरियाको परमाणु परीक्षणस्थल नष्ट गर्ने समाचार सार्वजनिक भएसँग उक्त वार्ताबारे ट्रम्प सकारात्मक हुने अपेक्षा गरिए पनि ट्रम्पले अकस्मात् वार्ता रद्द गरेका छन् ।

## उत्तर कोरियाली परमाणु केन्द्र ध्वस्त

सोल (बीबीसी)- उत्तर कोरियाले परमाणु परीक्षण स्थलका सुरुङ बिहीबार ध्वस्त पारेको छ । उत्तरको पछिल्लो कदमले कोरियाली द्वीपमा तनाव अन्त्य गर्ने विश्वास लिइएको छ ।

उत्तर कोरियाको परमाणु केन्द्र पुङ्गे-री पुगेका विदेशी पत्रकारहरूले सुरुङ ध्वस्त पारिएको जनाउँदै उक्त समय ठूलो विस्फोटका आवाज आएको बताएका छन् । गत अप्रिल २७ मा दुई कोरियाबीच भएको शिखर वार्ताका क्रममा उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ-उन परमाणु परीक्षण केन्द्र नष्ट गर्न सहमत भएका थिए ।

पुङ्गे-री उत्तर कोरियाको राजधानी प्योङयाङबाट ३ सय ७० किलोमिटर उत्तर-पूर्वको हिमाली क्षेत्रमा पर्छ । परीक्षण केन्द्रमा सन् २००६ यता ६ शक्तिशाली क्षेप्यास्त्र परीक्षण गरिएको थियो । यद्यपि, वैज्ञानिकहरूले उक्त परीक्षण केन्द्र सन् २०१७ को सेप्टेम्बरमा गरिएको शक्तिशाली क्षेप्यास्त्र परीक्षणपछि आंशिक क्षतिग्रस्त भएको आशंका गरेका थिए ।

समाचार संस्था रोयटर्सका अनुसार उत्तर कोरियाले पहिले भनेजस्तो स्वतन्त्र पर्यवेक्षकहरूलाई भने परीक्षण स्थलमा जान दिइएको छैन । सुरुङहरू विभिन्न देशबाट परीक्षण केन्द्र पुगेका २० पत्रकारहरूको सामुन्ने ध्वस्त पारिएको हो । २० मध्ये ८ पत्रकार दक्षिण कोरियाका छन् ।



बीबीसी

उत्तर कोरियाले बिहीबार नष्ट गरेको पुङ्गे-रीस्थित परमाणु परीक्षण केन्द्र ।

परमाणु परीक्षण केन्द्र पुगको स्काई न्युजका संवाददाता टम चेसिरले 'परीक्षण स्थल ध्वस्त भएको तथा तारहरू यत्रतत्र छरिएको' बताए । उनले भने, 'हामी पहाडको टुप्पोमा चढचौं र करिब ५ सय मिटर टाढाबाट सुरुङ ध्वस्त पारेको हेऱ्यौं ।'

चेरिसले परीक्षण केन्द्र ध्वस्त पार्न बिहान २ तथा मध्याह्न ४ वटा शक्तिशाली विस्फोट गराइएको बताए । उनले भने, 'उनीहरूले तीन, दुई, एक गर्दै गने र निकै ठूलो विस्फोट गराए ।' त्यसलगत्तै धूलो उडेको र तातो महसुस भएको उनले बताए ।

एनके समाचार संस्थाले उत्तर कोरियाली परमाणु हतियार संस्थाले विज्ञप्तिमार्फत 'परमाणु परीक्षण केन्द्रका सुरुङहरू पूर्णरूपमा ध्वस्त हुने गरी विस्फोट गराइएको' जनाएको छ । एनकेले उल्लेख गरेको छ, 'परीक्षण स्थल ध्वस्त पार्ने क्रममा कुनै पनि रेडियोधर्मी विकिरणहरू चुहावट भएको छैन । साथै वातावरणमा पनि कुनै प्रभाव परेको छैन ।'

उक्त समाचारको दक्षिण कोरियाले स्वागत गरेको छ । दक्षिण कोरियाली समाचार संस्था योनहापले विदेश मन्त्रालयका प्रवक्ता नोह क्यु-डुकलाई उल्लेख गर्दै 'परमाणु परीक्षण स्थल नष्ट पार्ने कार्यले पूर्ण परमाणु निःशस्त्रीकरणको सम्भावना बढेको छ ।

# मोदीलाई कोहलीको चुनौती




भारतमा हालै गरिएको इन्धनको मूल्य वृद्धिको विरोधमा मुम्बईमा बिहीबार गरिएको प्रदर्शन । *तस्बिर : रोयटर्स*

### इन्धनको मूल्य घटाउन राहुलको चेतावनी

नयाँदिल्ली (एजेन्सी)- भारतमा गत सातादेखि उच्चपदस्थ व्यक्ति, सेलेब्रिटी, तथा तथा खेलाडीबीच ट्वीटरमा आफूले शारीरिक व्यायाम गरेको भिडियो सम्प्रेषण गर्ने लहर चलेको छ ।

सामाजिक सञ्जालमा हम फिट तो इन्डिया फिट' (हामी स्वस्थ भए भारत स्वस्थ्य) ट्रेन्डिङमा चर्चित भएको यो लहर पछिल्लो पटक भारतीय खेलमन्त्री राज्यवर्धन राठोरका कारण चर्चित भयो । राठोरले आफूले व्यायाम गरेको भिडियो राख्दै अन्य मानिसलाई पनि त्यसो गर्न चुनौती दिए ।

त्यसमध्ये उनले भारतीय क्रिकेट खेलाडी विराट कोहलीलाई पनि उल्लेख गरे । कोहलीले पनि तत्कालै चुनौती स्वीकार गर्दै शारीरिक अभ्यासको भिडियो सार्वजनिक गरे र ट्याग गर्दै प्रधानमन्त्री मोदीलाई चुनौती दिए ।

मोदीले पनि तत्कालै चुनौती स्वीकार गरेको जनाइसकेका छन् । राठोरको ट्वीट करिब ११ हजारपटक रिट्वीट गरिएको हो । उक्त ट्वीटको प्रतिक्रिया स्वरूप केही भारतीय मन्त्रीले पनि व्यायाम गरेको भिडियो राखेका छन् ।

भारतीय चलचित्र क्षेत्रका अभिनेता ऋतिक रोशन, अनुष्का शर्मा, टाइगर श्राफ, क्रिकेटर सुरेश रैना, गौतम गाम्भीर, केएल राहुल, रणदीप हुड्डा, महिला क्रिकेटर मिथाली राज लगायतले पनि व्यायाम गरिरहेको भिडियो राखेका छन् ।

अभिनेता अमिताभ बच्चनले उक्त चुनौती स्वीकार गरेको जनाए पनि भिडियो भने सार्वजनिक गरेका छैनन् । गत मार्च महिनामा प्रधानमन्त्री मोदीले 'स्वस्थ भारत' अभियानको सुरुवात गर्दै योगाको महत्त्व तथा फाइदाबारे चर्चा गरेका थिए । त्यसयता मोदीले योगासँग सम्बन्धित सामग्री सामाजिक सञ्जालमा प्रेषित गर्दै आएका छन् । खेलमन्त्री राठोरले प्रधानमन्त्रीको स्वस्थ भारत अभियानलाई सहयोग गर्न पनि आफूले पछिल्लोपटक शारीरिक व्यायामको भिडियोको अवधारणा सुरु गरेको बताए ।

यसैबीच, प्रधानमन्त्री मोदीले व्यायामसम्बन्धी कोहलीको चुनौती स्वीकार गरेलगत्तै भारतीय कंग्रेसका अध्यक्ष राहुल गान्धीले अर्को चुनौती दिएका छन् । तर उनले दिएको चुनौती व्यायाम नभई इन्धनसम्बन्धी हो ।

राहुलले इन्धन चुनौती स्वीकार गर्ने आँट गर्दै हालैका दिनमा भारतीय बजारमा इन्धनको मूल्यमा भएको मूल्यवृद्धि घटाउन चुनौती दिएका हुन् । उनले मोदीले इन्धनको मूल्य नघटाए आफ्नो पार्टीले देशव्यापी आन्दोलन गर्ने चेतावनी दिएका छन् ।

भारतीय बजारमा बिहीबार इन्धनको मूल्य बढेको थियो । यो गत मे १४ यताको ११ औं वृद्धि हो । हाल मुम्बईमा पेट्रोलको मूल्य भारतीय रुपैयाँ ८५ नाघेको छ भने राजधानी नयाँदिल्लीमा ८० पुगेको छ ।

त्यसैगरी, कंग्रेस सञ्चार प्रमुख रन्दिप सुर्जेवालाले मोदीलाई व्यायामको चुनौतीभन्दा चुनावी प्रतिबद्धता अनुसार २ करोड रोजगारी सिर्जना गर्न आग्रह गरे ।

# कोरियामा बुद्धको प्रतिमा

■ **मञ्जु गुरुङ**

दक्षिण कोरिया (सोल)- दक्षिण कोरियामा नेपालमा निर्मित नौ फिट उचाइको बुद्ध प्रतिमा स्थापना गरिएको छ । कोरियाका प्रसिद्ध ऐतिहासिक धार्मिक पर्यटकीय स्थल ख्यांगी दोको योगंइन सहरस्थित बाउछाङसा गुम्बा परिसरमा प्रतिमा स्थापना गरिएको हो । स्थानीय बुद्धजयन्तीको अवसर पारी आइतबार पञ्चेबाजाको धुनसहित विधिवत् पूजा गरी प्रतिमा स्थापना गरिएको थियो ।

बुद्ध प्रतिमा स्थापना अभियानले नेपालमा निर्माण गरी गत महिना मूर्तिलाई कोरिया भित्र्याएको थियो । ८ सय केजीभन्दा बढी तौल रहेको तामाको प्रतिमालाई पाँच भागमा बाँधेर बाकसमा राखी कोरिया ल्याइएको थियो । कोरियामै रहेका लामा गुरुहरूले प्रतिमालाई जोड्ने र रंगरोगन गरी सिंगारेका थिए । साढे २२ लाख रुपैयाँ मूल्य परेको बुद्ध प्रतिमालाई नेपाल क्युरियो आर्ट कम्पनीका जुल्ली शाक्यले निर्माण गरेका हुन् ।

प्रतिमा स्थापना गर्ने जमिन र घर निर्माण खर्च वाउछगंसा गुम्बाले सहयोग गरेको हो । नेपालको स्वयम्भु शैलीमा निर्मित घरको गजुर र रंगरोगन भने प्रतिमा स्थापना अभियानले गरेको हो । घरमा नेपाली कला झल्कने चित्र र माने निर्माण गरिने अभियानले जनाएको छ । कोरियाका पुराना संस्था नेपाली सम्पर्क समिति (एनसीसी) को संयोजन र नेपाल बौद्ध परिवार कोरियाको सहकार्यमा नेपाली राजदूतावासलगायत विभिन्न संघसंस्थाको संलग्नातामा बुद्ध प्रतिमा स्थापना अभियान गठन गरिएको छ । चार महिनाअघि गठित अभियानले कोरियामा रहेका नेपाली र संघसंस्थाबाट आर्थिक सहयोग संकलन गरेका थिए ।

प्रतिमा स्थापना गर्न करिब पाँच करोड वन (५० लाख रुपैयाँ) जति खर्च पुग्ने अनुमान अभियानका सदस्यहरूले गरेका छन् । रंगरोगन गर्न २५ लाख वन र घरको शिरमा राखिएको गजुर निर्माण गर्न ३० लाख वन खर्च लागेको अभियानकी संयोजक एनसीसीकी अध्यक्ष अञ्जु केसीले जानकारी दिइन् । प्रतिमालाई कोरिया ल्याउन आवश्यक विभिन्न संस्थामा पत्राचार गरी राजदूतावासले प्रशासनिक सहजीकरणको भूमिका निर्वाह गरेको थियो । कोरियन एयरबाट ल्याइएको प्रतिमाको प्याकिङसहितको ८ सय ६० केजीको कार्गो शुल्कमा करिब तीन हजार डलर छुट गरेको र विमानस्थलमा भन्सार तथा अन्य कार्यालय खर्चमा केही छुट गरिएको मूर्ति व्यवस्थपान विभाग सदस्य लोचन राईले बताए ।

बुद्ध जयन्तीको अवसरमा कोरियामा गरिने लोटस लालटिन फेस्टिभलको बृहत् ऱ्यालीमा बुद्ध प्रतिमालाई परिक्रमा गराइएको थियो । बुद्धको जन्म नेपाल रहेको सन्देशसहित पञ्चेबाजाको धुनसँगै सम्पन्न ऱ्यालीले धेरै दर्शकको ध्यान तानेको थियो । प्रतिमा हेर्दा जीवित बुद्धझैं आभास भएको प्रतिक्रिया दर्शकहरूले दिएका थिए । भगवान् बुद्धको जन्मस्थान नेपालको चिनारीसँगै नेपालको धार्मिक, सांस्कृतिक र ऐतिहासिक पर्यटकीय महत्त्वलाई उजागर गर्न प्रतिमा स्थापना अभियानले महत्त्वपूर्ण भूमिका खेलेको संयोजक अञ्जु केसीले बताइन् । कोरियामा पहिलो पटक नेपालबाट ढलोटको ठूलो बुद्ध प्रतिमालाई सुरक्षित रूपमा स्थापना गरी ऐतिहासिक कार्य गरेको भन्दै कोरियावासी नेपालीको सराहना गरेका छन् ।

# भारतमा प्रमुख बालीको उत्पादन बढ्ने

■ **सुरेशराज न्यौपाने**



एजेन्सी

नयाँदिल्ली- यस वर्ष भारतमा धान, मकै, दलहन लगायतका प्रमुख खाद्यबालीको उत्पादनमा उल्लेख्य वृद्धि हुने देखिएको छ । यी बालीको उत्पादनमा शून्य दशमलव ९ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ । प्रक्षेपणसँगै खाद्य उत्पादनमा अघिल्लो वर्षको २७ करोड ५१ लाख टनको कीर्तिमान तोडेर २७ करोड ७५ लाख टन उत्पादन हुनेछ । विशेषगरी धान, दलहन, कपास, मकै, गेडागुडी र उखुको उत्पादन बढ्ने कृषि मन्त्रालयले प्रक्षेपण गरेको छ । सामान्य मनसुन र हिउँदमा अत्यधिक खेती भएका कारण उत्पादन बढ्ने भारतको कृषि मन्त्रालयलाई उद्धृत गर्दै भारतीय अंग्रेजी दैनिक द इकोनोमिक्स टाइम्सले जनाएको छ । धानको उत्पादन मात्र गत वर्षको भन्दा १.२ प्रतिशतले बढेर ११ करोड १० लाख टन नाघ्नेछ । दलहनको उत्पादन गत वर्षको २ करोड ३१ लाख टनबाट बढेर २ करोड ४० लाख टन पुग्ने अनुमान गरिएको छ । उखुको उत्पादन १५.४ प्रतिशतले बढेर ३० करोड ६ लाखबाट ३५ करोड ३२ लाख टन उत्पादन हुने अनुमान गरिएको छ ।

भारतमा भएको कृषि उत्पादन वृद्धिले मूल्य घट्ने र त्यसको सोझो असर नेपाली बजारमा पर्ने कृषि क्षेत्रका जानकारहरू बताउँछन् । जसले गर्दा नेपालको कृषि उपजको आयातमा वृद्धि भई वैदेशिक व्यापार घाटा थप उकालो लाग्ने उनीहरूको दाबी छ । हुन पनि पछिल्ला वर्षमा कृषि उपजको आयात तीव्र गतिमा वृद्धि भइरहेको छ । नेपालको भन्सार विभागका अनुसार चालू आर्थिक वर्षको पहिलो ६ महिनामा मात्र कृषि उपजको आयात करिब १७ प्रतिशतले बढेर १ सय ५ अर्ब रुपैयाँ नाघेको थियो । त्यसमध्ये ९० प्रतिशत आयात भारतबाटै हुने गरेको छ । उक्त अवधिमा भारतबाट करिब ११ अर्ब रुपैयाँको चामल र करिब ६ अर्ब रुपैयाँ बराबरको मकै आयात भएको थियो । त्यसै पनि पछिल्ला वर्षमा भारतसँग नेपालको व्यापार घाटा भयावह बन्दै गएको छ । गत आर्थिक वर्षमा नेपालको कुल व्यापार घाटा ९ सय १७ अर्ब रुपैयाँ रहेकोमा भारतसँग मात्रै ६३४ अर्ब रुपैयाँ रहेको थियो । बढ्दो व्यापार घाटाका कारण नेपाली बजारमाथि भारतीय उत्पादनको नियन्त्रण बढ्दै गएको र नेपालको आन्तरिक उत्पादन क्षमता क्रमशः ह्रास हुँदै गएको अर्थतन्त्रका जानकारहरूको विश्लेषण छ ।

भारतमा हुने कृषि उपजको वृद्धि अहिलेको भइरहेको आयातमा थप वृद्धि हुन गई मूल्य र परिमाणका कारण नेपाली उत्पादनले प्रतिस्पर्धा गर्न नसक्ने हुँदा किसानहरू मर्कामा पर्ने देखिन्छ । त्यसमाथि खुल्ला सीमाका कारण चोरीपैठारी भएरसमेत ठूलो परिमाणमा कृषिउपज नेपाल भित्रिने गरेको छ । कृषिविज्ञ तथा पूर्वसचिव हरि दाहाल भारतमा कृषि उत्पादनमा हुने वृद्धिले नेपालमा प्रत्यक्ष असर पर्ने र त्यस सम्बन्धमा नेपाल सरकारका सरोकारवाला निकायहरू सधैं चनाखो हुनुपर्ने बताउँछन् । 'भारतमा उत्पादन बढेपछि उसले निर्यात खुकुलो बनाउँछ । त्यसै पनि नेपाली उपजको प्रतिस्पर्धात्मक क्षमता कम छ । अनि नेपाली बजारमा भारतीय उत्पादन स्वतः बढेर जान्छ,' उनले भने ।

नेपाली बजारमा पर्न सक्ने असरलाई आँकलन गर्दै तत्काल विशेष सजगताका साथ आवश्यक नीतिगत सुधार पहल थाल्नुपर्ने दाहालको भनाइ छ । आयात निरुत्साहित गर्न भन्सार दरमा तलमाथि गर्दा खुल्ला सीमाका कारण चोरीपैठारीको जोखिम रहने उनको तर्क छ । त्यसैले कुनै पनि नीतिगत व्यवस्था गर्दा अध्ययन र अनुसन्धान गर्नुपर्ने हुन्छ र त्यसका लागि चाहिने संस्था नेपालमा नभएको दाहालको भनाइ छ । दाहालले भारतलगायतका अन्तर्राष्ट्रिय बजारमा हुने उतारचढावका कारण नेपालीमा पर्न जाने असरका बारेमा अध्ययन अनुसन्धान गर्ने मार्केट इन्टेलिजेन्ससम्बन्धी संस्थाको आवश्यकता औंल्याए । उनले भने, 'भारतमा उत्पादन बढेको खण्डमा नेपालमा पर्ने असर अध्ययन गर्ने एउटा संस्थासमेत छैन । मार्केट इन्टेलिजेन्ससम्बन्धित अनुसन्धान गर्ने संस्था छैन । अन्तर्राष्ट्रिय बजारको अध्ययन र अनुसन्धान छैन, जसले गर्दा नेपाली उत्पादनले भनेजस्तो मूल्य नपाई कृषकहरू मारमा परिरहेका छन् । जसरी भए पनि नेपाली किसानको संरक्षण गर्नुपर्छ ।'

### नेपालमा पर्न सक्ने असरबारे आवश्यक नीतिगत सुधार गर्नुपर्ने विज्ञहरूको भनाइ

कृषि तथा विकास मन्त्रालयका सचिव युवकध्वज जीसीले भारतबाट हुने आयातका कारण नेपाली किसानलाई मर्का नपरोस् भनेर धानलगायतका अधिकांश कृषि उत्पादनको न्यूनतम समर्थन मूल्य सिफारिस गरिसकेको बताए । 'हामीले त सिफारिस गरिसकेका छौं, त्यसलाई लागू गर्ने हिम्मत आपूर्ति मन्त्रालयले गर्नुपर्छ,' सचिव जीसीले कान्तिपुरसँग भने ।

कृषि मन्त्रालयको ध्यान विशेष गरी उत्पादकत्व वृद्धिमा केन्द्रित रहेको बताए । त्यसका लागि सरकारको नीति तथा कार्यक्रममा पनि सुझाव दिइएको उनले उल्लेख गरे । 'उत्पादन बढाउने कुरामा फोकस गरेका छौं । बीउ, मल समय उपलब्ध गराउने र सिँचाइ पहुँच विस्तार गराउने भन्नेमा मन्त्रालयको ध्यान केन्द्रित,' सचिव जीसीले बताए । प्लास्टिक टनेल लगायत कृषकलाई आवश्यक सामग्रीमा कृषक आफैंले आयात गर्दा २ प्रतिशत र व्यापारीले आयात गर्दा ४५ प्रतिशत रहेकामा त्यसलाई संशोधन गरिने छ । कृषक आफैंले मगाउन व्यावहारिक नदेखिएकाले मन्त्रालयको सिफारिस गरिएकामा व्यापारीलाई सहुलियत भन्सार दरमा आयात गर्ने व्यवस्थाका लागि पहल सुरु गरिएको सचिव जीसीले जानकारी दिए ।

विशेषगरी पछिल्ला वर्षमा काठमाडौं लगायतका सहरी क्षेत्रमा बासमतीलगायतका लंगग्रेन चामलको खपत बढेकाले भारतबाट हुने चामलको आयात बढी देखिएको जीसीको भनाइ छ । यसलाई निरुत्साहित गर्न ती चामलमा भन्सार बढाउनुपर्ने उनको सुझाव छ । 'सकेसम्म धान र चामल आन्तरिक उत्पादनबाट पुऱ्याउनुपर्छ भन्ने हो । तर, चामल त आयात नै नगरौं भन्ने हो । धान आयात बढ्यो भने त बरु यहीँकै मिलले काम पाउँछन् र रोजगारी पनि सिर्जना हुन्छ,' सचिव जीसीले भने । हालको धानमा भन्दा चामलमा कम भन्सार लाग्ने व्यवस्थाले पनि चामलको आयात बढाएको र यसले नेपाली उत्पादनले प्रतिस्पर्धा गर्न कठिन भएको जीसीको ठहर छ । हाल धानमा ८ प्रतिशत र चामलमा ५ प्रतिशत भन्सार लाग्दै आएको छ । यसमा आवश्यक सुधार गर्न कृषि मन्त्रालयले सुझाव दिइसकेको पनि सचिव जीसीले जानकारी गराए ।

सरकारले अन्तर्राष्ट्रिय बजारमा चिनीको मूल्य घटेका कारण आयात अस्वाभाविक ढंगले बढेको भन्दै एक महिनाअघि १५ प्रतिशत भन्सारलाई बढाएर ३० प्रतिशत पुऱ्याएको थियो । भारतले भने आन्तरिक उत्पादन बढ्नासाथ किसानलाई मर्का नपरोस् भन्नका लागि तत्काल आयात प्रतिबन्धदेखि भन्सार दरमा वृद्धिजस्ता कदम चाल्ने गरेको छ । हालै मात्र गहुँको आयात अत्यधिक परिमाणमा बढेको भन्दै भन्सार दर २० प्रतिशतबाट बढाएर ४० प्रतिशत बनाएको छ । भारतले सन् २०१६/०१७ मा ५७ लाख ५० हजार टन गहुँ आयात गरेकोमा यो वर्ष हालसम्म १४ लाख ८० हजार टन मात्र आयात गरेको छ । आयातका कारण स्वदेशी उत्पादनको मूल्य धेरै तल नजाओस् भन्नका लागि भन्सार दरमा वृद्धि गरिएको सरकारी अधिकारीलाई उद्धृत गर्दै अंग्रेजी दैनिक द इकोनोमिक्स टाइम्सले लेखेको छ । यसअघि गत माघमा आफ्ना किसानको संरक्षण गर्ने भन्दै चिनीको आयातमा शतप्रतिशत र चनामा १० प्रतिशतले भन्सार दरमा वृद्धि गरेको थियो ।

# मलेसियाले विदेशी कामदार घटाउने

**कान्तिपुर संवाददाता**

क्वालालम्पुर- मलेसियाले रोजगारीका क्षेत्रमा विदेशी कामदारको निर्भरता घटाउने जनाएको छ । उसले ती क्षेत्रमा स्थानीय जनशक्तिलाई पहिलो प्राथमिकता दिने र त्यसपछि मात्र विदेशी कामदारलाई लिन सकिने जनाएको छ । दुई साताअघि गठित नयाँ सरकारका मानव संसाधन मन्त्रीले विदेशी कामदार पठाउने स्रोत मुलुकसँगका सम्झौतासमेत पुनरावलोकन गरिने बताए । यद्यपि, विदेशी कामदारको निर्भरता घटाउने मलेसियाली सरकारको यो योजना भने नयाँ होइन ।

मुलुकमा रहेका आप्रवासी कामदारको व्यवस्थापन गर्न र गैरकानुनी आप्रवासी कामदार हटाउन यसअघि पनि पटक-पटक अवसरयुक्त कार्यक्रम सञ्चालन गरिएको थियो । तर ती कार्यक्रम अपेक्षाअनुसार सफल हुन सकेका छैनन् । मलेसियाली मानव संसाधनमन्त्री एम कुलसेगरनको भनाइ उद्धृत गर्दै स्थानीय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन्, 'हामी आवश्यकताअनुसार विदेशी कामदारलाई अनुमति दिन्छौं तर पहिलो प्राथमिकता स्थानीय जनशक्तिलाई नै दिइनेछ ।'

उनले गत सन् २०१६ मा बंगलादेशसँग १५ लाख कामदार लिनेबारे भएको लगायत सम्झौता पनि पुनरावलोकन गरिने बताएका छन् । यसअघि नाजीव रजाक नेतृत्वको सरकारले १५ लाख बंगलादेशी कामदार ल्याउने निर्णय गरेको थियो । तर उक्त कदमको आलोचना भएपछि तत्कालीन सरकारले उक्त निर्णय रोकेको थियो । मन्त्री कुलसेगरनले कामदारको मासिक न्यूनतम पारिश्रमिक एक हजार रिंगिटबाट वृद्धि गरेर १५ सय रिंगिट बनाउनेबारे छलफल भइरहेको बताएका छन् ।

# अनमोल र नीता उत्कृष्ट

## वसुन्धरालाई लाइफटाइम

**कान्तिपुर संवाददाता**

काठमाडौं- केहीअघि मात्र सम्पन्न छैटौं एनएफडीसी अवार्डमा सर्वोत्कृष्ट अभिनेताको ट्रफी जितेका अनमोल केसीले फेरि पनि त्यस्तै सफलता चुमेका छन् । राष्ट्रिय सभागृहमा बिहीबार आयोजित छायाछवि दसौं डी सिने अवार्डमा उनलाई 'कृ' फिल्मको भूमिका लागि सर्वोत्कृष्ट घोषित गरियो ।

'यो अवार्ड मेरा लागि अवार्ड मात्र होइन,' अनमोलले ट्रफी चुम्दै भने, 'फिल्म क्षेत्रप्रतिको जिम्मेवारी पनि हो । सबैलाई थ्यांक यु भन्न चाहन्छु ।' अनमोलकै 'कृ' लाई उत्कृष्ट फिल्म मानियो ।

उत्कृष्ट एनिमेसनमा ग्लेज इन्टरटेन्मेन्ट र छायांकारमा पुरुषोत्तम प्रधानलाई 'कृ' ले नै सफलता दिलायो ।

समारोहमा वरिष्ठ अभिनेत्री वसुन्धरा भुसाललाई 'लाइफटाइम लिजेन्ड्री अवार्ड' स्वरूप सम्मानपत्र र २५ हजार रुपैयाँ प्रदान गरियो । सात वर्षको उमेरदेखि कला यात्रा थालेकी भुसालले नेपालमा बनेको पहिलो फिल्म 'आमा' हुँदै 'हिजो आज भोलि', 'मनको बाँध', 'सिन्दुर', 'जीवनरेखा' लगायत सयौं फिल्ममा अभिनय गरेकी छन् ।

विसं. २०७४ को अन्ततिर प्रदर्शनमा आएको 'लिलीबिली' फिल्मका निर्देशक मिलन चाम्सको काम उत्कृष्ट मानियो, उनले निर्देशनतर्फको ट्रफी घर लगे । सबैभन्दा लोकप्रिय फिल्म चाहिँ 'छक्का पन्जा २' मानिँदा 'ब्लाइन्ड रक्स' र 'मंगलम्' लाई क्रमश: क्रिटिक्स र जुरी अवार्ड प्रदान गरियो । पुष्पल खड्काले क्रिटिक्सका तर्फबाट उत्कृष्ट अभिनेताको ट्रफी पाए भने मोहन निरौला, राजेन्द्र उप्रेती, डब्बु क्षत्री, सन्तोष श्रेष्ठ र शबनम मुखियाको निर्णायक टोलीले 'संरक्षण' फिल्मका निर्देशक पूर्णेन्द्र झालाई इन्करेजमेन्ट अवार्ड दियो । पब्लिक च्वाइस अवार्डमा 'शत्रु गते' ले बहुमत ल्याएको बताइयो ।

सर्वोत्कृष्ट अभिनेत्रीमा 'पञ्चायत' बाट नीता ढुंगानालाई अब्बल मानिँदा नव-अभिनेतामा सलिनमान बानियाँ र अभिनेत्रीमा जसिता गुरुङ सर्वोत्कृष्ट घोषित भए । 'ए मेरो हजुर २' का लागि झरना थापालाई नवनिर्देशकका रूपमा स्याबासी दिइयो । उत्कृष्ट खलपात्रको नाम सुनाउनुअघि नै दर्शकहरू प्रशान्त ताम्राकार भन्दै चिच्याएका थिए । तिनको अनुमान सही निस्कियो । उत्कृष्ट कथा विधामा 'भुइँमान्छे' का लागि नवराज बुढाथोकी र पटकथामा प्रदीप भारद्वाजले 'लिलीबिली' बाट अवार्ड हात पारे । निर्देशक दीपेन्द्र लामालाई उनको डेब्यु फिल्म 'घामपानी' ले उत्कृष्ट संवाद विधामा ट्रफी दिलायो भने यही फिल्मबाट पुष्कर गुरुङ उत्कृष्ट चरित्र अभिनेता घोषित भए । चरित्र अभिनेत्रीको विधामा मिथिला शर्माको नाम आयो ।

'छक्का पन्जा २' की वर्षा राउत र 'ए मेरो हजुर २' का सलोन बस्नेत सहायक भूमिकामा अब्बल ठहरिए । फिल्म सम्पादक मित्रदेव गुरुङले 'मंगलम्' मा गरेको कामको सराहना भइरहँदा 'रुद्र' बाट हिमाल केसी उत्कृष्ट द्वन्द्व निर्देशक चुनिए । बालकलाकार कुशाग्र भट्टराईलाई 'पिँजडा ब्याक अगेन' फाप्यो । केदार घिमिरे 'माग्नेबूढा' ले उत्कृष्ट हास्यकलाकार विधामा बाँकी चारलाई निराश पारे ।

'लिलीबिली' को पार्श्व संगीत उत्कृष्ट मानिएपछि एलिश कार्कीको भागमा ट्रफी आइपुग्यो । सुनयमान श्रेष्ठलाई 'संरक्षण' बाट उत्कृष्ट ध्वनि मिश्रण विधामा अवार्ड दिइरहँदा यही फिल्मको 'सम्झनाको सारंगी...' गीतका लागि धीरेन्द्र प्रेमर्षिलाई उत्कृष्ट गीतकार घोषित गरियो । उत्कृष्ट गायकमा सुगम पोखरेल र गायिकामा बिन्दु परियारको नाम आयो । संगीतकारमा 'कुटुमा कुटु...' गीतका लागि राजनराज शिवकोटी उत्कृष्ट मानिएपछि यही गीतमा नृत्य निर्देशन गरेका कविराज गहतराजले पनि ट्रफी हात पारे ।

समारोहमा अभिनेत्री मौसमी मल्ल र फिल्मकर्मी नरेन्द्र महर्जनलाई चलचित्र रजत सम्मान प्रदान गरियो । सञ्चारकर्मी श्याम अर्यालले चलचित्र पत्रकारिता पुरस्कारस्वरूप १० हजार रुपैयाँ पाए ।

**डी सिने अवार्ड**





राजधानीमा बिहीबार आयोजित डी सिने अवार्डमा पुरस्कृत कलाकारहरू लगायत । *तस्बिर : बिजु महर्जन*

# 'साहित्यमा हाम्रो संस्कृति नआउनु दु:खद'

■ **सुनीता साखकर्मी**, भक्तपुर

> नेपाली वाङ्मयमा सबैभन्दा खट्किने पक्ष हो– संस्कृति । संस्कृतिबिनाको जीवन विशृंखलित हुन्छ । तर हाम्रो दृष्टि नै विदेशी भयो । साहित्यमा हाम्रा कुराहरू अपेक्षित रूपमा आउँदै आएनन् ।
>
> ***तेजेश्वरबाबु ग्वंग: संस्कृतिविद्***



वैशाख दोस्रो साता सभामुख कृष्णबहादुर महरा र वाङ्मय शताब्दी पुरुष संस्कृतिविद् सत्यमोहन जोशी पुल्चोकस्थित साझा प्रकाशनको डबलीमा थिए । उनीहरूका हातमा दुई किताब थिए । संस्कृतिविद् एवं साहित्यकार तेजेश्वरबाबु ग्वंग:को निबन्ध संग्रह 'रंग अभिज्ञान' र प्रदीप नेपालको कथा संग्रह 'देशको खोजी' । दुवैले एकसाथ पुस्तक लोकार्पण गरे । प्रदीप मञ्चमै बसेर ताली बजाउँदै थिए भने तेजेश्वर दर्शकदीर्घामा बसेर आफ्नो कृति लोकार्पित भएको देखेर प्रफुल्लित भइरहेका थिए । लेखकीय मन्तव्य पनि तेजेश्वरबाबुले दर्शकदीर्घामै उभिएर दिए ।

मञ्चमा किन नजानुभएको ?

केही दिनअघि सूर्यविनायकस्थित निवासमा भेटिएका तेजेश्वर यो प्रश्न सुनेर एकैछिन टोलाए । अनि गम्भीर हुँदै भने, 'खुट्टाले साथ दिएन । मभन्दा १६ वर्ष बढी उमेरका सत्यमोहन दाइ सिँढी चढेर मञ्चमै गएर मेरो कृति लोकार्पण गर्नुभयो, निबन्धहरूबारे थुप्रै कुरा गर्नुभयो । मचाहिँ लाजले भुतुक्क भएर लज्जावती फूलजस्तै भएँ ।' खासमा दुई वर्षअघिदेखि बाथ रोगले घुँडालाई सताउन थालेपछि यी वरिष्ठ स्रष्टा त्यति हिँडडुल गर्न सक्दैनन् ।

अचेल उनको दैनिकी घरमै बित्ने गरेको छ । बिहान पाँच बजे बिउँझन्छन् । सुत्ने कोठाको टेबलमा पकेट रेडियो राखेका छन्, बिउँझनेबित्तिकै टचुन गर्छन् । राष्ट्रगानको धुनदेखि लिएर जीवन विज्ञान कार्यक्रमसम्म सुन्छन् । त्यसपछि उनी छ बजेतिर समाचार सुन्छन् । टेलिभिजनले आँखा खराब गर्छ भनेर उनी कहिलेकाहीं मात्रै हेर्छन् । टीभीका टक सोहरू हेर्न उनलाई मन लाग्छ । अनि पत्रिकाका समाचारहरू पढ्छन् । त्यसपछि केही बेर उनी कौसीमै हिँड्छन् । उनकै भाषामा भन्नुपर्दा 'कौसी वाक' गर्छन् । 'अरू क्याटवाक, मर्निङ वाक गर्छन्, म अन्त जान नसक्ने मान्छे कौसीमै एक छिन हिँड्छु,' उनले थपे ।

**उमेरले ३८ !**

यी स्रष्टालाई चिटिक्क परेर बस्न एकदमै मन पर्छ । त्यही भएर दिनहुँ 'सेभ' गर्छन् । नास्तामा एउटा अण्डा, तुलसीको पात र अन्य जडीबुटीबाट बनेको प्राकृतिक चिया लिन्छन् । दुइटा बिस्कुटसहित पानी र दूध आधा-आधा गरेर खान्छन् । त्यसपछि उनले औषधि खानुपर्छ । औषधि चार-पाँचथरीका छन् । बाथसँगै मधुमेह, उच्च रक्तचाप, युरिक एसिड र कब्जियत पनि छ । 'औषधि पहिले खानुपर्दैनथ्यो,' उनले ठट्टा गरे, 'तन्नेरी हुँदै आएपछि खानुपर्दो रहेछ ।' ठट्टा गर्नु उनको स्वभावै हो । कसैले उनलाई उमेर सोध्यो भने '३८' भनेर जवाफ दिन्छन् र पछि 'त्यसलाई उल्टाउँदा कति हुन्छ ?' भन्दै प्रतिप्रश्न गर्छन् ।

**हालखबर**

यसले गर्दा धेरै जना अलमलिने गरेको उनले सुनाए ।

दिउँसो उनलाई भेट्न साथीहरू घरमै आउँछन्, गफ गर्छन् । उनलाई युवाहरूले भेट्न आएको निकै मन पर्छ । 'तन्नेरीहरूसँग भेटिँदा उनीहरूको तन्नेरीपन आफूलाई सरेजस्तो लाग्छ,' उनले भने । भेटघाटबाहेकको समय उनी केही किताब पढ्छन् । धेरैले उनलाई समीक्षा गरिदिनुपर्‍यो, एक पटक पढिदिनुस् भनेर किताब पुर्‍याउनै आउँछन् । साहित्यको नयाँ धार, नयाँ लेखकहरूको शैली र उनीहरूको अभिव्यक्तिकला बुझ्न पनि उनी नयाँ किताबहरू पढ्छन् । कुनै नयाँ लेखकको कृति पढेर राम्रो लागे फोन नम्बर खोजीखोजी फोन गरेर 'गज्जब लेख्नुभएछ' भनेर फुरुङ्ग पारिदिन्छन् ।

'युगलाई मोड्ने त शैली विज्ञानले नै हो । शैली कला मात्रै होइन, विज्ञान पनि हो,' उनले भने, 'त्यसमा मनोविज्ञान, दर्शन, देशका छायाहरू उत्रिनुपर्छ । कुनै पनि कुरा डाइरेक्ट नभई बिम्बको प्रयोग गर्दै प्रतीकात्मक रूपमा भन्नुपर्छ ।'

**महाकवि देवकोटाको अँगालो**

तेजेश्वर सानैदेखि मेधावी थिए । उनले भने, 'कहिले ब्याकबेन्चर भइनँ ।' तिनताक किताब नै किन्न पाइँदैनथ्यो । उनी किताबपसल चहार्दै हिँड्थे । रत्न पुस्तक भण्डारको नियमित ग्राहक थिए उनी । पुस्तकालयहरूमा समय बिताउँथे । एसएलसीअघि विसं. २०१० मा लक्ष्मीप्रसाद देवकोटासँग पनि पढ्ने अवसर पाएको उनी सम्झिन्छन् । देवकोटाको 'निद्रा' निबन्ध पढेर तेजेश्वरले पनि 'सपना' निबन्ध लेखेर देवकोटालाई देखाएछन् । 'उहाँले त मलाई अँगाल्नुभयो,' उनले भने, 'देवकोटाले कलम नरोक्नू भन्नुभएपछि फुरुंग भएको थिएँ ।' उनको घरमा आफ्नै पुस्तकालय छ । उनको बैठककोठामा पनि पुस्तकका चाङैचाङ छन् । घरमा अन्य सदस्यले पनि किताब पढ्छन् कि भन्ने प्रश्नमा उनी फेरि ठटचौलो बने, 'किताबले चाहिँ उनीहरूलाई पढ्छन् । किताबहरू त क्वाँक्वाँ रुन्छन् ।'

**अहिलेको साहित्यमा संस्कृति छैन**

संस्कृतिका क्षेत्रमा उनको योगदान उल्लेख्य छ । अहिलेसम्म पनि नेपाली साहित्य वा वाङ्मयमा सबैभन्दा कमजोर पक्ष नै सांस्कृतिक पक्ष हो भन्ने उनलाई लाग्छ । उनका अनुसार संस्कृतिलाई बुझ्ने मानिस नै कम छन् र लेख्ने मानिस त झनै कम । 'संस्कृति भनेको जीवन हो, जीवन भनेकै संस्कृति,' उनले भने, 'संस्कृतिबिनाको जीवन असांस्कृतिक, विशृंखलित हुन्छ । उसले न त देशको वातावरण बुझ्छ, न पर्यावरण ।' अहिले नेपाली संस्कृति (कल्चर) लाई भल्चरले खाइरहेको भन्दै उनले व्यंग्य कसे । भने, 'गिद्धले चल्लाहरू खाएको जस्तै भइरहेको छ । न मेरो लुगा सांस्कृतिक छ, न खाना, हिँडाइ, बोल्ने भाषाहरू । हेर्ने हेराइ वा दृष्टि पनि विदेशी भयो हाम्रो । विदेशी किताब पढेर लेख्ने शैली, प्रयोग गर्ने उदाहरण, बिम्ब प्रतिबिम्बको प्रयोग पनि विदेशी नै हुन थाल्यो । हाम्रा कुराहरू त आउँदै आएनन् साहित्यमा ।' अमेरिकाको मेसिगन स्टेट विश्वविद्यालयबाट स्नातकोत्तर गरेका तेजेश्वरले नेपाली साहित्यमा नेपालका संस्कृति, बिम्ब, परम्परा नआएको गुनासो गरे ।

**रंगदर्शन लेख्दै छु**

उनको पछिल्लो निबन्ध कृतिमा रंगका विभिन्न आयाम र मनोविज्ञान समेटिएका छन् । उनले २०३४ देखिनै रंगका बारेमा लेख्न थालेका थिए । रंगसम्बन्धी 'रङ्ग संस्कार' निबन्ध लेखेर पत्रिकामा छपाएका पनि थिए । त्यति बेला स्थानीय विकास मन्त्रालयको ट्रेनिङ विभागमा काम गर्थे । 'बहुदल कि सुधारिएको पञ्चायत ?' भनेर जनमतसंग्रह हुँदै थियो । बहुदलको मत चिह्न नीलो थियो भने पञ्चायतको रातो । त्यसो त उनी बहुदलको समर्थक थिए, तर खुलेआम पञ्चायतको विरोध गर्ने अवस्था थिएन । उनले नीलो रंगको प्रशंसा गरेर प्रतीकात्मक रूपमा लेखे । त्यसपछि उनले रंगका माध्यमबाट उपचार हुने मात्र नभई रंगको मनोवैज्ञानिक पक्षका अनेक आयम खोतले ।

वरिष्ठ संस्कृतिविद् सत्यमोहन जोशीले उनलाई 'रंग दर्शन' बारे किताब लेख्न सुझाएका थिए । उनले पनि हुन्छ भनेका छन् । 'तर अहिले लेख्ने आँट नै आइरहेको छैन,' उनले भने, 'खाना पनि रुच्न छाडेको छ । फेरि स्वस्थ भएँ भने लेख्छु ।'

# 'तान्द्रो' अर्थात् आशा

**कान्तिपुर संवाददाता**

काठमाडौं- दसवर्षे सशस्त्र द्वन्द्व । यो बीचको समयलाई चित्रण गर्दै नेपाली बजारमा थुप्रै किताब आए, फिल्म पनि बने । तर अधिकांश किताब र फिल्म कि माओवादी पक्षधर देखिएको आरोप लाग्यो, कि सरकार पक्षधर भएको । तर गत वर्ष साम्तेन भुटियाले निर्देशन गरेको फिल्म 'तान्द्रो' ले तत्कालीन द्वन्द्वमा माओवादी पक्षबाट लडेका एक छापामारमा केन्द्रित रही उनैको संघर्षलाई स्वतन्त्र दृष्टिकोणबाट पर्दामा उतार्‍यो । ती छापामार हुन्, गंगाबहादुर लामा । लामाको जीवनकथा समेटिएको 'तान्द्रो' बिहीबार फिक्सन फिल्म सेरिजअन्तर्गत देखाइयो ।



मार्टिन चौतारीमा बिहीबार फिक्सन सिरिजअन्तर्गत 'तान्द्रो' प्रदर्शनपछि छलफलमा सहभागी बन्दै निर्देशन साप्तेन भुटिया लगायत । *तस्बिर : कान्तिपुर*

विसं. २०५८ तिर गंगाबहादुर द्वन्द्वका क्रममा सेनाको गोली खुट्टामा लागेर घाइते भएका थिए, सबै साथीहरू तितरबितर बनेपछि उनले थुप्रै दिनहरू घाइते अवस्थामा कसरी बिताए ? यिनै संघर्ष समेटेर उनले पुस्तक नै लेखे । सोही पुस्तकलाई निर्देशक साम्तेनले उपेन्द्र सुब्बासँग मिलेर फिल्मको स्क्रिप्टमा ढाले र फिल्म पनि बनाए । तत्कालीन समयमा राजनीतिक कोणबाट जेजस्तो कार्यहरू भए पनि फिल्ममा भने एउटा सर्जकको रूपमा पोजेटिभनेस देखाउन खोजेको साम्तेनले बताए । 'नेगेटिभ कुराबाट पनि पोजेटिभ कुरा दिन सकिन्छ भन्ने देखाउन खोजेको हुँ,' उनले भने, 'पुस्तक पढेपछि उहाँको जीवन संघर्षले आकर्षित गर्‍यो । मानवता र मनोविज्ञान कति शक्तिशाली हुन्छ, पोजेटिभ रूपमा फिल्ममा देखाउने प्रयास गरेँ ।'

फिल्मको नाम 'तान्द्रो' लाई अर्थ्याउँदै उनले भने, 'जीवन र मृत्यु दुवै एक प्रकारको म्याग्नेट हो । दुवैले मानिसलाई एक अर्कातिर तानिरहेको हुन्छ । यही बीच रहेको जीवन जिउने एउटा झिनो आशा वा मसिनो डोरी तान्द्रो हो ।' फिल्ममा गंगाबहादुरको भूमिका दयाहाङ राईले गरेका छन् । घाइते अवस्थामा एक्लै र भोकभोकै दिनहरू बिताउनुपर्दा मान्छे कुन आशाले बाँच्न उत्प्रेरित गरिरहन्छ भन्ने मनोविज्ञानलाई दयाहाङले अभिनयमा यथार्थपरक ढंगले देखाएका छन् । रियालिस्टिक अप्रोचको यो फिल्म हेर्दै गर्दा आफ्नो आँखा रसाएको फिल्मका रियल पात्र गंगाबहादुरले बताए । 'घाइते अवस्थामा पनि म समाजवाददेखि साम्यवादसम्मको सपना देखिरहेको थिएँ । म पनि धेरै माथि पुग्न चाहन्थेँ । तर म त लडेँ,' उनले भने, 'फिल्म हेरेर हिजोको मेरो स्मृतिलाई विस्मृतिमा विस्तारै जाँदै गरेको अनुभूति गरेँ । जुन आन्दोलन मैले गरेँ, जुन सपना मैले देखेँ, त्यो विस्तारै सिध्दिँदै गर्दा आज फिल्म हेरेर मेरो आँखा रसायो ।'

द्वन्द्वमाथि नै 'रोल्पा सुइना' कृति निकालेका युवा स्रष्टा नवीन विभासले फिल्म सरकारी र विद्रोही दुवै अतिवादबाट मुक्त रहेर बनेको भन्दै प्रशंसा गरे । 'बितेका दिनहरूमा कसैले माओवादी मुभमेन्टको स्तुति गरे भने कसैले एकदमै धेरै क्रिटिसिजम गरे,' उनले भने, 'तर यो फिल्ममा निर्देशक दुवैबाट मुक्त देखें ।' तर कोसिस गर्दागर्दै पनि फिल्मले माओवादी छापामारको जनतासँग सम्बन्ध राम्रो थिएन भन्ने नै देखाएको उनले दाबी गरे । फिल्ममा बुद्धि तामाङ, रामबाबु गुरुङ, सरस्वती चौधरी, राजन खतिवडा, अरुणा कार्की, कमलमणि नेपाल लगायतको अभिनय रहेको छ । कर्मसियल रिलिजमा खासै सफलता बटुल्न नसके पनि फिल्मले थुप्रै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलहरूमा प्रवेश पाएको थियो ।

# बहुभाषी कवि गोष्ठी

काठमाडौं (कास)- नेपाल प्रज्ञा-प्रतिष्ठान र युगकवि सिद्धिचरण प्रतिष्ठानले सिद्धिचरण श्रेष्ठको १०७ औं जन्मजयन्तीका सन्दर्भमा बिहीबार बहुभाषिक कविगोष्ठी गरेका छन् । प्रतिष्ठानको प्रवचन कक्षमा संस्कृत, नेपाली, मैथिली, भोजपुरी, नेवारी, अवधी, लिम्बू, मगर, मगर खाम, तामाङ, थकाली, चाम्लिङ, थारू, गुरुङ, बान्तवा, सुनुवार, डोटेली, थुलुङ र अंग्रेजीमा २९ कविले कविता सुनाए ।




प्रा. मोहनप्रसाद लोहनी, कवि उषा शेरचन, विप्लव ढकाल, डा. रामप्रसाद ज्ञवाली, छम गुरुङ, प्रोल्लास सिन्धुलीय, धीरेन्द्र प्रेमर्षि, डा. देवी नेपाल, शशि लुमुम्बु, दुतेन्द्र चाम्लिङ, रामकृष्ण दुवाल, विजयध्वज थापा, मुक्तान थेबा, सुभास संगम राई, नरेन्द्रबहादुर श्रेष्ठ, बिना थिङ, हंसवती कुर्मी लगायतले युगकविलाई रचनामार्फत सम्झेका हुन् ।

प्रतिष्ठानका अध्यक्ष बैरागी काइँलाले मुलुकका विविध जाति र समुदायका भाषासंस्कृति नै नेपाली बहुलताको विशेषता भएको र त्यसलाई युगकविले उति बेलै बुझेको बताए । युगकविका छोरा रविचरणले युगकविले रचनामा मातृभाषालाई पनि प्राथमिकता दिएको जनाए ।

**भीमेश्वर नगरपालिकाको सूचना**

"शैक्षिक गन्तव्य हाम्रो अभियान, गुणस्तरीय शिक्षा दोलखाको शान" भन्ने मुल नाराका साथ यही मिति २०७५ जेष्ठ १७, १८ र १९ गते हुन गईरहेको **दोलखा शैक्षिक, विज्ञान, प्रविधि तथा साँस्कृतिक महोत्सव, २०७५** को अवसरमा दोलखा जिल्लाबाट पि.एच.डी. उपाधि हासिल गर्नुहुने व्यक्तित्वहरुलाई सम्मान गर्ने कार्यक्रम रहेकाले मिति २०७५ जेष्ठ १४ गते भित्र आफ्नो व्यक्तिगत विवरण उपलब्ध गराई सम्मान कार्यक्रममा सहभागिताका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सम्पर्क:
**गौरीशङ्कर बहुमुखी क्याम्पस**
चरिकोट, दोलखा, मोबाइल: ९८५१०३४८१४
ईमेल : gsmultiplecampus@gmail.com
**राजेन्द्र मानन्धर**
संयोजक, स्रष्टा सम्मान उप-समिति, मोबाईल नं : ९८५१०९३६८५



# १३ वर्षमै आमा

## २९ की हजुरआमा



कविन अधिकारी

■ जनकराज सापकोटा

काठमाडौं- सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रको जनरल वार्ड, बेड नम्बर ४ । तेह्र वर्षीया ममता मरिक एकमहिने शिशुलाई जेनतेन सम्हालिरहेकी छन् । आफैंलाई सम्हाल्न नसकिरहेकी किशोरीका काखमा दूधे बालक ! उनको यो दयनीय अवस्था देख्ने सबैका आँखा रसाउँछन् ।

ममताको मातृत्वबारे जान्न उनकी आमा २९ वर्षीया भुटी मरिकको कथा सुन्नुपर्ने हुन्छ । घाँटीमा कालो र मैलो कपडाको धजोमा झुन्डिएका दुई बुटी । एउटा, भूत, प्रेत र डाइन लाग्दैन भनेर पचास रुपैयाँमा गाउँकै धामीले भिडाएको, अर्को दशाग्रह कट्छ भनेर पण्डितले । महिनाअघि हजुरआमा बनेकी भुटीको परिचय यत्तिमै सकिँदैन । १५ वर्षमा बिहे, चार सन्तानकी आमा उनका अतिरिक्त परिचय हुन् । रक्सीका अम्मली श्रीमान् गुजाई मरिकको रातदिनको टोकसो र हिंस्रक व्यवहार पचाइरहेकी भुटीले

### बालविवाहले बिजोग

सुनाएको छोरी ममताको बिहे र त्यसपछिका घटनाक्रमको कथा आङ नै सिरिंग पार्ने खालको छ । २०७४ जेठ । सुनसरीको गढी गाउँपालिका ९, सतरझोडास्थित घरबाट १२ वर्षीया ममता उदयपुर, आमवासीस्थित फुपू ललिता मरिकको घर पुगिन् । फुपूले अभिभावकलाई थाहै नदिई फकाएर सिरहा, गोलबजारछेउको मुसरिया टोलका ३१ वर्षीय प्रकाश मरिकसँग उनको बिहे गरिदिइन् । केही दिनपछि मात्रै भुटीले छोरीको बिहे भएको थाहा पाइन् । उनी श्रीमान्लाई लिएर ललिताको घर पुगिन् । तर ललिताले राम्रो र माया गर्ने केटो भएकाले बिहे गरिदिएको, दाइजो जोगाइदिएको बताइन् । ललिताले प्रकाशसँग पटक-पटक गरेर ५० हजारभन्दा धेरै रकम र एउटा सुँगुर लिएको भुटीले गाउँलेबाट थाहा पाइन् । उदयपुरस्थित कान्तिपुरकर्मीसँग कुरा गर्दै ललिताले आफूले केटा पक्षबाट ६० हजार रुपैयाँ र झन्डै १६ किलोको सुँगुर लिएको स्विकारिन् । उनले भनिन्, 'लिएको पैसा बिहेमा खर्चिएँ । त्यही सुँगुर काटेर जन्तीलाई भोज खुवाएँ ।'

निरक्षर मरिक दम्पती छोरीले घरमा नभनी बिहे गरेको भन्दै मुर्मुरिएर गाउँ फर्क्यो । दिन, साता र महिना बिते । नौ महिनापछि भुटीले खबर पाइन्, ममता सुत्केरी भई । नातिनी जन्मेको छैटौं दिन अर्थात् छठिहारका दिन बाबु गुजाई संस्कारअनुसार ५ केजी चामल, आधा लिटर तेल, सुतीको सारी, पेटिकोट, चोलो, बच्चाको कपडा र अरूको नजर नलागोस् भनेर बच्चाका हातमा बाँध्ने कालो धागो लिएर छोरी भेट्न सिरहा पुगे ।

त्यहाँ पुगेपछि उनले चाल पाए, ज्वाइँ प्रकाशले यसअघि नै अर्को बिहे गरिसकेका रहेछन् । उनकी पहिली श्रीमतीबाटै दुई छोरी भइसकेका रहेछन् । सौताको अवहेलना र छोरी जन्माएको भन्दै श्रीमान्को निरन्तर कुटपिटले ममता थिलथिलो भइसकेकी रहिछन् । आफैंलाई सम्हाल्न नसक्ने उनी जेनतेन छोरी स्याहारिरहेकी थिइन् । क्षयरोग लागेका ज्वाइँले आफैं बिरामी भएको भन्दै छोरी लिएर जान दबाब दिएपछि भुटीका श्रीमान् छोरी र नातिनी लिएर घर फर्के । कान्तिपुरको सम्पर्कमा आएका लहानका एक दलित अभियन्ताले प्रकाशले दोस्रो बिहे गरेको, दोस्रीबाट पनि छोरी नै जन्मेपछि कुटपिट गरेको खबर गाउँलेबाट थाहा पाएको बताए । ती अभियन्ताले भने, 'यो कुराबारे मुसरियाका धेरै जानकार छन् तर उनीहरू खुलेर यसबारे बोल्न चाहँदैनन् ।'

कलिली ममता काखमा छोरी च्यापेर घर छिरेपछि भुटीले आफूलाई थाम्न सकिनन् । छोरीको दुःखको फेहरिस्त सुनेपछि उनको मन झनै कुँडियो । उनले मधुरो स्वरमा भनिन्, 'छोरीको कुराले मन बहकियो अनि म धरधरी रोएँ ।' भुटीले त्यही दिन नजिकैको हटिया पुगेर तीन सय रुपैयाँमा एक जोर परेवा किनेर ल्याइन् । दोस्रो दिनदेखि ममताको मुखबाट रगत बग्न थाल्यो । त्यसपछि भुटी छोरी र नातिनी च्यापेर जिल्ला अस्पताल इनरुवा पुगिन् । सामान्य परीक्षणपछि डाक्टरले औषधि दिए । तर, एक सातासम्म बेथा नघटेपछि उनीहरू फेरि अस्पताल पुगे ।

**१३ वर्षमै आमा बनेकी ममताको मुटुका दुइटै भल्भ खराब छन्, उनकी एकमहिने छोरी पनि कुपोषणले ग्रस्त छिन्**

पाँच दिनको उपचारपछि चिकित्सकले भने, 'नाबालकलाई कुपोषण छ । आमाको स्वास्थ्यमा पनि जटिल समस्या छ ।' चिकित्सकका अनुसार शिशुको तौल दुई किलो एक सय ग्राम मात्रै थियो भने एक सातादेखि शिशुले पर्याप्त दूध र अन्य आहार पाएको थिएन । ममताको शरीरमा पनि रगतको मात्रा एकदमै कम थियो र पोषणको कमीले स्वास्थ्य कमजोर बनेको थियो ।

परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालका निर्देशक डा. जागेश्वर गौतमका अनुसार नवजात शिशुको औसत तौल तीन किलो एक सय ग्राम हुनुपर्छ । डाक्टर गौतमका अनुसार दुई किलो पाँच सय ग्रामभन्दा थोरै तौलको शिशुको स्वास्थ्य कमजोर हुने, सुगरको कमी हुने र संक्रमण जोखिम हुने सम्भावना बढी हुन्छ । 'बीस वर्ष पुगेपछि मात्रै छोरीहरू बच्चा जन्माउन शारीरिक रूपमा परिपक्व हुन्छन्,' उनले भने, 'कम उमेरमा आमा बनेकाको स्वास्थ्य सधैं जोखिममा हुन्छ ।' खेल्ने, रमाउने र आफैं हुर्की, बढ्ने उमेरमा आमा बन्नेहरूको उमेरजन्य विकासक्रममै असर पर्ने डाक्टर गौतम बताउँछन् ।

इनरुवा अस्पतालमै रहँदा स्थानीय रमेश अधिकारीले उनीहरूको हालतबारे पत्रकारलाई जानकारी दिए । खबर फैलिँदै 'इनरुवा सुनसरी' नामक फेसबुक पेज चलाउनेहरूसम्म पुग्यो । उक्त पेजका सदस्य राकेश निरौलाले ममता र उनकी छोरीलाई थप उपचारका लागि विराटनगरस्थित कोसी अञ्चल अस्पताल पुऱ्याए ।

ममताको श्वासप्रश्वासमा समस्या भएको र सघन उपचार कक्ष (आईसीयू) मा राखेर उपचार गर्नुपर्ने तर आईसीयू खाली नभएको बताइएपछि उनले दुवै बिरामीलाई नोबेल अस्पताल पुऱ्याए । नोबेलले थप उपचारका निम्ति काठमाडौंको सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र रिफर गरिदियो । जेठ २ गते भुटी छोरी र नातिनी लिएर गंगालाल अस्पताल आएकी थिइन् । उनीहरूलाई साथै लिएर आएका राकेशले उपचारको व्यवस्थापन गरिदिए । भुटीको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद यादवले विपन्न परिवारको आपत् देखेर आकस्मिक बोर्ड बैठकबाट एक लाख रुपैयाँ उपचार खर्च दिने निर्णय गराएको जानकारी दिए । कान्तिपुरसँगको कुराकानीमा अध्यक्ष यादवले एक लाखमध्ये ६० हजार रुपैयाँ दिइसकिएको र अरू छिट्टै दिइने बताए । उनले भने, 'डोमहरूको अवस्था नाजुक छ, सरकारले पनि मुसहरलाई मात्रै दलितका रूपमा हेर्छ ।'

बिहीबार अस्पतालबाट डिस्चार्ज हुँदा ममताको अनुहारमा खुसीको घुमैलो रेखा थियो । तर उनको पूरै उपचार अझै सकिएको छैन । डाक्टर रामेश कोइरालाका अनुसार ममताको मुटुका दुवै भल्भमा समस्या देखिएको छ । 'भल्भ नै फेर्नुपर्ने देखिन्छ,' उनले भने । डाक्टर कोइरालाका अनुसार कमजोर मुटुकी ममता गर्भवती भएपछि गर्भमा रहेको सन्तानका निम्ति समेत रक्तसञ्चार गर्नुपर्ने भएकाले अतिरिक्त भार खेप्नुपऱ्यो । त्यसले उनको मुटु झनै कमजोर बनेको देखिन्छ । 'भल्भ फेरेपछि पनि अनेक समस्या आइरहन्छन्, उपचार र औषधि सेवन गरिराख्नुपर्छ,' उनले भने, 'भल्भ फेर्नुअघि केही समय उपचार र बलियो अभिभावकत्वको खाँचो छ ।'

युनिसेफसँग मिलेर नेपालले सन् २०१६ मा बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति जारी गरेको थियो । संयुक्त राष्ट्रसंघले तय गरेको दिगो विकास लक्ष्यलाई पछ्याइरहेको नेपालले सन् २०३० सम्म बालविवाह पूर्ण रूपमा अन्त्य गर्ने प्रतिबद्धता जनाएको छ । ममताको बालविवाह र त्यसपछिको कथाले सरकारी प्रतिबद्धतालाई गिज्याइरहेझैं लाग्छ ।

युनिसेफले सन् २०१७ मा प्रकाशित गरेको 'इन्डिङ अ चाइल्ड म्यारिज इन नेपाल' शीर्षकको प्रतिवेदनमा भनिएको छ, 'बालविवाह भएका तीनमध्ये एक बालिका आफ्नै श्रीमान्बाट यौन शोषणमा पर्ने गरेका छन् भने शारीरिक हिंसा भोग्ने ६ मध्ये एक जनाको बालविवाह भएको छ ।' युनिसेफको प्रतिवेदनअनुसार एसियाली देशमध्ये नेपाल सबभन्दा धेरै बालविवाह हुने देश हो । ममताको कथाले युनिसेफको प्रतिवेदनलाई थप पुष्टि गर्छ ।

बालक र बालिका दुवै बालविवाहको जोखिममा रहेको प्रतिवेदनमा उल्लेख छ । '२० देखि २४ वर्ष उमेर समूहका एक तिहाइ महिला १८ वर्षको उमेरमा विवाह भएको बताउँछन् भने प्रत्येक दसमा एक जनाले १५ वर्षमै विवाह गरेको देखिन्छ,' प्रतिवेदनमा जनाइएको छ । अमेरिकाको न्युयोर्कमा मुख्यालय रहेको ह्युमन राइट्स वाचले पनि सन् २०१६ मा नेपालले बालविवाह रोक्न पर्याप्त कदम नचालेको भन्दै सरकारको ध्यानाकर्षण गराएको थियो । वाचले नेपालका झन्डै ३७ प्रतिशत किशोरीले १८ वर्ष नपुग्दै विवाह गर्ने गरेको अनुसन्धान प्रतिवेदन सार्वजनिक गर्दै त्यस्तो ध्यानाकर्षण गराएको थियो ।

जनगणना २०६८ मा आधारित भएर प्रकाशित गरिएको 'सिचुएसन अफ भायोलेन्ट अगेन्ट्स चिल्ड्रेन इन नेपाल' नामक अध्ययनका अनुसार नेपालमा ३ लाख ४२ हजार ७ सय ६४ जना १८ वर्ष नपुग्दै विवाह बन्धनमा बाँधिएका छन् । तथ्यांकले १८ वर्ष नपुग्दै कतिपयले बहुविवाह, पुनः विवाह, विधवा वा विधुर विवाह, सम्बन्धविच्छेदजस्ता समस्या खेपेको देखाएको छ । जनगणनाले १० देखि १८ वर्ष उमेरभित्र विवाह गर्ने बालबालिकामध्ये सबैभन्दा ठूलो संख्या मधेसी दलित समुदायमा रहेको देखाउँछ ।

*(साथमा उदयपुरबाट **डिल्लीराम खतिवडा**)*

# १२ हजार कर्मचारी घाँडो !



■ अब्दुल्लाह मियाँ

काठमाडौं- केन्द्रदेखि जिल्लासम्म कार्यालय कटौती भएपछि करारमा कार्यरत करिब १२ हजार कर्मचारीको व्यवस्थापन गर्न सरकारलाई मुस्किल देखिएको छ । केन्द्रमा मन्त्रालय र विभाग तथा जिल्लामा कार्यालय संख्या घटेपछि तिनमा वर्षौंदेखि कार्यरत करारका कर्मचारीको व्यवस्थापनमा समस्या भएको सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता सहसचिव सुरेश अधिकारीले बताए । जिल्लामा दुई दर्जन रहेका कार्यालय ९ वटामा सीमित भएका छन् ।

केन्द्रका ३० मन्त्रालय २१ र ५४ वटा विभाग ३९ मा झारिएको छ । मन्त्रालय र विभागहरू मर्ज भएपछि ती कार्यालयमा करारका कर्मचारीको एकै ठाउँमा ओइरो लागेको अधिकारीले बताए । खासगरी कुचीकार, कार्यालय सहयोगी, बगैंचामा काम गर्ने कर्मचारी, सवारीचालक, कम्प्युटर (आईटी) लगायतमा करिब १० देखि १२ हजार कर्मचारी करारमा कार्यरत छन् । यसमध्ये सबभन्दा बढी सवारीचालक छन् । मन्त्रालयमा मन्त्री फेरिएसँगै ज्यालादारी र अस्थायी कर्मचारी भर्ती गर्ने प्रवृत्तिले करारका कर्मचारी यति धेरै भएका हुन् । सचिव र महानिर्देशकले पनि करारमा कर्मचारी भर्ना गर्ने गरेका छन् ।

'मर्ज भएका मन्त्रालय र विभागहरूमा करार कर्मचारीको संख्या धेरै भएको छ,' अधिकारीले कान्तिपुरसित भने, 'उनीहरूको व्यवस्थापन सरकारलाई घाँडो भएको छ, के गर्ने अहिलेसम्म सोच्न सकेका छैनौं ।' संघीय संरचनाअनुसार कर्मचारी व्यवस्थापनका बेला यो विषयमा पनि छलफल गरिने अधिकारीले जनाए । मन्त्रालयले अहिले संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी व्यवस्थापन गरिरहेको छ । संघ (केन्द्र) मा ३० रहेका मन्त्रालय २१ मा झर्दा करारमा रहेका धेरै सवारीचालक कामविहीन बन्न पुगेका छन् । काम नभए पनि उनीहरूलाई तलब, भत्ता, पोसाक र अन्य सुविधा दिनुपर्ने भएकाले राज्यमाथि आर्थिक भार बढ्ने देखिन्छ ।

अधिकारीका अनुसार करारका कर्मचारीलाई यत्तिकै हटाउन सक्ने अवस्था छैन । उनीहरू संगठित छन् । बेलाबेलामा तलब वृद्धिलगायत सुविधा माग गर्दै सरकारको ध्यानाकर्षण गराउने गरेका छन् । करारका कर्मचारीको छाता संगठन 'अखिल नेपाल सरकारी अस्थायी करार ज्यालादारी कर्मचारी श्रमिक संघ' का केन्द्रीय सदस्य लालबहादुर तामाङले करारका कर्मचारी भनेर सरकारले हेप्न नपाइने तर्क गरे । '२०/३० वर्षदेखि सेवा गरिरहेकालाई यत्तिकै राज्यले हटाउन पाउँदैन,' वन तथा वातावरण मन्त्रालयमा कार्यरत तामाङले भने, 'यसबारे श्रममन्त्रीसँग पनि हामीले छलफल गरेका छौं ।' श्रममन्त्री गोकर्ण विष्टले तलबलगायत सुविधा बढाइदिने आश्वासन दिएको पनि उनले सुनाए ।

**१६ सहसचिव सरुवा, १२ को पदस्थापन**

सरकारले १६ सहसचिव र नयाँ १२ सहसचिवको बुधबार पदस्थापन गरेको छ । वन तथा वातावरण मन्त्रालयका नयाँ सहसचिव धीरेन्द्र प्रधानलाई कर्णाली प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण र उक्त मन्त्रालयका सचिव विद्यानाथ झालाई कर्णाली प्रदेशको मुख्यमन्त्रीको कार्यालयमा सरुवा गरिएको छ । झा र प्रदेश वनमन्त्री नन्दसिंह बुढाबीच पछिल्लो समय मनमुटाब बढेको थियो । उनलाई सरुवा गरिदिन मन्त्री बुढाले संघीय वन मन्त्रालयको समेत ध्यानाकर्षण गराएका थिए ।

यस्तै, सहसचिव आभा श्रेष्ठलाई श्रम मन्त्रालयबाट सामान्य प्रशासन, वासुदेव शर्मालाई प्रदेश १ को सामाजिक विकास मन्त्रालयबाट १ नम्बर प्रदेशकै मुख्यमन्त्री कार्यालय, सामान्यका रामकृष्ण सापकोटालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग, उद्योग, वाणिज्यका शंकर अर्याललाई सामान्य प्रशासन, सामान्यका शिवराम न्यौपानेलाई उद्योग र भौतिक पूर्वाधारका रूपनारायण भट्टराईलाई श्रम मन्त्रालय सरुवा गरिएको छ । भट्टराईलाई गत साता मन्त्रालयले यातायात व्यवस्था विभागबाट मन्त्रालयमा फिर्ता बोलाएको थियो । उद्योगका गोपीकृष्ण खनाललाई प्राकृतिक स्रोत वित्त आयोग, योजना आयोगका तुलसीप्रसाद गौतमलाई सामान्य प्रशासन, उद्योगकी जानकीबल्लभ अधिकारीलाई लोकसेवा आयोग, नयाँ सहसचिव भूपाल बराललाई सामान्य प्रशासन, पर्यटनका दिनेश भट्टराईलाई उद्योग, नयाँ सहसचिव सनत केसीलाई पुनर्निर्माण, सामान्यका आनन्दराम रेग्मीलाई सञ्चार र सामान्यकै सीता पोखरेल अर्याललाई पर्यटन मन्त्रालयमा सरुवा गरिएको छ ।

सामान्य प्रशासनले थप १२ नयाँ सहसचिवलाई समेत पदस्थापन गरेको छ । भीष्म भुसाललाई वीरगन्ज महानगर, हुमकला पाण्डेलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग, उमेश ढुंगानालाई जनकपुर उपमहानगर, पुष्पराज शाहीलाई हेटौंडा उपमहानगर तथा छविलाल रिजाललाई इटहरी उपमहानगरपालिकाको प्रमुख कार्यकारीमा सरुवा गरिएको छ । यस्तै, तोयनारायण सुवेदीलाई नेपालगन्ज उपमहानगर, शिवकुमार कार्कीलाई सिमरा उपमहानगर, चक्रपाणि पाण्डेलाई घोराही उपमहानगर, शेषनारायण पौडेललाई पोखरा लेखनाथ महानगर र शिवलाल तिवारीलाई प्रदेश ३ का प्रमुखको कार्यालयमा पदस्थापन गरिएको छ ।

## तलब बढाउन माग

काठमाडौं (कास)- निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियनले बजेटको पूर्वसन्ध्यामा कार्यालय सहायकदेखि मुख्यसचिवसम्मको तलब बढाउन माग गर्दै अर्थमन्त्री युवराज खतिवडालाई ज्ञापनपत्र बुझाएको छ । अध्यक्ष पुण्य ढकालका अनुसार कार्यालय सहयोगीको ३० हजार र मुख्यसचिवको एक लाख ५० हजार तलब बनाउन माग गरिएको हो । यस्तै, सचिव र सहसचिवको तलब पनि १:५ अनुपातमा वृद्धि गर्न युनियनले माग गरेको छ । युनियनले १८ बुँदे माग प्रस्तुत गर्दै तलब वृद्धिसँगै जिम्मेवारी लिएर काम गर्न पनि आफूहरू तयार भएको जनाएको छ । जलविद्युत् तथा प्रदेशमा बन्ने निजामती अस्पताललगायत क्षेत्रमा लगानी गर्न आफूहरू तयार भएको युनियनले बताएको छ ।

# ठाउँ छैन कर्मचारीलाई

■ राजेश मिश्र

काठमाडौं- निजामती प्रशासनको संरचनामा फेरबदल गरिएपछि सिंहदरबारभित्र कतिपय मन्त्रालयलाई ठाउँ अपर्याप्त भएको छ भने कतिपयले दुईदेखि तीन वटासम्म भवन प्रयोग गरिरहेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय नै अस्तव्यस्त छ ।

नयाँ सरकार गठनसँगै प्रधानमन्त्री कार्यालयको सांगठनिक संरचना बढाइएपछि महाशाखा प्रमुखहरूले नै बस्ने ठाउँ पाएका छैनन् । प्रधानमन्त्री कार्यालयमा महाशाखाको संख्या ६ बाट बढाएर ११ पुऱ्याइएको छ । महाशाखाको नेतृत्व सहसचिवले गर्छन् । सामान्य प्रशासन मन्त्रालयले सरुवा गरी ११ जना सहसचिव त्यहाँ पठाइसकेको छ । सरुवा भएर आएका ५ सहसचिवलाई बस्ने ठाउँ छैन । हाकिमले नै ठाउँ नपाएपछि ती महाशाखामातहत शाखाको अवस्था बेहाल हुने नै भयो ।

### अव्यवस्थित सिंहदरबार

साबिकका ३० मन्त्रालयलाई घटाएर २१ वटा बनाइएको छ । तर, संरचना व्यवस्थित गरिएको छैन । कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका कर्मचारीले तीनवटा भवन ओगटेका छन् । संघीय मामिला तथा सामान्य प्रशासन, शिक्षा, विज्ञान तथा प्रविधि, उद्योग, वाणिज्य तथा आपूर्ति, वन तथा वातावरण मन्त्रालयको काम दुइटा भवनबाट भइरहेको छ । प्रधानमन्त्री कार्यालयदेखि अधिकांश मन्त्रालयमा कर्मचारीलाई बस्ने व्यवस्था मिलाउन प्रशासनलाई भ्याइनभ्याइ छ । कोठा व्यवस्थापन, फर्निसिङलगायत कामले तीव्रता पाएको छ ।

प्रधानमन्त्री कार्यालयका प्रवक्ता सहसचिव विनोदबहादुर कुँवरले समग्र प्रशासन संयन्त्रको अनुगमन गर्ने सक्षम निकायका रूपमा विकसित गर्न प्रधानमन्त्री कार्यालयको सांगठनिक संरचना विस्तार गरिएको बताए । 'विस्तारित संरचनाअनुसार अहिलेको भवनमा ठाउँ अपर्याप्त छ, सबैलाई पुगेको छैन,' उनले भने, 'थप स्थानको खोजीमा छौं । सहरी विकास मन्त्रालयलाई पनि पटक-पटक भनेका छौं ।' सिंहदरबारभित्र मन्त्रालयलाई ठाउँ उपलब्ध गराउने र व्यवस्थित गर्ने जिम्मेवारी सहरी विकास मन्त्रालय मातहतको सिंहदरबार सचिवालय पुनर्निर्माण समितिको हो ।

समितिका प्रशासकीय प्रमुख रामप्रसाद बेल्वासेले पहिला भूकम्प र अहिले मन्त्रालयको संरचनामा गरिएको फेरबदलले कतिपय मन्त्रालयलाई स्थान अभाव भइरहेको बताए । 'प्रधानमन्त्री कार्यालय रहेको अहिलेको भवन साबिकको स्थानीय विकास मन्त्रालयको हो,' उनले भने, 'प्रधानमन्त्री कार्यालयका लागि पहिले नै त्यो अपर्याप्त थियो । अहिले संरचना थपिएपछि त अपुग हुने नै भयो ।'

०७२ वैशाख १२ को विनाशकारी भूकम्पले सिंहदरबारको मूल भवन क्षतिग्रस्त भएपछि त्यहाँ रहेको प्रधानमन्त्री कार्यालय स्थानीय विकास मन्त्रालयको भवनमा सारिएको थियो । बेल्वासेले मन्त्रालयको संख्यामा भएको फेरबदललाई मध्यनजर गर्दै सिंहदरबारभित्र कुन भवनमा कुन मन्त्रालय राख्दा उपयुक्त हुने विषयमा अध्ययन भइरहेको बताए । उनले अहिलेका २१ वटा मन्त्रालयलाई पुग्ने गरी भवन उपलब्ध रहेको जानकारी दिँदै त्यसको व्यवस्थापनमा केही समय भने लाग्न सक्ने बताए ।

मन्त्रीको संख्या घटे पनि एउटै मन्त्रालयमा २ देखि ३ जना सचिव रहेको र तिनले साबिकको भवन छाड्न नमान्दा व्यवस्थापनमा चुनौती भने देखिएको छ । अहिले भएका मन्त्रालयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा, युवा तथा खेलकुद, सहरी विकास र खानेपानी मन्त्रालयको आफ्नो भवन छैन । तर, मन्त्रालयको संख्या घटेकाले सिंहदरबार परिसरमा उपलब्ध भवनमै तिनको व्यवस्थापन गर्न सकिने बेल्वासेले बताए ।

# भ्याटको ५४ अर्ब...

'कार्यान्वयन हुनुपऱ्यो भनेर किटानीसाथ सुझाव दिएको ५ वर्ष भइसक्यो, अहिलेसम्म कार्यान्वयन हुन सकेन,' ०७० मा गठित राजस्व छुटको प्रभाव मूल्यांकन कार्यदलका संयोजक विष्टले भने, 'फिर्ता दिइएको रकम राष्ट्रिय लेखा प्रणालीमा लेखांकन नै हुँदैन । ढुकुटीमै नगई उसैलाई राख भनेर छुट दिने प्रचलन संसारमा कहीँ छैन ।'

सरकारले स्वदेशी उद्योग प्रवर्द्धन, रोजगारी सिर्जना, विदेशी मुद्रा आर्जन र राजस्वमा योगदान हुनेलगायतका कारण देखाउँदै भ्याट फिर्ता अवधारणा भित्र्याएको हो । मोबाइल फोन सेटको सन्दर्भमा भारतबाट चोरीका मोबाइल भित्रिने पृष्ठभूमि देखाउँदै वैध प्रणालीबाट ल्याउनेलाई प्रतिस्पर्धा गर्न समस्या नहोस् भन्ने तर्कका साथ भ्याट फिर्तासम्बन्धी निर्णय भएको हो । 'कसैलाई प्रोत्साहन गर्नु वा चोरी नियन्त्रण गर्नु छ भने बजेटमा रकम विनियोजन गरेर नै सुविधा दिनुपर्छ,' विष्टले भने, 'व्यापारीले त सरकारलाई उपभोक्ताबाट भ्याट उठाइदिने हो । त्यो रकमको केही अंश तिमीहरू नै राख भनेर सरकारले भन्न पाउँदैन । भ्याट रकम उठाएर ढुकुटीमा जम्मा गर, बजेटमा राख्ने र त्यसपछि वितरण गर भनेर सरकारलाई सुझाव दिएका थियौं ।'

**व्यापारीले यसरी पाउँछन् फिर्ता**

उल्लिखित सामग्रीमध्ये मोबाइल फोन सेटसँग तुलना गरौं । मानौं, कुनै मोबाइल ३० हजार रुपैयाँ पर्ने छ । हाम्रो कानुनअनुसार उक्त रकमको १३ प्रतिशत भ्याट अर्थात् ३ हजार ९ सय थप रकमसहित ३३ हजार ९ सय रुपैयाँमा मोबाइल सेट उपभोक्ताले खरिद गर्छन् । उपभोक्ताले भ्याट शीर्षकमा व्यापारीलाई तिरेको ३ हजार ९ सय रुपैयाँ राज्यकोषमा दाखिला गर्नुपर्ने हो । तर त्यस करको ४० प्रतिशत अर्थात् १ हजार ५ सय ६० रुपैयाँ व्यापारी आफैंले राख्ने नीतिगत व्यवस्था राज्यले गरिदिएको छ । मोबाइलमा ०६४ सालबाट यो व्यवस्था गरिएको हो । अन्य सामग्रीमा पनि विभिन्न समयमा यस्तै प्रकृतिका निर्णय भएका हुन् । चिनीमा ९० प्रतिशत, घिउ, तेलमा ४० र कपडा, टायर, ट्युबमा लाग्ने भ्याटको पूरै रकम उद्योगी तथा व्यापारीले फिर्ता पाउँछन् । ०६४ सालसम्म मोबाइल बिक्रेता व्यापारीले ६० प्रतिशत छुट पाउँदै आएका थिए । विरोध भएपछि सरकारले विस्तारै घटाउँदै लगेको छ । यो वर्ष ४० प्रतिशत मात्रै फिर्ता पाउने गरेका छन् । खारेजको निर्णय भने गर्न सकेको छैन ।

**विकल्पमा चुपचाप**

चोरीका मोबाइलसँग वैध प्रणालीबाट आएका फोन सेटले बजारमा प्रतिस्पर्धा गर्न नसक्ने तर्कले मोबाइलमा भ्याट फिर्ताको अवधारणा आएको हो । चोरीका मोबाइल नियन्त्रणका उपायबारे भने सरकार मौन देखिन्छ । नेपाल दूरसञ्चार प्राधिकरणले अवैध मोबाइललाई नियन्त्रण गर्ने उपायस्वरूप अघि सारिएको आईएमईआई नम्बरसम्बन्धी प्रणालीलाई निष्कर्षमा पुऱ्याउन सकेको छैन । प्राधिकरणले आईएमईआई नम्बर दर्ता गर्न थालेको दुई वर्ष भयो । विदेशबाट व्यक्तिगत रूपमा मोबाइल भित्र्याउनेले अनलाइनबाट वा प्राधिकरणमा निवेदन दिएरै आईएमईआईमा दर्ता गराउनुपर्छ । यदि चोरीको मोबाइल हो भने दर्ता गर्नै मिल्दैन । दर्ता नभएका मोबाइल सेटमा कुनै पनि सिमकार्ड चल्दैन । अहिलेसम्म २ करोड १२ लाख आईएमईआई नम्बर दर्ता भइसके । तर दर्ता नभएका मोबाइल सेटमा नचल्ने अर्को प्रविधि खरिद गर्न सरकारले आलटाल गरिरहेको छ । 'हामीले तीन वर्षअघि नै मोबाइलको भ्याट फिर्ता खारेज गर्न लागेका थियौं,' अर्थ मन्त्रालयका एक अधिकारीले भने, 'तर आईएमईआई प्रणाली पूर्ण रूपमा लागू हुन नसकेकाले खारेज गर्न सकिएन ।' यो आधारमा निरन्तर भ्याट फिर्ता लिइरहेका उद्योगी र सरकारका अधिकारीबीचको मिलेमतोमा आईएमईआई प्रणाली लागू गर्न पछाडि धकेलिँदै गइरहेको अडकलबाजी चलेको छ ।

**घिउ, तेलको सामान्य प्रशोधनमा पनि सुविधा**

कच्चा पदार्थ आयात गर्ने र त्यसबाट कुनै सामग्री उत्पादन गरी निर्यात गर्नेलाई पनि सरकारले भ्याट फिर्ता दिने व्यवस्था गरेको छ । जस्तो कि १ हजार रुपैयाँको सामान ल्याउँदा १ सय ३० रुपैयाँ मूल्य अभिवृद्धि कर (भ्याट) तथा अन्य शीर्षकका कर व्यापारीले भन्सार कार्यालयमा बुझाउँछन् । उक्त कच्चा पदार्थ प्रशोधन गरी कुनै सामग्री उत्पादन गरेर निर्यात गरे भ्याटसहितका ती करहरू फिर्ता पाइन्छ । घिउ, तेलको आन्तरिक प्रयोगमा समेत ४० प्रतिशत भ्याट रकम व्यापारीले फिर्ता पाउँछन् । पूर्वमहालेखा परीक्षक खत्रीका अनुसार प्रशोधनका पूरै चरण पूरा नगरी यो सुविधाको उपयोग व्यापारीले गर्दै आएका छन् । उनका अनुसार घिउ तथा तेल उत्पादनका ६ वटा चरण हुन्छन् । '५ चरणसम्मको काम विदेशमा सम्पन्न गर्ने र एक चरणको काम यहाँ गर्ने प्रवृत्ति देखेका छौं,' उनले प्रश्न गरे, 'सामान्य प्रशोधन मात्रै गरेर बिक्री गर्नेलाई भ्याट किन फिर्ता दिनुपऱ्यो ? यसले कति रोजगारी सिर्जना गर्छ ? मुलुकलाई के फाइदा पुऱ्याउँछ ?' उक्त प्रश्न गर्दै यो प्रणालीलाई पुनरावलोकन गर भनेर महालेखा परीक्षकको प्रतिवेदनले सरकारलाई निर्देशन गरेको उनले बताए । 'अहिलेका अर्थमन्त्री युवराज खतिवडा र अर्थ सचिव राजन खनाल सुधारवादी नै हुन् । यी समस्याको सुधार उनीहरूले यो वर्ष गर्नैपर्छ ।'

**सुझावलाई अटेर**

यो विकृतिका विषयमा अध्ययन गर्न गठित प्रमुख तीन वटा कार्यदलले एकै प्रकृतिको सुझाव अर्थात् भ्याट फिर्ता खारेजी गर्नुपर्ने प्रतिवेदन सरकारलाई बुझाएका छन् । 'औद्योगिक विकासका लागि मूल्य अभिवृद्धि करलाई प्रभावकारी रूपमा प्रयोग गर्न सकिँदैन । मूल्य अभिवृद्धि करबापत उपभोक्ताबाट उठाएको रकम उद्योगलाई फिर्ता दिने कुरा मूल्य अभिवृद्धि करको सामान्य सिद्धान्त बाहिरको कुरा हो,' उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग २०७१ को सुझावमा भनिएको छ, 'यसबारे विभिन्न क्षेत्रमा विभिन्न टीकाटिप्पणी हुने गरेको छ । यो व्यवस्था विश्व व्यापार संगठनको सिद्धान्तविपरीत पनि छ ।'

यो आयोगभन्दा अघिल्लो राजस्व छुटको प्रभाव मूल्यांकन कार्यदलले पनि खारेज गर्नुपर्ने सुझाव सरकारलाई बुझाएको छ । 'उपभोक्ताबाट मूल्य अभिवृद्धि कर उठाइसकेपछि पटके रूपमा फिर्ता गर्ने व्यवस्था उद्योगी व्यवसायीको हित हुने भए पनि तिरिसकेको राजस्वबाट आम उपभोक्ता लाभान्वित नहुने र राजस्वसमेत दुरुपयोग हुने भएकाले राजस्व फिर्ता गर्ने प्रचलनको अन्त्य गर्नुपर्ने,' कार्यदलको सुझावमा उल्लेख छ ।

हालका अर्थमन्त्री खतिवडाको संयोजकत्वको वित्तीय सुधार कार्यदलले पनि यसको भ्याट फिर्ताको औचित्यमा प्रश्न उठाएको थियो । 'मूल्य अभिवृद्धि कर छुट दिनुपर्ने ठूलो औचित्य देखिँदैन । कर छुटबाट राजस्व गुम्नुका अतिरिक्त मूल्य अभिवृद्धि कर प्रणाली पारदर्शी नहुने, अनावश्यक रूपमा जटिल हुने, कर प्रणाली तटस्थ तथा सक्षम नहुने र राजस्व चुहावट नियन्त्रण गर्ने मूल तत्त्व नै हराउनेछ,' खतिवडा कार्यदलले भनेको छ, 'मूल्य अभिवृद्धि कर उपभोगमा आधारित कर भएको र यसलाई विश्वभर राजस्व संकलनका लागि मात्र प्रयोग गरिने भएकाले प्रशासनिक हिसाबले कर लगाउन गाह्रो हुने वस्तु तथा सेवाबाहेक अन्य वस्तु तथा सेवामा कर छुट दिनुपर्ने औचित्य देखिँदैन ।' सरकारी बजेट प्रयोग गरी अध्ययन गराउन लगाए पनि कार्यदलहरूको सुझाव सरकारले कार्यान्वयन गरिरहेको छैन ।

# कर्णाली प्रदेश

सुर्खेत



## हुस्

भेरी नगरपालिका-४, रानागाउँमा बालबालिकालाई कराँते सिकाउँदै नगरप्रमुख चन्द्रप्रकाश घर्ती । बालबालिकालाई स्वस्थ र अनुशासित बनाउन खेलकुदमा सहभागी गरिएको उनी बताउँछन् ।

# कालीकोटमा स्वास्थ्य बिमा

**२५ सय रुपैयाँको बिमा गर्दा ५ जनाको परिवारलाई वार्षिक ५० हजार रुपैयाँ बराबरको औषधी–उपचार सेवा**

■ **तुलाराम पाण्डे**

कालीकोट- गरिब तथा विपन्न नागरिकलाई लक्षित गरी कालीकोटमा पहिलो पटक स्वास्थ्य बिमा दर्ता सुरु गरिएको छ । स्वास्थ्य बिमा बोर्डले कालीकोटलाई ३६ औं जिल्लाका रूपमा स्वास्थ्य विमा दर्ता सुरु गरेको हो ।

उपचार गर्ने खर्चको अभावमा रोग पालेर बस्न बाध्य तथा मृत्युवरण गर्नुपर्ने यहाँका नागरिकलाई दुई हजार पाँच सय तिरेर दर्ता गरिएको स्वास्थ्य बिमाले परिवारका पाँचजना सदस्यलाई ५० हजार मूल्यको स्वास्थ्य सेवा उपलब्ध गराउनेछ । आउने भदौदेखि लागू हुने बिमा दर्ताको बिहीबारदेखि शुभारम्भ गरिएको छ । खाँडाचक्र नगर उपप्रमुख विजया बिष्टले उपचारको लागि रकम नहुँदा घरखेत बच्नुपर्ने बाध्यता भएका विपन्न नागरिकलाई स्वास्थ्य बिमा कार्यक्रमले फाइदा पुर्‍याउने बताइन् । उनले यसबाट बढी कालीकोटका महिलालाई सुविधा पुग्ने बताइन् ।

प्रमुख जिल्ला अधिकारी चन्द्रनाथ गौतमले स्वास्थ्य बिमा सबै नागरिकको उपचारको सुनिश्चितताका लागि राज्यले अघि सरोकार कार्यक्रम भएकाले सबैको सक्रियता आवश्यक रहेको बताए । नागरिकको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्ने, पैसाकै अभावमा स्वास्थ्य उपचार नपाउने विद्यमान अवस्थाको अन्त्य गर्न कार्यक्रम लागू गरिएको हो । स्वास्थ्य सेवा उपभोगका क्रममा भइरहेको व्यक्तिगत खर्चलाई कम गर्ने उद्देश्यले सञ्चालित बिमाले यस आर्थिक वर्षमा कर्णालीका हुम्ला, मुगु र डोल्पा तथा सिरहालाई समेटेर ४० जिल्ला पुर्‍याउने लक्ष्य राखेको छ । आउने वर्ष ७५ वटै जिल्लाका नागरिकको स्वास्थ्य बिमा गरिने बोर्डले जनाएको छ ।

स्वास्थ्य बिमा बोर्ड, काठमाडौंका कार्यकारी निर्देशक डा. मदनकुमार उपाध्यायले नेपालमै दोस्रो नागरिक बस्ने जिल्ला कालीकोटमा ६३ दशमलव ९ प्रतिशत गरिब रहेको सुनाउँदै सबैभन्दा बढी फाइदा आफ्नै खर्चमा उपचार गर्न नसक्ने विपन्न परिवारका सदस्यलाई हुने बताए । कैलालीबाट सुरु भएको स्वास्थ्य बिमामा हालसम्म ८ लाख ७४ हजार ९ सय ६९ जनाबाट ४३ करोड ३ लाख ९५ हजार रकम संकलित भएको छ । १ लाख १० हजार ९ सय गरिबले बिमा गरिसकेका छन् । १० जनाको बिमा दर्ता गरी परिचय पत्र वितरण गरिएको जिल्ला स्वास्थ्य कार्यालयका बिमा फोकलपर्सन कटकबहादुर महतले बताए । बिमा दर्ता गर्नेमा जिल्ला समन्वय समितिका प्रमुख अनिपाल शाही, उपप्रमुख लक्ष्मी विष्ट नेपाली, खाँडाचक्र नगर प्रमुख जसीप्रसाद पाण्डे, उपप्रमुख विजया विष्ट, प्रजिअ चन्द्रनाथ गौतम, अस्पताल विकास समितिका अध्यक्ष कृष्णबहादुर सिंह, रणसुर गुल्मपति विज्ञान खनाल, स्वास्थ्यकर्मी मेनका सन्ज्याल, नागरिक समाजका अगुवा दमनराज बमलगायत छन् ।

कालीकोटमा स्वास्थ्य बिमालाई प्रभावकारी बनाउन खाँडाचक्र, रास्कोट, तिलागुफा नगरपीलिका, कालिका, महाबै, नरहरिनाथ, सान्नीत्रिवेणी, पचालझरना र पलाता गाउँपालिकामा सरोकारवालाई अभिमुखीकरण भएको छ । बिमा दर्ताका लागि ८२ वडामा बिमा दर्ता सहायक पनि परिचालन गरिएको छ ।



**स्वास्थ्य बिमा बोर्डका कार्यकारी निर्देशक डा. मदनकुमार उपाध्याय बिहीबार कालीकोटको मान्ममा बिमा दर्ता परिचयपत्र वितरण गर्दै ।** *तस्बिर : तुलाराम*

# डिजिटल प्रोफाइल बनाउँदै गाउँपालिका

■ **एलपी देवकोटा**

जुम्ला- यहाँका स्थानीय तहहरू डिजिटल प्रोफाइल निर्माणमा जुटेका छन् । डिजिटल प्रोफाइलमार्फत आगामी वर्षको बजेट विनियोजन गर्न सजिलो हुने भन्दै स्थानीय तहले तीव्रता दिएका हुन् । डिजिटल प्रोफाइलले स्थानीय तहको कामकाज प्रभावकारी हुने गाउँपालिकाले जनाएका छन् ।

प्रोफाइलको आधारमा नीति तथा कार्यक्रम ल्याउन सकिने भएकाले डिजिटल प्रोफाइल निर्माण गरिरहेको तिला गाउँपालिका अध्यक्ष रतननाथ योगीले बताए ।

'प्रोफाइलमार्फत गाउँपालिकाको मार्गचित्र देखिने भएकाले त्यहीअनुसार बजेट विनियोजन गर्न सजिलो हुनेछ,' उनले भने, 'गाउँपालिकाको दीर्घकालीन योजना निर्माणका लागि समेत डिजिटल प्रोफाइल जरुरी छ ।'

यहाँको सबैभन्दा विकट मानिने क्षेत्र भएकाले डिजिटल प्रविधिबाट तथ्यांक प्रशोधन गरिएको उनले बताए । तथ्यांकको विश्वसनीयताका लागि समेत डिजिटल प्रविधिमा भण्डारण गर्न थालिएको हो ।

स्थानीय तहको जनसंख्या, शिक्षा, स्वास्थ्य, कृषि लगायतका पूर्वाधारको स्थिति र पहुँचलाई डिजिटल तथ्यांकमा समावेश गरिएका छन् ।

गाउँपालिकाका अनुसार बाल विवाह, बहुविवाह, महिनावारी प्रथा लगायतका सामाजिक विकृतिको अवस्थाबारे समेत तथ्यांक राखिनेछ । तिलामा अहिले ६२ प्रतिशत बढी महिला छाउपडी प्रथा मान्न बाध्य छन् । प्रोफाइलका आधारमा कार्यक्रम सञ्चालन गर्न सहज हुने गाउँपालिकाले जनाएको छ । शिक्षा, स्वास्थ्य, विद्युत्, सडक र सञ्चार लगायतको पहुँचबारेको सूचांक समेत तथ्यांकमा समावेश गरिनेछ ।

डिजिटल प्रोफाइलमार्फत अहिलेको अवस्था, आगामी वर्षको सम्भाव्यताबारे समेत विश्लेषण गर्न सकिने गुठिचौर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केशव शर्माले बताए । 'गाउँपालिकाको पुरै जानकारी मोबाइल प्रबिधिमार्फत डिजिलाइजेसन गरिएको छ,' उलने भने, 'त्यसैले गाउँपालिकाको सबै तथ्यांक एकै पटक भन्न सकिने भएको छ ।' प्रोफाइल निर्माणपछि आगामी आर्थिक वर्षको बजेट आवश्यकताका आधारमा बाँडफाँट हुने उनले बताए । अब समानुपातिक र आवश्यकताका आधारमा बजेट विनियोजन गर्न सजिलो हुने उनको भनाइ छ ।

**'प्रोफाइलमार्फत गाउँपालिकाको मार्गचित्र देखिने भएकाले त्यहीअनुसार बजेट विनियोजन गर्न सजिलो'**

जुम्लाका ६ गाउँपालिकाले विश्व खाद्य कार्यक्रमको प्राविधिक सहयोगमा डिजिटल प्रोफाइल निर्माण गरिरहेका हुन् ।

यहाँका तिला, कनकासुन्दरी, हिमा, तातोपानी, गुठिचौर र पातारासी गाउँपालिकाले डिजिटल प्रोफाइल निर्माण गरेका छन् ।

# तरकारीको हब बन्दै

दैलेख (कास)- गुराँस गाउँपालिकालाई तरकारी उत्पादनको पकेट क्षेत्र बनाउन गाउँपालिकाले पहल थालेको छ । गाउँपालिकाका आठवटै वडालाई कृषि उत्पादनको पकेट क्षेत्र बनाउन थालिएको हो ।

गाउँपालिकाले त्यसका लागि किसानलाई अभिमुखीकरण तालिम, कृषि सामग्री तथा बीउमा अनुदान वितरण, कृषि कर्जा प्रवाहमा सहयोग प्रवाह गरेको छ । गाउँपालिकामा तरकारी उत्पादनबाट वार्षिक ३० करोड बढी रकम आम्दानी भइरहेको अध्यक्ष खेमराज वलीले बताए । उनका अनुसार वार्षिक ५० करोडको तरकारी उत्पादन गर्ने लक्ष्यसहित विभिन्न योजना सुरु गरिएको छ । 'यहाँको मुख्य आम्दानीको स्रोत नै कृषि क्षेत्र हो, कृषि व्यवसायलाई व्यवस्थित गरी उत्पादनको हब बनाउने हाम्रो योजना हो,' उनले भने, 'एक घर एक पोखरीले कृषि व्यवसायका लागि किसानलाई थप आकर्षित गरेको छ ।'

उनका अनुसार गुराँस गाउँपालिकाका दुई हजार व्यावसायिक कृषक छन् । एक कृषकले एउटा मात्र उत्पादनलाई व्यावसायिक बनाउन पाउने गाउँपालिकाले जनाएको छ । 'एक कृषक एक रोजगार' नारा दिएर कृषि नीति कार्यान्वयन गर्न लागेको उनको भनाइ छ । कृषि व्यवसायलाई मुख्य पेसा बनाउने कृषकका लागि विभिन्न सुविधा प्रवाह गरिने उनको भनाइ छ । गाउँपालिकाले योजना कार्यान्वयन गर्न थालेपछि बिदेसिएका युवा धमाधम घर फर्किएर कृषि व्यवसायमा लागेका छन् । युवालाई अनुदानमा कृषि सामग्री उपलब्ध गराएर हौसला दिन लागिएको उनले जनाए । यहाँका आठवटै वडामा अर्गानिक मौसमी तरकारी उत्पादन भइरहेको छ । बाह्रै महिना हुस्सु, कुहिरो र पानी पर्ने भएकाले सिँचाइको अभाव नभएको स्थानीयको भनाइ छ । सिँचाइ नभएका स्थानमा घैंटोबाट पानीको व्यवस्थापन गर्ने गरिएको किसानको भनाइ छ ।

स्थानीय तहले यस वर्ष कृषिमा पर्याप्त बजेट विनियोजन गरिएको जनाएको छ । स्थानीय किसान ठक्कर केसीले तरकारीका लागि बजारको समस्या नभएकाले आकर्षण बढेको बताए । उनका अनुसार तरकारी संकलन केन्द्र भएपछि तरकारीले सहजै बजार पाएको हो ।

# खेल सिकाउँछन् नगरप्रमुख

■ **भीमबहादुर सिंह**

जाजरकोट- नेताले खेलकुदमा चासो लिन्छन् र नगरप्रमुखले बालबालिकालाई खेलकुद सिकाउँछन् भन्दा अनौठो लाग्न सक्छ । तर भेरी नगरपालिकाका नगरप्रमुख चन्द्रप्रकाश घर्ती बालबालिकालाई खलंगामा कराँते खेल सिकाउँछन् । प्रायः जनताको काममा व्यस्त हुने प्रमुख घर्तीले फुर्सद निकालेर बालबालिकालाई कराँते सिकाउने गरेका हुन् ।

घर्तीलाई नगर विकासका साथै जनताको काम भ्याइनभ्याइ छ । व्यस्तताका बाबजुद पनि घर्ती बिहानबेलुका बचेको समय निकालेर बालबालिकालाई कराँते सिकाउँछन् । जनताको काम भ्याइनभ्याइ हुँदाहुँदै थोरै समय निकालेर बालबालिकाको चाहना पूरा गर्न खेल सिकाउन लागेको नगर प्रमुख घर्तीले बताए । जनताको कामबाट चोरेको समयमा साना भाइबहिनीलाई खेल सिकाउन पाउँदा आनन्द लाग्ने गरेको उनले बताए । 'म पनि खेलाडी भएकाले खेलकुदमा फर्कंदा र आफूले सिकेको सीप सिकाउन पाउँदा तनाव कम हुनुका साथै आनन्द पनि आउँछ,' नगर प्रमुख घर्तीले भने, 'जनताका कामकाजमा तनाव हुन्छ । विगतको खेलजीवन सम्झँदा आनन्द आउँछ ।' बालबालिकालाई स्वस्थ्य र अनुशासित बनाउन खेलकुद सिकाउन लागेको उनले बताए । प्रमुख घर्ती कराँतेका पूर्व राष्ट्रिय खेलाडी हुन् । गोजुरियो कराँते दो संघका केन्द्रीय अध्यक्ष रहेका घर्ती एसियन कराँते महासंघका एसिया स्तरका रेफ्री पनि हुन् ।

नगरप्रमुखसँग कराँते सिक्न पाउँदा बालबालिका पनि दंग छन् । नगरप्रमुखसँग कराँते खेल सिक्ने मौका पाउँदा निकै उत्साहित भएको प्रशिक्षार्थी विशाल विकले बताए । बालबालिकालाई आनन्दका साथ खेल सिकाउने गरेका छन् । 'कराँते सिक्न आउनेको संख्या बढ्दो छ,' उनले भने ।

मेयरले सिकाउन थालेपछि खेलाडी संख्या पनि बढेको उनले बताए । भेरी नगरपालिकाका २, ३ र ४ का २ दर्जन बालबालिकाले नगरप्रमुख घर्तीसँग नियमित कराँते खेल सिकिरहेका छन् । नगरप्रमुख घर्ती जिल्लाको खेलकुदको विकासमा गम्भीर भएको प्रशिक्षक अमृत मल्लले बताए । घर्ती काम विशेषले बाहिर गएमा मल्लले बालबालिकालाई कराँते सिकाउँछन् ।

जिल्लामा एउटा खेलमैदान समेत नहुनु लज्जास्पद भएको प्रमुख घर्तीले बताए । खेलाडीलाई हौसला दिन भेरी नगरपालिकामा खेलकुदको विकास गर्न नगरपालिकाले विभिन्न कार्यक्रम सञ्चालन गर्न लागेको उनले बताए । सदरमुकाम खलंगामा खेलकुदको पूर्वाधार विकास गर्न आगामी आर्थिक वर्षमा नगरपालिकाबाट बजेट विनियोजन गर्ने योजना बनाएको उनले बताए ।

Advt.



# प्रदेश ७

धनगढी



## बालविवाह रोकौं

सुर्खेतमा बिहीबार आयोजित बालविवाह अन्त्यका लागि अन्तरपुस्ता छलफलमा सहभागी किशोरी ।

# गोदाममा मल, किसान चर्को मूल्यमा किन्दै

■ डीआर पन्त

धनगढी- सरकारी अनुदानको मल बिक्री-वितरण गर्ने कृषि सामग्री संस्थानका गोदाम मलले भरिभराउ छन् । तर कृषकले भने धानको बीउ छर्ने समय सुरु भइसक्दा पनि सहज रूपमा मल पाउन सकेका छैनन् ।

कृषि सामग्री संस्थानले सहकारीमार्फत बिक्री गर्ने मल कृषकले सहज रूपमा पाउन नसकेको गुनासो कृषकले गरेका हुन् । सरकारले ५७ प्रतिशत भन्दा बढी अनुदान दिने गरेको मल कृषकले भने चर्को मूल्यमा खरिद गर्नुपरेको बताएका छन् । कृषि सामग्री संस्थानले कैलालीका १३ वटा स्थानीयतहमा २ सय २६ वटा सहकारी मार्फत कृषकलाइ आवश्यक मल बिक्री-वितरण गरिरहेको छ । सहकारी संस्थाहरूले किसानलाइ सहज हुने गरि विक्री बितरण गर्नुपर्नेमा मुनाफा खाने उद्देश्यले मल बितरण गर्दा कृषकले सास्ती भोग्नुपरेको हो ।

'कृषि सामग्रीले तोके भन्दा निकै चर्को मूल्यमा सहकारीले मुनाफा लिएर मल वितरण गर्ने गरेका छन्' गोदावरी नगरपालिका ४ का कृषक दिनेश रानाले भने, '८ सय २६ रुपैयाँ प्रतिब्याग (५० केजी) मा सहकारीले बिक्री गर्नुपर्ने मल प्रतिब्याग १ हजारभन्दा बढी तिरेर पनि पाउन मुस्किल हुने गरेको छ ।' कुनै कुनै सहकारीले ८ सय २६ मा विक्री गर्नुपर्ने मल १२ सय सम्म लिने गरेको पनि कृषकले गुनासो गरेका छन् ।

कैलाली प्रतापपुरका कृषक नारायण जोशी भन्छन्, 'ब्यबस्थापन खर्चका लागि २० प्रतिशत मूल्य वृद्धि गर्न पाउने नियमलाई टेकेर सहकारीले कृत्रिम अभाव सृजना गरी चर्को मूल्यमा मल बिक्री गरिरहेको छ ।' कृषि सामग्री संस्थानले युरियाप्रति क्विन्टल १ हजार ६५२, डीएपी प्रतिक्विन्टल ४ हजार ७५२ र पोटास प्रतिक्विन्टल ३ हजार ३५२ मा सहकारी संस्थाहरूलाई बिक्री गर्ने गरेको छ । प्रतिक्विन्टलमा २५ रुपैयाँ संस्थानले सहकारीलाई छुट समेत दिने गरेको छ । सहकारी संस्थाहरूले भने तोकेको मूल्यमा २० प्रतिशतभन्दा बढी बृद्धि गरी बिक्री गरिरहेका छन् । धनगढी उप-



कृषि सामग्री संस्थान, अञ्चल कार्यालय धनगढीको गोदाममा राखिएको मल । आवश्यक मात्रामा मल रहेको संस्थानले जनाएको छ । *तस्बिर : डीआर*

**कृषि सामग्री संस्थानले सहकारी मार्फत बिक्री गर्ने मल सहजरूपमा पाउन नसकेको गुनासो कृषकले गरेका हुन्**

महानगरपालिका देवरियाका नरेश राना भन्छन्, 'सहकारीले चर्को मूल्यमा मल बिक्री गर्न अभाव सृजना गर्ने गरेका छन् ।'

'कृषि सामग्री संस्थानले तोकेभन्दा बढी मूल्यमा मल बिक्री गरिरहेको अनुगमनका क्रममा भेटिएको छ' संस्थानका वरिष्ठ सहायक रुपबहादुर कुँवरले भने 'स्थानीयतहवाट बिक्री गरेको मूल्य प्रमाणित गरेर ल्याउनुपर्ने नियम लागू गरेपछि केही सहज भएको छ ।' जिल्लाको प्रतापपुर, गौरीगंगा, नारायणपुर, देवरिया र मनहरा लगायतका क्षेत्रमा चर्को मूल्य लिएर मल बिक्री गरिरहेको गुनासो समेत आएको वरिष्ठ सहायक कुँवरले जानकारी दिए । विगत वर्षमा हुने मलको हाहाकार यस पटक नभएको कृषि सामग्री संस्थानले जानकारी दिएको छ । सामग्रीसँग यस वर्ष आवश्यक मलमध्ये युरिया, डीएपी र पोटास पर्याप्त मौज्दात रहेको छ । कैलालीमा २५ सय मेट्रिकटन डीएपी, ४ हजार मेट्रिक टन युरिया र २ सय ४३ टन पोटास आवश्यक रहेको संस्थानले जनाएको छ । संस्थानका वरिष्ठ सहायक कुँवरका अनुसार आवश्यकमध्ये डीएपी ४ सय मेट्रिक टन गोदाममा मौज्दात छ । पोटास पनि २ सय मेट्रिक टन मौज्दात छ । युरिया भने २ हजार मेट्रिक टन वितरण भइसकेको र थप ४ हजार मेट्रिक टन आवश्यक रहेको कुँवरले जानकारी दिए । 'गत वर्ष मलको अभाव भएकाले कृषकहरूले समयभन्दा अगावै मल किनेर राख्ने गरेका छन्,' कुँवरले भने, 'सहकारी संस्थाहरूले व्यवस्थित रूपमा मल बिक्री-वितरण गरे भने अभाव हुन सक्दैन ।'

सहकारी संस्थाहरूले चर्को मूल्यमा मल बिक्री गरिरहेको प्रति संस्थानले अनुगमन सुरु गरेको पनि उनले जानकारी दिए । सम्बन्धित स्थानीय तहबाट बिक्री मूल्य प्रमाणित गरेर ल्याए मात्र धरौटी फिर्ता हुने व्यवस्था संस्थानले गरेको पनि उनले जानकारी दिए ।

# कानुनी सल्लाहकार नहुँदा अन्योल

■ अर्जुन शाह/गणेश चौधरी

बाजुरा/टीकापुर- स्थानीय तहका न्यायिक समितिले निवेदनमाथि सुनुवाइ नगरेको भन्दै पीडितले गुनासो गरेका छन् । निवेदन दिएको लामो समय भए पनि कुनै सुनवाइ नभएको पीडितहरू बताउँछन् । कानुनी सल्लाहकार नहुँदा न्यायिक समितिका पदाधिकारीहरू अलमलमा छन् ।

कैलालीको जानकी गाउँपालिका-३ मा सार्वजनिक बाटो मिचिएको विवाद समाधानका लागि निवेदन दिएको ३ साता बढी भए पनि अहिलेसम्म कुनै सुनुवाइ नगरिएको स्थानीय भक्तप्रसाद भण्डारीले बताए । 'बाटो निर्माणका लागि गाउँपालिकाले नै बजेट छुट्याएको छ । बाटो बनाउने भनेर लागेका छौं तर समितिले काम नगरिदिँदा समस्या यथावत् छ,' उनले भने । मिचिएको सार्वजनिक बाटो कायम गराइदिन सुवर्णपुरका स्थानीयले सामूहिक रूपमा समितिमा निवेदन दिएका हुन् ।

'समितिले काम गर्न नसक्ने भए काम गर्न सक्दैनौं भन्नपर्‍यो, होइन भने सुवर्णपुर गाउँका स्थानीयले न्याय पाउने कि नपाउने ?' भण्डारीले भने, 'निवेदन दर्ताको एक सय रुपैयाँ दस्तुर पनि तिर्‍यौं तर निवेदनको कुनै सुनुवाइ भएन । निवेदनमा के कति कारबाही प्रक्रिया अघि बढेको छ भन्ने पनि जानकारी भएन ।'

न्यायिक समितिमा आएका मेलमिलापबाट टुंग्याउन सकिने मुद्दा मात्र मेलमिलाप गरी पठाइएको जानकी गाउँपालिकाको न्याय समिति संयोजक तथा उपाध्यक्ष उमा महतोले बताइन् । उनले भनिन्, 'न्याय समितिमा आएका ३६ मुद्दामध्ये १२ वटा मेलमिलाप गरी पठाइएको छ, बाँकी फैसला हुन बाँकी छ ।'

**बाजुरामा कुनै पनि स्थानीय तहका न्यायिक समितिले हालसम्म कानुनी सल्लाहकार राख्न सकेका छैनन् ।**

सामान्य विवाद भए तत्काल समाधान खोजिने र जटिल खालका भए केही समय लाग्ने उमा महतोले बताइन् । उनले भनिन्, 'कतिपय मुद्दा दरपीठ गरेर अदालत पठाउनुपर्ने पनि छन् ।' जोशीपुर गाउँपालिकाकी उपाध्यक्ष गीता कठरियाले पनि मेलमिलापबाट मुद्दा किनारा लगाउने काम भइरहेको बताइन् । उनले भनिन्, 'मेलमिलाप तालिम लिएपछि सामान्य मुद्दा वडा कार्यालयमै टुंगिने गरेका छन् ।'

स्थानीय तहमा न्यायका लागि आएका अधिकांश निवेदन अझै न्याय समितिमा थन्किएकै छन् । जटिल मुद्दाको न्याय सम्पादन प्रक्रिया थाहा नहुँदा अधिकांश निवेदन न्याय समितिमा थन्किएका हुन् । 'सामान्य झैझगडाका केही मुद्दा मौखिक रूपमा सम्झाइबुझाइ मिलाएर पठाए । जग्गा सम्बन्धी, अंशबन्डासम्बन्धी र सम्बन्ध विच्छेदका जटिल मुद्दाका निवेदन त्यसै छन्,' उपाध्यक्ष महतोले भनिन् । सामान्य मुद्दामा पीडितले न्यायका लागि निवेदन दिएको एक साताभित्र पीडक र पीडित दुवै पक्षलाई बोलाएर छलफल गराउने गरेको उपाध्यक्ष महतोले बताइन् ।

यता, न्यायिक समितिमा कानुनी सल्लाहकार नहुँदा अलमल देखिएको छ । बाजुरामा कुनै पनि स्थानीय तहका न्यायिक समितिले हालसम्म कानुनी सल्लाहकार राख्न सकेका छैनन् । स्थानीय तहका उप-प्रमुखको नेतृत्वमा गठित समितिका पदाधिकारीमा कानुनी अनुभव नहुँदा विवाद समाधान प्रक्रिया प्रभावित हुने गरेको संयोजकहरूले बताए । जिल्लामा ४ नगरसहित ९ वटा स्थानीय तह छन् । हालसम्म कसैलेपनि कानुनी सल्लाहकार नियुक्त गरेका छैनन् ।

'मुद्दा आइरहने तर मुद्दा मिलाउने प्रक्रिया र कानुनी व्यवस्थाबारे केही थाहा नहुँदा निर्णय गर्न समस्या छ,' बुढीगंगा नगरपालिका उपप्रमुख तथा न्यायिक समितिका संयोजक तारा खातीले भनिन्, 'भर्खर गठन भएको समितिको नियमित बैठकसमेत बस्न सकेको छैन ।' बाजुराका कुनै पनि स्थानीय तहका उपप्रमुखहरू कानुनको शैक्षिक पृष्ठभूमिका छैनन् । न्यायिक समितिका पदाधिकारीहरूलाई हालै जिल्ला सदरमुकाममा तीन दिनको तालिम दिइएको छ । तालिममा कानुनी सल्लाहकार तत्काल राख्न भनिएको भए पनि हालसम्म राख्न नसकेको खातीले बताइन् । कानुनी सल्लाहकार नहुँदा आफूले चिनेका कानुन व्यवसायीसँग व्यक्तिगत रूपमा सल्लाह लिने गरेको बडीमालिका नगरपालिकाकी उपप्रमुख कविता विष्टले बताइन् ।

इन्जिनियरिङ पृष्ठभूमिकी बुढीनन्दा नगरपालिका उपप्रमुख तथा न्यायिक समितिकी संयोजक सृष्टि रेग्मी अनुभव सुनाउँदै भन्छिन्, 'न कानुनको जानकार, न त कानुनी सल्लाहकार, न्यायिक समिति आउने मुद्दा किनारा लगाउन अप्ठ्यारो छ,' रेग्मीले अगाडि भनिन्, 'कानुनी प्रक्रियाबारे जानकारी नभएपछि बाजुराका सबै स्थानीय तहका न्यायिक समितिका पदाधिकारीलाई अन्योल छ ।'

स्थानीय तहका ती समितिहरूमा कानुनी सल्लाहकार नभएकाले कतिपय गामीण क्षेत्रमा स्थानीय अगुवाहरू नै हावी हुनेका छन् । स्थानीय अगुवाहरू हावी हुँदा कतिपय घटना न्यायिक निरूपणको सिद्धान्तमा प्रभावित हुनसक्ने स्थानीय बताउँछन् ।

संयोजकहरूलाई स्थानीय तहका मुद्दा छिनोफानोमा न्यायाधीशसरहको कानुनी मान्यता भए पनि हालसम्मका अभ्यासहरूमा अक्सर सबैलाई राजनीतिक आग्रह/पूर्वाग्रहको झमेला आउने गरेको न्यायिक समितिका संयोजकहरू बताउँछन् । 'न्यायिक समितिमा मुद्दा आउने क्रम बढेका छन्, बडिमालिका नगरपालिका उपप्रमुख कविता विष्टले भनिन्, 'हाम्रो राजनीतिक र सामाजिक परम्परा र आवश्यक जनशक्ति नहुँदा काम गर्न अप्ठ्यारो भयो ।' पत्र काटेर छलफलका लागि बोलाउँदा अटेर गरेमा प्रहरीको सहयोगमा गिरफ्तार गर्ने व्यवस्थासमेत नरहेको उनले बताइन् । जग्गासम्बन्धी विवाद समाधानका लागि अमिन चाहिने भएकाले समितिमा छुट्टै अमिनको पनि नभएको छेडेदह गाउँपालिकाकी उपप्रमुख कुन्ती बुढा साउदले गुनासो गरिन् । संविधानले न्यायिक समितिलाई कानुन बमोजिम आफ्नो अधिकारक्षेत्रभित्रका विवाद निरूपण गर्न गाउँपालिका वा नगरपालिकाका उपाध्यक्ष र उपमेयरको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति गठन गर्ने कानुनी व्यवस्था गरेको छ । सोही प्रावधानअनुसार गठित समितिले आएका उजुरीमाथि छानबिन एवं मिलापत्र गराउने परिकल्पना भए पनि ब्यवहारिक रुपमा कार्यान्वयन हुन सकेको छैन् ।

# रानीखेतले कुखुरा सखाप

बझाङ (कास)- रानीखेत रोगका कारणले खप्तड छान्ना गाउँपालिकामा स्थानीयले पालेका कुखुरा सखाप हुन थालेका छन् । एक हप्तामा एउटै गाउँमा २ हजार भन्दा बढी कुखुरा मरिसकेको स्थानीयले बताएका छन् । 'सुरुमा झोक्राउने, खानेकुरा नखाने लक्षण देखिन्छ । त्यसो भएको एक/दुई घण्टापछि हरियो छेर्न थाल्छन्,' ४ दिनको अवधिमा आफ्ना २५ वटा कुखुरा मरेको बताउने खप्तड छान्ना गाउँपालिका ५ कि मीना सुनारले भनिन्, 'हरियो छेर्न थालेको ८/१० घण्टामै मरिहाल्छन् । गाउँभरि सबैका खोर खाली भइसके,'

साबिकको लामातोला र माझीगाउँ गाविसमा मात्र करिब २ सय परिवारले आफ्नै लगानी र विभिन्न संघसंस्थाको सहयोगमा व्यवसायिक कुखुरा पालन गरेका छन् । मेहनत गरेर पालेका कुखुरा रातारात सखाप हुन थाले पछि कृषकहरू चिन्तित भएको बताउँदै लामातोलाका कर्णबहादुर सुनारले भने, 'कुखुरा नहुने खाली घर थिएन । कम्तीमा पनि १०/१५ कुखुरा सबैले पालेका थिए । कसैका त एक डेढ सय कुखुरा एकै रातमा मरे ।' '३०/४० हजार लगानी गरेर कुखुरा पालन सुरु गरेको हो । कुखुरा र अण्डा बेचेर घर खर्च चलाइरहेका थियौं । सबै कुखुरा मरि हाले । मेरो त लगानी डुब्यो,' स्थानीय पुष्पा स्नेहीले भनिन्, 'ऋण गरेर व्यवसाय थालेका थियौं । अब कसरी ऋण तिर्ने हो, चिन्ता लाग्न थालेको छ,' बढीजसो दलित समुदायका व्यक्तिहरूले ऋणधन गरेर कुखुरा पालन सुरु गरेको र सबैका कुखुरा मरेका कारण दलित समुदाय ऋण कसरी तिर्ने भन्ने चिन्तामा परेको उनको भनाइ छ ।

छान्ना क्षेत्रमा रानीखेत रोगका कारण कुखुरा सखाप हुन थालेको जानकारी जिल्लामा प्राप्त भएको बताउँदै जिल्ला पशु सेवा कार्यालयका प्रमुख कर्णबहादुर खड्काले यो भाइरलजन्य रोग भएका कारण रोग लागिसकेपछि औषधिले नियन्त्रण नहुने बताए । उनले भने, 'यो भाइरल डिजिज हो । एकपटक संक्रमण भैसकेपछि भ्याक्सिनले नियन्त्रण गर्न गाह्रो हुन्छ ।'

# सफाइले बदलियो फूलबारी गाउँ

■ वसन्तप्रताप सिंह

बझाङ- गाउँको नाम फूलबारी भए पनि कुनै बेला फोहोर र दुर्गन्धित ठाउँको रूपमा बदनाम थियो । साबिक लामातोला गाविसको वडा नं ५, हाल खप्तड छान्ना गाउँपालिकाको वडा नं २ मा पर्ने यो गाउँमा पस्न पनि मान्छे हच्किन्थे । गाउँ सुरु हुन भन्दा केही परै दिसाको गन्ध नाकमा आएर ठोक्किन्थ्यो ।

'बाहिरका मान्छेको के कुरा गर्नुहुन्छ ? हामी आफैं पनि हिँड्दाखेरि कुल्चेला कि भनेर दिशा छल्न उफ्रेर हिँड्नुपर्थ्यो,' दुई/तीन वर्ष अघिको गाउँको अवस्था सम्झँदै स्थानीय पुरन दमाईले भने, 'बाटोघाटो मात्रै हैन, घरका करेंसामा पनि दिसैदिसा हुन्थ्यो,' फोहोरका कारण विशेष काम नपरिकन मान्छे गाउँमा नबस्ने गरेको उनले सम्झिए । तर अहिले अवस्था फेरिएको छ ।

घरघरमा पूर्ण सरसफाइका सूचकहरू पूरा भएको संकेत गर्ने बोर्डहरू टाँसिएका छन् । फूलबारी गाउँ खुला दिसामुक्त मात्र हैन, खप्तड छान्ना गाउँपालिकाको पहिलो पूर्ण सरसफाइ युक्त वडा हुने तयारीमा छ । प्रत्येकको घरमा सफा र चिटिक्क परेका सुधारिएका चर्पी छन् । सबैले चर्पीको नियमित प्रयोग गर्ने गरेका छन । गाउँलेहरू सबैको जोखिमपूर्ण अवस्थामा हात धुने बानीको विकास भएको छ । पानी शुद्धीकरणका लागि अधिकांशका घरमा फिल्टर राखिएका छन । फिल्टर नहुनेले घरेलु प्रविधिको प्रयोग गरेर पानी शुद्ध बनाएपछि मात्र पिउने गरेका छन् ।




घर-आँगन सफा छन् । घर घरमा भाँडा सुकाउने चाङ र भाँडा धुने जुठ्यान बनाइएको छ । गाउँमा पानी पर्याप्त नभए पनि जुठ्यानकै पानी जम्मा गरेर सबैले घर छेउमा करेंसाबारी बनाएका छन् । दलितको बस्ती रहेको यस गाउँलाई पहिला फोहोर देखेर जातसँग जोडेर बदनाम गरेको बताउँदै स्थानीय बमबहादुर स्नेहीले भने, 'पहिला दिसैदिसा हुने ठाउँमा अहिले तरकारी नै तरकारी फलेको छ । गर्‍यो भने हुदो रैछ । हाम्रो गाउँको परिचय नै बदलिएको छ,' अहिले गैरदलितको बस्ती भन्दा पनि फूलबारी गाउँ बढी सफा भएको उनले बताए ।

हुन पनि यसै गाउँपालिकाको अन्य वडामा घरअगाडि पशुको मल (स्थानीय भाषामा पर्सो) जम्मा गर्ने चलन हटेको छैन । तर यस गाउँमा कुनै पनि घरको अगाडि मल देखिँदैन । गाउँको पूर्ण सरसफाइ अभियानलाई नियमितरूपमा सघाइरहेकी सुआहारा कार्यक्रमकी सरसफाइ प्रज्वलक पुष्पा गिरी भन्छिन्, 'सबैले पर्सो कुहाउने ठाउँ घरभन्दा टाढा बनाएका छन् । यो गाउँ पूर्ण सरसफाइयुक्त हुने गाउँपालिकाकै पहिलो वडा हुन लागेको छ ।' असार मसान्तसम्म फूलबारीलाई पूर्ण सरसफाइयुक्त घोषणा गर्ने तयारी भइरहेको वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिका सदस्य देव सार्कीले बताए ।















## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | द्विविधा बढ्ने | तुला | आर्थिक हानि |
| वृष | अध्ययनमा सफल | वृश्चिक | कार्य सफल |
| मिथुन | मनोरञ्जन | धनु | मिष्ठान्न भोजन |
| कर्कट | पराक्रम बढ्ने | मकर | भाग्य वृद्धि |
| सिंह | आकस्मिक लाभ | कुम्भ | अस्वस्थता |
| कन्या | उत्साहप्रद | मीन | नयाँ कार्य आरम्भ |

## भोलिको पात्रो

विक्रम संवत् २०७५ साल जेठ १२ गते शनिबार तदनुरुप २६ मे २०१८ अधिक ज्येष्ठ शुक्लपक्ष द्वादशी तिथि साँझको ६:३६ सम्म उप्रान्त त्रयोदशी तिथि, चित्रा नक्षत्र रात्रिको ९:४५ बजेसम्म उप्रान्त स्वाती नक्षत्र, व्यतिपात योग रात्रिको ७:५७ बजेसम्म उप्रान्त वरियान योग, बब करण प्रात: ६:५५ बजेसम्म उप्रान्त बालब करण, कन्या राशिमा चन्द्रमा प्रात: ९:४० बजेसम्म उप्रान्त तुला राशिमा चन्द्रमा । ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

| | |
|---|---|
| ५:०० | शुभारम्भ/भक्तिसुर |
| ५:३० | राधे राधे |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | वास्तु मन्थन |
| ६:४० | गुडमर्निङ नेपाल |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | सम्मी एडभेन्चर्स |
| ९:३० | रजतपट |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | दस बजे |
| ११:०० | कान्तिपुर न्यूज |
| ११:३० | एम एन्ड एस (इन्स्पायर) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | के आज घरमै |
| १:३० | गोलमाल |
| २:०० | ट्वान्टी फर्स्ट लभ |
| २:३० | कान्तिपुर समाचार |
| ३:०० | क्विज मेनिया |
| ४:०० | कान्तिपुर न्युज |
| ४:३० | दस बजे |
| ५:०० | कल कान्तिपुर रिलोडेड |
| ६:०० | कान्तिपुर समाचार |
| ६:३० | एम एन्ड एस (कभर फ्याक्ट्री) |
| ७:०० | ट्वाक्क टुक्क |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | समकोण |
| १०:०० | राउण्ड अफ दस बजे |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | एम एन्ड एस (कभर फ्याक्ट्री) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपिटेड |
| १:०० | कान्तिपुर न्युज रिपिटेड |
| १:३० | एम एन्ड एस (कभर फ्याक्ट्री) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | ट्वाक्क टुक्क |
| ३:३० | कान्तिपुर समाचार (रिपिट २) |
| ४:०० | के आज घरमै |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (सबिना नेपाल) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | मानसिक स्वास्थमा कोसिस |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (एलिसा) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | द गुडमर्निङ शो (एलिसा) |
| १०:०० | स्पोर्टस् एन्ड डायरी |
| १०:०५ | न्यू रिलिजेज (रेमन) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | फेमिना (दिपाञ्जली) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | टप अफ द टप्स (संजय) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (स्मिता राना) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | सौराई (कृष्ण मल्ल) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | सिने क्विज (शुभराज अधिकारी) |
| १७:०५ | फेनाटिक फ्राइडे (महेश/स्मिता) |
| १८:०० | आधा आकाश (कमला पन्थी) |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | नो टेन्सन (दीपकराज/अम्बिका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | प्लेट्रोनिक्स (सञ्जय गुप्ता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी - द न्यूज टीम |
| २२:०० | क्लब मिक्स (गिरिश) |
| २३:०० | इलिभेन्थ आवर (संजय) |
| २४:०० | टप अफ द टप्स - रिपिट (संजय) |
| ०१:०० | कालजयी गीत-संगीत (भूपेन्द्र) |
| ०२:०० | नेपाली गीतहरु |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **नेपालगन्जका महत्वपूर्ण टेलिफोन** | |
| भेरी अञ्चल अस्पताल | ५२०१९३ |
| जिल्ला प्रहरी कार्यालय | ५२०२११ |
| नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा) | ५२०१०४ |
| रेडक्रस ब्लड बैंक | ५२०१७४ |
| **महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन** | |
| महाकाली अञ्चल अस्पताल | ५२११११ |
| जिल्ला प्रहरी कार्यालय | ५२१२०० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१२५८ |
| जिल्ला प्रशासन कार्यालय | ५२११०९ |
| **कैलालीका महत्वपूर्ण टेलिफोन** | |
| सेती अञ्चल अस्पताल | ५२१२७१ |
| जिल्ला प्रहरी कार्यालय | ५२११५० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१६०० |
| जिल्ला प्रशासन कार्यालय | ५२११०१ |
| टीकापुर अस्पताल | ५६०१५० |
| क्षेत्रीय अस्पताल | ०८३-५२०२०० |
| सुर्खेत विमानस्थल | ०८३-५२०१३२ |
| **कञ्चनपुर** | |
| महाकाली अञ्चल अस्पताल महेन्द्रनगर | ०९९-५२११११ |
| रेडक्रस एम्बुलेन्स | ५२१२५८/५२३१८३ |
| जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर | ५२११०९/५२२४०६ |
| जिल्ला प्रहरी कार्यालय | १००/५२१२०० |
| **डोटी** | |
| सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय | ०९४-४४०३१० |
| जिल्ला प्रशासन कार्यालय डोटी | ४२०१३३ |
| जिल्ला प्रहरी डोटी कन्ट्रोल | ९८५८४४०१९९/४२०२०५ |
| जिल्ला अस्पताल | ४२००१९ |
| जिल्ला अस्पताल एम्बुलेन्स | ९८४८५२५१५० |
| **डडेल्धुरा** | |
| जिल्ला प्रहरी | ०९६-४२०११९ |
| **जाजरकोट** | |
| जिल्ला प्रहरी कार्यालय- | ०८९-४३०१३१, ९८५८०४५५५५ |
| अस्पताल- | ०८९४३०१८८ |
| एम्बुलेन्स | ९८१५५०९४३० |
| रेडक्रस एम्बुलेन्स | ०८९४३००४२, ९८६६७००२६४ |
| **कालिकोट** | |
| प्रहरी | ०८७-४४०११३, ९८५८३३५५५५ |
| **जुम्ला** | |
| प्रहरी | ०८७-५२००१३, ०८७-५२०११३ |
| शिक्षण अस्पताल | ०८७-५२०३५५, ५२००१५ |
| एम्बुलेन्स | ९७४८९४१६६६ |
| **दैलेख** | |
| जिल्ला प्रहरी कार्यालय | ०८९-४२०१२५,९८५८०१५५५५ |
| अस्पताल | ०८९-४१०१२७ |
| एम्बुलेन्स | ०८९-४१०१८५, ९८६८१६५६८२ |
| **पश्चिम रुकुम** | |
| जिल्ला प्रहरी कार्यालय | ०८८५३०१८७ |
| जिल्ला अस्पताल | ०८८५३०२४७, ०८८५३०११५ |
| एम्बुलेन्स | ९८०९८५८५८५ |
| **हुम्ला** | |
| प्रहरी | ०८७-६८००३/ ०८७६८००९९ |
| अस्पताल | ०८७-६८००२४ |
| विमानस्थल | ९८५१०७३९५९ |
| **डोल्पा** | |
| जिल्ला प्रहरी कार्यालय | ०८७-५५००५५, ९८५८३०५५५५ |
| **मुगु** | |
| प्रहरी | ०८७-४६००९९ |
| अस्पताल | ०८७-४६०१३० |
| एम्बुलेन्स | ९८४८३२१६६६ |
| **सल्यान** | |
| प्रहरी | ०८८-५२००७०, ९८५७८४५५५५ |
| अस्पताल | ०८८-५२००८२ |
| एम्बुलेन्स/रेडक्रस | ९८४७८३२४३८/०८८-५२०००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४००३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

**कान्तिपुर सम्पर्क** जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

kantipurdaily.com

# खेलकुद



## चिल्ड्रेन गेम्स

प्रथम उपराष्ट्रपति चिल्ड्रेन गेम्स बिहीबार राजधानीमा सुरू भएको छ । तेक्वान्दोतर्फ ब्वाइज ३३ केजीमा प्रदेश २ का सुदीप नेपाली, ३७ केजीमा प्रदेश ४ का महावीर पासी तथा गर्ल्स २९ केजीमा प्रदेश ३ की करूणा श्रेष्ठले स्वर्ण जितेका छन् ।

# कोलकाता क्वालिफायरमा

कोलकाता (एएफपी)- कप्तान दिनेश कार्तिक र आन्द्रे रसेलको प्रदर्शनमा कोलकाता नाइट राइडर्सले राजस्थान रोयल्सलाई २५ रनले पराजित गर्दै इन्डियन प्रिमियर लिग (आईपीएल) को दोस्रो क्वालिफायरमा स्थान बनाएको छ। बुधबार एलिमिनेटर खेलमा कार्तिकले ५२ तथा रसेलले नटआउट ४९ रन जोडेपछि कोलकाताले ७ विकेट गुमाउँदै १ सय ६९ रनको बलियो योगफल तयार गरेको थियो।



जवाफमा राजस्थानले ४ विकेट गुमाउँदै १ सय ४४ रनमात्र जोड्न सक्यो। कोलकाताका लेग स्पिनर पीयूष चावलाले २ विकेट लिएका थिए। सन्जु स्याम्सनले अर्धशतक तथा कप्तान अजिन्क्या रहानेले ४६ रन प्रहार गरेपनि राजस्थानलाई जित दिलाउन सकेनन्। कुलदीप यादवले १८ रन खर्चेर १ विकेट लिँदै कसिलो बलिङ गरे।

कोलकाताले अब फाइनलमा स्थान बनाउन दोस्रो क्वालिफायरमा शुक्रबार सनराइजर्स हैदराबादसँग खेल्नेछ। कोलकाताले यसअघि दुई पटक उपाधि जितिसकेको छ। फाइनल आइतबार मुम्बईको वाङखडे रंगशालामा हुनेछ। चेन्नई सुपर किंग्सले पहिलो क्वालिफायरमा हैदराबादलाई पराजित गर्दै फाइनलमा स्थान बनाइसकेको छ।

## रेटिङ बुद्धिचाल शनिबारदेखि

काँकडभिट्टा (कास)- नाइट चेस क्लब काँकडभिट्टाको आयोजनामा शनिबारदेखि पीबी थापा स्मृति राष्ट्रिय खुला रेटिङ बुद्धिचाल हुने भएको छ।

क्लबले पुराना शिक्षासेवी पीबी थापाको स्मृतिमा प्रतियोगिता गर्न लागेको हो। त्यसका लागि थापा परिवारले टाइटल स्पोन्सरका लागि १ लाख ३० हजार रुपैयाँ उपलब्ध गराएको जनाइएको छ। प्रतियोगितालाई निरन्तरता दिइने अनिता थापाले प्रतिबद्धता जनाएकी छन्।

नाइट चेस क्लबले पत्रकार सम्मेलन गरी प्रतियोगिता तयारी अन्तिम चरणमा पुगेको जनाएको छ। झापाका ८० सहित देशका करिब १ सय २० खेलाडीले प्रतियोगितामा भाग लिनेछन्। चिफ आर्बिटर विजयकुमार थापाले प्रतियोगितालाई राष्ट्रिय भनिए पनि अन्तर्राराष्ट्रिय स्तरको खेल प्रतिस्पर्धा हुने बताए।

प्रतियोगिता गर्न करिब ११ लाख रुपैयाँ खर्च लाग्न सक्ने आयोजकको अनुमान छ। सचिव सन्तोष आचार्यले जिल्ला बाहिरबाट भाग लिन आउने खेलाडीलाई खाना र यातायातको व्यवस्था उपलब्ध गराइने बताए।

विजेताले ५० हजार, दोस्रोले ३० हजार तथा तेस्रोले २० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन्। मुख्य १५ सहित विभिन्न ३७ विधामा पुरस्कार प्रदान गरिने क्लबले जनाएको छ।










# भुवनलाई प्रिमियर गल्फ



नम्बर एक गल्फ शिवराम श्रेष्ठविरुद्ध प्लेअफमा सफलता हात पार्दै सूर्य नेपाल प्रिमियर गल्फको उपाधि जितेपछि फरक मुद्रामा भुवन नगरकोटी । *तस्बिर : सुबास*

■ **सुबास हुमागाईं**

काठमाडौं- नेपालका नम्बर एक गल्फर शिवराम श्रेष्ठलाई प्लेअफको दोस्रो होलमा पराजित गर्दै भुवन नगरकोटीले सूर्य नेपाल प्रिमियर गल्फको उपाधि जितेका छन् । अन्तिम दिन बिहीबार ८ होलको खेल हुँदा ४ स्ट्रोकले पछाडि परेका भुवनले ब्याक नाइनमा उत्कृष्ट पुनरागमन गर्दै खेल प्लेअफसम्म पुर्‍याएका थिए ।

घरेलु कोर्स गोकर्ण गल्फ क्लबमा सूर्य नेपाल गल्फ टुर २०१७/१८ अन्तर्गत सिजनको दसौं तथा अन्तिम प्रतियोगिता जितेका भुवनले २ लाख ३० हजार रुपैयाँ हात पारे । जारी सिजन चौथो उपाधि जितेका भुवनको यो लगातार तेस्रो उपाधि हो । उपविजेता शिवरामले १ लाख ४० हजार पाए ।

समान स्कोरमा दिनको सुरुआत गरेका भुवन र शिवरामले दुवैले बिहीबार १ अन्डर ७१ को स्कोर बनाए । दुवैको स्कोर समान १२ अन्डर २ सय ७६ भएपछि खेल प्लेअफतर्फ धकेलिएको हो । शिवरामले फ्रन्ट नाइनमा उत्कृष्ट प्रदर्शन गर्दै २ अन्डर ३४ स्कोर जोड्दा भुवनले भने १ ओभर ३७ बनाए । ब्याक नाइनमा भने शिवराम १ ओभर ३७ र भुवनले २ अन्डर ३४ खेलेपछि नतिजा निकाल्न प्लेअफको सहारा लिनुपरेको थियो ।

## नम्बर एक शिवराम प्लेअफमा पराजित

त्यसअघि भुवनले १८ औं होलमा उपाधि जित्ने सुनौलो अवसर गुमाए । शिवरामले अन्तिम होलमा इभन पार खेलेपछि भुवनले उपाधि जित्न बर्डी खेल्नुपर्थ्यो तर उनले होलको झन्डै ४ फिट परबाट पट गर्न नसक्दा खेल प्लेअफमा पुगेको थियो । प्लेअफको पहिलो होलमा दुवै खेलाडीले इभन पार खेले । दोस्रोमा भने शिवरामको बर्डी पट होलभन्दा पर पुगेपछि भुवनले बर्डी पट गर्दै उपाधि जित्ने अवसर पाए । झन्डै १० फिट टाढाबाट बर्डी पट गर्दै उनले उपाधि पक्का गरे ।


च्याम्पियन भुवनले सिजन अन्त्यमा लगातार तीन प्रतियोगिता जित्दा निकै खुसी लागेको बताए । उनले आउने सिजनमा पनि यस्तै प्रदर्शनलाई निरन्तरता दिने लक्ष्यसहित वैदेशिक प्रतियोगितामा सहभागी हुने सोच बनाएको खुलाए । यता शिवरामले भने सिजनको अन्त्य नराम्रो भए पनि अर्को सिजन अझै राम्रो गर्ने आशा राखे । यस सिजनको प्रदर्शन सन्तोषजनक नभएकाले अर्को सिजनका लागि अहिलेबाट विशेष प्रशिक्षणमा जुट्ने उनले बताए ।

प्रतियोगितामा ४ अन्डर २ सय ८४ स्कोरसाथ तेस्रो स्थान प्राप्त गरेका तोरणविक्रम शाहीले ९५ हजार प्राप्त गरे । चौथो स्थानका धनबहादुर थापा (३ अन्डर २८५) ले ७७ हजार ५ सय तथा पाँचौं स्थानका सञ्जय लामा (१ अन्डर २८७) ले ६९ हजार पाए । छैटौं स्थानका बलभद्र राई (२ ओभर २९०) ले ६३ हजार प्राप्त गर्दा समान ३ ओभर २ सय ९१ स्कोर जोडेका जयराम श्रेष्ठ र दिनेश प्रजापतिले जनही ५५ हजार ५ सय रुपैयाँ थापे ।

एमेच्योरतर्फ सुनील केसीले काउन्ट ब्याकमा टंकबहादुर कार्कीलाई हराउँदै उपाधि जिते । दुवै खेलाडीले समान ४ ओभर २ सय ९२ अंक जोडे पनि सुनील काउन्ट ब्याकमा अगाडि रहे । तेस्रो स्थानमा ६ ओभर २ सय ९४ स्कोरसहित पृथ्वी मल्ल रहे ।

अर्को सिजनका लागि नम्बर एक वरीयता भने शिवरामले बचाए । उनले जारी सिजन पाँच उपाधि जित्दै ८ लाख ४ हजार २ सय ५० रुपैयाँ बटुले । भुवनले ४ उपाधिसहित ७ लाख ६० हजार ५ सय ५० रुपैयाँ जिते । वरीयतामा तेस्रो स्थान धनबहादुरले ओगटेका छन् ।

### सूर्य नेपाल गल्फ टुर २०१७-१८



**शिवराम श्रेष्ठ**
घनश्याम प्रोफेसनल गोल्डेन जुब्ली/आरएनजीसी
सूर्य नेपाल इस्टर्न ओपन/धरान
सूर्य नेपाल सेन्ट्रल ओपन/गोकर्ण
सूर्य नेपाल एनपीजीए म्याच प्ले/आरएनजीसी
गल्फर पाइलट्स एनपीजीए क्लासिक/गोकर्ण




**भुवन नगरकोटी**
सूर्य नेपाल च्यालेन्ज/आरएनजीसी
सूर्य नेपाल काठमाडौं ओपन/आरएनजीसी
सूर्य नेपाल एनपीजीए टुर च्याम्पियनसिप/गोकर्ण
सूर्य नेपाल प्रिमियर गल्फ/गोकर्ण

**धनबहादुर थापा**
सूर्य नेपाल वेस्टर्न ओपन/पोखरा

पहिलो वान-डे अन्तर्राष्ट्रिय

# नेपालले नेदरल्यान्ड्समा खेल्ने

काठमाडौं (कास)- नेपालले पहिलो वान-डे अन्तर्राष्ट्रिय क्रिकेट नेदरल्यान्ड्समा खेल्ने भएको छ । अगस्ट १ र ३ मा नेदरल्यान्ड्स र नेपालबीच दुई वान-डे अन्तर्राष्ट्रिय खेल हुने भएपछि नेपालको वान-डे अन्तर्राष्ट्रिय 'डेब्यु' नेदरल्यान्ड्समा हुने भएको हो ।

क्रिकबज अनलाइनले नेदरल्यान्ड्स र नेपालबीच वान-डे अन्तर्राष्ट्रिय खेल हुन लागेको जनाएको छ । नेपालले जुलाई २९ मा इंग्ल्यान्डको लर्ड्समा गएर ट्वान्टी-२० त्रिकोणात्मक शृंखला खेल्नेछ । एकदिने त्रिकोणात्मक शृंखलामा नेपालले मेरिलेबोन क्रिकेट क्लब र नेदरल्यान्ड्ससँग प्रतिस्पर्धा गर्दै छ । त्यस लगत्तै नेपालले नेदरल्यान्ड्स गएर खेल्न लागेको हो ।

नेदरल्यान्ड्समा हुने भनिए पनि खेलस्थल टुंगो नलागेको सोही अनलाइनले जनाएको छ । अन्तर्राष्ट्रिय क्रिकेटमा नेपाल क्रिकेट संघ निलम्बन भएयता अन्तर्राष्ट्रिय क्रिकेट परिषद्सँग समन्वय गर्दै आएकी भावना घिमिरेले नेदरल्यान्ड्ससँग वान-डे अन्तर्राष्ट्रिय खेल्नेबारे त्यहाँको बोर्डसँग छलफल भइरहे पनि विश्व क्रिकेटको सर्वोच्च संस्थाले त्यसको अन्तिम निर्णय लिने जनाइन् ।

आईसीसीले यसबारे आधिकारिक केही जनाएको छैन । तर आईसीसीको आधिकारिक वेबसाइटमा नेदरल्यान्ड्स र नेपालबीच अगस्ट १ र ३ मा खेल हुन लागेको तालिका राखेको छ । क्रिकबजमा नेदरल्यान्ड्सका प्रशिक्षक रायन क्याम्पवेलले नेपाललाई उसको पहिलो वान-डे अन्तर्राष्ट्रिय म्याच खेल्न बोलाउन पाउँदा र नेदरल्यान्ड्सले पनि २०१३ पछि पहिलोपल्ट घरेलु मैदानमा वान-डे अन्तर्राष्ट्रिय खेल्न लागेकाले खुसी लागेको जनाएका छन् ।

नेपालले इंग्ल्यान्ड र नेदरल्यान्ड्स भ्रमणका लागि प्रधानमन्त्री कपपछि खेलाडी छनोट गर्ने जनाएको छ । प्रधानमन्त्री कप वान-डे प्रतियोगिता आइतबार काठमाडौंमा सुरु हुँदै छ ।

फेब्रुअरीमा जिम्बावेमा भएको विश्वकप छनोटमा आठौं स्थान हात पार्दै नेपालले ऐतिहासिक रूपमा वान-डे अन्तर्राष्ट्रिय मान्यता पाएको थियो । नेपाल सो प्रतियोगिताको आठौं स्थानको प्लेअफ खेलमा नेदरल्यान्ड्ससँगै पराजित भएको थियो । नेपालले २०१६ मा नेदरल्यान्ड्स गएर विश्व क्रिकेट लिग च्याम्पियनसिपको दुई खेल खेलेको थियो । त्यसमा दोस्रो खेलमा नेदरल्यान्ड्समाथि जित हात पारेको थियो ।

## छोटकरी

**अजा र आरभ विजेता**
काठमाडौं (कास)- आरभ सम्राट हाडा र अजा रेग्मी प्रथम आईएमई-जेटीआई ग्रान्ड जुनियर ओपन टेनिसको यू-१२ सिंगल्समा च्याम्पियन भएका छन् । बिहीबार ब्वाइज फाइनलमा आरभले प्रणव मानन्धरलाई ६-१, ६-४ र गर्ल्सतर्फ अजाले शुभाङ्गीलक्ष्मी शाहलाई ७-६, ७-५ को सोझो सेटमा हराए । यू-१४ ब्वाइजमा आर्यन गिरी र चिराग तिमल्सिना उपाधिलाई भिड्नेछन् । गर्ल्समा रायना शाहले सलोनी तामाङसँग खेल्नेछिन् ।

**सहकार्य गर्न इच्छुक**
काठमाडौं (कास)- युवा तथा खेलकुदमन्त्री जगतबहादुर विश्वकर्माले बिहीबार नेपालका लागि अमेरिकी राजदूत अलाइना बी टेप्लिजसँगको भेटवार्तामा खेलक्षेत्रको विकासका लागि अमेरिकी सरकारसँग सहकार्य गर्न मन्त्रालय इच्छुक रहेको बताएका छन् । उनले खेलकुदका लागि आवश्यक भौतिक पूर्वाधार संघ, प्रदेश र स्थानीय तहमा निर्माण गर्ने तथा खेलाडीको क्षमता अभिवृद्धि गर्दै उनीहरूको भविष्य खेलक्षेत्रमै सुनिश्चित हुने वातावरण तयार गर्ने काममा मन्त्रालय लागिपरेको बताए । राजदूत टेप्लिजले खेल पूर्वाधार विकासमा सार्वजनिक-निजी साझेदारी गर्न र विदेशी लगानी ल्याउन नेपालले ऐन कानून संशोधन गरी लगानीमैत्री वातावरण बनाएमा अमेरिकी लगानीकर्तालाई सहकार्य गर्न सहज हुने बताइन् ।

**सरकारसँग आग्रह**
काठमाडौं (कास)- सांसद तथा नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले खेलकुद राष्ट्रलाई एकता गर्ने आधार भएकाले सरकारलाई लगानी गर्न आग्रह गरेका छन् । सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा बिहीबार प्रतिनिधिसभा बैठकमा बोल्दै सांसद श्रेष्ठले १३ औं साग खेलकुद आयोजना नेपालले गर्ने भएकाले त्यसलाई सफल पार्न स्पष्ट खाँकासहित सरकारलाई प्राथमिकतामा राख्न सुझाए । उनले खेलाडीलाई आजीवन भत्ताको व्यवस्था गर्न पनि माग गरे । पूर्वाधारको क्षेत्रमा नीति तथा कार्यक्रममा आएको योजनाले खेलकुदलाई राम्रो गर्ने विश्वास उनले गरे ।

**सुशान्त र सुजना विजयी**
काठमाडौं (कास)- नेपालका सुशान्त सेढाईं ११ औं एनएसकेए अन्तर्राष्ट्रिय कराँतेको पुरुष कातामा बिहीबार सेमिफाइनल पुगेका छन् । पुरुष २५ केजीमुनि कुमुतेमा नेपालका फ्रिजल शाही, महिला खुला कातामा नेपालकी सीता तामाङ र महिला ४० केजीमुनि कातामा नेपालकी सुजना तामाङ सेमिफाइनल पुगेका छन् ।



लोकेन्द्र बस्नेत

ललितपुरस्थित सेनाको शारीरिक तथा प्रशिक्षण केन्द्रमा सुरु उपराष्ट्रपति चिल्ड्रेन गेम्सअन्तर्गत ट्रिपलजम्पमा प्रतिस्पर्धा गर्दै प्रदेश २ की अनुषा रावत ।

# चिल्ड्रेन गेम्स सुरु

काठमाडौं (कास)- राष्ट्रिय खेलकुद परिषद् (राखेप) को आयोजनामा प्रथम उपराष्ट्रपति चिल्ड्रेन गेम्स बिहीबार सुरु भएको छ । केन्द्रीयस्तरको यो प्रतियोगितामा एथलेटिक्स, कराँते, तेक्वान्दो र उसुको प्रतिस्पर्धा समावेश छ ।

प्रतियोगिताको उपराष्ट्रपति नन्दबहादुर पुनले उद्घाटन गर्दै यो प्रतियोगिता नेपाली खेलकुदको जग बलियो बनाउने महत्त्वपूर्ण आधार बन्ने विश्वास व्यक्त गरे । साथै उपराष्ट्रपतिले आईपीएलमा सानदार प्रदर्शन गर्दै नेपालको शिर उँचो बनाएकोमा क्रिकेटर सन्दीप लामिछानेलाई धन्यवादसहित बधाई दिए ।

**एथलेटिक्स**

पहिलो दिन एथलेटिक्सको १ सय मिटर दौडको ब्वाइजमा राहुल गुरुङ र गर्ल्समा रिया थापाले स्वर्ण जिते । दुवै प्रदेश ४ का हुन् । राहुलले ११.४४ सेकेन्डमा दौड पूरा गरे । प्रदेश ३ का विमल बुढाथोकी दोस्रो तथा प्रदेश ५ का सुरेन्द्र बिक तेस्रो भए ।

रियाले १३.७० सेकेन्डमा दूरी तय गरिन् । प्रदेश ६ की शेरुणा शेर्पाली दोस्रो र प्रदेश ५ की प्रशान्ती थारु तेस्रो भए ।

ट्रिपलजम्पको ब्वाइजतर्फ प्रदेश ५ का कृष्ण घिमिरे, प्रदेश ४ का नुतन श्रेष्ठ र प्रदेश ७ का सञ्जय चौधरी तथा गर्ल्समा प्रदेश २ की अनुषा राउत, प्रदेश ७ की दुर्गा धामी र प्रदेश ३ की मनिका महतोले क्रमशः शीर्ष तीनस्थानमा सफलता पाए ।

**तेक्वान्दो**

तेक्वान्दोको ब्वाइज ३३ केजीमा प्रदेश २ का सुदीप नेपालीले प्रदेश ४ का रविकान्त कुर्मी र ३७ केजीमा प्रदेश ४ का महावीर पासीले प्रदेश ५ का रविन रोकायलाई हराउँदै स्वर्ण जिते । गर्ल्स २९ केजीमा प्रदेश ३ की करुणा श्रेष्ठले स्वर्ण जितिन् । उनले प्रदेश ७ की गंगा खड्कालाई हराइन् ।

# नेयमर ट्रेनिङमा फर्किए




एएफपी

टेरेसोपोलिस (एएफपी)- ब्राजिली स्टार फरवार्ड नेयमर अपेक्षा गरेभन्दा चाँडै ट्रेनिङमा फर्किएका छन् । खुट्टाको हाड भाँचिएको दुई महिना बढी भएपछि उनी फर्किएको बुधबार ब्राजिली टिमका शारीरिक प्रशिक्षकले बताए ।

पेरिस सेन्ट जर्मेनका स्ट्राइकर नेयमरको फेब्रुअरीमा घाइते भएपछि ब्राजिलमा शल्यक्रिया गरिएको थियो । उनले विश्वकपअघि राष्ट्रिय टिमसँगै रियो द जेनेरियोनजिक टेरेसोपोलिसमा बुधबार प्रशिक्षण गरे ।

'राम्रो विकास भयो । हरेक दिन ट्रेनिङ गर्नेछन् । उनको विकास अपेक्षाभन्दा राम्रो भयो,' ट्रेनर फाबियो माहसेरेदजयानले भने । टिमका चिकित्सक रोड्रिगो लेमरको अनुसार उनले अर्को चरणमा पूर्ण प्रशिक्षण गर्नेछन् अनि खेल्नेछन् । उनलाई तयार हुनका लागि सबै कुरा भएको छ ।' नेयमरलाई जुन ३ मा क्रोएसिया र जुन १० मा अस्ट्रेलियाविरुद्ध हुने मैत्रीपूर्ण खेलका लागि फिट हुने अवसर छ । ब्राजिलले १७ जुनमा स्वीट्जरल्यान्डविरुद्ध खेल्दै विश्वकप यात्रा थाल्नेछ । सामान्य चोट लागेका डग्लस कोस्टाले मैत्रीपूर्ण खेल गुमाउन सक्ने चिकित्सक लेमरले बताए ।

कर्णाली प्रिमियर लिग

# आर्मीले धनगढीसँग खेल्ने

■ **कृष्णप्रसाद गौतम**

सुर्खेत- रुस्लान कर्णाली प्रिमियर लिग (केपीएल) ट्वान्टी-२० क्रिकेटअन्तर्गत बिहीबार त्रिभुवन आर्मी क्लब र एबीसी स्पोर्ट्स क्लब विजयी भएका छन् ।

लिग चरणबाट समूह 'ए' विजेता रूपन्देही ११ र उपविजेतामा त्रिभुवन आर्मी तथा समूह 'बी' विजेता धनगढी क्रिकेट एकेडेमी र उपविजेता मध्यपश्चिम क्रिकेट क्लब सेमिफाइनल चरण पुगेका छन् । शुक्रबार सेमिफाइनलमा रूपन्देहीले मध्यपश्चिम र आर्मीले धनगढीसँग प्रतिस्पर्धा गर्नेछन् ।

बिहीबार आर्मीले भेरीगंगा क्रिकेट क्लबलाई ८ विकेटले हरायो । टस जितेको भेरीगंगाले १२ ओभरमा घटाइएको खेलमा ४ विकेट गुमाएर ६३ रन बनायो । तिलक थापाले २०, सौगात कार्कीले १८ र पदम कँडेलले १३ रन बटुले । आर्मीका जितेन्द्र मुखिया, चन्द्र साउद, सागर पुन र शाहब आलमले १-१ विकेट हात पारे । म्यान अफ द म्याच चन्द्र साउद घोषित भए ।

६४ रनको लक्ष्य आर्मीले ७.४ ओभरमा २ विकेट गुमाएर पूरा गर्‍यो । सागर पुन र इन्द्रकमल मानन्धरले समान १७ तथा राजु रिजाल र भीम सार्कीले समान १२ रन बनाए । भेरीगंगाका बलर जनादेश चुनाराले २ विकेट लिए ।

अर्को खेलमा एबीसीले काठमाडौं क्रिकेट ट्रेनिङ सेन्टरमाथि १९ रनको जित पायो । यो जितले टोली अगाडि बढ्न सकेन । टस जितेको एबीसीले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १ सय ६४ रन बनायो । दिनेश पुनले सर्वाधिक ६९ रन बनाए । उनले ४५ बलमा ११ चौका र १ छक्का प्रहार गरे । टेक सलामीले २७ बलमा ४ चौका र ३ छक्का मदतमा ३९ रन बनाए । काठमाडौंका प्रितम थापा र भोजराज भट्टले २-२ विकेट लिए ।

१ सय ६५ रनको लक्ष्य पछ्याउने क्रममा काठमाडौं क्रिकेट ट्रेनिङ सेन्टरले पूरै २० ओभर ब्याटिङ गरेपनि ७ विकेट गुमाएर १ सय ४५ रनमात्रै बनाउन सक्यो । विश्वास श्रेष्ठले सर्वाधिक ४३ रन बनाउन २८ बलमा ४ छक्का र २ चौका प्रहार गरे । दुर्गेश थापाले २३ र रोशन शर्माले २० रन जोडे । एबीसीका महेश खत्रीले ३ विकेट हात पारे । दिनेश अधिकारी, युनिशविक्रम सिंह, विनित खत्री र रवीन्द्रजंग शाहीले १-१ विकेट लिए । प्लेयर अफ द म्याच दिनेश पुन घोषित भए ।

फाइनल शनिबार हुनेछ । विजेताले ३ लाख र उपविजेताले १ लाख ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् ।


# इनिस्टा जापानी क्लबमा

टोकियो (एएफपी)- बार्सिलोनाका लिजेन्ड आन्द्रेस इनिस्टाले जापानी क्लब भिसेल कोबेसँग आबद्ध भएपछि विहीबार जे-लिग यात्रालाई 'महत्त्वपूर्ण करिअरको लागि चुनौती' भएको बताएका छन् ।

'मेरो लागि यो धेरै विशेष दिन हो,' ३४ वर्षीय विश्वकप विजेता इनिस्टाले भने, 'धेरै प्रस्ताव आएका थिए । अरु धेरै क्लबले मप्रति इच्छा देखाए । तर मैले भिसेललाई छनोट गरे किनभने उसको योजना आकर्षक छ । उसले मप्रति खेलाडी र व्यक्तिको रूपमा पूरा विश्वास पनि देखायो । यो नै ठूला कारण हुन् ।' उनले जे-लिगकै कीर्तिमान वार्षिक ३ करोड डलरमा तीनवर्षे सम्झौता गरेको बताइएको छ ।

इनिस्टाले बार्सिलोनाका लागि ६ सय ७४ खेल खेल्दै ३२ उपाधि जितेका थिए । उनलाई भिसेलका मालिक हिरोसी मिकितानीले आफ्नै 'ट्रेडमार्क' जर्सी नम्बर ८ दिए । 'इनिस्टाको नेतृत्व दर्शन र डीएनए भिसेल कोबेको लागि मात्र होइन, जापानी फुटबलकै लागि प्रेरणादायी हुनेछ,' मिकितानीले भने, 'उनको आगमनले जापानी फुटबललाई विश्वव्यापी बनाउन प्रोफाइल बढाउने छ । जापानी फुटबललाई नयाँ उचाइमा पुर्‍याउन उनले प्रेरणा र ऊर्जा दिनेछन् । यो दिनका लागि हामी धेरै गर्व गर्छौं ।'

करिअरको अन्त्यतिर धनाढ्य चिनियाँ क्लबहरूमा ठूला स्टार गइरहेको बेला स्पेनी आदर्शको निर्णयलाई जापानी फुटबलकै सबैभन्दा ठूलो स्थानान्तरणको रूपमा लिइएको छ । यसले जे-लिगलाई पनि उत्साहित पार्नेछ । ब्राजिलका जिको र इंग्ल्यान्डका गेरी लिनेकरलाई जे-लिग सुरु हुदा सन् १९९३ मा ल्याइए पनि पछिल्लो समय स्टार खेलाडीको लागि संघर्ष गरिरहेको छ । हाल कोबेमा आबद्ध आर्सनलका पूर्व फरवार्ड लुकास पोडोल्स्कीले पनि इनिस्टालाई स्वागत गर्दै टीट गरेका छन् ।




रोयटर्स

Commercial land for
SALE
at New Baneshwor
to Tinkune
Highway
9813976956
9880435537




कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुधीर शर्मा